
नमः शिवाय रुद्राय पशूनां पतये नमः
पशुरूपाय शर्वाय पशुपाय नमोनमः

# पशुपति क्षेत्रको गुरुयोजना
# २०७७

## (आ.व.२०७७/७८-२०९१/९२)



## पशुपति क्षेत्र विकास कोष
## देवउद्यान, गौशाला, काठमाडौं, नेपाल

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषय सूची

गुरुयोजना निर्माण : विधि र विशेषता

## खण्ड एक
## भगवान् श्रीपशुपतिनाथ र पशुपति क्षेत्र


| विषय | पृष्ठ |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ भगवान् श्रीपशुपतिनाथ | २ |
| १.३ माता गुह्येश्वरी | ५ |
| १.४ वाग्वती | ७ |
| १.५ मृगस्थली-श्लेष्मान्तक | ८ |
| १.६ पशुपति क्षेत्र | ९ |
| १.७ पशुपति क्षेत्रका विशेषता | १० |
| १.८ पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि संस्थागत प्रयास | १९ |
| १.९ पशुपति क्षेत्र विकास कोषको स्थापना | २१ |
| १.१० पशुपति क्षेत्र विकास कोषका उद्देश्यहरू | २३ |
| १.११ पशुपति क्षेत्रको अवधारणात्मक गुरुयोजनाको समीक्षा | २४ |
| १.१२ क्षेत्र र उपक्षेत्र विभाजनको पुनर्मूल्याङ्कन | २७ |
| १.१३ क्षेत्र तथा उपक्षेत्र विभाजनको आधार | ३० |


## खण्ड दुई
## पशुपति क्षेत्रका सबलता र दुर्बलताहरू


| | |
|---|---|
| २.१ पशुपति क्षेत्रका सबलताहरू | ३५ |
| २.२ पशुपति क्षेत्रका दुर्बलताहरू | ३६ |
| २.३ पशुपति क्षेत्रका अवसरहरू | ३७ |
| २.४ पशुपति क्षेत्रका चुनौतीहरू | ३९ |
| २.५ पशुपति क्षेत्रका सबलता र दुर्बलताको विश्लेषण | ४१ |


## खण्ड तीन
## गुरुयोजना सिद्धान्त र कार्यनीति


३.१ गुरुयोजनाको मार्गदर्शक सिद्धान्त ४४

३.२ गुरुयोजनाको दर्शन ४४
३.३ गुरुयोजनाको लक्ष्य ४६
३.४ गुरुयोजनाको उद्देश्य ४६
३.५ गुरुयोजनाको रणनीति ४६
३.६ प्रमुख विषयगत कार्यक्रम ४७
३.७ गुरुयोजनाको लक्षियत समूह ४९
३.८ गुरुयोजनामा प्रयुक्त आधारभूत तथ्याङ्कहरू ४९
३.९ गुरुयोजनाका चरणहरू ६०
३.१० गुरुयोजनाको कार्यनीति ६३
३.११ कार्यप्रवाह ढाँचा ६४
३.१२ केन्द्रीय क्षेत्र ६६
३.१३ सन्निकट क्षेत्र ७०
३.१४ परिधीय क्षेत्र ७८
३.१५ सेवा क्षेत्र ८३

खण्ड चार

योजना तथा कार्यक्रम

४.१ भौतिक पूर्वाधार विकास ८७
४.२ प्रदूषण नियन्त्रण ८९
४.३ पशुपति दर्शन पथ निर्माण ९२
४.४ पशुपति प्राङ्गण विस्तार ९२
४.५ गुह्येश्वरी प्राङ्गण विस्तार ९३
४.६ पार्किङ्ग व्यवस्था ९५
४.७ पशुपति अध्ययन केन्द्र निर्माण ९६
४.८ अन्नदान भवन निर्माण ९७
४.९ बहु-उद्देश्यीय पशुपति साधना केन्द्र निर्माण ९७
४.१० पशुपति बजार निर्माण ९७
४.११ यज्ञशाला निर्माण ९८
४.१२ वागमती जल प्रवाह प्रवर्धन ९९
४.१३ भूक्षय नियन्त्रण तथा हरियाली प्रवर्धन १००
४.१४ कोषको कार्यालय भवन निर्माण १०२
४.१५ शिवशक्ति लीला भवन निर्माण १०२

४.१६ त्रिविक्रम मन्दिर निर्माण १०३
४.१७ पशुपति क्षेत्र प्रदक्षिणा पथ निर्माण १०३
४.१८ पशुपति सभा भवन निर्माण १०४
४.१९ पशुपति आगम घर निर्माण १०५
४.२० संरक्षण तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रम १०७
४.२१ सेवा क्षेत्रमा प्रस्तावित योजना ११२
४.२२ खानेपानी सङ्कलन पोखरी निर्माण ११५
४.२३ स्वच्छता प्रवर्धन ११६

## खण्ड पाँच

## धार्मिक वातावरण प्रवर्धन

५.१ पशुपति विद्वत् परिषद्को व्यवस्था ११७
५.२ पूजा, आरति र सङ्कीर्तन ११७
५.३ सत्सङ्ग, प्रवचन र शास्त्र चिन्तन ११८
५.४ श्रौत यज्ञ सञ्चालन ११८
५.५ कर्मकाण्ड प्रशिक्षण १२०
५.६ योग तथा ध्यान प्रशिक्षण १२१
५.७ दर्शन एवं परिक्रमा १२२
५.८ वेद तथा रुद्रीपाठ १२२
५.९ प्रकाशन १२३
५.१० सूचनापट्ट व्यवस्था १२४
५.११ सन्त निवास व्यवस्था १२५
५.१२ लिङ्ग तीर्थयात्रा सञ्चालन १२५
५.१३ पुराण वाचन १२६
५.१४ यज्ञयागादी सञ्चालन १२७
५.१५ जनचेतना प्रवर्धन र समाज सेवा १२७
५.१६ पुरस्कार स्थापना १२८
५.१७ धार्मिक सम्मेलन, गोष्ठी र अन्तरक्रिया १२९
५.१८ धार्मिक वनोद्यानको विकास १२९
५.१९ प्रचार-प्रसार १३०
५.२० प्रकाशन कोषको व्यवस्था १३२
५.२१ पशुपति  नक्षत्र मण्डल १३२

५.२२ अन्तर्राष्ट्रिय वैदिक धर्म समाजको स्थापना १३२
५.२३ पशुपति क्षेत्रका सांस्कृतिक परम्पराको संरक्षण १३३

## खण्ड छ
## विविध

६.१ पशुपति क्षेत्रको सुरक्षा व्यवस्था १३४
६.२ गुरुयोजनाको आर्थिक पक्ष १३७
६.३ समन्वय र सहयोग १५४
६.४ पशुपति संग्रहालय व्यवस्थापन १५६
६.५ रोजगारी प्रवर्धन १५७
६.६ जनशक्ति तथा क्षमता विकास १५८
६.७ प्रमुख समस्या र समाधानका उपाय १६१
६.८ कोषको ऐनमा सुधार १६७
६.९ त्रिभुवन विमानस्थलको गुरुयोजनाबाट पशुपति क्षेत्रमा पर्न सक्ने असर १६९
६.१० दाहसंस्कारका लागि काठ-दाउराको व्यवस्था १७०
६.११ जग्गा प्राप्ति : आवश्यकता र औचित्य १७१

## खण्ड सात
## उपसंहार

७.१ सारांश १७५
७.२ निष्कर्ष १७९

## तालिका सूची


| क.स | विषय | पृष्ठ |
|---|---|---|
| १. | पशुपति क्षेत्रको क्षेत्र-उपक्षेत्र विभाज | ३१ |
| २. | कार्यप्रवाह ढाँचा | ६६ |
| ३. | केन्द्रीय क्षेत्रको परिकल्पित उपयोगिता | ६७ |
| ४. | सन्निकट क्षेत्रको परिकल्पित उपयोगिता | ७१ |
| ५. | परिधीय क्षेत्रको परिकल्पित उपयोगिता | ७९ |
| ६. | सेवा क्षेत्रको परिकल्पित उपयोगिता | ८४ |
| ७. | पशुपति र गुह्येश्वरी प्राङ्गण विस्तार | ९४ |
| ८. | झङ्केश्वरी उपक्षेत्रगत कार्यक्रम | १०८ |
| ९. | सन्निकट क्षेत्र उपक्षेत्रगत कार्यक्रम | १०८ |
| १०. | परिधीय क्षेत्र-उपक्षेत्रगत कार्यक्रम | १११ |
| ११. | सेवा क्षेत्रमा प्रस्तावित कार्यक्रम | ११४ |
| १२. | नेपाल सरकारबाट प्राप्त अनुदान | १३९ |
| १३. | कोषको आन्तरिक स्रोतबाट प्राप्त आय | १३९ |
| १४. | अनुमानित लागत विवरण | १४२ |
| १५. | गुरुयोजनाको कार्यान्वयन कार्यतालिका | १५२ |
| १६. | कार्यक्रम र समन्वय | १५५ |
| १७. | गुरुयोजना कार्यान्वयका लागि संगठन स्वरूप र जनशक्ति | १६० |
| १८. | जग्गा प्राप्तिको चरणबद्ध कार्यक्रम | १७२ |

रेखाचित्र सूची


| क्र.स | विषय | पृष्ठ |
|---|---|---|
| १. | महिना अनुसारको पर्यटक आगमन | १८ |
| २. | नित्य दर्शनार्थी संख्या, पशुपति | ५४ |
| ३. | नित्य दर्शनार्थी संख्या, गुह्येश्वरी | ५४ |
| ४. | हरितालिका (तिज) मा दर्शनार्थी संख्या, पशुपति | ५५ |
| ५. | बालाचतुर्दशीमा बत्ती बाल्ने र दर्शन गर्नेको संख्या | ५५ |
| ६. | शिवरात्रीमा दर्शनार्थी संख्या, पशुपति | ५६ |
| ७. | सवारी पार्किङ्ग, पशुपति | ५६ |
| ८. | सवारी पार्किङ्ग, गुह्येश्वरी | ५७ |
| ९. | सवारी पार्किङ्ग, तिलगंगा | ५७ |
| १०. | सवारी पार्किङ्ग, हेमन्त भैरव | ५८ |
| ११. | सरकारी अनुदान र आन्तरिक स्रोतको आय | १३८ |
| १२. | आन्तरिक आयका मुख्य स्रोतहरू | १४१ |
| १३. | व्ययभार प्रतिशत | १५३ |

अनुसूची

| क.स | विषय |
|---|---|
| १. | पशुपति क्षेत्रको नक्सा |
| २. | संरक्षित स्मारक क्षेत्रको नक्सा |
| ३. | पशुपति मन्दिर परिसरको नक्सा |
| ४. | गुह्येश्वरी परिसरको नक्सा |
| ५. | झङ्केश्वरी उपक्षेत्रको नक्सा |
| ६. | मृगस्थली उपक्षेत्रको नक्सा |
| ७. | कैलास-गौरीघाट उपक्षेत्रको नक्सा |
| ८. | हेमन्तभैरव उपक्षेत्रको नक्सा |
| ९. | भुवनेश्वरी उपक्षेत्रको नक्सा |
| १०. | पञ्चदेवल उपक्षेत्रको नक्सा |
| ११. | भस्मेश्वर उपक्षेत्रको नक्सा |
| १२. | वनकाली उपक्षेत्रको नक्सा |
| १३. | देवोद्यान उपक्षेत्रको नक्सा |
| १४. | भण्डारखाल-जयवागीश्वर उपक्षेत्रको नक्सा |
| १५. | गौशाला उपक्षेत्रको नक्सा |
| १६. | मंगला गौरी उपक्षेत्रको नक्सा |
| १७. | चार शिवालय उपक्षेत्रको नक्सा |
| १८. | त्रिविक्रम उपक्षेत्रको नक्सा |
| १९. | ध्रुवस्थली उपक्षेत्रको नक्सा |
| २०. | तिलगंगा उपक्षेत्रको नक्सा |
| २१. | वाग्मती उपक्षेत्रको नक्सा |
| २२. | रुद्रमती उपक्षेत्रको नक्सा |
| २३. | ताम्रेश्वर उपक्षेत्रको नक्सा |
| २४. | भण्डारेश्वर उपक्षेत्रको नक्सा |
| २५. | चारुमती उपक्षेत्रको नक्सा |
| २६. | चन्द्रविनायक उपक्षेत्रको नक्सा |
| २७. | गंगाहिटी उपक्षेत्रको नक्सा |
| २८. | जोसमनी उपक्षेत्रको नक्सा |
| २९. | वज्रेश्वरी उपक्षेत्रको नक्सा |
| ३०. | विमानस्थल उपक्षेत्रको नक्सा |

३१.    सेवा क्षेत्र (गोठाटार) को नक्सा
३२.    एकादश शिवलिङ्गको नामावली
३३.    चौसट्टी शिवलिङ्गको नामावली
३४.    जग्गा सम्वन्धी भावी आवश्यकता

# परिशिष्ट


| क.स | विषय | पृष्ठ |
|---|---|---|
| १. | पशुपति क्षेत्रका संरक्षणीय प्राचीन संरचना | १७९ |
| २. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यान्वयन | १८३ |
| ३. | विशेष प्राथमिकता दिनुपर्ने कार्यहरू | १८५ |
| ४. | उपलिङ्ग यात्राको नामावली | १८६ |
| ५. | सत्तलको सदुपयोग | १८७ |
| ६. | सुरक्षा कार्ययोजना | १९२ |

# पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् बाट स्वीकृतः मिति २०७६/१०/१९

## गुरुयोजना निर्माणः विधि र विशेषता

पशुपति क्षेत्र मानवीय सद्भाव विश्वशान्ति र धार्मिक समन्वयको त्रिवेणी हो । विश्वभरका वैदिक सनातन धर्मका अनुयायीहरूको आस्थाको केन्द्र हो । यो सनातन तीर्थ स्थल हो-तीर्थयात्री एवं पर्यटकहरूका लागि महत्वपूर्ण एवं आकर्षक गन्तव्य हो । यस क्षेत्रको योजनाबद्ध रूपमा सुधार गरी अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्न तथा यस क्षेत्रका सम्पदा एवं पर्यावरणको संरक्षण गर्न २०४४ सालमा पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । कोषले स्थापनासँगै गुरुयोजना तयार गर्ने काम शुरु गरे पनि २०५३ सालमा मात्र त्यसले मूर्तरूप लिएको र २०५६ सालमा तत्कालीन श्री ५ को सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको देखिन्छ। दश वर्षको कार्यावधि भएको सो अवधारणात्मक गुरुयोजना अनुसार यस क्षेत्रमा कार्यहरू हुँदै आएका छन् तर सो अवधिमा गुरुयोजनाले निर्देश गरेका सबै कार्यहरू चाहिँ विविध कारणले सम्पन्न हुन नसकेको अवस्थामा नै २०६७-०६८ मा अवधि पनि पूर्ण भएको देखिन्छ । गुरुयोजनाले देखेको सपना र त्यसलाई साकार पार्न निर्देश गरेका योजनाको अवधि कुनै निश्चित कालावधि भित्र बाँधिने कुरो होइन। यो त निरन्तरको प्रक्रिया हो त्यसैले अवधारणात्मक गुरुयोजनाकै विस्तारित रूपमा अध्यात्म र भौतिक दुवै पक्षको सन्तुलित विकासद्वारा पशुपति क्षेत्रलाई अन्तर्राष्ट्रिय तीर्थस्थल एवं उत्कृष्ट गन्तव्यका रूपमा प्रतिष्ठित गर्न कोषले भू-उपयोग सहितको विस्तृत संरचनात्मक गुरुयोजना तयार गर्ने उपक्रम शुरु गरेको देखिन्छ । यस अनुक्रममा कोषले विभिन्न क्षेत्रका विद्वानहरूबाट राय-परामर्श लिनका लागि चार दिवसीय कार्यशाला गोष्ठीको आयोजना गरेको र कार्यपत्र एवं छलफलका माध्यमबाट गुरुयोजनाका लागि आवश्यक प्रशस्त आधार सामग्री प्राप्त भएको देखिन्छ । गुरुयोजनाकै लागि आवश्यक तथ्याङ्क तथा अन्य सामग्री सङ्कलन गर्न कोषले विभिन्न कार्यदल समेत गठन गरेको देखिन्छ। कोषका पदाधिकारी तथा सदस्यहरूको संयोजकत्वमा गठन गरिएका कार्यदलहरूमा सुरक्षा व्यवस्था; भू-उपयोग सर्वेक्षण- तीर्थयात्री तथा पर्यटक सेवा-सुविधा सम्बन्धी अध्ययन तथ्याङ्क सङ्कलन-पूजा पद्धति अध्ययन-अभिलेखीकरण लागत योजना तर्जुमा तथा सरकारी निकाय एवं सरोकार समूह समन्वय जस्ता नौ वटा कार्यदल छन् । यी कार्यदलबाट सङ्कलित तथ्याङ्क एवं प्राप्त राय परामर्शलाई प्रस्तुत गुरुयोजनामा आधार सामग्रीका रूपमा प्रयोग गरिएको छ । माथि उल्लिखित सबै कार्यदलबाट सम्पादन गर्ने कार्यको समन्वयका लागि कोषले संयोजन समिति समेत गठन गरेर कार्य सम्पादनलाई व्यवस्थित र प्रभावशाली बनाउने सोच राखेको छ ।

गुरुयोजना तयारीकै क्रममा राष्ट्रिय  सभाका सदस्यहरू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय योजना आयोग, पुरातत्व विभाग, गुठी संस्थान, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, काठमाडौं महानगरपालिका, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत् प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, कालीदल गण, स्थानीय राजनीतिकर्मी, संस्कृतिकर्मी, जनप्रतिनिधि लगायतका विभिन्न निकायका पदाधिकारी एवं व्यक्तित्वहरूसँग पनि सारपूर्ण छलफल एवं परामर्श गरिएको छ। यसै गरी पशुपति क्षेत्रको आध्यात्मिक उन्नयनका विषयमा पशुपतिका मूलभट्ट/भण्डारी लगायत आगम र निगमका विशिष्ट

विद्वान्हरूसँग गरिएको अन्तरक्रिया पनि यहाँ उल्लेखनीय छ । यसै अनुक्रममा वरिष्ठ वास्तुविद् प्रा.डा. सुदर्शनराज तिवारीबाट पशुपति प्राङ्गणको विस्तार सम्बन्धी विषयमा प्रस्तुति र वरिष्ठ इन्जिनियर शंकरनाथ रिमाल, तन्त्रविद् तथा दर्शनका ज्ञाता विद्वानहरूका बिचमा समेत छलफल एवं परामर्श भएको छ । प्रस्तुत गुरुयोजना तयारीकै क्रममा कोषका सदस्य-सचिवको नेतृत्वमा गुरुयोजना विज्ञ समेतको एक टोलीले लुम्बिनी विकास क्षेत्रको गुरुयोजना र त्यसको कार्यान्वयनको स्थितिका बारेमा अध्ययन गर्न लुम्बिनी क्षेत्रको भ्रमण समेत गरेको छ संघीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समिति र सो अन्तर्गत विश्व सम्पदा क्षेत्रको अध्ययनार्थ गठित उपसमिति एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरण समेतको संयुक्त बैठकमा पनि प्रस्तुत गुरुयोजनाका सम्बन्धमा पटक-पटक छलफल एवं अन्तक्रिया भएको छ । राष्ट्रिय सभा, राष्ट्रिय सरोकार समितिका माननीय सदस्यहरूसँग पनि गुरुयोजनाका सम्बन्धमा छलफल एवं अन्तरक्रिया भएको छ । यस अतिरिक्त सनातनधर्म, संस्कृति, योग, प्रविधि, तन्त्र, कर्मकाण्ड, कानुन, वेद, वेदाङ्गका ज्ञाता विद्वानहरूसँग पनि समूहगत र व्यक्तिगत तहमा प्रशस्त परामर्श गरिएको छ । यस्ता सबै किसिमका अन्तरक्रिया, छलफल र अध्ययन भ्रमणबाट प्रस्तुत गुरुयोजना तयारीका लागि प्रशस्त मार्गदर्शन मिलेको छ । गुरुयोजनामा समावेश गर्नु पर्ने महत्वपूर्ण विषयका बारेमा जानकारी प्राप्त भएको छ । यसै अनुक्रममा २०५३ को अवधारणात्मक गुरुयोजना र प्रस्तुत विस्तृत गुरुयोजनाका बिचको मूलभूत भिन्नताको उल्लेख पनि यहाँ सान्दर्भिक हुन आउँछ । सो भिन्नतालाई यहाँ बुदाँगत रूपमा प्रस्तुत गरिएको छ :

| विषय | २०५३ को अवधारणात्मक गुरुयोजना | २०७६ को गुरुयोजना |
|---|---|---|
| १. सोच | १० वर्षको | ५दशक पछिसम्मको |
| २. तथ्याङ्क | तात्कालिक | आगामी ५० वर्षसम्मको प्रक्षेपित |
| ३. क्षेत्र विभाजन | A1 मा पशुपति र गुह्येश्वरी सन्निकट (कन्सोन्यान्ट) १३ उपक्षेत्र | A1 मा पशुपति र A2 गुह्येश्वरी १४ उपक्षेत्र |
| ४. उपक्षेत्र विभाजन | परिधीय क्षेत्र (कन्टिनियम) ३ उपक्षेत्र | ११ उपक्षेत्र |
| ५. पशुपति दर्शन पथ | कुनै सोच नभएको | कार्यक्रम राखेको |
| ६. पशुपति अनुसन्धान केन्द्र | सोच नभएको | कार्यक्रम रहेको |
| ७. पशुपति साधना सदन | सोच नभएको | कार्यक्रम रहेको |
| ८. पशुपति क्षेत्र प्रदक्षिणा पथ | रूपरेखा स्पष्ट नभएको | रूपरेखा स्पष्ट भएको |
| ९. वाग्मती जलप्रवाह प्रवर्धन | स्पष्ट कार्यक्रम नभएको | बृहत् जलाशय निर्माणको कार्यक्रम रहेको |
| १०. संरक्षित स्मारक क्षेत्र | तिनै क्षेत्र (A,B,C) मा वितरित | दुई क्षेत्र (A,B) मा सीमित |
| ११. शिवशक्ति लीला भवन निर्माण | कार्यक्रम नभएको | कार्यक्रम रहेको |
| १२. लिच्छविकालीन शिवलिङ्गको | अतिक्रमण हटाउने कुनै सोच नभएको | अतिक्रमण हटाई सामाजिकीकरण गर्ने कार्यक्रम भएको |

| | | |
|---|---|---|
| अतिक्रमण | | |
| १३. संग्रहालय र स्मृति कक्षको व्यवस्था | संग्रहालयको मात्र सोच भएको | विभिन्न स्थानमा विभिन्न संग्रहालय र स्मृतिकक्ष व्यवस्था सम्बन्धी कार्यक्रम रहेको |
| १४. शिक्षा, स्वास्थ्य र समाज कल्याण सम्बन्धी कार्यक्रमको सोच | स्पष्ट सोच नभएको | सेवा क्षेत्र यस्ता कार्यक्रम राखिएको |
| १५. निशुल्क भोजन व्यवस्था (अन्नदान भवन)को सोच | नभएको | कार्यक्रम रहेको |
| १६. भण्डारी आगमघर निर्माणको सोच | नभएको | भएको |
| १७. कोष कार्यालय भवन निर्माणको सोच | नभएको | कार्यक्रम रहेको |
| १८. सेवा क्षेत्र(D) को परिकल्पना | नभएको | भएको |
| १९. पशुपति तारामण्डल | नभएको | कार्यक्रम रहेको |

## गुरुयोजनाको मार्गदर्शक सिद्धान्त

(क) पशुपति क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पुरातात्विक महत्ताको प्रवर्धन गर्ने,

(ख) पशुपति क्षेत्रको विकासका लागि आन्तरिक आर्थिक स्रोतलाई सुदृढ बनाउदै बाह्य स्रोत (राष्ट्रिय, अन्तर्राष्ट्रिय) को खोजी र परिचालन गर्ने ।

(ग) सरोकारवालाहरूको सहभागिता र सहकार्यलाई प्राथमिकता दिएर यस क्षेत्रको विकास एवं संरक्षणका लागि उनीहरूको दक्षता र विषेशताको सदुपयोग गर्ने,

(घ) भगवान् श्रीपशुपतिनाथका नामबाट शिक्षा, स्वास्थ्य र समाज कल्याणका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने ।

ङ) सम्पदा संरक्षणमा प्राचीनता र सेवा-सुविधाको विकासमा आधुनिक प्रविधिको कलात्मक संयोजन गर्ने ।

## गुरुयोजनाको लक्ष्य

पशुपति क्षेत्रको संस्कृति, प्रकृति र सम्पदाको संरक्षण गरी यसलाई धार्मिक, आध्यात्मिक रूपमा अन्तर्राष्ट्रिय सनातन तीर्थ एवं आकर्षक पर्यटकीय गन्तव्य बनाइने छ ।

## गुरुयोजनाको दर्शन

क) मानिस, प्रकृति र संस्कृतिको सहजीवन

ख) सम्पदा र त्यसको परिवेशको एकीकृत संरक्षण

ग) समतामूलक विकास निर्माण

## गुरुयोजनाको उद्देश्य

(क) धार्मिक-आध्यात्मिक वातावरणको प्रवर्धन गर्नु,

(ख) वाग्मती नदीको शुद्धीकरण र जलप्रवाह प्रवर्धन गर्नु,

(ग) धार्मिक, सामाजिक एवं पुरातात्विक महत्वका स्मारकहरूको संरक्षण गर्नु,

(घ) दर्शनार्थी तथा पर्यटकहरूको सेवा-सुविधाको लागि भौतिक पूर्वाधारको विकास गर्नु,

(ङ) प्राकृतिक सम्पदाको संरक्षण एवं प्रवर्धन गर्नु,

(च) सनातन धर्म, संस्कृति र पुरातत्वका मान्यता प्रतिकूलका क्रियाकलापको नियन्त्रण गर्नु,

(छ) योजनाबद्ध एवं नियन्त्रित विकास निर्माण गर्नु,

(ज) शिक्षा, स्वास्थ्य र जनकल्याणका कार्यक्रम सञ्चालन गर्नु,

(झ) योजना कार्यान्वयनबाट पर्न गएको असरलाई न्यूनीकरण गर्दै न्यायोचित पुनर्भरण गर्नु,

(ञ) ठोस तथा तरल फोहर मैलाको उचित निकासको व्यवस्था गर्नु,

(ट) प्रभावपूर्ण सुरक्षा प्रणालीको व्यवस्था गर्नु,

(ठ) सुव्यवस्थित यातायात प्रणालीको व्यवस्था गर्नु,

(ड) धार्मिक सांस्कृतिक क्षेत्र अनुकूलको सौन्दर्य सिर्जना गर्नु ।

## गुरुयोजनाको प्रमुख क्रियाकलाप

(क) धार्मिक-आध्यात्मिक वातावरणको प्रवर्धन गर्नका लागि नियमित भजन कीर्तन, सत्सङ्ग, पुराण, प्रवचन, वेदपाट जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(ख) वाग्मती नदीको शुद्धीकरण र जलप्रवाह प्रवर्धनका लागि अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिसँग समन्वय गरी नदीको नियमित सरसफाइ तथा सुख्खा याममा जलप्रवाह बढाउन गुह्येश्वरी पूर्व विशाल जलाशय निर्माण गरिने छ ।

(ग) धार्मिक, सामाजिक एवं पुरातात्विक महत्वका स्मारकहरूको संरक्षणका लागि तिनको भौतिक स्थितिको सर्वेक्षणका गरी प्राथमिकताका आधारमा संरक्षण गरिने छ र मन्दिरका हकमा संरक्षणसँगै पूजा व्यवस्था तथा सत्तल, पाटी आदिका हकमा पुनः प्रयोगको योजना समेत बनाइने छ ।

(घ) दर्शनार्थी तथा पर्यटकहरूको सेवा-सुविधाको लागि भौतिक पूर्वाधारको विकास गर्ने सन्दर्भमा अत्यावश्यक सुविधा सहितको पशुपति दर्शनपथ, पशुपति क्षेत्र प्रदक्षिणा पथ, पूजा सामग्री पसल, निःशुल्क भोजन व्यवस्था तथा पर्याप्त पानी, बत्ती, शौचालय र सुरक्षाको समेत व्यवस्था गरिने छ ।

(ङ) प्राकृतिक सम्पदाको संरक्षण एवं प्रवर्धन गर्ने सन्दर्भमा भूक्षय नियन्त्रण, हाता पर्खाल निर्माण तथा वृक्षारोपणका कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(च) सनातन धर्म, संस्कृति र पुरातत्वका मान्यता प्रतिकूलका क्रियाकलापको नियन्त्रण तथा योजनाबद्ध विकासका सम्बन्धमा मापदण्डको कार्यान्वयन गरिने छ ।

(छ) शिक्षा, स्वास्थ्य र जनकल्याणका सम्बन्धी कार्यक्रमका सम्बन्धमा वर्तमान वेदविद्याश्रममा +२ (प्लस टु) सम्म सञ्चालन गर्ने र उच्चशिक्षा, स्वास्थ्य प्रतिष्ठान एवं सामुदायिक सेवा सम्बन्धी कार्यक्रमहरू चरणबद्धरूपमा सेवा क्षेत्र गोटाटारमा सञ्चालन गरिने छन् ।

(ज) योजना कार्यान्वयनबाट पर्न सक्ने असरको अध्ययन गरी उचित क्षतिपूर्ति वा पुनःस्थापनको व्यवस्था गरिने छ ।

(झ) फोहोर मैलाको निकासको सन्दर्भमा काठमाडौं महानगरपालिकाको वातावरण व्यवस्थापन विभाग अन्तगत फोहोर मैला व्यवस्थापन महाशाखासँग समन्वय र निजी क्षेत्रको सहयोग समेत परिचालन गरी फोहोर निकास र सफाइको प्रभावकारी व्यवस्था गरिने छ ।

(ञ) प्रभावपूर्ण सुरक्षा व्यवस्थाका सम्बन्धमा पशुपति क्षेत्र मात्र कार्यक्षेत्र भएको सुरक्षा संयन्त्र खडा गर्न नेपाल सरकारसँग अनुरोध गरिने छ र कोषबाट पनि आवश्यकता अनुसार सुरक्षाकर्मीको व्यवस्था गरिने छ ।

(ट) अ) पशुपति क्षेत्रमा आउने भक्तजन र पर्यटकहरूको आवागमनलाई सुलभ र सहज बनाउनाका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गरिने छ ।

आ) पशुपति क्षेत्रमा प्रतिदिन बहुसंख्यक तीर्थयात्रीहरूको आवागमन हुने र पर्व विशेषमा अत्याधिक चाप हुने अवस्थाका साथै तिलगंगा, गौशाला, चावहिल मार्गको दायाँबायाँ प्राचीन सम्पदा समेत भएकाले तिनको सुरक्षाका लागि समेत यस खण्डको चक्रपथको वैकल्पिक व्यवस्था गर्न अत्यावश्यक भएकाले सोका लागि नेपाल सरकारसँग अनुरोध गरिने छ ।

(ट) धार्मिक सांस्कृतिक क्षेत्र अनुकूलको सौन्दर्य सिर्जना गर्ने सन्दर्भमा वनवाटिकाको विकास, हरियाली प्रवर्धन, सरसफाइका साथै सम्पदाहरूको संरक्षणमा विशेष ध्यान दिई कार्यक्रम अघि बढाइने छ ।

## गुरुयोजनाको दीर्घकालीन रणनीति

(क) धार्मिक-आध्यात्मिक कार्यक्रम सञ्चालनमा विशेष ध्यान दिइने छ ।

(ख) वागमती नदीको जलप्रवाह बढाउन पानी सङ्कलनको व्यवस्था गरिने छ ।

(ग) पशुपति क्षेत्रका मूर्त-अमूर्त सम्पदाको संरक्षणको कार्यलाई चरण बद्धरूपमा सञ्चालन गरिनेछ ।

(घ) दर्शनार्थी एवं पर्यटकको सेवा सुविधासँग सम्बन्धित कार्यलाई विशेष प्राथमिकतामा राखेर अघि बढाइने छ ।

(ङ) पशुपति क्षेत्रको संस्कृति र प्रकृतिको संरक्षणमा विशेष ध्यान दिइएर कार्यक्रम सञ्चालनगरिने छन् ।

(च) पशुपतिनाथका नामबाट समाजको उत्थानमा सहयोग पुग्ने गरी शैक्षिक प्रतिष्ठान, स्वास्थ्य प्रतिष्ठान र सामुदायिक कल्याणका कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।

(छ) पशुपति क्षेत्रको स्वच्छता, सुन्दरता र सुरक्षामा विशेष ध्यान दिईने छ ।

## गुरुयोजनाको अल्पकालीन रणनीति

(क) गुरुयोजनाको कार्यान्वयन चरणबद्ध रूपमा गरिने छ ।

(ख) प्राथमिकताका आधारमा कार्यक्रमलाई चरणबद्ध गरिने छ ।

(ग) पशुपति क्षेत्रका स्मारकहरूको संरक्षण तथा सेवा-सुविधा विस्तारको एक चक्र २ चरण अर्थात् १० वर्षमा पूरा गरिने छ ।

(घ) शिक्षा, स्वास्थ्य, समाज कल्याण, स्मारक संरक्षण तथा सेवा सुविधा विस्तारका कार्यक्रमहरू आवश्यकता र औचित्यका आधारमा निरन्तर सञ्चालित र विस्तारित हुँदै जाने छन् ।

(ङ) चरणवद्ध कार्यक्रम अन्तर्गत वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

## प्रमुख विषयगत कार्यक्रम

(क) धार्मिक-आध्यात्मिक वातावरण प्रवर्धन

(ख) मूर्त सम्पदा संरक्षण (जीर्णोद्धार तथा पुनर्निर्माण)

(ग) अमूर्त सम्पदा संरक्षण

(घ) सेवा सुविधा विकास/विस्तार

(ङ) प्राकृतिक वातावरण संरक्षण, संवर्धन

(च) शिक्षा, स्वास्थ्य र समाजकल्याण

(छ) अध्ययन, अनुसन्धान र प्रकाशन

## गुरुयोजनाको लक्ष्यित समूह

(क) पशुपति क्षेत्रका मन्दिरहरूमा नियमित दर्शन गर्न आउने भक्तजन, पुजारी र पूजा सहयोगीहरू

(ख) स्वदेशी तथा विदेशी तीर्थयात्रीहरू,

(ग) स्वदेशी तथा विदेशी पर्यटकहरू,

(घ) सन्त, महन्त एवं साधु, सन्यासीहरू,

(ङ) पशुपति क्षेत्रका बासिन्दाहरू,

(च) घाटमा ल्याइएका बिरामी र तिनका कुरुवा आफन्त जनहरू,

(छ) अन्तिम संस्कारमा सहभागी मलामी तथा किरियापुत्रीहरू,

(ज) बन, वनस्पति र र पशुपन्छीहरू,

(झ) यस क्षेत्रमा धार्मिक, सांस्कृतिक कार्य गर्न आउने व्यक्ति र सहभागीहरू,

(ञ) पशुपति क्षेत्रको धर्म, संस्कृति, दर्शन, पुरातत्व र पर्यावरणका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येता/अनुसन्धाताहरू,

**गुरुयोजनाको सोच**- एकसय वर्षपछिसम्मको

**तथ्याङ्क प्रक्षेपण**- आगामी पचास वर्षसम्मको

क्षेत्र-उपक्षेत्र विभाजन

| क्षेत्र | उपक्षेत्र |
|---|---|
| क) केन्द्रीय (कोर) | ३ |
| ख) सन्निकट (कन्सोनेन्ट) | १४ |
| ग) परिधीय (कन्टीनियम) | ११ |
| घ) सेवा क्षेत्र (गोठाटार) | ७ |

गुरुयोजनाको कुल लागत रु. ३३,०६,६४,५१,०००।-

# खण्ड एक

# भगवान् श्रीपशुपतिनाथ र पशुपति क्षेत्र

## १.१ पृष्ठभूमि


प्राचीन कालदेखि नै पावन पशुपति क्षेत्र सनातन वैदिक धर्मका अनुयायीहरूका लागि दर्शनीय तीर्थस्थल बन्दै आएको छ । यो क्षेत्र कर्मयोगीहरूका लागि कर्मभूमि, दानवीरहरूका लागि दानभूमि, साधकहरूका लागि साधनाभूमि तथा मोक्षार्थीहरूका लागि मोक्षभूमि हो । यो भूमि कर्म, भक्ति र ज्ञानको त्रिवेणी हो । धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं प्राकृतिक दृष्टिले महिमामय पशुपति क्षेत्र सन् १९७९ मा विश्वसम्पदामा सूचीकृत भएकाले विश्वकै संरक्षणीय सम्पदास्थल बन्न गएको छ । यस क्षेत्रमा रहेका श्रीपशुपतिनाथ तथा श्रीगुह्येश्वरी लगायतका मन्दिरहरू, मठहरू, आश्रमहरू, विहार, चैत्य र बहिलहरू, नदी, घाट, पोखरी र कुण्डहरू, वनोद्यानहरू, कलाकृति, वास्तुशिल्प एवं जात्रा-पर्व समेतका मूर्त-अमूर्त सम्पदाहरू सबै नै महनीय छन्, दर्शनीय छन् र संरक्षणीय छन्। यस्ता धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्व भएका सम्पदाहरूलाई पुरानै स्वरूप र शैलीमा संरक्षित गरेर यस क्षेत्रलाई सनातन तीर्थस्थल तथा विश्वभरका सम्पदा प्रेमी जनसमुदायको गन्तव्यस्थलका रूपमा प्रतिष्ठित गर्नका लागि योजनाबद्ध विकासको आवश्यकतालाई ध्यानमा राखेर पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य भनेकै पशुपति क्षेत्रको योजनाबद्ध विकास हो । यसका लागि यस क्षेत्रको समग्र विकासलाई रूपायित गर्ने दूरगामी योजना, रणनीति र कार्यनीतिको आवश्यकता हुन्छ ।

पशुपति क्षेत्र इतिहास, धर्म, संस्कृति, कला, वास्तुकला, प्रकृति, प्रथा र परम्पराहरूको एकीकृत रूप हो । त्यसैले यस क्षेत्रको विकासका लागि योजना तयार गर्दा उल्लिखित सबै पक्षमाथि ध्यान दिनु पर्ने हुन्छ । यहाँको योजना खाली एवं निर्जन स्थानको योजना होइन। मठ, मन्दिर र मानव बस्तीले भरिएको क्षेत्रको योजना हो । प्राचीन कालमा यो क्षेत्र नौ ढोका, नौ ईश्वर, नौ ईश्वरी, नौ धारा, नौ पोखरी, नौ ढवली, नौ इनार, नौ मार्ग र नौ चौरहरू मिलेर बनेको थियो र यहाँ नौ प्रकारकै जातका मानिसहरूको बसोबास थियो। अनियन्त्रित शहरीकरणले गर्दा यसको पुरानो स्वरूप फेरिएको छ र अहिले सांस्कृतिक क्षेत्रका रूपमा यहाँको योजनाबद्ध विकास चुनौतीपूर्ण बन्न गएको छ ।

यस क्षेत्रको धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्ताको जगेर्ना गर्दै स्मारकहरूको संरक्षण र विकासका कार्यलाई योजनाबद्ध रूपमा अघि बढाउन कोषले २०५३ मा अवधारणात्मक गुरुयोजना तयार गरी दश वर्षे कार्यावधि निर्धारण गरेर तत्कालीन श्री ५ को सरकारबाट स्वीकृति लिई आ.ब. २०५७/०५८ देखि लागु गरेको थियो । अहिले सो अवधि समाप्त भई सकेको छ । निर्धारित अवधिभित्र कोषले योजना अनुसारका कार्यहरू नगरेको होइन तर गत २०७२ को भूकम्पले कतिपय स्मारकहरू पुनः क्षतिग्रस्त हुन पुगेका छन् । स्मारकहरूको संरक्षणको कार्य र समसामयिक आवश्यकता अनुसारका विकास-निर्माणका कार्य निरन्तर चली रहने कार्य हुन् । समयको गतिसँगै नयाँ नयाँ चुनौती पनि थपिंदै जान्छन्, आवश्यकता पनि बढ्दै जान्छन् । कतिपय क्षेत्रमा पशुपतिको मर्यादा र गरिमा बढाउन र मानव अतिक्रमित मन्दिर तथा शिवलिङ्ग खुला गरी संरक्षण गर्नका लागि योजनाबद्ध हस्तक्षेप पनि आवश्यक हुन्छ । यिनै विषयहरूलाई केन्द्रमा राखेर अवधारणात्मक गुरुयोजना (२०५३)को सिद्धान्त, उद्देश्य र कार्यक्रमलाई पुनर्मूल्याङ्कन गर्दै समयानुकूल अन्य कार्यक्रम समेत समावेश गरी यस क्षेत्रको धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्ताको अभिवृद्धिका लागि भूउपयोग सहितको यो विस्तृत गुरुयोजना तयार गरिएको हो ।

### १.२ भगवान् श्रीपशुपतिनाथ

भगवान् पशुपति नित्य, निरञ्जन, निराकार सच्चिदानन्दमय परब्रह्म हुन् । चराचर जगत्का एकमात्र आधार उनी नै वैदिक सनातन धर्मावलम्बीहरूका आस्थाका केन्द्र हुन् । सृष्टि, स्थिति, संहार तिरोभाव र अनुग्रहरूप पञ्चकृत्य सम्पादन गर्ने सद्योजात, तत्पुरुष, वामदेव, अघोर एवं ईशान स्वरूप पञ्चब्रह्मात्मक पशुपति अज्ञानका कारणले पाशबद्ध समस्त पशुरूप प्राणीहरूलाई पाशबाट छुटाएर कल्याण गर्ने हुनाले प्राणीमात्रका आराध्य छन्, उपास्य छन् । ब्रह्मादेखि स्थावरसम्मका सबै पशु हुन् किन भने ती सबै मायाका वशवर्ती छन्, अज्ञानले ग्रस्त छन् । तिनलाई पशुत्वबाट मुक्त गर्ने हुनाले भगवान् शिव पशुहरूका पति पशुपति हुन् । उनी आफ्नो कल्याणको कामना गर्ने, पशुत्वबाट मुक्त हुन चाहने समस्त नेपालीका आराध्यदेव हुन् । देवताहरूले पनि उपासना-आराधना गरिने भएकाले पशुपति देवाधिदेव महादेव हुन् ।



( करिव छ दशक अघिको श्रीपशुपतिनाथको मन्दिर )

भगवान् पशुपति अनादि र अनन्त ब्रह्मतत्व हुन् । वैदिक कालदेखि नै उनको विभिन्न नामबाट आराधना र वन्दना हुँदै आएको देखिन्छ । ऋग्वेदमा रुद्रदेवताका रूपमा उनको वर्णन वा स्तुति गरिएको छ । त्यहाँ पशुपति नामको प्रयोग भएको छैन । यजुर्वेद र अथर्ववेदमा चाहिँ अरू विभिन्न नामसँगै पशुपति नामको पनि उल्लेख्यरूपमा प्रयोग भएको पाइन्छ । शुक्लयजुर्वेदको सोह्रौं अध्याय रुद्राध्यायका रूपमा प्रसिद्ध छ । भगवान् पशुपतिको पूजा-अभिषेकका अवसरमा श्रद्धापूर्वक त्यस अध्यायको पाठ गरिन्छ । त्यहाँ उनी अन्य विविध नामसँगै पशुपति नामले पनि सम्बोधित छन्, पूजित छन् र नमस्कृत छन् । वैदिक वाङ्मयभित्रका आरण्यक, उपनिषद् ग्रन्थहरूले पनि पशुपतितत्व यद्वा शिवतत्वको गम्भीर चिन्तन गरेका छन् । यसै गरी शिवमहापुराण, लिङ्गमहापुराण, हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण जस्ता पौराणिक ग्रन्थहरूमा पनि भगवान् पशुपतिको महिमा गाइएको छ, पशुपतितत्वको विवेचना गरिएको छ । आर्य सभ्यताको आदिकालमा नै भगवान् शिव रुद्रका रूपमा पशुप्राणीका रक्षक, जटामुकुटधारी, रोगनाशक एवं तीक्ष्ण आयुधधारीका रूपमा वर्णित छन् । वैदिक आर्यले कल्पना गरेको पशुप्राणीका रक्षक रुद्रलाई यजुर्वेदमा आएर पशुपतिका रूपमा प्रस्तुत गरिएको

छ । सिन्धु घाँटी सभ्यतामा मोहनजोदडोको उत्खननमा पाइएको एक मुद्रामा तिन शिर भएको सिङको मुकुट लगाएको, योगासनमा बसेको, पशुहरूले घेरिएको पशुपतिरूप शिवको चित्र उत्कीर्ण छ । यसलाई विद्वान्हरूले पशुपतिको प्रागैतिहासिक रूप मानेका छन् । त्रिशीर्ष एवं शृङ्गमुकुटधारी शिवको महत्व महाभारत रचना कालमा पनि रहेको पाइन्छ । सिन्धु सभ्यता आजभन्दा पाँचहजार वर्ष पूर्वको मानिएको छ । वैदिक रुद्रदेवता र सिन्धु सभ्यताका अवैदिक प्रागैतिहासिक पशुपति रूपको एकीकरण भएर भगवान् शिव पशुपतिका रूपमा महनीय एवं पूजनीय भएको कुरा अनुसन्धाता विद्वान्हरूले उल्लेख गरेका छन् ।

ऋग्वेदमा रुद्रदेवताका रूपमा स्तुति, प्रशंसा गरिएका भगवान् शिव यजुर्वेद र अथर्ववेदमा आएर पशुपति का रूपमा सम्मानित र पूजित भएको कुरा माथिका प्रसङ्गबाट स्पष्ट हुन्छ । तिनै पशुपति पञ्चब्रह्म स्वरूपमा पञ्चमुखी ज्योतिर्लिङ्गका रूपमा पवित्र पशुपति क्षेत्रमा विराजमान छन् । भगवान् पशुपति विराजमान भएको काठमाडौं उपत्यका भित्रको खास क्षेत्र पौराणिक कालदेखि नै पशुपति क्षेत्रका रूपमा प्रसिद्ध बनेको छ , जुन वैदिक सनातन धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थल बन्न गएको छ ।

शिवमहापुराणको कोटिरुद्रसंहिताको अध्याय ११ र १९ अनुसार भगवान् पशुपति प्रसिद्ध द्वादश ज्योतिर्लिङ्ग मध्ये हिमालय क्षेत्रमा रहेका केदारनाथको शिरोभाग हुन् । गोत्रहत्याको पापबाट मुक्त हुन त्यस हिमाली क्षेत्रमा भगवान् शिवको दर्शन गर्न गएका पाण्डवहरूलाई दर्शन नदिई भागेका महिषरूप शिवको शिरोभाग नेपालको पशुपति ज्योतिर्लिङ्गमा एकीकृत भएर प्रकट भएको कथा पुराणमा वर्णित छ । यसबाट पशुपति आदिलिङ्गमा द्वापर युगको महाभारत युद्ध समाप्तिपछि केदारनाथको शिरोभाग मिलेर महाज्योतिर्लिङ्ग भएको भन्ने देखिन्छ । भगवान् पशुपतिको प्रादुर्भावका विषयमा हिमवत्खण्ड, नेपालमाहात्म्यका अतिरिक्त गोपालराज वंशावली, भाषावंशावलीमा पनि चर्चा गरिएको छ । हिमवत्खण्डमा पशुपतिनाथको ज्योतिर्लिङ्गलाई ज्योतिरूप महालिङ्ग भनिएको छ ।


ज्योतिर्लिङ्गको उत्पत्तिको प्रसङ्ग चाहिँ ब्रह्मा र विष्णुका बिचमा तँ ठूलो कि म ठूलो भन्ने विवाद समाधानसँग सम्बन्धित छ । आदि र अन्त्यरहित स्तम्भस्वरूप ज्योतिर्लिङ्गको आदि र अन्त्य पत्ता लगाउन ब्रह्मा र विष्णु असफल भएको तर ब्रह्माले चाहिँ असत्य बोलेर ढाँटेको घटनाको वर्णन शिवमहापुराणमा पाइन्छ । यस प्रसङ्गबाट सृष्टिको आदिकालतिरै ज्योतिर्लिङ्ग प्रकट भएको ज्ञात हुन्छ । हिमवत्खण्डमा उल्लेख भए अनुसार आदिज्योतिर्लिङ्गको पूजा आराधना प्रथमतः ब्रह्मा, विष्णु समेतका देवताहरूले गरे । पछि म्लेच्छहरूको जगजगी भएकाले ज्योतिर्लिङ्ग गुप्त भयो, त्यो स्थान

पनि जङ्गलमय भयो । यसै क्षेत्रमा पशुरूपले भगवान् शिवले विहार गरेको अनि पशुपतिका रूपमा यसै स्थानमा रहने निर्णय देवताहरू समक्ष व्यक्त गरेको प्रसङ्ग नेपालमाहात्म्यमा पाइन्छ । त्यही गुप्त भएको ज्योतिर्लिङ्ग तताएको सुनको झोल समान प्रदीप्त एवं ज्वालामय रूपमा फेला परेपछि त्यसको तापबाट प्राणीमात्रको रक्षा गर्न ब्रह्माजीले पाँचमुख भएको शिलामय लिङ्ग बनाएर स्थापित गरे । पछि त्यसैमाथि विष्णुले पनि इन्द्रनील पत्थरको अर्को लिङ्ग बनाएर स्थापित गरे । यसरी पशुपतिको ज्योतिर्लिङ्ग त्रिदेवात्मक बन्न गएको छ, सबैले दर्शन गर्न सकिने भएको छ । यस कथा प्रसंगबाट पशुपतिनाथ ज्योतिर्लिङ्गको प्राकट्य आदिकालमै भएको देखिन्छ । यही पञ्चव्यूहात्मकता र त्रिदेवात्मकताका कारणले पशुपति अन्य ज्योतिर्लिङ्गभन्दा विशिष्ट बनेको हो । यसै कारणले हिमवत्खण्डमा पशुपतिलाई ज्योतिरूप महालिङ्ग अर्थात् महाज्योतिर्लिङ्ग भनेको हो । केदारनाथको शिरोभाग भएकाले द्वादश ज्योतिर्लिङ्गको दर्शनयात्रा पशुपतिनाथको दर्शन नगरी पूर्ण हुदैन भन्ने मान्यता दर्शनार्थी भक्तजनमा रही आएको छ । पशुपतिका अधोवक्त्र समेत छ मुखबाटै षडाम्नायको उपदेश भएको हो । उनको पूजा-उपासना निगम र आगम दुवै विधिबाट गरिन्छ । पशुपतिनाथ ओमकार परिवारभित्रका सबैका समान आराध्य देव हुन् । राष्ट्र र राष्ट्रवासीको कल्याणका कामनाले उनको नित्य पूजा-उपासना गरिन्छ । उनी सुर, असुर, दानव, मानव, सबैका आराध्यदेव महादेव हुन् र उनी सबै वर्ग, जाति र समुदायमा समभाव राख्दछन् । त्यसैले भगवान् पशुपतिनाथ सर्वधर्म समभावका प्रतीक हुन् ।

### १.३ माता गुह्येश्वरी

पशुपति क्षेत्रमा भगवान् श्रीपशुपतिनाथसँगै अन्य देवदेवीका मन्दिरहरू पनि प्रशस्त छन् । यो क्षेत्र मूलतः शिव र शक्तिको समन्वितरूपमा उपासना गर्ने स्थल हो । शक्तिका रूपमा यहाँ नौ ईश्वरीहरू रहेका छन् । गुह्येश्वरी तिनै नौ ईश्वरी मध्येकी प्रमुख ईश्वरीको मन्दिर हो । यो पशुपति क्षेत्रको महत्वपूर्ण शक्ति पीठ हो । सम्पूर्ण ब्रह्माण्डमा पशुपति जस्तो ज्योतिर्लिङ्ग, वाग्मती जस्तो पवित्र नदी र गुह्येश्वरी जस्तो शक्तिपीठ अन्यत्र कहीं पनि पाइँदैन भनेर भाषावंशावलीमा लेखिएको छ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं



*(गुह्येश्वरीको प्राचीन तस्विर)*

हिमवत्खण्ड अनुसार गुह्येश्वरीको उत्पत्ति पशुपतिनाथको उत्पत्तिसँगै भएको हो । श्लेष्मान्तक वनमा मृगरूप लिएर विहार गर्ने शिवलाई खोज्दै आएका ब्रमादि देवताले गुह्येश्वरी तीर्थ वाग्मती किनारमा सात वर्षिया कन्याका रूपमा गुह्येश्वरीको दर्शन पाएको र कन्या अन्तर्धान भएका स्थानमा प्वाल देखेर त्यहीं गुह्येश्वरीको स्तुति गरेको कुरा हिमवत्खण्डमा वर्णन गरिएको छ । वंशावलीमा बुद्धमार्गी मत अनुसार गुह्येश्वरीको उत्पत्ति स्वयम्भू आदिबुद्धको उत्पत्तिसँगै भएको देखिन्छ । गोपालराज वंशावलीमा गुह्येश्वरीलाई भृङ्गारेश्वरी भनिएको छ । भृङ्गारलाई सुनको कलश पनि भन्दछन् । गुह्येश्वरीको पूजा स्वर्णकलशमा नै गरिन्छ । वराहपुराणमा गुह्येश्वरीलाई शिखरवासिनी भनेर सम्बोधन गरिएको छ । गुह्येश्वरी विराजमान भएको पर्वतलाई गौरीशिखर भन्दछन् । यसैलाई सिद्धाचल पनि भन्दछन् ।

नेपाल माहात्म्यमा सतीदेवीको गुह्यपतनबाट गुह्येश्वरी पीठको उत्पत्ति भएको वर्णन पाइन्छ । कालिकापुराणमा पनि सतीको गुह्यपतनबाट उत्पन्न भएको हुदाँ गुह्येश्वरी पीठलाई उत्तम पीठ मानिएको छ । सिद्धाचल अर्थात् मृगस्थली क्षेत्र गुह्येश्वरीका रूपमा पार्वतीले नित्य निवास गर्ने स्थान भएको कुरा पनि त्यहाँ उल्लेख छ ।

गुह्येश्वरीको उपासना पद्धति पनि जटिल छ । गुह्येश्वरी पीठ वाममार्गको मुख्य शाक्त पीठ मानिन्छ । यहाँ पुजारीहरू देब्रे हातले भगवतीको पूजा गर्दछन् र पञ्चमकारको विधान पनि गर्दछन् । बौद्धमार्गीहरू गुह्येश्वरीलाई खगानना वा नैरात्म्य योगिनीका रूपमा मान्दछन् । स्वयम्भूपुराणले खगानना गुह्येश्वरीलाई मातृस्वरूपमा प्रस्तुत गरेको छ । गुह्येश्वरीलाई शैव, वैष्णव, बौद्ध, शाक्त आदि सबैकी मोक्षमाता भनेर स्वयम्भूपुराणले बताएको छ । नेपालको धार्मिक मान्यतामा पशुपतिनाथ जस्तै गुह्येश्वरी पनि धार्मिक सम्प्रदायगत विभेदरहित समन्वय र सद्भावको प्रतीक मानिन्छ ।

## १.४ वाग्वती

वाग्वती काठमाडौं उपत्यकाको एक प्रमुख एवं पवित्र नदी हो । यो उपत्यकाको सभ्यताको द्योतक पनि हो । भगवान् शिवका अट्टहासबाट उत्पन्न भएकाले ब्रह्माले यस नदीको नाम वाग्वती राखेका हुन् । सृष्टि विस्तार गर्ने इच्छाले ब्रह्माले हिमालयको शिवकूटमा गई गङ्गाको सृष्टि गरी गङ्गास्नान गरेर शिवको आराधना गर्दा प्रसन्न भएका शिवले अट्टहास गर्दै वर माग भन्दा शिवका जिब्राका टुप्पाबाट खसेको ब्रह्मबिन्दु स्वच्छ तरङ्गमयी नदी बनेको र ब्रह्माजीले त्यसको नाम वाग्वती राखेको कथा हिमवत्खण्डमा पाइन्छ । वाग्वतीको उत्पत्ति सम्बन्धी कथन नेपाल माहात्म्य र पशुपति पुराणमा पनि यस्तै प्रकृतिको छ । त्यहाँ पनि शिवका उच्च हास्यबाट वाग्वतीको उत्पत्ति भएको वर्णन छ । वाग्वतीलाई शिवगङ्गा र ब्रह्मसरस्वती पनि भनिएको छ । कलीमा तीस हजार वर्षसम्म वाग्वतीका नामले त्यसपछि पाँचहजार वर्षसम्म गङ्गाका नामले तथा त्रेता र द्वापर युगका बिचमा तीसहजार वर्षसम्म ब्रह्मसरस्वतीका नामले प्रसिद्ध हुने कुरा हिमवत्खण्डमा बताइएको छ ।

वाग्वती शुद्ध नाम भए पनि प्रसिद्ध र प्रचलित नाम वाग्मती हो । जसको कहीं पनि गति छैन, त्यसका लागि वाग्वती नै परा गति हो किन भने वाग्वती भगवान् शिवकै शक्ति हो । यसको जललाई गङ्गाजलभन्दा सयगुना बढी पवित्र मानिएको छ । वाग्वतीको जलमा स्नान गर्नाले सबै किसिमका दोषहरू नष्ट हुन्छन्, पीडा शान्त हुन्छ र उत्तम लोक प्राप्त हुन्छ भनेर शास्त्रमा बताइएको छ । वाग्वतीमा स्नान गरेर एक घडा जल काँधमा बोकेर ल्याई भगवान् पशुपतिलाई स्नान गराएमा अश्वमेध यज्ञको फल प्राप्त हुने कुरा र वाग्वतीमा स्नान गर्नाले ग्रहपीडा, दुःख, भय आदिबाट मुक्ति मिल्ने कुरा पनि हिमवत्खण्डमा बताइएको छ ।

धार्मिक एवं शास्त्रीय दृष्टिले वाग्वतीको महत्व विशिष्ट छ । भगवान् पशुपति र वाग्वती धार्मिक रूपमा परस्पर सम्बद्ध छन् । शिवक्षेत्रमा बग्ने नदी शिवगङ्गा हुन्छ । शिवगङ्गाको जलले भगवान् पशुपतिलाई स्नान गराइन्छ । मोक्षको चाहना गर्नेका लागि पनि वाग्वती मोक्षदायिनी नदी हो जसको नाम लिदांमात्र पनि मानिस शुद्ध हुन्छ , दर्शन गर्नाले र स्नान गर्नाले कुलकै उद्धार हुन्छ । वाग्वती

शिवगङ्गा, आर्या र ब्रह्मसरस्वती हो । यसको संरक्षण, संवर्धन र स्वच्छतामा सबैले ध्यान दिनु पर्दछ । यो पशुपति क्षेत्रको महत्वपूर्ण प्राकृतिक सम्पदा हो, धार्मिक आस्थाको विषय हो ।

### १.५ मृगस्थली-श्लेष्मान्तक

भगवान् शिवले मृगरूप लिएर विहार गरेको क्षेत्र मृगस्थली हो । त्यो क्षेत्र श्लेष्मान्तक वन क्षेत्रभित्र पर्दछ । यसै वन क्षेत्रमा नै उमास्तनकुण्ड एवं सतीस्तन पीठ समेत पर्दछन् । मृगस्थली तपोवन हो । अन्यत्र करौडौं वर्षमा प्राप्त हुने सिद्धि यहाँ अहोरात्रको साधनाले नै प्राप्त हुन्छ । त्यसैले यो सिद्धक्षेत्र हो, सिद्धाचल हो, सिद्धारण्य हो । हिमवत्खण्ड अनुसार यस क्षेत्रमा भगवान् शिवले दशहजार वर्षसम्म मृगरूपले विहार गरेका थिए । यसै वन क्षेत्रमा भगवान् शिवले मृगरूप र सिङ समेत छोडेकाले यो क्षेत्र पुण्यमय बन्यो र जगत्को कल्याण गर्ने तीर्थस्थल बन्न गयो भन्ने कुरा वराहपुराणमा लेखिएको छ । मृगरूप लिएर भगवान् शिवले घुमफिर गरेका, खाए-बसेका सबै स्थान पुण्य तीर्थ हुन् भनेर हिमवत्खण्डमा उल्लेख गरिएको छ ।


मृगरूप शिवको सिङ ब्रह्मा, विष्णु र इन्द्रले मृगस्थलीमा आई समातेको र सिङ टुक्रिएको दिन मार्गकृष्ण चर्तुदशी हो । त्यस दिन वाग्वतीमा स्नान गरेर मृगस्थली भ्रमण गरी सत्बीजका रूपमा अन्नका दाना छर्दा एक दाना अन्न बराबर एक रत्ती सुन दान गरेको फल प्राप्त हुन्छ साथै सत्बीज छर्दै भ्रमण गर्दा पाइला-पाइलामा अश्वमेध यज्ञको फल प्राप्त हुन्छ भनेर हिमवत्खण्डमा बताइएको छ । नेपाल माहात्म्यमा चाहिं कार्तिक कृष्ण चर्तुदशीका दिन मृगस्थलीको प्रदशिक्षा गर्दा स्वर्ग प्राप्त हुने कुरा उल्लेख गरिएको छ ।

श्लेष्मान्तक वन क्षेत्रको प्राकृतिक रमणीयतालाई देखेर अनि मृगस्थलीको लीला-विहारबाट अभिभूत भएर भगवान् शिवले काशी वा कैलास कतै पनि नगई श्लेष्मान्तक वनमै रहने कुरा बताए पछि अरू देवताहरू पनि त्यसै क्षेत्रका विभिन्न स्थानमा आएर बसे अनि मृगस्थली-श्लेष्मान्तक वन क्षेत्र देवनगरीमा रूपान्तरित भयो । त्यस बेला यो वन काठमाडौं उपत्यका भर फैलिएको विशाल थियो । त्यस पवित्र क्षेत्रको सानो अंशमात्र अहिले पशुपति क्षेत्रमा रहेको छ । त्यो पनि चारैतिरबाट विभिन्न अतिक्रमणका मारले खुंचिएको छ । यसको संरक्षण र संवर्धनमा विशेष ध्यान दिनु पर्दछ । सो पवित्र वन क्षेत्र हो, सिद्ध क्षेत्र हो, तपःस्थली हो अनि पशुपति क्षेत्रको प्राकृतिक सौन्दर्यको द्योतक पनि हो ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १.६ पशुपति क्षेत्र

भगवान् श्रीपशुपतिनाथ विराजमान भएको क्षेत्र पशुपति क्षेत्र हो । पौराणिक साहित्यमा पशुपति क्षेत्रको वर्णन वराहपुराण र हिमवत्खण्डमा गरिएको छ । वराहपुराणमा पशुपतिनाथ मन्दिरको वरिपरी ४/४ कोसको क्षेत्रलाई पशुपति क्षेत्र भनेर चर्चा गरिएको छ भने हिमवत्खण्डमा साँगादेखि थानकोटसम्मको विशाल भू-क्षेत्रलाई पशुपति क्षेत्र भनिएको छ । ऐतिहासिक सन्दर्भमा पशुपति क्षेत्रको सर्वप्रथम उल्लेख शाके ४५५ (वि.सं. ५९०) को भस्मेश्वरमा रहेको भद्रेश्वर शिवलिङ्गको जलहरीमा भगवतः पशुपतेः क्षेत्रे भनेर उत्कीर्ण पदावलीमा भएको देखिन्छ । यस पदावलीमा पशुपति क्षेत्रको उल्लेख भए पनि त्यसको सीमाका बारेमा त्यहाँ कुनै जानकारी चाहिँ दिइएको छैन ।



*(पशुपति क्षेत्रको वागमती पश्चिमको झलक)*

वर्तमान समयमा पशुपति क्षेत्र भनेर जति भू-क्षेत्रलाई लिइएको छ त्यसको मूल आधार वि.सं. १८७० को लालमोहर हो । सो लालमोहरमा उल्लिखित क्षेत्रलाई केही संशोधन गरेर वि.सं. २००९ सालमा एक नक्सा तयार भएको र त्यसैलाई आधार मानेर वि.सं. २०३५ सालमा पशुपति क्षेत्र सुधार तथा विकास समितिले पशुपति क्षेत्रको नक्सा तयार गरेको देखिन्छ । यसैमा आधारित भएर तत्कालीन श्री ५ को सरकारले वि.सं. २०४३ फागुन १४ गते नेपाल राजपत्र भाग ३, खण्ड ३६ अतिरिक्ताङ्क ४६ मा सूचना प्रकाशित गरेर चार किल्ला तोकी पशुपति क्षेत्र निर्धारण गरेको हो । पशुपति क्षेत्र भित्रको पुरातात्विक दृष्टिले संवेदनशील क्षेत्रलाई प्राचीन स्मारक संरक्षण ऐन अन्तगत पशुपति संरक्षित स्मारक क्षेत्र घोषणा गरिएको छ । पशुपति क्षेत्र र संरक्षित स्मारक क्षेत्रको चार किल्ला यहाँ दिइएको छ । दुवै क्षेत्रको नक्सा अनुसूची १ र २ मा समावेश गरिएको छ ।

### क) पशुपति क्षेत्रको चार किल्ला

१ पूर्व -त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो धावनमार्गको पूर्व सिमाना ।

२ पश्चिम-धोबीखोलाको रातो पुल, कालो पुल, हाडीगाउँबाट चावहिल गणेश स्थान जोड्ने बाटोमा पर्ने धोबीखोलाको पुल हुँदै धुम्बाराही चक्रपथमा रहेको धोबीखोलाको पुल ।

३ उत्तर - धुम्बाराही चक्रपथमा रहेको धोबीखोलाको पुलबाट चक्रपथ, चाबहिल चोक हुँदै भगवानस्थानबाट गौरीघाट जाने कच्ची बाटो हुँदै गौरीघाट र गौरीघाटबाट बौद्ध जाने बाटो हुँदै गौरीघाटको उत्तरतर्फको सत्तल पछाडिबाट घाटको पछाडि हुँदै बाग्मती हुँदै गुह्येश्वरीघाटको उत्तरतर्फको बाग्मतीबाट कालीप्रसाद गणको उत्तर सिमाना हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो धावनमार्ग (हाल थप भएको खण्डबाहेक) ।

४ दक्षिण- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो धावनमार्गको कुनाबाट सीधै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवन हुँदै विमानस्थलको सवारी पार्किङ्ग क्षेत्रबाट दुईसय साठी (२६०) मिटर दक्षिण-पश्चिम हुँदै तहाँबाट चारसय (४००) मिटर पश्चिम भई चक्रपथसम्म, चक्रपथदेखि कालीमाटी डोल र हरिजन टोलको बीचको खोँच हुँदै बाग्मती नदी भई राजराजेश्वरी निस्कने गोरेटो हुँदै चक्रपथ, चक्रपथको ग्रीनबेल्ट, गौशाला चोक हुँदै धोबीखोलाको रातोपुल ।

### ख) संरक्षित स्मारक क्षेत्रको चार किल्ला

१. पूर्व - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पश्चिम शिवपुरी बाबाको आश्रमसहित जङ्गल,

२. पश्चिम - भण्डारखालको पश्चिमपट्टिको पर्खाल बाहिरको बाटो र सिफल चौर र जयबागीश्वरी मन्दिर पश्चिमको सत्तललाई भित्र पारी चक्रपथ हुँदै मित्रपार्क चोक,

३. उत्तर - मित्रपार्कबाट गौरीघाट जाने सडक हुँदै गौरीघाट बालमसानदेखि बाग्मती नदी किनाराको उत्तर २० (बीस) मिटर र गुश्येश्वरी माथि उत्तर बाहिनीसम्म पशुपति क्षेत्रको अन्तिम सिमाना,

४. दक्षिण - गौशाला-रातोपुल पक्की सडकबाट पनिकोटोल जाने बाटोसम्म र गौशाला चोकबाट चक्रपथ हुँदै तिलगंगाबाट व्यारेक जाने बाटो।

### १.७ पशुपति क्षेत्रका विशेषता

पशुपति क्षेत्र प्राचीन कालदेखि नै सनातन तीर्थ स्थलका रूपमा रही आएको छ । यो क्षेत्र पुरातात्विक महत्वका मूर्त, अमूर्त सम्पदाहरूको खुला संग्रहालय हो । यस क्षेत्रका मूलभूत विशेषताहरू यस प्रकार छन् -

### १.७.१ ऐतिहासिकता

पशुपति क्षेत्रको प्राचीनता खोज्दै जाँदा पौराणिक कथा सन्दर्भका आधारमा द्वापर युगसम्म पुग्न सकिने कुरा माथि १.२ मा उल्लेख गरिएको छ । भगवान् कृष्णले बाग्मतीको निकास खोलेपछि उपत्यका

आबाद भएको कुरा नेपाल माहात्म्यमा वर्णन गरिएको छ । बौद्ध आख्यान अनुसार बाग्मतीको निकास मञ्जुश्रीले खोलेको भन्ने मानिएको छ । जसबाट भए पनि निकास खोलिए पछि नै जलमग्न पशुपति ज्योतिर्लिङ्ग प्रकट हुन सम्भव भएको हो । नेपाल माहात्म्यमा श्रीकृष्णले बाग्मतीमा स्नान गरेर वत्सला भगवतीको दर्शन गरी दक्षिणतर्फ प्रवेश गरेर पशुपतिको दर्शन गरेको वर्णन पाइन्छ ।जलमग्न उपत्यकाको तलाउभित्र डुबेको ज्योतिर्लिङ्गरूप पशुपति प्रकट भए पनि तलाउको पानी खोलिंदा पानीसँगै बगेर आएको माटो, बालुवा आदिले पुरिनु स्वाभाविक हो । त्यही ठाउँमा गाईले दूध चढाएको देखेर गोपालले खनेर हेर्दा ज्योतिर्लिङ्ग प्रकट भएको भन्ने वंशावलीमा लेखिएको कुरा पनि स्वाभाविक हुन आउँछ ।

गोपालराज वंशावलीमा पशुपतिको मन्दिर बनाएर छाना समेत हाल्ने काम लिच्छवि राजा सुपुष्पदेवले गरे भन्ने उल्लेख छ । यिनलाई मानदेव प्रथमभन्दा ३९ पुस्ता अघिका राजा भनेर जयदेव द्वितीयको पशुपति अभिलेखमा बताइएको छ । नेपालमा लिच्छविभन्दा अघि गोपालवंशी र किराँतवंशी राजाहरूले लामो समयसम्म शासन गरेको कुरा इतिहासबाट ज्ञात हुन्छ । लिच्छविहरू ई.पू. प्रथम शताब्दीतिर किराँतवंशी राजालाई पराजित गरेर उपत्यकाको राज्यसत्तामा आएको भन्ने उल्लेख पाइन्छ । लिच्छविपूर्व धेरै वर्ष अघिदेखि नै तत्कालीन जनमानसमा पशुपति र पशुपति क्षेत्र आस्थाको विषय बनी सकेको अनुमान गर्न सकिन्छ । त्यसैले त राजा सुपुष्पलाई मन्दिर निर्माण गर्ने उत्प्रेरणा मिल्यो । दुःखको कुरा के छ भने लिच्छवि कालभन्दा अघिको पशुपति क्षेत्रको महत्व बताउने अभिलेखीय प्रमाण पाउन सकिएको छैन । भएकै ऐतिहासिक सामग्री पनि बङ्गालका सुल्तान शमसुद्दीनको विनाशकारी आक्रमणले गर्दा नष्ट भए भनिन्छ ।

नेपालको इतिहासमा लिच्छवि शासनपछि मल्लकाल र शाहकालमा पनि पशुपति क्षेत्रको प्रतिष्ठा बढ्दै गएको देखिन्छ । विभिन्न कालखण्डका राजा - रानी, साहु-महाजन र सर्वसाधारण जनताले पनि आ-आफ्नो गच्छे अनुसार पशुपतिमा कोष चढाएको, पशुपति क्षेत्रमा मन्दिर बनाएको, मूर्ति स्थापना गरेको, सत्तल तथा धर्मशाला बनाएको, सदावर्तको व्यवस्था गरेको, तुलादान तथा कोटिहोम गरेको, गुठी राखेको तथा महास्नान-महाभोगको व्यवस्था गरेको बाटो तथा घाट बनाएको कुरा इतिहासमा अङ्कित भएको छ । यस्ता धार्मिक एवं परोपकारी कार्यले यस क्षेत्रको महत्ता बढेको छ, जनतामा पशुपतिनाथप्रति आस्था र श्रद्धा बढेको छ । यो नै यस क्षेत्रको ऐतिहासिक महत्ता हो । पशुपति क्षेत्रलाई हिमवत्खण्डमा माहेश्वरी पुरी पनि भनिएको छ । माहेश्वर पुरको उल्लेख नेपालका प्रसिद्ध तीर्थस्थलको वर्णनका क्रममा महाभारत बनपर्वको पुलस्त्य ऋषिको तीर्थ यात्राका प्रसङ्गमा भएको छ । हिमवत्खण्डमा उल्लिखित माहेश्वरी पुरी भन्ने नाम नै यहाँ प्रयुक्त भएको छ र यसले पशुपति

क्षेत्रको धार्मिक, ऐतिहासिक महत्वलाई स्पष्ट गरेको छ । यसबाट पशुपतिनाथको अस्तित्व द्वापर युगभन्दा पहिलेदेखि नै भएको ज्ञात गर्न सकिन्छ ।

### १.७.२ धार्मिकता /आध्यात्मिकता

पशुपति क्षेत्र ॐकार परिवारभित्रका सबै धार्मिक सम्प्रदायका जनसमुदायको समान आस्था र श्रद्धाको, साधना र उपासनाको पुण्य क्षेत्र हो । यस क्षेत्रमा सबै धर्म-सम्प्रदायको प्रतिनिधित्व गर्ने मठ-मन्दिर र मूर्तिहरू छन् । गुह्येश्वरी, वत्सलेश्वरी लगायतका शक्तिपीटका साथै किरातेश्वर, सूर्यनारायण, गणेश, ब्रह्मा, बुद्ध, यमराज, धन्वन्तरी, कल्की, यक्ष, कार्तिकेय एवं महावीरजैनका मूर्तिहरू यहाँ छन्, नाथपरम्पराको गोरखनाथ मट, शङ्कराचार्य परम्पराको शङ्कराचार्य मठ, गुरुनानकका अनुयायी सन्तबाट स्थापित निर्मल अखाडा, वैष्णव परम्पराको राममन्दिर अखाडा, सन्यास परम्पराको उमाकुण्ड आश्रम पनि यसै क्षेत्रमा रहेका छन् । यस आधारमा पशुपति क्षेत्र धार्मिक समन्वय र समभावको उदाहरण बनेको छ । यस क्षेत्रमा सञ्चालन गरिने जात्रा तथा पर्वपूजा आदिको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने यहाँका जात्रापर्वमा विभिन्न जात-जातिको सहभागिता हुन्छ र यहाँ सबै जातिमा समभाव छ, जातीय विभेद छैन । माघ शुक्ल चतुर्दशीका दिन भगवान् पशुपतिलाई बुद्ध मुकुट पहिराएर बुद्धका रूपमा पूजा गरी छायादर्शन गर्ने परम्पराले पनि सर्वधर्म समभावलाई नै द्योतित गरेको छ । यसरी पशुपति क्षेत्रले जातीय र धार्मिक समभावबाट राष्ट्रिय एकताको सन्देश प्रवाहित गरेको छ ।

भगवान् शिव विराजमान भएको क्षेत्र गाउँ वा जङ्गल जे भए पनि कुरुक्षेत्र, नैमिषारण्य वा पुष्कर समान पुण्य क्षेत्र हुन्छ भनेर शिवधर्मशास्त्रमा बताइएको छ । शिवक्षेत्रको समीपका नदी, धारा, कुण्ड वा पोखरी सबै शिवगङ्गा हुन्छन्, पवित्र हुन्छन् भनेर पनि शास्त्रमा उल्लेख गरेको पाइन्छ । यस दृष्टिले हेर्दा पशुपतिनाथ विराजमान भएको पशुपति क्षेत्रका वाग्मती, रुद्रमती, तिलगङ्गा, ताम्रगङ्गा लगायत नदी, खोल्सा र यहाँका पोखरी, कुण्ड सबै शिवगङ्गा हुन् । ताम्रगङ्गा, तिलगङ्गा र वाग्मतीको संगमको क्षेत्र नै पशुपतिनाथ विराजमान भएको पवित्र क्षेत्र हो । यसै क्षेत्रमा मृगरूप शिवले विहार गरेको सिद्धाचल मृगस्थली एवं श्लेष्मान्तक वन क्षेत्र रहेका छन् । यी क्षेत्रहरू पवित्र तीर्थ हुन्, साधनास्थल हुन् । मृगोदक, कोषोदक, ब्रह्मोदक, आर्यातीर्थ बर्बरिका, योगकुण्डजस्ता पुराण प्रसिद्ध तीर्थहरू यिनै क्षेत्रमा भएको कुरा हिमवत्खण्ड, नेपालमाहात्म्यजस्ता पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ । पशुपति क्षेत्र पवित्र सप्तपुरी, अयोध्या, मथुरा, माया (हरिद्वार), काशी, काञ्ची, अवन्ती (उज्जैन) र द्वारावतीभन्दा पनि उत्तम मानिएको छ । किन भने यहाँ मनुष्यका धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थको सिद्धि हुन्छ भनेर हिमवत्खण्डमा बताइएको छ । यस अतिरिक्त पशुपति क्षेत्रलाई काशीभन्दा पनि उत्तम उत्तर काशी भेरर प्रशंसा समेत गरिएको छ । यसबाट धार्मिक,

आध्यात्मिक दृष्टिमा पशुपति क्षेत्रको महत्ता सर्वातिशायी भएको बुझ्न सकिन्छ । नवद्वार, नवईश्वर तथा नवईश्वरीले युक्त पशुपति क्षेत्र स्नान, दान, दर्शन, भ्रमण तथा साधना सिद्धिका लागि सर्वोत्तम क्षेत्र मानिएको छ । त्यतिमात्र होइन, यस क्षेत्रको मरण पनि मृतकका लागि मोक्षदायक बताइएको छ ।

पशुपतिमा शिव र शक्तिको समन्वित उपासना गरिन्छ । भगवान् पशुपतिको ईशान वक्त्रमा श्रीयन्त्रको रचना गरेर त्यहाँ पराम्बा राजराजेश्वरीको पूजा गरिन्छ । पञ्चवक्त्र भगवान् शिवको पूजा वैदिक विधिले गरिन्छ भने पराम्बा भगवती राजराजेश्वरीको पूजा तान्त्रिक विधिले गरिन्छ । यस अतिरिक्त यस क्षेत्रका गुह्येश्वरी, वत्सलेश्वरी, राजराजेश्वरी, बज्रेश्वेरी, भुवनेश्वरी, जयवागीश्वरी जस्ता देवी मन्दिरहरूमा पनि तान्त्रिक विधिले नै पूजा गरिन्छ । यसरी यो क्षेत्र आगम र निगमको सङ्गमस्थल बन्न गएको छ । यसैमा यस क्षेत्रको धार्मिक, आध्यात्मिक महत्ता प्रतिष्ठित छ ।

### १.७.३ सांस्कृतिकता

पशुपति क्षेत्र धार्मिक, आध्यात्मिक दृष्टिले मात्र होइन, सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण छ । यो मूलतः शैव-शाक्त संस्कृतिको सङ्गमस्थल हो । प्राचीन कालदेखि धर्मकै अङ्गका रूपमा मानिँदै आएका रीति-रिवाज, प्रथा-प्रचलन, जात्रा-पर्व आदि सबै पशुपति क्षेत्रका विशिष्ट संस्कृति बन्दै आएका छन् । यस क्षेत्रका जात्रा-पर्व र धार्मिक परम्परासँग जोडिएका जात-जाति तथा तिनले संलग्न भएर गर्नु पर्ने कार्य पनि यहाँको संस्कृतिकै अङ्ग बनेका छन् ।नेपाली समाजमा धर्मकर्ममा सङ्कल्प लिँदा पवित्र पाशुपतक्षेत्रे अथवा वाग्मतीपशुपत्योः अमुक दिग्भागे भन्ने चलन छ । यसले नेपाली संस्कृतिमा पशुपति क्षेत्रको महत्ता स्पष्ट गरेको छ ।

भगवान् पशुपतिनाथ नै पाशुपत संस्कृतिका केन्द्रीय तत्त्व हुन् । पशुपतिको नित्य तथा नैमित्तिक पूजाको विधि-विधान यस क्षेत्रको विशिष्ट संस्कृतिका रूपमा रहेको छ । भण्डारीबाट रुद्राक्षको माला ग्रहण गरी रुद्रन्यासपूर्वक पुजारी भट्टहरूको मन्दिर प्रवेश, आदिकलश र पूर्णकलशको स्थापना, दिक्पाल, गणेश आदिको पूजा, अर्घ्य स्थापना, आदिकलशका जलले पशुपतिको स्नान, रुद्राभिषेक, पूर्णकलशको जलले स्नान, पञ्चवक्त्रको आवाहन, पूजन, ऊर्ध्ववक्त्रमा श्रीयन्त्र लेखेर पराम्बा राजराजेश्वरीको पूजा, बालभोग, श्रृङ्गार, आरति, शङ्खजल, पुष्पाञ्जलि समेत नित्य पूजामा गरिने प्रमुख कार्यहरू हुन् । मन्दिरबाट पुजारी भट्टहरू बाहिर निस्कँदा भण्डारीलाई निरीक्षण गराएर निस्कनु पर्ने परम्परा पनि यहाँ उल्लेखनीय छ । यी कार्यहरू अहिले पशुपतिका विशिष्ट सांकृतिक परम्परका रूपमा मानिँदै आएका छन् ।

पशुपतिनाथको पूजा गर्ने पुजारीको परम्परा पनि यहाँको मान्य संस्कृति बनेको छ । इतिहासको अध्ययन गर्दा प्राचीनकालमा पशुपतिको पूजा सन्यासीले गर्दथे । यो परम्परा लिच्छविकालदेखि नै चलेको अनुमान गरिएको छ । काशी अग्निमठका शङ्कराचार्यको नेपाल आगमनपूर्वसम्म यो परम्परा चल्दै आयो । शङ्कराचार्यले नेपाल आएर पशुपतिको ऊर्ध्ववक्त्रमा श्रीयन्त्र लेखेर तान्त्रिक विधिले राजराजेश्वरी भगवतीको पूजा गर्ने पद्धति बसाए, पशुपतिको आगमघरको व्यवस्था गरे अनि पशुपतिको पूजा दाक्षिणात्य भट्ट ब्राह्मणबाट गर्ने, गराउने परम्परा बसाए । शङ्कराचार्यको आगमनपछि नै पशुपतिको पूजा वैदिक र तान्त्रिक दुवै विधिबाट हुन थाल्यो । अहिले यो मिश्रित विधि यहाँको संस्कृति बनेको छ ।

काठमाडौंका राजा रत्नमल्ल (वि.सं. १५५९-१५७७) का समयदेखि पुनः सन्यासीबाटै पशुपतिको पूजा गराउन थालिएकोमा जयप्रकाश मल्लका समयदेखि फेरि दाक्षिणात्य भट्ट ब्राह्मणबाटै पूजा गराउन थालिएको देखिन्छ । यो परम्परा हालसम्म चल्दै आएको छ । यसरी दक्षिणी भट्ट ब्राह्मणबाट पशुपतिको पूजा गर्ने गराउने परम्पराले पनि अहिले संस्कृतिको रूप लिएको छ । भट्ट पुजारीका अतिरिक्त पूजा सम्बन्धी विविध कार्यमा सहयोग गर्ने भण्डारी तथा श्रीको सम्पत्तिको संरक्षण लगायतका काम गर्ने विसेटहरूका पनि आ-आफ्ना प्रथा र परम्पराहरू छन् । भगवान् पशुपतिको पूजामा कहिल्यै पनि व्यवधान नहोस् भन्ने हेतुले उहिलेदेखि भिन्न भिन्न गोत्रका पुजारी र भण्डारी राख्ने व्यवस्था भएको देखिन्छ । त्यो पनि अहिले पशुपतिको संस्कृति बन्न गएको छ । विभिन्न समयमा तत्कालीन राजा महाराजाबाट भएका लालमोहर, सनद, सवाल आदिबाट प्राप्त कार्यक्षेत्रभित्र रही पुजारी, भण्डारी र विसेटहरूले श्रीको सेवा गर्दै आएकोमा हाल कोषको ऐन नियम र निर्देशनभित्र रहेर काम गरी रहेका छन् ।

पशुपति क्षेत्रमा विभिन्न किसिमका जात्रा र पर्वहरू पनि मनाइन्छन् । गुह्येश्वरी जात्रा, माधव नारायण जात्रा, वत्सलेश्वरी जात्रा, वज्रेश्वरी जात्रा, उपाको वनेगु जात्रा, देशोद्धार पूजा, दूदूच्याँच्याँ, गङ्गामाई जात्रा लगायतका विभिन्न जात्राहरू र तिनमा गरिने कृत्यहरू पनि यस क्षेत्रको अमूल्य सांस्कृतिक सम्पदा हुन् । जात्रामात्र होइन, नवदुर्गा नाच, हरिसिद्धि नाच, शिवपार्वती नृत्य जस्ता नाचहरू पनि यहाँको संस्कृतिसँग सम्बन्धित छन् । शङ्कराचार्यले आगमघरको व्यवस्था गरेपछि त्यहाँ पनि दक्षिणी भट्टलाई नै पूजाको जिम्मा दिएको देखिन्छ । राज्यमा सङ्कट आउँदा, शत्रुको भय हुँदा, अनावृष्टि, महामारी, भूकम्प जस्ता प्राकृतिक प्रकोप हुँदा सोको अनिष्ट निवारणार्थ आगम घरमा पूजा गर्ने, शान्ति स्वस्ति गर्ने काम आगमघरका पुजारीले गर्दथे । त्यतिमात्र होइन, पाशुपत मन्त्र नजान्ने व्यक्ति

पशुपतिको पुजारी हुन आएमा उसलाई पाशुपत मन्त्र दिने, विधिविधान सिकाउने र पशुपतिका पुजारी भट्टको अनुपस्थितिमा पशुपतिको पूजा समेत चलाउने काम पनि आगम घरका पुजारीले गर्ने गर्थे । यो पशुपति क्षेत्रको महत्वपूर्ण एवं संरक्षणीय संस्कृति हो तर हाल आगमघर प्रभावहीन बनेको छ । पशुपतिको लिङ्ग, तीर्थ, कुण्डयात्राको सञ्चालन गर्ने काम पनि आगमघरकै पुजारीले गर्ने काम हो । त्यो कार्य हाल लुप्तप्रायः भएको छ ।

समग्रमा हेर्दा पशुपति-संस्कृति धार्मिक समन्वय र समभावमा विकसित भएको देखिन्छ । यो क्षेत्र आफ्नै किसिमका सांस्कृतिक परम्पराले सम्पन्न छ। महाशिवरात्री, बालाचतुर्दशी, हरितालिका (तिज), श्रावणका सोमवार, ऋषितर्पणी आदि धार्मिक सांस्कृतिक महत्वका पर्वहरू तथा तिनमा गरिने कृत्य, धनुर्मास पूजा, महास्नान-महाभोग पूजा यी सबै पशुपति क्षेत्रको सांस्कृतिक विशिष्टताका द्योतक हुन् । यसैले पशुपति क्षेत्र बहुपक्षीय संस्कृतिले सम्पन्न क्षेत्र बन्न गएको छ ।

### १.७.४ पुरातात्विकता

लिच्छविकालमा देवग्रामका नामले सम्बोधित पशुपति क्षेत्र पुरातात्विक सम्पदाको खुला सङ्ग्रहालयका रूपमा रहेको छ । यस क्षेत्रमा लिच्छविकालका करिब ३ दर्जन जति अभिलेख प्राप्त भएका छन् जसबाट लिच्छविकालमै यहाँ धेरै शिवलिङ्ग र मूर्तिहरू स्थापित भएको जानकारी प्राप्त हुन्छ । यसै क्षेत्रभित्रको १३४ रोपनी क्षेत्रफलमा फैलिएको भण्डारखाल बगैंचा लिच्छिविकालकै दरबारको अङ्गका रूपमा बनेको हुनुपर्छ भन्ने अनुमान गरिएको छ । यस क्षेत्रको केन्द्रीय तत्त्व भनेको पशुपतिनाथको मन्दिर हो जसको आविर्भावको कथा द्वापर युगभन्दा पूर्वको देखिन्छ ।जलराशिभित्र अदृश्य रूपमा रहेको ज्योतिर्लिङ्गको अवस्थितिको कथा त युगातीत छ । महाभारत, वराहपुराण, हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण जस्ता पौराणिक ग्रन्थहरूले पनि पशुपति र पशुपति क्षेत्रका बारेमा प्रशस्त चर्चा गरेका छन् । ऐतिहासिक सन्दर्भमा त लिच्छविकालभन्दा अगाडिको स्थितिका बारेमा जानकारी दिने केही वंशावलीको कथन बाहेक अन्य अभिलेखीय प्रमाण प्राप्त छैनन् । किरातकालको स्मृतिचिन्हका रूपमा केवल किरातेश्वर शिवलिङ्ग रहेको छ ।

विश्वसम्पदाका रूपमा सूचीकृत भएका काठमाण्डौं उपत्यकाका स्मारक क्षेत्रहरूमा पशुपति क्षेत्र कला, वास्तुकला, सूक्ष्म कारिगरी, प्राचीनता, क्षेत्रफल तथा स्मारक संख्याका दृष्टिले सबभन्दा विशाल छ, अद्वितीय छ । यहाँ मूर्त सम्पदा मात्र होइन, अमूर्त र प्राकृतिक सम्पदाको पनि विशिष्ट स्थान छ । यसै हुनाले युनेस्कोले सन् १९७९ मा यस क्षेत्रलाई विश्वसम्पदामा सूचीकरण गरेको हो ।

यस क्षेत्रका मन्दिरहरूमा प्राचीन समयदेखि चल्दै आएका पूजा र पर्वोत्सवका विधि विधान, यहाँको रीति, स्थिति र परम्परा, सजीव संस्कृतिका रूपमा रहेका जात्राहरू, ऐतिहासिक महत्वको भण्डारखाल बगैंचा, धार्मिक सांस्कृतिक महत्व भएको मृगस्थली, श्लेष्मान्तक वन, पवित्र वाग्मती नदी र त्यसको किनारामा बनेका घाटहरू प्राचीन इतिहासको प्रमाणका रूपमा उत्कीर्ण शिलालेखहरू सबै यस क्षेत्रका पुरातात्विक सम्पदाहरू हुन् । यी सबैसँग नेपाल र नेपालीको आस्था एवं प्रतिष्ठा गाँसिएको छ । यी सबै विश्वव्यापी महत्व भएका मूर्त र अमूर्त सम्पदाहरू हुन् ।

कला, वास्तु शिल्प र सूक्ष्म कारिगरीका अनुपम नमुनाका रूपमा पशुपतिनाथ मन्दिर, वासुकि मन्दिर, गुह्येश्वरी, विश्वरूपा, वत्सलेश्वरी, राजराजेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी, दक्षिणामूर्ति, गुह्येश्वरी र गोरखानाथ क्षेत्रका मन्दिरहरू रहेका छन् । यिनै विशिष्ट कला-कौशलका आधारमा पशुपति क्षेत्रभित्रको स्मारकका दृष्टिले विशेष संवेदनशील देखिएको गौशाला-मित्रपार्क सडकदेखि पूर्व, पश्चिमतर्फ ध्रुवस्थलीको सती स्तनपीटसम्म, गौशाला-तिलगङ्गा खण्डको चक्रपथदेखि उत्तर तथा मित्रपार्क-गौरीघाट सडक हुँदै उत्तरवाहिनी वाग्मती उत्तर २० मिटरदेखि दक्षिणको क्षेत्रलाई २०५६ सालमा तत्कालीन श्री ५ को सरकारले पशुपति संरक्षित स्मारक क्षेत्र घोषित गरेको हो । उपर्युक्त चार किल्लाभित्रका मठ-मन्दिर, सत्तल, वन, बगैंचा, नदी-घाट सबै नै विशिष्ट पुरातात्विक सम्पदा हुन्, विश्व सम्पदाप्रेमीका सरोकारका विषय हुन् । यही नै यस क्षेत्रको पुरातात्विक महत्व हो ।

### १.७.५ सामाजिकता

भगवान् पशुपतिनाथ नेपाली समाज र संस्कृतिका आधार स्तम्भ हुन् । वैदिक सनातन धर्मावलम्बी जनसमुदायमा रहेको पशुपतिप्रतिको आस्था र विश्वासले नै पशुपति र यस पवित्र क्षेत्रको सामाजिक महत्वलाई द्योतित गरेको छ । पौराणिक आख्यान अनुसार पशुपति अर्थात् शिव देव, दानव, मानव, यक्ष, गन्धर्व सबैका उपास्य देवता हुन् । त्यसैले पशुपतिमा सर्वधर्म समभाव छ । सबै जाति, लिङ्ग र वर्णका जनसमुदायका आराध्य देव हुन् पशुपति । यसबाट सामाजिक सद्भावको धारा प्रवाहित भएको छ ।

भगवान् पशुपतिनाथ त्रिदेवमय, पञ्चब्रह्म स्वरूप पञ्चमुखी लिङ्गका रूपमा पशुपति क्षेत्रमा रहेका छन् । यी पञ्चब्रह्म पञ्चतत्त्वका अधिष्ठाता हुन् जुन पञ्चतत्त्वले मानव शरीर बनेको छ र उसले आफ्नो समाज रचना गरेको छ । पञ्चतत्त्वका अधिष्ठाताका रूपमा पशुपतिले संसार-चक्र चलाएका छन् । त्यति मात्र होइन, अष्टमूर्तिका रूपमा पनि भगवान् पशुपति कर्मशील पुरुष वा यजमान (निरन्तर देवोपासना, सत्कर्म एवं दान आदि गर्ने) तत्त्वका अधिष्ठाता हुन् । अष्टमूर्तिमा पृथ्वी, जल, तेज, वायु र

आकाशरूप पञ्चतत्त्वका अतिरिक्त चन्द्र, सूर्य र पुरुष समेत रहेका छन् । संसारमा प्राणीको जीवनचक्र यिनै तत्त्वहरूमा आधारित छ । यसरी पशुपति प्रकृतिमय छन्, प्रकृति स्वरूप छन् अनि जीवात्माका रूपमा प्राणीभित्र रहेर जीवन-जगत्को सञ्चालन गर्दछन् । समाजको रचना र सञ्चालनलाई पनि यसै परिप्रेक्ष्यमा हेर्न सकिन्छ । जीवात्मा रहेसम्म पाञ्चभौतिक शरीर क्रियाशील हुन्छ , समाज बन्छ, कर्म हुन्छन् । त्यसैले मानव सभ्यताको विकासमा शिवशक्तिमय पशुपतिबाट अन्तःप्रेरणाको सञ्चार भएको छ । सूर्य र चन्द्र, प्रकृति र पुरुष अथवा तातो र चिसोको योगबाट जगत् बनेको छ , समाज बनेको छ । समस्त मानव समाज र राष्ट्रको कल्याणका लागि सङ्कल्प लिएर सूर्यचन्द्र वा प्रकृतिपुरुषरूप शिवशक्तिको समन्वित उपासना पशुपतिमा गरिन्छ । त्यसैले सृष्टिचक्रका मूल आधार शिवशक्त्यात्मक पशुपति नेपाली समाजका सनातन वैदिक धर्मावलम्बीहरूका लागि शान्ति, सद्भाव र समन्वयका स्रोत बनेका छन् जसबाट समाज पल्लवित र पुष्पित बन्दै आएको छ ।

पशुपति क्षेत्र त्यस्तो क्षेत्र हो, जहाँ तीर्थयात्री हरूका लागि पाटी, पौवा र सत्ताल बनेका छन् । असहाय एवं दीन दुःखीका लागि हण्डी र सदावर्तको व्यवस्थाका साथै समय समयमा विशेष भण्डाराको समेत व्यवस्था गरिएको छ । मरणासन्न अवस्थाका व्यक्तिको अन्तिम समय पत्ता लगाएर अन्त्य सुधार्न घाटे बैद्यको र घाटको व्यवस्था, जात्रा, पर्वहरूमा निश्चित वर्गका व्यक्तिको सहभागिताको प्रत्याभूति, नियत कामका लागि खान्कीको व्यवस्था, काम विशेषमा वर्गविशेषको सुरक्षा तथा साधु, सन्त, महन्तहरूको सम्मान, आवास र भोजन व्यवस्थाका साथै जनसहभागिताबाट यस क्षेत्रमा भए गरेका विकास निर्माणका कार्यले पशुपति क्षेत्रको सामाजिक महत्वलाई प्रकाशित गरेका छन् ।


### १.७.६ पर्यटकीयता

पशुपति क्षेत्र प्राचीन मूर्त तथा अमूर्त सम्पदाका साथै रमणीय प्राकृतिक वन-उद्यानले भरिएको पर्यटकीय क्षेत्र हो । यस क्षेत्रमा धार्मिक दृष्टिले मात्र होइन, दृश्यावलोकनका लागि पर्यटकीय दृष्टिले समेत पर्यटकहरू आउने गर्दछन् । ओम्कार परिवारभित्रका तीर्थयात्रीका लागि मात्र पशुपति, गुह्येश्वरी जस्ता मन्दिरहरूमा प्रवेशको अनुमति भएकाले अन्य आगन्तुकहरू दर्शनार्थीका रूपमा नभएर विशुद्ध पर्यटकीय उद्देश्यले यस क्षेत्रमा आउने गर्दछन् । यसरी यहाँ आउने पर्यटकहरूको विगत ५ वर्षको तथ्याङ्क यस्तो छ :

सन् २०१४(वि.सं.२०७०/७१) -१,६६,१७३ पर्यटक संख्या
सन् २०१५(वि.सं.२०७१/७२) -७८,६८० ,, ,,

सन् २०१६(वि.सं.२०७२/७३) -९५,४११ " "
सन् २०१७(वि.सं.२०७३/७४) -१,२४,१८० " "
सन् २०१८(वि.सं.२०७४/७५) -१,६३,३११ " "

रेखाचित्र १




महिना अनुसारको पर्यटन आगमन (सन् २०१८)

यहाँ प्रस्तुत तथ्याङ्कले के स्पष्ट गरेको छ भने २०७२ को भूकम्पका कारण पर्यटकको आगमनमा कमी आएको र त्यो संख्या पछिल्ला वर्षमा क्रमशः बढ्दै गएको छ । यसबाट पशुपति क्षेत्र पर्यटन प्रवर्धनका लागि स्वयं आकर्षक गन्तव्य बन्दै गएको स्पष्ट हुन्छ । यहाँका प्राचीन पुरातात्विक महत्वका सम्पदाहरू पर्यटन प्रवर्धनका मुख्य आधारका रूपमा रहेका छन् । ऐतिहासिक भण्डारखाल बगैंचा, श्लेषमान्तक वन एवं मृगस्थली क्षेत्र, वनकाली क्षेत्र, नदी, घाट र त्यहाँ गरिने कृत्यहरू, अद्वितीय कलाकृतिका रूपमा रहेका मन्दिर, सत्तल र मूर्तिहरू सबै नै पर्यटक आकर्षणका विषयहरू हुन् । त्यसै गरी यस क्षेत्रमा मनाइने विभिन्न जात्रा,पर्व तथा तिनका विधि-विधानहरू सजीव पशुपति संस्कृतिका रूपमा रहेका छन् र दर्शनीय छन् । यहाँका वन-वनस्पति, जीव- जन्तु तथा आश्रम र अखाडा समेत सबै दर्शनीय विषय हुन् । यी सबैको पर्यटकीय महत्व छ । यसका लागि पर्याप्त सूचना प्रवाह गर्ने र भ्रमणपथ वा पदमार्ग निर्माण गर्न आवश्यक छ ।

पशुपतिलाई केन्द्रबिन्दु बनाएर देशका प्रमुख पर्यटकीय गन्तव्य र प्रमुख धार्मिक क्षेत्रमा पर्यटक एवं भक्तजनलाई आकर्षित गरेर यस क्षेत्रमा पर्यटन सम्बन्धी प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसो गर्दा पशुपति क्षेत्रलाई केन्द्रमा राखेर जनकपुर, बराहक्षेत्र, देवघाट, पाथीभरा, हलेसी, कुशेश्वर लगायतका ६४ लिङ्ग र उपलिङ्ग कालिञ्चोक भगवती, मुक्तिनाथ, स्वर्गद्वारी, त्रिवेणी वाल्मीकि आश्रम, लुम्बिनी लगायतका तीर्थस्थललाई हिन्दु तीर्थ परिपथका रूपमा विकास गर्नु पर्दछ । यसबाट पशुपति क्षेत्र र राष्ट्र दुवैलाई फलदायी परिणाम प्राप्त हुन सक्तछ । यसका लागि पर्यटकको सुरक्षा, सूचना, सुविधा र आकर्षणका विषयमा ध्यान दिन आवश्यक छ ।

## १.८. पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि संस्थागत प्रयास

प्राचीन कालदेखि नै पशुपति क्षेत्रको संरक्षण र संवर्धनमा तत्कालीन राजा, महाराजा, साहु, महाजन, भाइ-भारदारहरूको योगदान उल्लेख्य रूपमा हुँदै आएको कुरा इतिहासबाट जान्न सकिन्छ । यस क्षेत्रको विकासका लागि संस्थागत प्रयासको इतिहास चाहिँ पशुपतिनाथ भण्डार तहबिलबाटै सुरु भएको देखिन्छ । भण्डार तहबिलको स्थापनाभन्दा अघि राज्यले पशुपतिको संरक्षण र संवर्धनका लागि कुनै संस्था गठन गरेको पाइएको छैन । पशुपतिनाथ भण्डार तहबिलको स्थापना पनि ठिक यसै सालमा भएको हो भनेर तोक्न सक्ने अवस्था छैन । भण्डार तहबिल कार्यालयमा बिसेटको विशेष भूमिका हुने र बिसेटको उल्लेख वि.सं. १७३१ तिरै भएको पाइनाले यस कार्यालयको स्थापना विक्रमको अठारौं शताब्दीको चौथो दशकपूर्व नै भएको अनुमान गर्न सकिन्छ । राजा नृपेन्द्र मल्लले पशुपतिको बिसेटमा उग्रमाल जोशीलाई नियुक्त गरेको उल्लेख इतिहासमा पाइन्छ ।

पशुपतिको सालभरको आम्दानी र खर्चको लेखा राख्ने, सालतमाम भए पछि बिसेट नाइके र जैसीले कौसी तोसाखानामा हिसाब बुझाउने, पशुपतिको श्रीविग्रहमा लगाइने गरगहना र पूजामा प्रयोग हुने चलुवा भाँडावर्तनको रेखदेख र सुरक्षा गर्ने, भण्डारीको पालो फेरिंदा निजको जिम्मामा रहेका चलुवा भाँडा-वर्तन, गरगहना, सोनाचाँदी आदि जाँची हिसाब राखी थरघर, गुठी प्रतिनिधि, मूल भण्डारी र बिसेटहरू बसी बुझबुझारत गर्ने, हानिनोक्सानी भएको पाइएमा तत्काल सम्बन्धित पालोवालाबाट असुल उपर गर्ने, दुका बिर्ताको उठ्ती-पुठ्तीबाट गर्नु पर्ने भनी तोकिएका कार्य गर्ने, दुनियाँदारले चढाएको भेटीघाटी र बहुमूल्य वस्तुको हिसाब राखी भण्डार दाखिला गर्ने लगायतका कार्यहरू भण्डार तहबिल कार्यालयलाई तोकिएको देखिन्छ ।

पशुपतिकै व्यवस्थापनका लागि अमालकोट कचहरी भन्ने अर्को कार्यालयको पनि स्थापना भएको छ । यसको स्थापनाका बारेमा पनि स्पष्ट जानकारी पाइँदैन । वि.सं. १८३७ को रणबहादुर शाहको

पत्रमा देवपाटनका द्वारे शशिधरको उल्लेख पाइनाले सोभन्दा अघिदेखि नै यो कार्यलय सञ्चालनमा आएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ । यस कार्यालयको नाममा नै कोट र कचहरी शब्द रहेबाट के स्पष्ट हुन्छ भने प्रशासनिक एवं न्यायिक अधिकार समेत भएको कार्यालयका रूपमा यसको स्थापना भएको हो । यस कार्यालयको कार्यक्षेत्र वि.सं. १८७० को गीर्वाणले गरेको लालमोहर र पछि वि.सं. १९७४ मा भएको सनदले निर्धारण गरेको छ ।

जयवागीश्वरी भण्डार तहबिल पनि पशुपतिसँग सम्बन्धित कार्यालय हो । यसको स्थापनाका सम्बन्धमा पनि कुनै स्पष्ट प्रमाण पाइएको छैन । यस कार्यालयको कार्यक्षेत्र पनि वि.सं. १८६७ को गीर्वाणको लालमोहरले स्पष्ट गरेको छ । नेपालमा सतीप्रथा प्रचलित हुँदा सतीजानेले यस मन्दिरसम्म सिंगारपटार गरेर गरगहना लगाएर आई सबै गरगहना खोलेर यसै मन्दिरमा चढाई सादा पहिरनमा सती जाने चलन थियो । सतीले चढाएको किंमती गरगहना पशुपति भण्डार तहबिलमा दाखिला गरिन्थ्यो । यसबाट पनि के स्पष्ट हुन्छ भने पशुपतिको भण्डार तहबिलसँग यो कार्यालय सम्बन्धित थियो ।

पशुपति क्षेत्रको व्यवस्थापनका लागि वि.सं. १९६१ मा पशुपति गोश्वारा नामको अर्को कार्यालय स्थापित भयो । गुठी संस्थान (वि.सं. २०२१) को स्थापनापूर्व श्री ५ गुठी बन्दोबस्त अड्डासँग समन्वय गरेर पशुपति गोश्वाराले काम गरेको देखिन्छ । गुठी संस्थानको स्थापनापछि यसलाई गुठी संस्थानकै शाखा बनाइयो । यस कार्यालयलाई पशुपतिको पूजा-आजा, नदीनाला र क्षेत्रको सरसफाइ, वन, घाट, बत्ती, चिता आदिको रेखदेख, मर्मत संभार तथा सानातिना निर्माण कार्य समेत गर्ने गरी कार्यक्षेत्र तोकिएको देखिन्छ ।

वि.सं. २०१० साल वैशाख १ गतेको गोरखापत्रमा प्रकाशित पाशुपत क्षेत्रको सुधार कमिटीको रिपोर्ट शीर्षकको समाचारका आधारमा के भन्न सकिन्छ भने त्यति बेला पनि पशुपति क्षेत्रको संरक्षण र सुधारका बारेमा चिन्तन भएको र संस्था बनेको रहेछ तर यसबारे अन्य केही जानकारी प्राप्त नभएकाले यसको कार्यक्षेत्रका विषयमा केही भन्न सक्ने अवस्था छैन ।

वि.सं. २०१४ सालमा तत्कालीन राजा महेन्द्रले भूपालमान सिंह कार्कीको अध्यक्षतामा उपत्यकाञ्चल तात्कालिक सुधार समितिको गठन गरेको देखिन्छ । समितिले पशुपतिको पश्चिम ढोका र महेन्द्र सहाराको निर्माण, कोटिलिङ्गेश्वर मन्दिरको जीर्णोद्धार र प्रदक्षिणापथ निर्माण, मुक्तिमण्डप पूर्वपट्टिको बार्दली निर्माण, वासुकी मन्दिरको जीर्णोद्धार, पशुपति मन्दिर प्राङ्गणको विस्तारका साथै पशुपति

मन्दिरमा मक्किएका टुडाल फेर्ने काम समेत गरेको देखिन्छ । समितिकै सक्रियतामा पशुपति मन्दिर प्राङ्गणका मन्दिरमा पुरातात्विक मर्यादा विपरीत हुने गरी सिमेन्ट प्लास्टर गराएको, तत्कालीन राजा रानीको पूर्ण कदको स्वर्णप्रतिमा स्थापित गराएको अनि प्राङ्गण विस्तारका क्रममा हटाइएका शिवलिङ्गलाई रुद्रागारेश्वरमा स्थापना गराएको समेत देखिन्छ ।

यसपछि स्थानीय सचेत व्यक्तिहरूका सक्रियतामा वि.सं. २०३२ सालमा पशुपति क्षेत्र सुधार तथा विकास समिति" गठन भएको र समितिले सुधार, संरक्षण र निर्माण भनेर तीन वर्गमा विभाजन गरी कार्यक्रमहरू बनाएको तर अर्थाभाव लगायत विविध कारणले गर्दा काम अघि बढाउन नसकेको ज्ञात हुन्छ ।

वि.स. २०३४ सालमा भूपालमान सिंह कार्कीकै अध्यक्षतामा तत्कालीन सरकाले पशुपति क्षेत्र सुधार तथा विकास समितिको गठन भो। जनस्तरबाट गठित यसै नामको समितिले तयार गरेको कार्यक्रमलाई नै आधार बनाएर समितिले पशुपति क्षेत्रको गुरुयोजना तयार गर्ने काममा ध्यान केन्द्रित गरेको देखिन्छ । समितिले पशुपति क्षेत्रको सीमा निर्धारण र नक्साङ्कन, पशुपतिसँग सम्बन्धित लालमोहर, सनद, सवाल आदिको फोटो खिचेर लगत राख्ने काम गर्नुका साथै पशुपतिको भेटीघाटीबाट धार्मिक एवं लोकोपकारी काम गर्ने अवधारणा समेत तयार गरे पनि तत्कालीन मन्दिर व्यवस्थापनसँगको मतभेदले गर्दा कार्यान्वयनमा जान नसकेको बोध हुन्छ ।

यसै अनुक्रममा वि.सं. २०३८ सालमा तत्कालीन शिक्षा तथा संस्कृति मन्त्रालयले सोही मन्त्रालयका अतिरिक्त सचिव रमेशजङ्ग थापाका अध्यक्षतामा पशुपति क्षेत्र सुधार तथा विकास समितिको गठन गरेको देखिन्छ । यस समितिले नवनिर्माणमा ध्यान केन्द्रित गरेर गौशाला-भुवनेश्वरी मार्ग फराकिलो बनायो, रुद्रागारेश्वरमा गाईको गोठ बनायो अनि पशुपतिका मूल पुजारी बस्ने घर बनायो तर यस समितिले पशुपतिमा गर्नु पर्ने कामको प्राथमिकता निर्धारण र गुरुयोजना निर्माणमा भने ध्यान दिएको देखिँदैन ।

## १.९ पशुपति क्षेत्र विकास कोषको स्थापना

पशुपति क्षेत्रको संरक्षण, संवर्धन र विकासका लागि राज्य र जनस्तरबाट भएका माथि उल्लेखित विविध प्रयासकै अनुक्रममा पशुपति क्षेत्र विकास कोष (२०४३) को स्थापना भएको हो । यस पावन क्षेत्रप्रतिको वैदिक सनातन धर्मावलम्बी हिन्दुहरूको चासो र चिन्तालाई कानुनसम्मत तरिकाबाट मूर्तरूप दिने उद्देश्यले तत्कालीन राजा वीरेन्द्रबाट वि.सं. २०४३ पौष १ गते कोष स्थापना गर्ने

घोषण गरी सोही सालको फाल्गुन १४ गते महाशिवरात्रिका दिन अध्यादेश जारी गरेर पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । वि.सं. २०४४ मा सो अध्यादेशले ऐनको रूप प्राप्त गरेको हो ।

कोषको स्थापना भएपछि सो कोषको संरक्षकत्व राजा आफैंले ग्रहण गरेर तत्कालीन बडामहारानी ऐश्वर्यका अध्यक्षतामा सञ्चालक परिषद्को गठन गरेको देखिन्छ । त्यस समयमा सञ्चालक परिषदले नीतिगत तहमा रही कार्यक्रम र बजेट स्वीकृत गर्ने, निरीक्षण तथा अनुगमन गर्ने, आर्थिक स्रोत जुटाउने जस्ता काम गर्ने र स्वीकृत कार्यक्रमको कार्यान्वयन चाहिं कार्यकारिणी समितिले गर्ने गरी ऐनले दुई तहको व्यवस्था गरेको थियो । कोषले पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि समग्र पशुपति क्षेत्रलाई विभिन्न क्षेत्र र उपक्षेत्रमा विभाजित गरेर गुरुयोजना अवधारणा तयार गरी सो गुरुयोजनाले निर्देश गरे अनुसार गर्ने गरी तत्कालका लागि सो क्षेत्रको विकास-निर्माण कार्य स्थगित गरेर समग्र क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिएको देखिन्छ । २०४६ को जनआन्दोलन पछि भएको प्रजातन्त्रको पुनः स्थापनासँगै स्थानीय जनताबाट भएको विरोधले गर्दा सो योजना अघि बढ्न सकेन र पशुपति क्षेत्र झन्नै एक दशकसम्म गुरुयोजना विहीन अवस्थामा रहन गयो ।

वि.सं. २०४९ साल चैत्रमा तत्कालीन मन्त्रिपरिषद्ले निर्णय गरी कोषको कार्यकारिणी समितिलाई हटाएर सञ्चालक परिषद्लाई नै नीति र कार्यान्वयन दुवै तहको काम गर्ने अधिकार प्रदान गर्‍यो। साथै तत्कालीन शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रीलाई परिषद्को पदेन उपाध्यक्ष बनाउने व्यवस्था समेत गर्‍यो। यिनै विषयका साथै केही थप प्रावधान समेत समावेश गरेर वि.सं. २०५० मा कोषको ऐनको प्रथम संशोधन भयो । यस संशोधित ऐन अनुसार भण्डार तहबिल लगायत पशुपतिका तिनवटै कार्यालय कोष अन्तर्गत आए, मूल भट्टको अख्तियारी समेत समाप्त भयो । यसका साथै पशुपति मन्दिरको भेटीघाटी कोषमा दाखिला गर्ने व्यवस्था पनि ऐनले गरेको देखिन्छ तर व्यवहारमा भेटीघाटी दाखिला गर्ने कार्य चाहिँ तत्काल हुन सकेन, यसका लागि धेरै समय खर्चनु पर्‍यो ।

समसामयिक सामाजिक, राजनीतिक परिवर्तन तथा पशुपति क्षेत्रको भौतिक स्थितिलाई ध्यानमा राखेर कोषले २०५३ मा पशुपति क्षेत्रको गुरुयोजना अवधारणा तयार गरी तत्कालीन सरकार समक्ष स्वीकृतिका लागि पेश गरेकोमा वि.सं. २०५६ मा सो योजना स्वीकृत भएपछि कोर क्षेत्रमा केन्द्रित भएर विकास निर्माण कार्यलाई अघि बढाएको देखिन्छ । अहिले सो गुरुयोजनाको निर्धारित दश वर्षे अवधि पनि समाप्त भई सकेको छ । यस दश वर्षे अवधिमा गुरुयोजनाले निर्देश गरे अनुसारका कतिपय संरक्षण एवं विकास-निर्माणका कार्यहरू सम्पन्न भएका छन् भने कतिपय कार्यक्रम अघि बढ्न

सकेका छैनन् । अवधारणात्मक गुरुयोजनाको दर्शन तथा उद्देश्यलाई आत्मसात् गरेर कार्यान्वयन हुन बाँकी तथा वर्तमानको आवश्यकता अनुसारका अन्य कार्यक्रमलाई समेत प्राथमिकताका आधारमा अघि बढाएर पशुपति क्षेत्रलाई अन्तर्राष्ट्रिय तीर्थस्थल एवं गन्तव्य स्थलका रूपमा विकसित गर्न यो विस्तृत गुरुयोजना तयार गरिएको हो ।

### १.१० पशुपति क्षेत्र विकास कोषका उद्देश्यहरू

पवित्र पाशुपत क्षेत्रको संरक्षण, संवर्धन र विकासका निमित्त संस्थागत प्रयासकै क्रममा पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो भन्ने कुरा माथिको चर्चाबाट स्पष्ट भएको छ । यस क्षेत्रप्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो र अभिरुचिलाई ध्यानमा राखेर सनातन तीर्थस्थल एवं मूर्त-अमूर्त सम्पदाले सम्पन्न प्राचीन स्मारकहरूको गरिमामय क्षेत्रलाई पुरातात्विक मर्यादा अनुरूप संरक्षण र विकास गर्नका लागि कोषको स्थापना कालमा राखेका उद्देश्यहरू यस प्रकार छन्:

क) नेपाल एकमात्र हिन्दू राष्ट्र रहिआएको र आराध्यदेव श्रीपशुपतिनाथको पशुपति क्षेत्र हिन्दुमात्रको उपासना केन्द्र र तीर्थ स्थलका रूपमा सनातनदेखि रहिआएकोले यस पशुपति क्षेत्रलाई सोही बमोजिम कायम गर्ने ।

ख) श्रीपशुपतिनाथको आदर्श, गरिमा एवं महत्व अनुरूप पशुपति क्षेत्रको योजनाबद्ध रूपमा सुरक्षा, सम्भार तथा विकास गर्ने ।

ग) पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरू तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा संबर्धन गर्ने ।

घ) स्वदेश तथा विदेशका तमाम हिन्दु धर्मावलम्बीहरू तथा पर्यटक समेतको सुविधाका लागि यस पावन तीर्थ स्थललाई यथोचित रूपमा योजनाबद्ध रूपमा सुधार गर्ने ।

कोषको स्थापना पछि २०५०,२०५३ र २०६३मा समेत कोषको ऐनमा संशोधन भएको देखिन्छ । देशको राजनीतिक व्यवस्था पनि राजतन्त्रबाट गणतन्त्रमा परिवर्तन भएको छ । यस परिप्रेक्षमा २०६३ मा संशोधित ऐनको दफा ६ मा कोषका उद्देश्य स्पष्ट गरिएका छन् । यस संशोधित ऐनले मूलतः पाँचवटा विषयलाई कोषको उद्देश्यमा राखेको छ । साथै ६.१.३ क को थप व्यवस्था समेत गरेको छ र पशुपतिनाथ मन्दिर लगायत पशुपति क्षेत्रभित्र रहेका राजगुठी अन्तर्गतका सबै देवदेवीको मन्दिरहरूमा परम्परागत धार्मिक रीतिस्थिति बमोजिम सांस्कृतिक चाडपर्व तथा सामाजिक र लोककल्याणकारी कार्य, पूजाआजा सञ्चालनको व्यवस्था मिलाउने भन्ने कामलाई पनि उद्देश्यमा समावेश गरेको छ । यस उद्देश्यको परिपूर्तिका निमित्त यस विस्तृत गुरुयोजनाले सामाजिक एवं लोककल्याणकारी कार्यलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ । यस अतिरिक्त दफा ६.१.४ अनुसार

तीर्थयात्री र पर्यटकहरूको सुविधाका साथै पावन तीर्थ स्थल पशुपति क्षेत्रलाई अन्तर्राष्ट्रिय तीर्थ स्थलका रूपमा विकास गर्न योजनाबद्ध सुधार, निर्माण एवं मर्मत संभारका कार्य गर्नु पर्ने भएकाले प्रस्तुत गुरुयोजनाले त्यसै उद्देश्यको परिपूर्तिका लागि स्मारकहरूको संरक्षण, सेवा सुविधाको विस्तार तथा विकास निर्माणका अल्पकालीन एवं दीर्घकालीन कार्यक्रमलाई प्राथमिकतामा राखेर अघि बढ्नु पर्ने हुन जान्छ ।

कोषको स्थापनाका सन्दर्भमा राखिएका र संशोधित ऐनले व्यवस्था गरेका उद्देश्यहरूको अध्ययन गर्दा कोषले निम्न लिखित विषयलाई ध्यानमा राखेर कार्यक्रम निर्धारण एवं योजना तर्जुमा गर्नु पर्ने हुन्छ :

क) भगवान् श्रीपशुपतिनाथ विराजमान भएको पशुपति क्षेत्र सनातन वैदिक धर्मावलम्बी हिन्दुमात्रको पावन तीर्थस्थल हो ।

ख) पशुपति क्षेत्र पुरातात्विक महत्वका मूर्त एवं अमूर्त सम्पदाहरूको भण्डार हो ।

ग) विश्वसम्पदामा सूचीकृत यो क्षेत्र विश्वभरका पर्यटकहरूको गन्तव्य स्थल हो, विश्वकै संरक्षणीय सम्पदा हो र

घ) पशुपति क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्ताको संरक्षण तथा संवर्धन गर्दै तीर्थयात्रीहरुका लागि आवश्यक सेवा-सुविधाको विकास गर्नुपर्दछ ।

दीर्घकालीन एवं अल्पकालीन योजना तथा कार्यक्रम तय गर्दा ध्यान दिनुपर्ने उपर्युक्त विषयमा नै पशुपति क्षेत्रको गरिमा र मर्यादा अन्तर्निहित छ । पुरातात्विक क्षेत्र भएकाले त्यस मर्मलाई जोगाएर तीर्थयात्री, दर्शनार्थी एवं पर्यटकहरूका निमित्त योजनाबद्ध विकास तथा सेवा सुविधा विस्तार गर्न गुरुयोजना अपरिहार्य भएको हो । अर्को कुरा यस क्षेत्रको विकासमा भौतिक र आध्यात्मिक दुवै पक्षको समुचित समन्वय आवश्यक हुन्छ किनभने यो क्षेत्र अध्यात्म साधना, मुक्ति र उपासनाको पावनस्थल हो। त्यसैले प्रस्तुत विस्तृत गुरुयोजनाले पशुपति क्षेत्रको भौतिक र आध्यात्मिक दुवै पक्षको सन्तुलित विकासमा जोड दिएको छ ।

## १.११ पशुपति क्षेत्रको अवधारणात्मक गुरुयोजनाको समीक्षा

पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि कोषले २०५३ सालमा अवधारणात्मक गुरुयोजना तयार गरेर तत्कालीन सरकारको स्वीकृतिका लागि पेश गरेकोमा २०५६ सालमा सरकारबाट स्वीकृत भएपछि आ.व. २०५७/०५८ देखि सो स्वीकृत गुरुयोजना अनुसार विकास निर्माण कार्य सञ्चालन गर्न थालेको देखिन्छ । यसको कार्यावधि १० वर्षको भएकाले सो अवधि आ.व. २०६७/०६८ मा

पूर्ण भई सकेको छ ।२०५९ सालमा कोषले एक कार्यटोली गठन गरेर सो गुरुयोजनाको पुनर्मूल्यांकन गराएको देखिन्छ । कार्यटोलीले आफूलाई तोकेको कार्यक्षेत्र अनुसार गुरुयोजनाले निर्देश गरेका कार्यक्रमलाई प्राथमिकता क्रममा राखेर तिन चरणमा एक चक्र पूरा गर्ने गरी आवधिक कार्ययोजना तयार गरी प्रतिवेदन प्रस्तुत गरेको र सोही आधारमा कोषले पशुपति क्षेत्रको संरक्षण सम्बर्द्धन तथा विकास-निर्माणका कार्य सञ्चालन गर्दै आएको देखिन्छ । गुरुयोजना लागु भएपछि आ.व.२०५७/०५८ देखि २०७२/०७३ सम्म सरकारी अनुदान र आन्तरिक स्रोतबाट भएको कुल खर्च रु.३,६७,५४,०२,०००।-भएको देखिन्छ ।

गुरुयोजनाको निर्धारित दशवर्षको अवधि भित्र A2 र A3 को बस्ती स्थानान्तरणका लागि ग्रघ र ऋघमा जग्गा अधिग्रहण गरी बस्ती स्थानान्तरणको काम सम्पन्न भएको छ । त्यसै गरी B11 र B12 को जग्गा प्राप्त गरेर त्यहाँको बस्तीलाई पनि स्थानान्तरण गर्ने काम सम्पन्न भई सकेको छ । B13 क्षेत्रको जग्गा अधिग्रहण गर्ने काम पनि भएको तर त्यहाँको बस्ती स्थानान्तरण गर्ने काम बाकीं रहेको देखिन्छ । B12 क्षेत्रको विस्तृत भू-उपयोग योजना तयार गरी त्यहा विद्युत् शवदाहगृह लगायतका संरचनाहरू निर्माण गरी सञ्चालनमा समेत आई सकेका छन् । A2 क्षेत्रको पनि भू-उपयोग योजना तयार गरी सो अनुसार सेवा-सुविधा विस्तारका कार्यहरू भएको देखिन्छ ।

कार्यटोलीले आफ्नो प्रतिवेदनमा केही थप कार्यक्रम पनि प्रस्तुत गरेको छ । त्यसरी थपिएका कार्यक्रममा कैलासमा १०० फिट अग्लो शिवलिङ्गको स्थापना, विश्वरूपा पूर्व तिलगङ्गा-ताम्रगङ्गा खण्डमा ठूलो सडक निर्माण, मृगस्थलीमा मृगवाटिका निर्माण, गौरीघाट चोक उत्तरको खाली जग्गा अधिग्रहण तथा वाग्मतीमा जलप्रवाह बढाउनका लागि विशाल पोखरी निर्माण गर्न गुह्येश्वरीपूर्व, कालीबक्स गण उत्तर १५० रोपनी जग्गा अधिग्रहण जस्ता कार्यक्रम पर्दछन् । यीमध्ये केही कार्यक्रम पशुपति क्षेत्रको पुरातात्विक मर्यादा प्रतिकूल पनि देखिन्छन् । विश्वरूपा पूर्व तिलगङ्गा-ताम्रगङ्गा खण्डमा त सडक खुलि सकेको छ । यसले कमजोर भू-बनोट भएको विश्वरूपा क्षेत्रमा भू-स्खलनको समस्या बढाउनका साथै पशुपति क्षेत्रको पूर्वी सीमालाई नै खुम्च्याउने काम गरेको देखिन्छ । सो सडक बनाउदा त्यसबाट पर्न सक्ने वातावरणीय प्रभावको विश्लेषण पनि गरिएको देखिएन । कैलासमा १०० फिट अग्लो शिवलिङ्गको स्थापना चाहिं सो अवधिभित्र भएको देखिएन । यो कार्य त्यस क्षेत्रको पुरातात्विक मर्यादाका अतिरिक्त कैलासकै संरक्षणका लागि समेत उपयुक्त थिएन । कार्यटोलीले सुझाए अनुसार जग्गा प्राप्तिको काम पनि सो अवधिमा अघि बढेको देखिएन जुन काम वास्तवमा महत्वपूर्ण थियो र हुनु पर्थ्यो ।

कार्यटोलीले गुरुयोजनाद्वारा निर्देशित विकास-निर्माण र संरक्षणका कार्यलाई तीन चरणमा विभिजित गरेको देखिन्छ । प्रथम चरणमा १७, द्वितीय चरणमा ७ विकास निर्माणका कार्यक्रम राखिएका छन् । तृतीय चरणमा चाहि बाकी काम पूरा गरेर गुरुयोजनाको पूर्ण कार्यान्वयनको सोच राखेको हुनु पर्छ । स्मारकहरू, मन्दिर, सत्तल आदिको मर्मत तथा पुनर्निर्माणका कार्य निरन्तर चली रहने प्रकृतिका हुन् । विभिन्न रूप र शैलीका स्मारकहरूको खुला संग्रहालय हुनु नै पशुपति क्षेत्रको खास विशेषता हो । कार्यटोलीले स्मारक संरक्षणको कार्यलाई प्रथम चरणबाट प्रारम्भ गरी तृतीय चरणमा सम्पन्न गर्ने लक्ष्य राखेको देखिन्छ । यस क्षेत्रमा पाँचसयभन्दा बढी स्मारक भएकाले तिनको संरक्षणको कार्यक्रम पनि विशाल एवं बहुव्ययसाध्य हुने कुरा स्पष्ट छ । निर्धारित अवधि भित्र १३३ स्मारक संरक्षण योजना सञ्चालन भएकोमा ६४ योजना सम्पन्न भएका छन् । संरक्षण गरिएकै स्मारकमा पनि ०७२ को भूकम्पबाट क्षति पुग्न गएको हुदा पुनः मर्मत-सम्भार र पुनर्निर्माण गर्नु पर्ने स्थिति उत्पन्न भएको देखिन्छ । सो भूकम्पबाट पशुपति क्षेत्रमा ९५ स्मारकमा क्षति पुगेको र ८ स्मारक ध्वस्त भएको कुरा एक अध्ययनबाट देखिएको छ ।

स्मारकहरूको संरक्षणका अतिरिक्त अन्य आवश्यक सेवा, सुविधा विस्तारका लागि विकास-निर्माण सम्बन्धी कार्यक्रमका हकमा जम्मा २४ कार्यक्रम प्रस्तुत गरिएकोमा सम्पन्न ९, असम्पन्न ९, आंशिक सम्पन्न २ र निरन्तर चल्ने ४ कार्यक्रम देखिन्छन् । गोठाटार क्षेत्रमा भौतिक पूर्वाधारको विकास गर्ने कार्य गर्न बाकी रहेकोले B13 क्षेत्रबाट गोठाटारमा बस्ती स्थानान्तरण गर्ने काम हुन सकेको छैन । बस्ती स्थानान्तरण नगरी सो क्षेत्र खाली हुँदैन र त्यहा भू-उपयोग योजना तयार गरी कार्य गर्न पनि सम्भव हुँदैन ।

उपर्युक्त स्थितिको विश्लेषणबाट गुरुयोजनाले निर्धारित गरेको लक्ष्यअनुसार पूर्णरूपमा कार्य प्रगति हुन नसकेको स्पष्ट देखिन्छ । यसका कारणका रुपमा निम्न लिखित विषयलाई लिन सकिन्छ:

(क) सरकार अस्थिर भई निरन्तर परिवर्तन भई रहँदा त्यसको प्रभाव कोष व्यवस्थापन पर्नु ।

(ख) सरकार परिवर्तनसँगै कोषव्यवस्थापनमा पनि परिवर्तन गर्ने अपरिपक्व सोच सरकारमा हावी हुनु ।

(ग) योजना कार्यान्वयनका लागि आवश्यक दक्ष-जनशक्तिको व्यवस्था र परिचालन गर्न कोष सक्षम नहुनु।

(घ) सशस्त्र माओवादी द्वन्द्वको असर कोष व्यवस्थापनमा पर्नु ।

(ङ) नेपाल सरकारले पशुपतिको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिष्ठा र मर्यादा बोध गर्न नसक्नु ।

(च) कोष सञ्चालक परिषद्मा नेपाल सरकारले कानुन अनुसारको योग्य व्यक्तिको छनोट गरी नियुक्ति गर्न बेवास्ता गर्नु ।

(छ) गुरुयोजना पुनर्मूल्याङ्कन कार्यटोलीले दिएको सुझावलाई कोष व्यवस्थापनले अभिलेखीकरण नगर्नु र ध्यान नदिनु ।

(ज) कोष सञ्चालक परिषद्ले गुरुयोजना कार्यान्वयनमा प्रतिबद्धता र दृढता नदेखाउनु ।

(झ) सरकारले प्रतिवर्ष बजेटद्वारा पशुपतिका लागि विनियोजन गरेको रकम पनि पूरै उपयोग गरेर काम गर्ने क्षमता र प्रतिबद्धता कोष व्यवस्थापनमा नहुनु ।

उपर्युक्त कमजोरीहरू हुँदाहुँदै पनि पशुपति क्षेत्र विश्व सम्पदा सूचीमा समावेश भएको पुरातात्विक सम्पदाको क्षेत्र भएकाले नेपाल सरकारले अहिले यस क्षेत्रलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा राखेर बजेट विनियोजन गर्दै आएको देखिन्छ । यस क्षेत्रको संरक्षण तथा सेवा-सुविधा विस्तारले तीर्थयात्री र पर्यटकहरूको संख्या बढ्दै जान्छ र यसबाट राष्ट्रकै आयमा सकरात्मक प्रभाव पर्दछ । अर्को कुरा यस क्षेत्रको संरक्षण र विकास विश्वकै प्रतिष्ठाको विषय पनि हो । त्यसैले कोष व्यवस्थापनले आफूभित्रका कमीकमजोरी हटाएर मौजुदा कोषको कानुनमा समेत आवश्यक संशोधन गरी सरकारसँग समन्वयमा रही गुरुयोजनाको कार्यान्वयनलाई प्राथमिकतामा राखेर दृढ प्रतिबद्धताका साथ अघि बढ्न आवश्यक देखिन्छ ।

## १.१२ क्षेत्र र उपक्षेत्र विभाजनको पुनर्मूल्याङ्कन

पशुपति क्षेत्रको अवधारणात्मक गुरुयोजना (२०५३) ले समग्र पशुपति क्षेत्रलाई केन्द्रीय (कोर), सन्निकट (कन्सोन्यान्ट) र परिधीय (कन्टिनिअम) भनेर तिन क्षेत्रमा विभाजित गरेको छ अनि ती क्षेत्रलाई A,B र C का सङ्केतले जनाएको छ ।A क्षेत्रलाई ३ उप-क्षेत्रमा, B क्षेत्रलाई १३ उपक्षेत्रमा र C क्षेत्रलाई ३ उपक्षेत्रमा विभाजित गरेर C3 मा कन्टिनिअम क्षेत्रको बाकीं १६० हेक्टरको विस्तृत भाग राखेको देखिन्छ । यो उपक्षेत्र भनेको जयवागीश्वरीबाट चावहिल हुँदै धोवी खोला पुलसम्मको चक्रपथ पश्चिम, धोबीखोला पूर्व, भण्डारखाल बाहेक गौशाला-रातोपुल सडक उत्तरको विस्तृत भू-भाग र ध्रुवस्थली क्षेत्र समेत हो । यसै भू-भागमा भण्डारेश्वर, ताम्रेश्वर, गणेशमन्दिर, मृत्युञ्जय, सिफल चौर, सुनधारा, लामोपोखरी, चन्द्रविनायक, चारुमती, धन्दोचैत्य (भगवान् स्थान) कुटुवहिल, निर्वाणेश्वर, निर्वाणेश्वरी जस्ता मन्दिर, बिहार, चैत्य, मट, चउर र वनक्षेत्र रहेका छन् । यिनको आफ्नै धार्मिक एवं पुरातात्विक महत्ता रहेको छ तर वर्तमान अवस्थामा यो क्षेत्र बढ्दो शहरीकरणको चापले आक्रान्त बनेको छ । त्यसैले गर्दा यहा पुरातात्विक क्षेत्र अनुरूपका मूल्य र मान्यताहरूको पालना भएको देखिंदैन ।

सांस्कृतिक दृष्टिले विशेष महत्वपूर्ण केन्द्रीय क्षेत्रलाई कोर क्षेत्र मानेर त्यस केन्द्रलाई बाहिरबाट ढाकेर अनपेक्षित वातावरणीय दुष्प्रभाव र बाह्य प्रदूषणबाट सुरक्षित राख्ने प्रतिरोधक तथा केन्द्रीय (कोर) र परिधीय (कन्टिनिअम) क्षेत्रलाई आध्यात्मिक एवं भौतिकरूपमा जोड्ने सम्बन्ध सेतुका रूपमा सन्निकट  (कन्सोन्यान्ट) क्षेत्रको परिकल्पना गरिएको छ । केन्द्रीय (कोर) लाई स्वर र सन्निकट (कन्सोन्यान्ट) लाई व्यञ्जनका रूपमा लिएर ती दुवैको योगलाई अक्षर ब्रह्म पशुपतिका रूपमा प्रस्तुत गर्ने दार्शनिक भाव यहाँ व्यक्त भएको छ । अर्को शब्दमा केन्द्रीय (कोर) र सन्निकट (कन्सोन्यान्ट)लाई शिव र शक्तिकारूपमा लिएर ती दुवैको समन्वित उपासनास्थलका रूपमा पशुपति क्षेत्रलाई प्रस्तुत गरिएको हो पनि भन्न सकिन्छ । कन्टिनिअम क्षेत्रको परिकल्पना चाहिं बढ्दो शहरीकरण तथा धार्मिक पुरातात्विक मर्यादा प्रतिकूलका गतिविधिबाट केन्द्रीय (कोर) र सन्निकट (कन्सोन्यान्ट) क्षेत्रलाई ढालका रूपमा बाहिरबाट संरक्षण गर्ने क्षेत्रका रूपमा गरिएको हो । उपर्युक्त क्षेत्रको परिकल्पनामा बिन्दुबाट बिस्तारित हुँदै गएको सृष्टिको प्रतिबिम्ब पनि  देख्न सकिन्छ ।

पशुपति क्षेत्रमा बढ्दो आवादी, अनियन्त्रित शहरीकरण र खाली स्थानको अभावलाई दृष्टिगत गर्दा भगवान् श्रीपशुपतिनाथका नामबाट सञ्चालन गर्न आवश्यक, शिक्षा, स्वास्थ्य एवं सेवामूलक कार्यक्रमका लागि उपर्युक्त तिन क्षेत्रका अतिरिक्त चारौं क्षेत्रका रूपमा सेवा क्षेत्रको परिकल्पना गर्न आवश्यक देखिएको छ । सेवामूलक कार्यक्रम केन्द्रीय क्षेत्रसँगै जोडिएर सञ्चालन गर्नु पर्छ भन्ने छैन । त्यसैले चारौं क्षेत्रका रूपमा यहा गोठाटारमा रहेको कोषकै स्वामित्वको जमिनलाई राखिएको छ । यस चारौं क्षेत्रमा शिक्षा, स्वास्थ्य, वृद्धाश्रम वा पशुपतिवास, गौशाला, धार्मिक उद्यान, पुनःस्थापन एवं अन्य देश र जनताको हितसग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

पूर्व अवधारणात्मक गुरुयोजना (२०५३) मा ऋघ उपक्षेत्रमा १६० हेक्टर क्षेत्रफलको भूभाग राखिएको कुरा माथि उल्लेख भएको छ । सो क्षेत्रको भौगोलिक स्थिति, पुरातात्विक महत्ता र कोर क्षेत्रसँगको सम्बन्ध समान प्रकृतिको देखिंदैन । कुनै भागमा मन्दिर वा स्मारकहरू धेरै छन् भने कुनै भाग केही दशक अगाडिमात्र बनेका आवासीय भवनले भरिएका छन् । गुरुयोजना कार्यान्वयनका सन्दर्भमा कोषको भावी आवश्यकता र औचित्यका आधारमा त्यस क्षेत्रलाई पनि गुरुयोजनाले निर्देश गरेअनुसार प्रयोग गर्नु पर्ने हुन्छ । तत्काल भने एउटा स्पष्ट मापदण्ड बनाएर त्यहा लागु गर्न आवश्यक देखिन्छ ।

प्रतिवर्ष बढ्दो दर्शनार्थी भक्तजनको संख्यालाई ध्यानमा राखेर २०५९ को पुनर्मूल्याङ्कन प्रतिवेदनमा पशुपति मन्दिर प्राङ्गण विस्तार गर्ने कार्यक्रम समावेश गरिए पनि अहिलेसम्म त्यसले मूर्तरूप लिन सकेको छैन । सो प्राङ्गण विस्तारको कार्यक्रम कार्यान्वयन गर्दा वर्तमान A2 को अधिकांश भाग A1 मा मिल्न जान्छ । अर्को कुरा २०५३ को गुरुयोजनामा पशुपति मन्दिर र गुह्येश्वरी मन्दिर प्राङ्गणलाई A1 मा राखिएको थियो । एकै सङ्केतले दुईवटा मन्दिर प्राङ्गणलाई जनाउनुभन्दा पशुपतिलाई A1 र गुह्येश्वरीलाई A2 मा राखेर पशुपतिको साविकको A3 लाई संशोधन सहित राख्न उपयुक्त हुने देखिएको छ ।

B अर्थात् सन्निकट (कन्सोन्यान्ट) क्षेत्रका सम्बन्धमा साविक भन्डारखाल उपक्षेत्र B9 मा जयवागीश्वरी मन्दिर र सिफल चउर पश्चिमको बाटो हुँदै पनिको टोल भएर गौशाला कालोपुल सडकमा जोडिने बाटो पूर्वको भागलाई समावेश गरेर भण्डारखाल-जयवागीश्वरी उपक्षेत्र बनाउन उपयुक्त हुने देखिएको छ । यसो गर्दा भण्डारखाल र जयवागीश्वरी तथा सो वरपरका प्राचीन स्मारकमा हाल भई रहेको अतिक्रमणलाई नियन्त्रण गर्नका लागि सकारात्मक हस्तक्षेप गर्न सरल हुन्छ ।

२०५३ को गुरुयोजनामा B11 मा वर्तमान चक्रपथको उत्तर र दक्षिण दुवैतिरको भू-भाग परेको देखिन्छ । चक्रपथ दक्षिणको भागमा अहिले ठूल्ठूला व्यावसायिक भवनहरू बनेका छन् । तिनको उचाइ पनि पशुपति क्षेत्रको मापदण्ड अनुकूल देखीदैन । चक्रपथ निर्माणले दुई भाग बनेकाले अहिले चक्रपथ दक्षिणको सो भागलाई C10 मा राखिएको छ ।पशुपतिसँग विशेष सम्बन्ध भएको बज्रेश्वरी मन्दिर यसै भागमा पर्ने भएकाले यो भागको पनि विशिष्ट महत्ता रहेको छ ।

पूर्व गुरुयोजना २०५३ मा C अर्थात् सन्निकट (कन्सोन्यान्ट) क्षेत्रको वितरण मृगस्थली पूर्वको भागसम्म भएको पाइन्छ । पूर्व र पश्चिमका भिन्नाभिन्नै प्रकृतिका भूभागलाई एकै उपक्षेत्रमा राख्नुभन्दा मृगस्थलीपूर्वको भागलाई B14 उपक्षेत्र कायम गर्न उपयुक्त हुने देखिन्छ । संरक्षित स्मारक क्षेत्रलाई यथासम्भव सन्निकट (कन्सोन्यान्ट) क्षेत्रभित्रै समावेश गर्ने सोच यहाँ राखिएको छ ।यस उपक्षेत्रमा शिवपुरी बाबा आश्रम पूर्वको हाल त्रिभुवन विमान स्थलले प्रयोग गरेको भूभाग पनि पर्दछ ।यो भूभाग चाहिं पशुपति संरक्षित स्मारक क्षेत्र भित्र पर्दैन । पशुपति क्षेत्र भित्र परे पनि यहाँ पशुपति क्षेत्रको मापदण्ड पनि पूर्णतः लागु हुने स्थिति छैन । त्यसैले यस भागलाई C11 विमानस्थल उपक्षेत्रमा राखिएको छ ।

यसै गरी पूर्व गुरुयोजना (२०५३) अनुसार सन्निकट (कन्सोन्यान्ट) क्षेत्रको C3 उपक्षेत्रको विशाल भूभागको भौगोलिक अवस्था पुरातात्विक महत्ता तथा केन्द्रीय एवं सन्निकट क्षेत्रसँगको सम्बन्ध समान प्रकृतिको नभएकाले कोषको योजना अनुसार क्षेत्रगत महत्ता र उपयोगिताका आधारमा वर्तमान C3 उपक्षेत्र भित्रको भूभागलाई पनि विभिन्न उपक्षेत्रमा विभाजन गरिएको छ ।

## १.१३ क्षेत्र तथा उपक्षेत्र विभाजनको आधार

पशुपति क्षेत्रको दूरगामी विकास तथा धार्मिक, सांस्कृति, प्राकृतिक वातावरण संरक्षण एवं प्रवर्धनका लागि समग्र पशुपति क्षेत्रलाई निम्न लिखित आधारमा विभिन्न क्षेत्र तथा उपक्षेत्रमा विभाजित गरिएको छ :

(क) धार्मिक, पुरातात्विक एवं सांस्कृतिक महत्वा।

(ख) भू-भौतिक अवस्था ।

(ग) वर्तमान भू-उपयोगको अवस्था ।

(घ) भावी भू-उपयोगको नीति ।

(ङ) पर्यावरणीय अवस्था ।

(च) सामाजिक अवस्था ।

उपर्युक्त आधारमा समग्र पशुपति क्षेत्र र घोषित पशुपति क्षेत्रभित्र नपर्ने तर कोषको स्वामित्वमा रहेको गोटाटार स्थित जमिनलाई समेत समावेश गरेर निम्न अनुसारका चार क्षेत्रको परिकल्पना गरिएको छ :

(क) केन्द्रीय क्षेत्र (Core Area) -यो केन्द्रीय क्षेत्र हो । यसमा पशुपति र गुह्येश्वरी मन्दिरहरू पर्दछन् ।

(ख) सन्निकट क्षेत्र (Consonant Area)-यो केन्द्रसँगै जोडिएको सन्निकट क्षेत्र हो ।

(ग) परिधीय क्षेत्र (Contenium Area) -यो सन्निकट क्षेत्रलाई पूर्व, दक्षिण र पश्चिमबाट घेरेर रहेको क्षेत्र हो ।

(घ) सेवा क्षेत्र (Service Area) - यो क्षेत्र घोषित पशुपति क्षेत्रभन्दा ३.५ उत्तर पूर्वी भागमा पर्दछ । साथै पशुपति क्षेत्रका केन्द्रीय, सन्निकट र परिधीय क्षेत्रसँग यो प्रत्यक्षतः जोडिएको छैन ।

माथि उल्लिखित क्षेत्रमध्ये सेवा क्षेत्र बाहेकका तिनवटा क्षेत्रहरू तहगत रूपमा परस्पर सम्बद्ध छन् र कार्यगत रूपमा स्वतन्त्र भएर पनि पर्यावरणका दृष्टिले आबद्ध पनि छन् । यी क्षेत्रको तहगत संरचनाले भक्तजनलाई धार्मिक, आध्यात्मिक क्षेत्रतिरको प्रवेशको सजीव मनोवैज्ञानिक अनुभूति प्रदान

गर्दै क्रमशः चरमोत्कर्षमा पुर्याउने काम गर्दछ । चरम उत्कर्षको केन्द्र भनेका पशुपति र गुह्येश्वरी मन्दिर हुन् । यहाँ उल्लिखित केन्द्रीय, सन्निकट, परिधीय र सेवा क्षेत्रलाई क्षेत्रगत संवेदनशीलता तथा योजना कार्यान्वयनको सरलतालाई ध्यानमा राखेर विभिन्न उपक्षेत्रमा विभाजित गरिएको छ :

तालिका १

पशुपति क्षेत्रको क्षेत्र-उपक्षेत्र विभाजन

| केन्द्रीय क्षेत्रको उपक्षेत्र सङ्केत | उपक्षेत्र नाम | क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|
| A1 | पशुपति मन्दिर प्राङ्गण | 1.1 |
| A2 | गुह्येश्वरी मन्दिर प्राङ्गण | 2.3 |
| A3 | झङ्केश्वरी | 1.8 |
| सन्निकट क्षेत्रको उपक्षेत्र सङ्केत | | |
| B1 | मृगस्थली | 28.0 |
| B2 | कैलास-गौरीघाट | 7.6 |
| B3 | हेमन्त भैरव | 2.7 |
| B4 | भुवनेश्वरी | 4.0 |
| B5 | पञ्चदेवल | 1.8 |
| B6 | भस्मेश्वर | 3.0 |
| B7 | वनकाली | 5.0 |
| B8 | देवउद्यान | 5.3 |
| B9 | भण्डारखाल-जयबागीश्वरी | 13.3 |
| B10 | गौशाला | 1.5 |


| | | |
|---|---|---|
| B11 | मङ्गलागौरी | 3.3 |
| B12 | चारशिवालय | 2.2 |
| B13 | त्रिविक्रम | 3.2 |
| B14 | ध्रुवस्थली | 32.5 |
| | **परिधीय क्षेत्रको उपक्षेत्र सङ्केत** | |
| C1 | तिलगंगा | 6.6 |
| C2 | बागमती | 4.8 |
| C3 | रुद्रमती | 13.8 |
| C4 | ताम्रेश्वर | 9.0 |
| C5 | भण्डारेश्वर | 15.0 |
| C6 | चारुमती | 9.4 |
| C7 | चन्द्रविनायक | 12.6 |
| C8 | गङ्गाहिटी | 26.6 |
| C9 | जोसमनी | 7.2 |
| C10 | वज्रेश्वरी | 5.4 |
| C11 | विमानस्थल त्रिभुवन | 59.1 |

**सेवा क्षेत्रको उपक्षेत्र सङ्केत क्षेत्र**

| सेवा क्षेत्रको उपक्षेत्र सङ्केत | उपक्षेत्र नाम | क्षेत्रफल (रोपनीमा) |
|---|---|---|
| D1 | शिक्षा उपक्षेत्र | १९० |

| | | |
|---|---|---|
| D2 | स्वास्थ्य उपक्षेत्र | १०५ |
| D3 | पुनःस्थापन उपक्षेत्र | ७५ |
| D4 | सामुदायिक सेवा उपक्षेत्र | ७० |
| D5 | धार्मिक सद्भाव प्रवर्धन उपक्षेत्र | ६० |
| D6 | मन्दिर तथा वनोद्यान उपक्षेत्र | ५५ |
| D7 | गौ सेवा उपक्षेत्र | ४० |

(यहाँ उल्लिखित तथ्याङ्क पशुपति क्षेत्रको विस्तृत नक्साङ्कन २०७५ बाट लिइएको हो ।)



सेवा क्षेत्रको शिक्षा उपक्षेत्रमा भविष्यमा श्रीपशुपतिनाथ शैक्षिक प्रतिष्ठान (विश्वविद्यालय) तयार गर्ने उद्देश्य राखेर वेदवेदाङ्ग महाविद्यालय, आयुर्विज्ञान प्रतिष्ठान, सङ्गीत तथा नृत्य अध्ययन केन्द्र, तन्त्र अध्ययन केन्द्र जस्ता कार्यक्रम राखिएका छन् भने स्वास्थ्य सेवा उपक्षेत्रमा पशुपति च्यारिटेबल अस्पताल, योग तथा प्राकृतिक चिकित्साका कार्यक्रम राखिएका छन् । पुनःस्थापन उपक्षेत्र पशुपति क्षेत्रको अधिग्रहण कार्यक्रमबाट प्रभावित घरधनीलाई घडेरी उपलब्ध गराउने प्रयोजनका लागि व्यवस्था गरिएको हो । सामुदायिक सेवा उपक्षेत्रमा ज्येष्ठ नागरिक सेवा भवन, अतिथि सदन, बजार व्यवस्था तथा सुरक्षा सम्बन्धी कार्यक्रम राखिएका छन् । अन्तर्राष्ट्रिय तहमा वैदिक सनातन धर्म र संस्कृतिको प्रवर्धनमा योगदान दिएका मठ, आश्रम वा धार्मिक ट्रष्टहरूलाई नेपालमा सेवा केन्द्र खोलेर धार्मिक पर्यटन प्रवर्धनमा र पाशुपत धर्म र संस्कृतिको प्रचार प्रसारमा सहयोग पुर्याउन लिजमा जग्गा उपलब्ध गराउने प्रयोजनका लागि धार्मिक सद्भाव प्रवर्धन उपक्षेत्रको व्यवस्था गरिएको छ । मन्दिर तथा वनोद्यान विकास गर्ने प्रयोजनका लागि छुट्याइएको हो । यसै गरी सनातन धार्मिक क्षेत्रको अभिन्न अङ्गका रूपमा रहेको गोसेवालाई ध्यानमा राखेर नन्दी समेतको संरक्षण गर्ने गरी गोसेवा उपक्षेत्र राखिएको हो ।

## खण्ड दुई
## पशुपति क्षेत्रका सबलता र दुर्बलताहरू

### २.१. पशुपति क्षेत्रका सबलताहरू

पशुपति क्षेत्र नेपाल र नेपालीको आस्थाको केन्द्र हो, राष्ट्रिय गौरवको विषय हो । विश्वभरका सनातन वैदिक धर्मावलम्बीहरूका लागि यो दर्शनीय तीर्थस्थल हो । लिच्छवि कालदेखिका मठ-मन्दिर र मूर्तिहरू भएको यो क्षेत्र ऐतिहासिक, पुरातात्विक दृष्टिले पनि विशेष महत्वपूर्ण छ । यस क्षेत्रका मठ, मन्दिर र सत्तलहरूको वास्तुशिल्प, सूक्ष्म कालीगडी र धार्मिक, आध्यात्मिक वातावरण सबै नै यहाँका सबल पक्ष हुन् ।

विश्वसम्पदा सूचीमा सूचीकृत यो क्षेत्र नेपालको संरक्षित स्मारक क्षेत्र हो, नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउने एक विशिष्ट तत्त्व पनि हो । यस क्षेत्रको संरक्षण एवं संवर्धन गर्दा विश्वमा नै नेपालको प्रतिष्ठा बढ्न जान्छ र पर्यटन प्रवर्धन समेत हुन जान्छ । यहाँ धर्मार्थ र दृश्यावलोकनार्थ आउने पर्यटकको संख्या बढेमा र तिनको बसाइ लम्याउन सकेमा राष्ट्रकै आयमा सकारात्मक प्रभाव पर्ने कुरा स्पष्ट छ । पर्यटकीय दृष्टिले पशुपति क्षेत्र आकर्षक गन्तव्य हो । यहाँका मठ-मन्दिर, पाटी-पौवा, सत्तल, नदी-घाट, जात्रा-पर्व लगायतका मूर्त-अमूर्त सम्पदाहरू पर्यटन प्रवर्धनका आधारहरू हुन् । यी सबै यस क्षेत्रका सबल पक्षका रूपमा रहेका छन् ।

मित्रराष्ट्र भारतको केदारनाथ ज्योर्तिलिङ्गको शिरोभागका रूपमा प्रतिष्ठित पशुपतिनाथको दर्शन नगरीकन द्वादश ज्योर्तिलिङ्ग दर्शन यात्रा पूर्ण नहुने मान्यताले बर्सेनी हजारौं तीर्थयात्रीहरू पशुपतिको दर्शनार्थ आउने गर्दछन् । जीवनमा एकपल्ट जसरी भए पनि भगवान् पशुपतिनाथको दर्शन गर्नु पर्छ भन्ने मान्यता संसारभरका हिन्दुजनमा रहेको छ । हिमवत्खण्डले त पशुपति क्षेत्रलाई काशीभन्दा पनि श्रेष्ठ र गरिष्ठ मानेको छ । हिन्दुजनमा रहेको आस्था र पौराणिक ग्रन्थले बताएको महत्तालाई आत्मसात् गरेर यस क्षेत्रको प्रचार-प्रसारका साथै सेवा सुविधाको विस्तार गरेमा धार्मिक तीर्थयात्राका रूपमा पर्यटन प्रवर्धनको प्रशस्त सम्भावना रहेको छ । अझ पशुपति क्षेत्रलाई केन्द्रबिन्दु बनाएर नेपालका हलेसी, मुक्तिनाथ पाथीभरा, त्रिपुरासुन्दरी, बराहक्षेत्र, त्रिवेणी, जनकपुर, कालिञ्चोक भगवती, स्वर्गद्वारी, लगायतका तीर्थमा दर्शन भ्रमणको कार्यक्रम सञ्चालन गरेमा तीर्थाटनका रूपमा पर्यटन प्रवर्धन हुने, प्रशस्त पर्यटकहरू नेपाल आउने स्थिति स्पष्ट देखिन्छ । यो पनि यस क्षेत्रको सबल पक्ष हो ।

पशुपति क्षेत्र विकास कोष ऐनले विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका अनुभवी व्यक्तिलाई परिषद् सदस्यमा मनोनयन गर्ने व्यवस्था गरेको छ । कोषमा हाल तीन दशकभन्दा लामो कार्य अनुभव भएका कर्मचारीहरू कार्यरत छन् । पशुपतिनाथ र पाशुपत क्षेत्रका सम्बन्धमा विशेष अध्ययन गरेका विज्ञ जनहरू पनि समाजमा छन् र ती पशुपतिमा आफ्नो ज्ञान-अनुभव निःशर्त हस्तान्तरण गर्न उद्यत छन् । वर्तमान नेपाल सरकार पशुपति क्षेत्रलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा राखेर यस क्षेत्रको विकास निर्माणलाई अघि बढाउन क्रियाशील रहेको छ । अहिले पशुपतिनाथ मन्दिरमा कार्यरत पुजारी, भण्डारी, विसेट सबै सहयोगी छन् । पशुपतिसँग अभिन्न सम्बन्ध भएको वाग्मती नदीको प्रदूषण नियन्त्रण, शुद्धीकरण र जलप्रवाह वृद्धिका लागि काम गर्ने गरी नेपाल सरकारले अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति बनाएको छ । समितिबाट वाग्मतीको शुद्धीकरणका लागि गुह्येश्वरी क्षेत्रमा अर्को थप ढल प्रशोधन केन्द्र निर्माण गर्ने कार्यक्रम भएको जानकारी प्राप्त भएको छ साथै वाग्मतीको दुवै किनारामा तटबन्ध निर्माण एवं हरियाली प्रवर्धन गरी रहेको कुरा पनि जानकारीमा आएको छ ।

कोषले पनि आफ्नो क्षेत्रमा घाट बनाउने, हरियाली प्रवर्धन गर्ने काम गर्दै आएको छ र हिउँदमा वाग्मतीको जल प्रवाह बढाउनका लागि वर्षाको पानी सङ्कलन गर्ने उद्देश्यले पोखरी निर्माण गर्ने कार्यक्रम राखेको छ । नेपाल सरकारको तर्फबाट पनि शिवपुरीको धापमा २४ मि. अग्लो जलाशय निर्माण भई रहेको छ । यस अतिरिक्त कोषले पनि यस क्षेत्रको विकास निर्माणका लागि आवश्यक जग्गा प्राप्त गर्दा त्यहाँ बसोबास गर्नेहरूलाई व्यवस्थित रूपमा स्थानान्तरण गरेर सकरात्मक सन्देश प्रवाह गरी सकेको छ । यी सबै विषयहरू यस क्षेत्रका सबल पक्ष हुन् ।

## २.२. पशुपति क्षेत्रका दुर्बलताहरू

गुरुयोजना कार्यान्वयन चुनौतीपूर्ण कार्य हो । त्यसमा पनि विभिन्न निकायको कानुनी दायित्व भएको बहुस्वामित्वको क्षेत्रमा काम गर्न सजिलो हुने कुरै भएन ।कार्यान्वयनका क्रममा अहिले कोषले गुठी संस्थान, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका र सम्बन्धित वडासमितिसँग समन्वय गरेर कार्यगत एकताको स्थिति बनाउनु पर्ने हुन्छ । कोषले आफ्नो ऐनको संशोधन गरेर सबल भई अघि बढ्न पनि सक्थ्यो तर यसतर्फ कोषले अपेक्षित गति लिन नसकेको देखिन्छ । यो स्थिति देशमा भई रहेको राजनीतिक अस्थिरताका साथै तत्कालीन सरकारले पशुपतिको राष्ट्रिय-अन्तर्राष्ट्रिय महत्वको बोध गर्न नसक्नाले पनि उत्पन्न भएको हुन सक्छ । कारण जे भए पनि गुरुयोजना कार्यान्वयनमा यो पक्ष दुर्बलताका रूपमा देखिएको छ ।

यस क्षेत्रको विकासका लागि कोषको स्थापना भएपछि गुरुयोजना निर्माण तथा कार्यान्वयनका निमित्त सम्पूर्ण क्षेत्रभित्र मापदण्ड लागु गरी भवन निर्माण कार्य रोक्का गरेको थियो । २०४६ सालको राजनीतिक परिवर्तन पछि जनदवावकै कारण फुकुवा भयो र भवन निर्माणले तीव्रता लियो । यस पछि स्थानीय जनतामा कोषप्रति पलाएको नकारात्मक धारणा अहिलेसम्म मेटिएको छैन । कोषले पनि स्थानीय जनताको मन जित्ने गरी काम गर्न सकेको छैन अथवा कोषले जे गरे पनि जनभावना त्यसको प्रतिकूल नै हुन्छ । यो राम्रो स्थिति होइन । यस क्षेत्रमा बसोबास गर्ने जनता सम्पदामैत्री हुनै पर्दछ र कोषले पनि स्थानीय जनतासँग निरन्तर अन्तरक्रिया गरेर जनचाहनाको अध्ययन गरी आफ्ना कार्यक्रमहरू अघि बढाउनु पर्दछ ।यस क्षेत्रमा कोषबाट जे जस्ता विकास निर्माणका कार्य हुन्छन्, तिनको प्रत्यक्ष प्रभाव प्रथमतः स्थानीय जनतामा नै पर्न जान्छ । त्यसैले कोष र स्थानीय जनताका बिचमा परस्पर विश्वास र सहयोगको वातावरण विकसित हुनु पर्नेमा सो हुन नसक्नु कोषकै दुर्बलताका रूपमा देखिएको छ ।

पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि कोषले स्थापना कालदेखि नै चासो र चिन्ता नलिएको होइन तर २०५६ मा आएर मात्र कोषको गुरुयोजना स्वीकृत भयो । त्यसको समयावधि पनि २०६७/०६८ मा पूरा भए पछि अहिलेसम्म कोष गुरुयोजना विहीन अवस्थामा रहेको छ । स्वीकृत गुरुयोजनाको कार्यान्वयनका क्रममा पनि कोषले आफ्नो आन्तरिक व्यवस्थापनलाई समयानुकूल सुधार गरेर सक्षम बनाउन सकेको देखिदैंन । साथै गुरुयोजना कार्यान्वयनका लागि कार्यक्षेत्र तोकेर शाखा/महाशाखा गठन गरी आवश्यक जनशक्ति व्यवस्था गर्न पनि कोषले ध्यान दिएको पाइदैन । यो कोषको आन्तरिक कमजोरी हो ।

## २.३ पशुपति क्षेत्रका अवसरहरू

गुरुयोजनाले यस क्षेत्रको दीर्घकालीन विकास र विस्तारलाई मार्ग निर्देश गर्दछ । यसको सफल कार्यान्वयनमा नै यस क्षेत्रको आध्यात्मिक एवं भौतिक स्वरूप र संरचना रूपायित हुन्छ । नेपाली मात्र होइन, विश्वका समस्त सम्पदाप्रेमीहरू, सनातन वैदिक धर्मावलम्बी भक्तजनहरू, ॐकार परिवार भित्रका समस्त धर्म-सम्प्रदायहरू र पर्यटकहरू सबै यस क्षेत्रको संरक्षण र संवर्धन भएको हेर्न चाहन्छन्, सेवासुविधाको विस्तार र विकास चाहन्छन् । यस अवस्थामा पवित्र पशुपति क्षेत्रमा दीर्घकालीन सोच राखेर गुरुयोजना तयार गरी सो अनुसार विकास-निर्माणका कार्यलाई अघि बढाउनु एक महत्वपूर्ण अवसर हो ।

अहिले नेपाल धर्मनिरपेक्ष राष्ट्र बनेको छ । राष्ट्रले सबै धर्म र संस्कृतिप्रति समभाव राखेर व्यवहार गर्दछ । पशुपति क्षेत्र चाहिं यस्तो क्षेत्र हो जहाँ ओङ्कार परिवार भित्रका सबै धर्म-सम्प्रदायले आ-आफ्नो मान्यता अनुसारका मठ-मन्दिरमा पूजा आराधना गर्न सक्छन् र गर्दै पनि आएका छन् । धार्मिक समभाव र राष्ट्रिय एकता पशुपतिको विशेषता हो । प्रत्येक धर्म-संस्कृतिका अनुयायीले यस क्षेत्रप्रति श्रद्धा भाव राख्दछन् । त्यसैले पशुपति क्षेत्र आफ्नो कल्याण चाहने सबैको आराधना-उपासनाको केन्द्र हो । यही मूल मर्मलाई आत्मसात् गर्दै यस क्षेत्रको विकास निर्माणका माध्यमबाट धार्मिक समभावमा आधारित राष्ट्रिय एकताको भावनालाई विकसित गर्नका लागि यो महत्वपूर्ण अवसर बनेको छ ।

प्राचीन कालदेखि नै सनातन तीर्थस्थलका रूपमा रही आएको पशुपति क्षेत्र वैदिक सनातन धर्मावलम्बीहरूको अन्तर्राष्ट्रिय तीर्थस्थल हो । यसको योजनाबद्ध विकासले धार्मिक पर्यटनको प्रवर्धन हुन्छ र राष्ट्रको प्रगति र समृद्धिमा सहयोग पुग्दछ । तीर्थयात्री भक्तजन एवं पर्यटकले यस क्षेत्रमा पाएको सेवा-सुविधा र सत्कारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा पशुपति क्षेत्रको प्रतिष्ठा बढ्न जान्छ, प्रचार, प्रसार हुन्छ । यसरी पशुपतिनाथ र पशुपति क्षेत्रको मात्र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा प्रतिष्ठा बढ्ने होइन, देशकै प्रतिष्ठा बढ्न जान्छ । यसलाई पनि अवसरका रूपमा लिनु पर्दछ ।

वर्तमान अवस्थामा नेपालमा विभिन्न धर्मावलम्बीहरू आ-आफ्नो धर्म र संस्कृतिको संरक्षण र संवर्धनमा दृढ प्रतिज्ञ भएर लागेका छन् । पशुपतिनाथ र पशुपति क्षेत्र वैदिक सनातन धर्मका अनुयायीहरूको मुख्य आराधना स्थल हो । यस क्षेत्रको विकास र विस्तारले विश्वभरका सनातन वैदिक धर्मावलम्बीहरूको चिन्ता र चासोलाई सम्बोधन गर्दछ । यसबाट उनीहरूमा यस क्षेत्रप्रति आस्था र श्रद्धा बढ्न जान्छ र दर्शनार्थीहरूको आवागमनमा वृद्धि हुन्छ । यसलाई पनि पशुपति क्षेत्रले महत्वपूर्ण अवसरका रूपमा लिनु पर्दछ ।

यस अतिरिक्त पशुपति क्षेत्र नेपालको परिचय एवं गौरवको द्योतक तत्त्व पनि हो । यसको संरक्षण, संवर्धन र योजनाबद्ध विकासले राष्ट्रकै गरिमाको वृद्धि हुन्छ । त्यसैले राष्ट्रको परिचय र प्रतिष्ठासँग गाँसिएको पशुपति क्षेत्रको विकास राष्ट्रकै श्रीवृद्धिका लागि एक सुन्दर अवसर हो । यसले राष्ट्रिय सद्भाव र एकतामा ऊर्जा प्रदान गर्दछ ।

## २.४ पशुपति क्षेत्रका चुनौतीहरू

पशुपति क्षेत्र पाँचसयभन्दा बढी प्राचीन स्मारकहरू, धार्मिक, सांस्कृतिक महत्वका नदी, घाट र वनोद्यानहरूका साथै जीवन्त संस्कृतिका रूपमा रहेका जात्रा, पर्व र परम्पराहरूको सङ्गम स्थलका रूपमा रहेको छ । प्राचीन कालदेखि नै यस क्षेत्रका केही भागमा संस्कृति र मन्दिरमैत्री बस्तीको पनि विकास भएको देखिन्छ । यातायात लगायत आवश्यक पूर्वाधारको विकास नभएको तत्कालीन अवस्थामा मठ-मन्दिरको सुरक्षा तथा धार्मिक, सांस्कृतिक कार्यमा नियमित सहभागिताका लागि पनि यस क्षेत्रमा बस्तीको विकास अपेक्षित थियो । देवस्व अथवा शिवस्व खानु हुन्न, सन्तान पिर्छ, पाप लाग्छ भन्ने समाज समयको गतिसँगै बदलिँदै गयो, शिवस्व प्रसाद हुन थाल्यो, लोभ-लालच बढ्दै गयो, बस्ती बढ्दै गयो, यो क्षेत्र अहिले पूरै कंक्रिटको जङ्गल बन्न गएको छ । सांस्कृतिक सम्पदा अतिक्रमित भए, संस्कृतिमैत्री समाज स्वार्थमैत्री बन्न पुग्यो । यसले गर्दा अहिले पशुपति क्षेत्रमा मेला, पर्व सञ्चालन र सेवा सुविधाका विस्तारमा खाली जग्गाको अभाव चुनौतीको विषय बन्न गएको छ । दर्शनार्थी एवं पर्यटक केन्द्रित सेवा सुविधाका कार्यहरू स्थानको अभावले सञ्चालन गर्न चुनौती बनेको छ । यस्ता सेवा सुविधाका कार्यक्रम यस क्षेत्रभन्दा बाहिर गएर गर्नुको पनि कुनै अर्थ हुँदैन, क्षेत्रभित्र पनि पर्याप्त मात्रामा खाली जग्गा छैन ।

यो क्षेत्र विश्वसम्पदा सूचीमा समाविष्ट पुरातात्विक सम्पदाले भरिएको क्षेत्र हो । कानुनी रूपमा यो क्षेत्र विकास कोषका अतिरिक्त गुठी संस्थान, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका ७, ८ र ९ नं. वडा समिति, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति र निजी गुठीको समेत कार्य क्षेत्रका रूपमा रहेको छ । यो बहुस्वामित्व पनि एक जटिल चुनौती बन्न गएको छ । किन भने प्रत्येक निकायका आ-आफ्नै कानुन, नियमावली र मापदण्ड छन्, आ- आफ्नै मान्यता र कार्यविधि छन् जसले गर्दा समन्वय एवं कार्यगत एकता कायम गर्न असजिलो भएको छ ।

यस क्षेत्रका अधिकांश मठ, मन्दिर र सत्तल-पाटीहरू जीर्ण छन् । २०७२ को भूकम्पले धेरै स्मारक क्षतिग्रस्त भएका छन् । यिनको संरक्षणको दायित्व गुठी संस्थान र निजी गुठीका गुठियारसँग भएर पनि कार्यरूपमा त्यो देखिएको छैन । मर्मत, संभार र संरक्षणसँगै त्यसको सदुपयोग तथा मन्दिरको नित्य पूजा-आजाको समेत सोच बनाउनु पर्ने हुन्छ । यस्ता कार्यमा दाताले राखेका गुठीको भूमिका प्रमुख हुनु पर्नेमा त्यो दिन प्रतिदिन शिथिल बन्दै गएको छ । यसले गर्दा पशुपति क्षेत्रका प्राचीन स्मारकको संरक्षण, सदुपयोग र नित्य पूजा सञ्चालन चुनौतीको विषय बन्न गएको छ ।

यस क्षेत्रमा भगवान् पशुपतिनाथ र माता गुह्येश्वरीको जे जस्तो धार्मिक महत्व छ, बाग्मती नदीको पनि त्यत्तिकै महत्व छ । त्यसैले त बाग्मतीका किनारमा घाट बनेका हुन्, मन्दिर बनेका हुन् । विगतको अनियन्त्रित भवन निर्माण र बढ्दो शहरीकरणले पिउने पानीको प्रयोजनका लागि बाग्मतीको उपयोगले गर्दा बाग्मतीमा आवश्यक जल प्रवाहित हुन सकेको छैन । जसले गर्दा नदी प्रवाहमान बन्न सकेन, स्नानयोग्य हुन सकेन, प्रदूषणको मात्रा बढ्दै गयो र बाग्मतीको पशुपतिनाथसँगको धार्मिक सम्बन्ध भौतिक रूपमा समाप्तप्रायः हुन गयो । बाग्मतीको सजीवता वा हिउँदका समयमा पनि स्वच्छ जल कलकल गर्दै बग्ने बाग्मती बनाउन अहिले चुनौतीपूर्ण भएको छ । यसको गम्भीर असर भक्तजनमा पर्न गएको छ , यहाँको धार्मिक वातावरणमा पर्न गएको छ ।

पशुपति क्षेत्रको सिद्ध क्षेत्रका रूपमा रहेको मृगस्थली-श्लेष्मान्तक बनको उत्तरपूर्वी भागमा भएको भूक्षयले निकटवर्ती विश्वरूपा मन्दिर परिसर नै असुरक्षित बन्न गएको देखिन्छ । त्यसमाथि त्यसै क्षेत्रमा पुरातात्विक मर्यादा विपरीत विगतमा खोलिएको सडकले त्यसलाई झन भयावह बनाएको छ । त्यसैले यस क्षेत्रको मर्यादा र सुरक्षा कायम गर्न भूक्षय नियन्त्रण र पुरातात्विक मान्यता विपरीत भएका काम पनि चुनौतीको विषय बनेका छन् । त्यतिमात्र होइन, विगतमा पशुपति क्षेत्रभित्रै ब्रह्मलीन हुने दशनामी सन्यासीका शवलाई मात्र समाधिस्थ गर्ने परम्परा रहेको श्लेष्मान्तक वनमा विगत वर्षहरूदेखि बढ्दै गएको जो सुकैको पनि शव समाधिस्थ गर्ने प्रवृत्तिले धार्मिक, पौराणिक इतिहास भएको श्लेष्मान्तक वन मासिँदै जान लागेको छ । जङ्गल क्षेत्र खुला समाधिस्थल बन्न गएको छ, बढ्दो वन विनाशले काठमाडौं उपत्यकाकै वातावरणमा प्रतिकूल प्रभाव पर्नुका साथै वनको आश्रय लिएर बस्ने पशुपन्छीमा समेत संकट उत्पन्न हुने अवस्था सिर्जना भएको छ । त्यसैले यस क्षेत्रको वन र वातावरण संरक्षण पनि अर्को चुनौती बन्न गएको छ ।

पशुपति क्षेत्रको संरक्षण, संवद्र्धन नेपालको मात्र होइन, विश्वकै चासो र चिन्ताको विषय हो । यस क्षेत्रको प्रतिष्ठासँग विश्वकै प्रतिष्ठा गाँसिएको छ । यस क्षेत्रमा भएको विकास-निर्माण तथा सुविधा विस्तारको प्रथम उपभोक्ता यसै क्षेत्रमा बसोबास गर्ने जनसमुदाय हो । त्यसपछि भक्तजन तथा स्वदेशी-विदेशी पर्यटकको नाम आउँछ । यस क्षेत्रको धार्मिक, पुरातात्विक मर्यादा र मापदण्ड अनुकूल आचरण गरेर यसको गौरव बढाउँदै आफ्नो जीवन स्तरलाई माथि उठाउने सोच राखेर क्रियाशील हुनु स्थानीय जनसमुदायको परम कर्तव्य हो । यस कार्यमा पशुपति क्षेत्र विकास कोषले पनि उत्प्रेरक एवं सहयोगीको भूमिका निर्वाह गर्नु पर्दछ तर कोषले अझसम्म पनि स्थानीय जनताको मन जित्न सकेको छैन र यस क्षेत्रका विकास, निर्माणका कार्यमा स्थानीय जनसहयोग परिचालन गर्न सकेको छैन । यो स्थिति पनि यस क्षेत्रको विकासमा चुनौती बन्न गएको छ ।

पशुपति क्षेत्रको दक्षिण र पश्चिमको मार्गलाई चिरेर वर्तमान चक्रपथको निर्माण भएको छ । यो विस्तारको क्रममा पनि छ । यातायात व्यवस्था विकासको पूर्वाधार भए पनि स्थानीय आवश्यकता र औचित्यका आधारमा त्यसको बिकास र विस्तार गर्नु पर्ने हुन्छ । चक्रपथको यस भागमा बढ्दो सवारी चापलाई दृष्टिगत गर्दा यसको उपयुक्त विकल्प खोज्नु पर्ने स्थिति देखिन्छ । यहाँ ठुला-साना सबैखाले गरी प्रतिमिनेट १५ वटा सवारी साधनको आवागमन हुन्छ । मन्दिर क्षेत्र धुवाँ, धुलो, ध्वनि सबैखाले प्रदूषणबाट मुक्त एवं शान्त क्षेत्र हुनु पर्नेमा अहिले यो क्षेत्र उपर्युक्त सबैखाले प्रदूषणले अशान्त एवं प्रदूषित बन्न गएको छ । चक्रपथमा बढ्दो सवारी चाप र यसको विस्तार पनि यस क्षेत्रमा प्रदूषण बढाउने कारकतत्त्व बनेकाले चुनौतीको विषय भएको छ । साथै सवारी साधनको बढ्दो आवागमनले गर्दा भगवान्को दर्शनार्थ आउने भक्तजनको सुरक्षा पनि चिन्ताको विषय बन्दै गएको छ । यस अतिरिक्त विमानस्थलमा अवतरण र उडान गर्ने हवाइ जहाजको चर्को आवाजले पनि यस क्षेत्रलाई अशान्त बनाएको छ । त्यति मात्र होइन, विमानस्थलको विस्तार र विकाससँगै सुरक्षाको जिम्मा लिएर बसेको नेपाली सेनाका क्रियाकलापको विस्तार हुँदा पशुपति क्षेत्रमा प्रदूषण र अतिक्रमण समेत बढ्दै गएको र पाशुपत क्षेत्रको मर्यादामा प्रतिकूल प्रभाव परेको छ ।

पशुपति क्षेत्र विकास कोषद्वारा गठित तथ्याङ्क संकलन कार्यदलको प्रतिवेदनमा उल्लेख भए अनुसार पशुपतिका अमालकोट कचहरी, जयवागीश्वरी र पशुपति भण्डार तहविलबाट गरिने जात्रा एवं पर्वपूजाको संख्या वार्षिक ५५ देखिन्छ । गुठी संस्थानका तर्फबाट गरिने महास्नान लगायतका अरू पर्वपूजाहरू पनि छन् । त्यसै गरी पशुपति क्षेत्रको आगम घरका पुजारीले चलाउनु पर्ने वाग्मती, कुण्ड, लिङ्ग तथा उपलिङ्ग यात्राहरू पनि छन् । हाल कतिपय हराई सकेका छन् भने केही पुनरूज्जीवित पनि गरिँदै छन् । यस्ता जात्रा पर्वहरूको धार्मिक सामाजिक महत्व उजागर गरेर तिनको व्यवस्थित रूपमा सञ्चालन गर्नु पर्ने हुन्छ । यी सबै जात्रा, पर्व र पूजा आदिको सञ्चालनलाई अहिले व्यवस्थित एवं नियमित गर्न पनि चुनौती बन्दै गएको छ ।

## २.५ पशुपति क्षेत्रका सबलता र दुर्बलताको विश्लेषण

उपर्युक्त अवस्थाको अध्ययन गर्दा चुनौतीहरू बहुपक्षीय देखिन्छन् भने अवसर पनि कम महत्वपूर्ण देखिंदैनन् । सबलता र दुर्बलताको सम्बन्ध संस्थाको आन्तरिक पक्षसँगै हुन्छ । त्यसैले माथि उल्लिखित दुर्बलतालाई आन्तरिक व्यवस्थापनमा सुधार गरेर क्रमशः न्यूनीकरण गर्दै पूर्ण रूपमा नै हटाउनु पर्दछ साथै विश्वभरका बैदिक सनातन धर्मावलम्बीहरूको आस्थाको केन्द्र एवं नेपाल नेपालीको परिचय र प्रतिष्ठाको विषयका रूपमा रहेको पशुपति क्षेत्रको संरक्षण र संवर्धनमा सबैको

चासो भएकाले कोषले आफ्ना सबल पक्षलाई अझ प्रभावशाली बनाउँदै जानु पर्दछ । प्रथमतः पशुपति क्षेत्र विकास कोष, सञ्चालक परिषद्ले गुरुयोजना कार्यान्वयन गर्ने सन्दर्भमा आफ्नो आन्तरिक व्यवस्थापनलाई समयानुकूल सुधार गरेर प्रशासनिक संयन्त्रलाई तोकिएको काम-कर्तव्यप्रति उत्तरदायी बनाउनु पर्छ । यस सन्दर्भमा कोषको ऐनमा र नियमावलीमा समेत आवश्यक संशोधन गर्नु पर्ने हुन सक्छ । ऐन संशोधनकै क्रममा पशुपति क्षेत्रभित्र धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं गुठी-गाना सम्बन्धी सम्पूर्ण कार्य कोषबाटै गर्ने गरी अधिकार सम्पन्न संस्था/प्राधिकरणका रूपमा कोषलाई परिणत गर्ने सोच राख्न आवश्यक छ । कोषलाई प्राधिकरण नबनाए पनि संस्कृति मन्त्रालय, भूमिसुधार मन्त्रालय, पशुपति क्षेत्र विकास कोष र गुठी संस्थान संयुक्त बसी पशुपति क्षेत्र भित्रका सबै काम एकद्वारबाट गर्ने व्यवस्था गर्न आवश्यक छ । यसका लागि कोष र गुठी संस्थानका ऐन नियममा समेत संशोधन गर्नु पर्ने हुन्छ ।

स्थानीय जनतालाई विश्वासमा लिएर काम गर्ने सन्दर्भमा गुरुयोजना अनुसार विभाजित विभिन्न उपक्षेत्रहरूमा तत् तत् उपक्षेत्रका नामबाट सरोकार वा सहयोग समूह गठन गरेर तत् तत् क्षेत्रका जनताको आवश्यकताका कार्यक्रममा सहयोग वा सहकार्यको संस्कार विकसित गर्न आवश्यक देखिन्छ । यसरी कुनै एक वा दुई उपक्षेत्रबाट काम शुरु गरेमा त्यसको प्रभाव विस्तारित हुँदै जान्छ र स्थानीय जनसहयोगको वातावरण बन्न सक्छ ।कोषले पनि वार्षिक कार्यक्रम तथा बजेटमा विभिन्न उपक्षेत्रका जनताको हित हुने किसिमका कार्यक्रम समावेश गर्दा वातावरण सरल बन्दै जाने देखिन्छ ।

मृगस्थली-श्लेष्मान्तक वनक्षेत्र धार्मिक, सांस्कृतिक महत्वको क्षेत्र हो । यो सिद्धाचल हो, तपस्थली हो । विगतमा यहाँ बसेर ख्यातनामा सन्तहरूले साधना गरेको, सिद्धि प्राप्त गरेको इतिहास छ । त्यसैले यस क्षेत्रमा लास समाधिस्थ गर्न निषेध गरी योग र ध्यान साधनाको सुविधा सम्पन्न वन क्षेत्रका रूपमा यसलाई विकसित गर्नु पर्दछ । यसका लागि समयमै नेपाल सरकार समक्ष समस्या प्रस्तुत गरी समाधानको बाटो खोज्नु पर्ने देखिन्छ ।

पशुपति क्षेत्र आवादीले भरिएको क्षेत्र भएकाले कोषले पनि जनमैत्री रूपमा नै कार्यक्रम अघि बढाउनु पर्दछ तर पनि तीर्थयात्री तथा पर्यटकहरूको सेवा, सुविधा विस्तारका कार्यक्रम यसै क्षेत्रमा नै सञ्चालन गर्नु पर्ने हुन्छ । त्यसैले कुनै क्षेत्रमा सेवा सुविधा विस्तारका लागि हस्तक्षेप गर्नु पर्ने भएमा पर्याप्त क्षतिपूर्ति दिएर मात्र अघि बढ्ने नीति लिन आवश्यक छ । पशुपतिका कारणले कुनै पनि नागरिक मर्कामा नपरोस् भन्ने कुरामा कोषले हेक्का राख्नु पर्दछ ।

तिलगंङ्गा-चावहिल खण्डको चक्रपथ पशुपति क्षेत्रलाई चिरेर गएको छ । यहाँ दिन प्रतिदिन बढ्दै गएको सवारी चाप, धुलो, धुवाँ र ध्वनिको प्रदूषणले पशुपति क्षेत्र अशान्त एवं असुरक्षित बनेको छ । अर्को कुरा चक्रपथ आवश्यकता अनुसार विस्तारित हुँदै जाने भएकाले यस भागलाई सम्पदा मार्गका रूपमा मात्र राखेर चक्रपथको अर्को विकल्पका लागि समयमै सोच आवश्यक छ । चक्रपथकै कारणले बज्रेश्वरी मन्दिर छायामा परेको छ । भक्तजनले त्यसको महत्व नै बुझ्न सकेका छैनन् ।

पशुपति क्षेत्र भित्रका सम्पूर्ण मठ, मन्दिर, पाटी र सत्तलहरूको संरक्षणको दायित्व ऐनले कोषलाई दिएको छ । केही मन्दिर तथा सत्तलहरू निजी गुठीसँग पनि सम्बन्धित छन् । कोषले ऐन संशोधन गरेर निजी गुठीसँग सम्बन्धित त्यस्ता स्मारकको रेखदेख तथा मर्मत संभार गुठियारले कोषको मापदण्ड अनुसार नगरे नगराएमा र परम्पराले तोके अनुसारका धार्मिक कृत्य नगरेमा निजी गुठीको स्वामित्व खारेज गरी आफ्नो अधीनमा लिने व्यवस्था गर्न आवश्यक छ । राष्ट्रको गरिमासँग सम्बन्धित त्यस्ता स्मारकको संरक्षण गरी गुरुयोजनाले निर्देश गरेको नीति अनुसार सदुपयोग गर्नु पर्दछ । साथै मन्दिर र मूर्ति भएर पनि पूजा-आरति नहुने मन्दिरमा समेत कोषले नियमित पूजा-आरतिको व्यवस्था गर्नुपर्दछ । यसो गर्दा त्यस मठ-मन्दिरसँग सम्बन्धित चलअचल जे जस्तो स्रोत छ, त्यसलाई समेत कोष अन्तर्गत ल्याउन सक्ने कानुनी व्यवस्था गर्न आवश्यक छ ।

यहाँ चुनौतीको सामना गरेर अघि बढ्नका लागि केही प्रक्रियाको मात्र सङ्केत गरिएको हो । कोषले आफ्नो आन्तरिक कार्यविधि एवं व्यवस्थापनलाई सुधारेर दुर्बलतालाई सबलतामा र चुनौतीलाई अवसरका रूपमा परिणत गर्न नसक्ने कुनै अवस्था देखिंदैन । खाँचो केवल प्रतिबद्धताको हो ।

## खण्ड तीन
## गुरुयोजना सिद्धान्त र कार्यनीति

### ३.१ गुरुयोजनाको मार्गदर्शक सिद्धान्त

धार्मिक, सांस्कृतिक महत्वका पुरातात्विक सम्पदाहरू राष्ट्रको गौरवका विषय हुन् । यिनको संरक्षण, संवर्धनको काम राष्ट्रिय विकासको द्योतक हुन्छ । कुनै पनि मन्दिर वा स्मारक एउटा निश्चित वातावरणमा रहेको हुन्छ । वरिपरीको वातावरण नसुध्रीकन स्मारकको संरक्षण हुन सक्तैन । तीव्र रूपमा भई रहेको प्राकृतिक एवं सांस्कृतिक वातावरण विनाश, अनियन्त्रित शहरीकरण तथा पुरातात्विक सम्पदाप्रतिको उपेक्षाभावको प्रबल आक्रमणले यो क्षेत्र आक्रान्त बनेको छ । प्रस्तुत गुरुयोजनामा यस क्षेत्रको वर्तमान स्वरूप र अवस्था, यहाँ अवस्थित धार्मिक, सांस्कृतिक एवं पुरातात्विक सम्पदाहरू तथा तिनको संरक्षण, संवर्धनका साथै यहाँको प्राकृतिक वातावरणमा समेत गम्भीर रूपमा ध्यान दिइएको छ । यस क्षेत्रका स्मारकहरूको संरक्षण एवं पुनर्निर्माणमा प्राचीनता र सुरक्षा, सञ्चार एवं सेवा-सुविधाको विस्तारमा आधुनिकतालाई आत्मसात् गरी दुवैको कलात्मक सामञ्जस्यको सोच यहाँ राखिएको छ । यसै वस्तुतथ्यलाई हृदयङ्गम गरी प्रस्तुत गुरुयोजनाले निम्न लिखित मार्ग दर्शक सिद्धान्तहरू अवलम्बन गरेको छ :

(क) पशुपति क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पुरातात्विक महत्ताको प्रवर्धन गर्ने,

(ख) पशुपति क्षेत्रको विकासका लागि आन्तरिक आर्थिक स्रोतलाई सुदृढ बनाउदै बाह्य स्रोत (राष्ट्रिय, अन्तर्राष्ट्रिय) को खोजी र परिचालन गर्ने ।

(ग) सरोकारवालाहरूको सहभागिता र सहकार्यलाई प्राथमिकता दिएर यस क्षेत्रको विकास एवं संरक्षणका लागि उनीहरूको दक्षता र विशेषज्ञताको सदुपयोग गर्ने,

(घ) भगवान् श्रीपशुपतिनाथका नामबाट शिक्षा, स्वास्थ्य र समाज कल्याणका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने ।

ङ) सम्पदा संरक्षणमा प्राचीनता र सेवा-सुविधाको विकासमा आधुनिक प्रविधिको कलात्मक संयोजन गर्ने ।

### ३.२ गुरुयोजनाको दर्शन

पशुपति क्षेत्र धार्मिक एवं पर्यटकीय दुवै दृष्टिले दर्शनीय स्थान हो । यहाँ वर्षभरमा लाखौं लाख भक्तजन एवं पर्यटकहरु आउने गर्दछन् । प्राचीन कालदेखि नै यो क्षेत्र सनातन तीर्थस्थलका रूपमा रही आएको छ । यहाँका पुरातात्विक महत्वका मूर्त-अमूर्त सम्पदालाई सुरक्षित राख्न र यहाँ आउने

भक्तजन तथा पर्यटकहरूका लागि सेवा-सुविधा विस्तार गर्न दूरदर्शिताको आवश्यकता हुन्छ । प्रस्तुत दीर्घकालीन विकास तथा संरक्षण सम्बन्धी गुरुयोजना आपाततः बढी महत्त्वाकांक्षी लाग्न सक्छ तर पछि गएर यो नै यस क्षेत्रका लागि वरदान सिद्ध हुने छ । पवित्र पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि प्रस्तुत गुरुयोजनाले आगामी एक शताब्दीलाई ध्यानमा राखेर अल्पकालीन तथा दीर्घकालीन दुवै दृष्टिले यस क्षेत्रको विकासलाई हेरेको छ र भगवान् श्रीपशुपतिनाथ र माता गुह्येश्वरीलाई केन्द्रमा राखेर प्रस्तुत गुरुयोजनाले यस क्षेत्रको धार्मिक, आध्यात्मिक वातावरण प्रवर्धनमा विशेष जोड दिएको छ ।

यस क्षेत्रका सम्पदाहरूको पृथक् पृथक् संरक्षणको अर्थ तबसम्म पूर्ण हुँदैन जबसम्म सम्पदाको परिवेशलाई सम्पदा अनुकूल संरक्षण गर्न सकिँदैन । त्यसैले कुनै पनि सम्पदाको भौतिक स्वरूप र त्यसको परिवेशको वातावरणको समेत एकसाथ संरक्षण गर्नु पर्दछ । त्यसैले प्रस्तुत गुरुयोजनाले सम्पदा र त्यसको वातावरणको संरक्षण तथा पुनर्निर्माणका कार्यलाई एकीकृत रूपमा राखेको छ ।

मानिस, प्रकृति र संस्कृतिको सहजीवन नै पशुपति क्षेत्र हो । त्यसैले यस क्षेत्रमा गरिने विकास निर्माणका कार्यले यी तिनैको सहजीवनलाई प्रवर्धन गर्नु पर्छ, संरक्षण गर्नुपर्छ । यो नै प्रस्तुत गुरुयोजनाको दर्शन हो, मूल मन्त्र हो । यहाँ गरिने कार्यले कथञ्चित् उपर्युक्त तिन मध्ये कुनैमा प्रतिकूल असर पर्न गएमा त्यसलाई व्यवस्थित रूपमा पुनःस्थापन गर्नुपर्छ भन्ने यसको मूल मर्म हो ।

यो दृश्यमान जगत्को सिर्जना परब्रह्मको 'एकोऽहम् बहुश्यामः' भन्ने इच्छाशक्तिबाट भएको हो भन्ने दार्शनिक मान्यता छ । पशुपतिनाथ पनि परब्रह्मतत्त्व हुन् । उनी विश्व ब्रह्माण्डका केन्द्र बिन्दु हुन् । पशुपति क्षेत्रमा पनि पशुपति मन्दिर नै केन्द्रका रूपमा रहेको छ । यसलाई प्रस्तुत गुरुयोजनामा कोर शब्दले सङ्केत गरिएको छ । केन्द्रविन्दुका रूपमा रहेका पशुपतिको विस्तारित रूप नै पवित्र पशुपति क्षेत्र हो । त्यसैले बिन्दुबाट विस्तारित भएका यस क्षेत्रका कन्सोन्यान्ट, कन्टिनिअम जस्ता घटकहरू परस्पर प्रबल रूपमा आबद्ध छन् । उपर्युक्त कुनै पनि क्षेत्रमा धार्मिक पुरातात्विक मर्यादा प्रतिकूल काम भएमा त्यसको दुष्प्रभाव तिनै क्षेत्रमा पर्दछ । यस यथार्थलाई दृष्टिगत गरेर प्रस्तुत गुरुयोजनाले समग्र पशुपति क्षेत्रलाई धार्मिक पुरातात्विक मान्यता अनुकूल समतामूलक एकीकृत विकासको अवधारणा राखेको छ । यो नै प्रस्तुत गुरुयोजनाको विकास निर्माण सम्बन्धी दर्शन हो ।

### ३.३ गुरुयोजनाको लक्ष्य

पशुपति क्षेत्रको संस्कृति, प्रकृति र सम्पदाको संरक्षण गरी यसलाई धार्मिक, आध्यात्मिक रूपमा अन्तर्राष्ट्रिय सनातन तीर्थ एवं आकर्षक पर्यटकीय गन्तव्य बनाइने छ ।

### ३.४ गुरुयोजनाको उद्देश्य

प्रस्तुत गुरुयोजनाका मूलभूत उद्देश्यहरू यस प्रकार छन् :

(क) धार्मिक-आध्यात्मिक वातावरण प्रवर्धन गर्नु,

(ख) वाग्मती नदीको शुद्धीकरण र जलप्रवाह प्रवर्धन गर्नु,

(ग) धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका मूर्त-अमूर्त सम्पदाहरूको संरक्षण गर्नु,

(घ) दर्शनार्थी तथा पर्यटकहरूको सेवा-सुविधाको विकास गर्नु,

(ङ) प्राकृतिक सम्पदाको संरक्षण एवं प्रवर्धन गर्नु,

(च) सनातन धर्म, संस्कृति र पुरातत्त्वका मान्यता प्रतिकूलका क्रियाकलाप नियन्त्रण गर्नु,

(छ) योजनाबद्ध विकास निर्माण गर्नु,

(ज) शिक्षा, स्वास्थ्य र जनकल्याणका कार्यक्रम सञ्चालन गर्नु,

(झ) योजना कार्यान्वयनबाट पर्न गएको असरलाई न्यूनीकरण गर्नु,

(ञ) ठोस तथा तरल फोहर मैलाको उचित निकासको व्यवस्था गर्नु,

(ट) प्रभावपूर्ण सुरक्षा प्रणालीको व्यवस्था गर्नु,

(ठ) सुव्यवस्थित यातायात प्रणालीको व्यवस्था गर्नु,

(ड) धार्मिक सांस्कृतिक क्षेत्र अनुकूलको सौन्दर्य सिर्जना गर्नु ।

### ३.५ गुरुयोजनाको रणनीति

कुनै पनि संस्थाको अपेक्षित विकासका लागि वर्तमान अवस्थाको विश्लेषण गरेर संस्थालाई भविष्यमा कसरी कस्तो बनाउने भनेर तयार गरिएको परिकल्पना सहितको नीति नै रणनीति हो । यसको सम्बन्ध योजनासँग हुन्छ । रणनीतिक योजना चाहिँ संस्थागत विकासका लागि सामूहिक, अन्तरक्रिया, सहभागितामूलक र तर्कबद्ध प्रयासको प्रतिफल हो । प्रस्तुत गुरुयोजनामा रणनीतिलाई दुई रूपमा लिइएको छ : दीर्घकालीन र अल्पकालीन । दीर्घकालीन रणनीतिले संस्थाबाट पछिसम्म गरिने विकास निर्माणलाई मार्ग निर्देश गरेको छ भने अल्पकालीन रणनीतिले योजनाको चरणबद्ध कार्यक्रमलाई निर्देश गरेको छ ।

### ३.५.१ गुरुयोजनाको दीर्घकालीन रणनीति

(क) पशुपति क्षेत्रमा धार्मिक, आध्यात्मिक कार्यक्रम सञ्चालनमा विशेष ध्यान दिइने छ ।

(ख) वाग्मती नदीको जलप्रवाह बढाउन पानी सङ्कलनको व्यवीथा गरिने छ ।

(ग) पशुपति क्षेत्रका मूर्त अमूर्त सम्पदाको संरक्षणको कार्यलाई चरणबद्ध रूपमा सञ्चालन गरिने छ ।

(घ) भक्तजन र दृश्यावलोकनका लागि आउने पर्यटकहरूको सेवा, सुविधासँग सम्बन्धित कार्यलाई विशेष प्राथमिकतामा राखेर अघि बढाइने छ ।

(ङ) पशुपति क्षेत्रको संस्कृति र प्रकृतिको संरक्षणमा विशेष ध्यान दिएर कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।

(च) पशुपतिनाथका नामबाट समाजको उत्थानमा सहयोग पुग्ने गरी शैक्षिक प्रतिष्ठान, स्वास्थ्य प्रतिष्ठान र सामुदायिक कल्याणका कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।

(छ) पशुपति क्षेत्रको स्वच्छता, सुन्दरता र सुरक्षामा विशेष ध्यान दिइने छ ।

### ३.५.२ गुरुयोजनाको अल्पकालीन रणनीति

(क) गुरुयोजनाको कार्यान्वयन चरणबद्ध रूपमा गरिने छ ।

(ख) ५ वर्षको एक चरण हुने छ ।

(ग) प्राथमिकताका आधारमा कार्यक्रमलाई चरणबद्ध गरिने छ ।

(घ) शिक्षा, स्वास्थ्य, समाज कल्याण, स्मारक संरक्षण तथा सेवा सुविधा विस्तारका कार्यक्रमहरू आवश्यकता र औचित्यका आधारमा निरन्तर सञ्चालित र विस्तारित हुँदै जाने छन् ।

(ङ) शिक्षा एवं स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यक्रम दूरगामी सोच सहितको योजना तयार गरी क्रमिकरूपमा सञ्चालन गरिने छन् ।

(च) चरणबद्ध कार्यक्रम अन्तर्गत वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

## ३.६ प्रमुख विषयगत कार्यक्रम

प्रस्तुत गुरुयोजनामा समावेश गरिएका कार्यक्रमहरू मूलतः निम्न लिखित विषय क्षेत्रसँग सम्बन्धित छन्:

(क) धार्मिक-आध्यात्मिक वातावरण प्रवर्धन

(ख) मूर्त सम्पदा संरक्षण (जीर्णोद्धार तथा पुनर्निर्माण)

(ग) अमूर्त सम्पदा संरक्षण

(घ) सेवा सुविधा विकास-विस्तार

(ङ) प्राकृतिक वातावरण संरक्षण, संवर्धन

(च) शिक्षा, स्वास्थ्य र समाजकल्याण

(छ) अध्ययन, अनुसन्धान र प्रकाशन

### ३.७ गुरुयोजनाको प्रमुख क्रियाकलाप

(क) पशुपति क्षेत्रलाई धार्मिक, आध्यात्मिक केन्द्रका रूपमा विकसित गरेर अन्तर्राष्ट्रिय तीर्थस्थल बनाइने छ ।

(ख) पशुपति क्षेत्रका मूर्त-अमूर्त तथा प्राकृतिक सम्पदाको संरक्षण गरेर यस क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्य स्थल बनाइने छ ।

(ग) पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय दाता तथा सरोकार समूहसँगको सहयोग र सहकार्यलाई प्रोत्साहित गरिने छ ।

(घ) पशुपति क्षेत्रमा दर्शन, पूजन तथा यज्ञ-यागादिका लागि आउने भक्तजन र दृश्यावलोकनका लागि आउने पर्यटकहरूको सेवा, सुविधाका लागि आवश्यक पूर्वाधारको विकास गरिने छ ।

(ङ) भगवान् पशुपतिनाथका नामबाट देश र जनताको हितका लागि शिक्षा, स्वास्थ्य र समाज कल्याण सम्बन्धी कार्यक्रम चरणबद्ध रूपमा सञ्चालन गर्दै लगिने छ ।

(च) पशुपति क्षेत्रलाई योग, ध्यान र तपश्चर्याको केन्द्रका रूपमा विकसित गरिने छ ।

(छ) पशुपति क्षेत्रलाई शिव र शक्तिसँग सम्बन्धित निगम र आगमको अध्ययन एवं अनुसन्धानको केन्द्र बनाइने छ ।

(ज) कोषका आन्तरिक र बाह्य वित्तीय स्रोतहरूको पहिचान, परिचालन र सुदृढीकरण गरेर कोषलाई पूर्ण आत्मनिर्भर बनाइने छ ।

### ३.८ गुरुयोजनाको लक्ष्यित समूह

पशुपति क्षेत्र सुदीर्घ इतिहास र परम्परा भएको क्षेत्र भएकाले यसको योजनाबद्ध विकासका क्रममा मूलतः निश्चित वर्ग वा समुदायलाई ध्यानमा राख्नु पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनमा प्रत्यक्ष प्रभाव वा असर जुन वर्ग वा समुदायमा पर्दछ, त्यो नै यहाँको लक्ष्यित समूह हो । यस क्षेत्रको धार्मिक, पुरातात्विक महत्ता, प्राकृतिक पर्यावरण र लक्ष्यित समूहको अन्तः सम्बन्धलाई एकीकृत गरेर तिनको सेवा, सुविधा र सुरक्षालाई समेत ध्यानमा राखी दूरदृष्टि सहित गुरुयोजना तर्जुमा गर्नु पर्ने हुन्छ । यसै कुरालाई यहाँ ध्यानमा राखिएको छ । प्रस्तुत गुरुयोजनाका लक्ष्यित समूहहरू यस प्रकार छन् :

(क) पशुपतिक्षेत्रका मन्दिरहरूमा नियमित दर्शन गर्न आउने भक्तजन, पुजारी तथा सहयोगीहरू

(ख) स्वदेशी तथा विदेशी तीर्थयात्रीहरू,

(ग) स्वदेशी तथा विदेशी पर्यटकहरू,

(घ) सन्त,महन्त एवं साधु, सन्यासीहरू,

(ङ) पशुपति क्षेत्रका बासिन्दाहरू,

(च) घाटमा ल्याइएका बिरामी र तिनका कुरुवा आफन्तजनहरू,

(छ) अन्तिम संस्कारमा सहभागी मलामी तथा किरियापुत्रीहरू,

(ज) वन, वनस्पति र पशुपन्छीहरू,

(झ) यस क्षेत्रमा धार्मिक, सांस्कृतिक कार्य गर्न आउने व्यक्ति र सहभागीहरू,

(ञ) पशुपति क्षेत्रको धर्म, संस्कृति, दर्शन, पुरातत्त्व र पर्यावरणका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येता/अनुसन्धाताहरू ।

### ३.९ गुरुयोजनामा प्रयुक्त आधारभूत तथ्याङ्कहरू

प्रस्तुत गुरुयोजनामा निम्न लिखित तथ्याङ्कलाई आधार बनाइएको छ । यी तथ्याङ्कहरू कोषद्वारा गठित तथ्याङ्क सङ्कलन कार्यदलको प्रतिवेदन, पशुपति क्षेत्रको विस्तृत नक्साङ्कन २०७५ र स्थलगत अवलोकनमा आधारित छन् ।

#### (१) पशुपति क्षेत्रको क्षेत्रफल, घरधुरी, जनसंख्या र स्मारकहरू

| सि.नं. | विवरण | क्षेत्रफल |
|---|---|---|
| (क) | पशुपति क्षेत्रको क्षेत्रफल (पशुपति क्षेत्रको विस्तृत नक्साङ्कन २०७५ का आधारमा) | २८६.६ |
| (ख) | पशुपति क्षेत्रको घरधुरी | ४३३९ |
| (ग) | जनसंख्या(जनगणना ०६८ का आधारमा तिनै वडाको आनुपातिक) | ३८८५१ |
| (घ) | संरक्षित स्मारक क्षेत्रको क्षेत्रफल | ८३.५५ |
| (ङ) | पशुपति क्षेत्रका स्मारकहरू (पशुपति क्षेत्रको विस्तृत नक्साङ्कन २०७५ का आधारमा | ४६१ |
| (च) | केन्द्रीय (कोर) क्षेत्र | ५.२ |

| | | |
|---|---|---|
| (छ) | सन्निकट (कन्योन्याट) क्षेत्र | १७१ |
| (ज) | परिधीय (कन्टिनिअम) क्षेत्र | ११०.४ |

(२) पशुपतिनाथका दर्शनार्थीहरू

| सि.नं. | विवरण | संख्या सरदर |
|---|---|---|
| (क) | दैनिक | २५ हजारदेखि ३५ हजार सम्म |
| (ख) | शिवरात्री | ५ लाखदेखि ७ लाख सम्म |
| (ग) | नववर्ष | २ लाखदेखि ३ लाखसम्म |
| (घ) | साउने सोमबार | १.५ लाखदेखि २ लाखसम्म |
| (ङ) | हरितालिका (तीज) | ३ लाख देखि ४ लाखसम्म |
| (च) | शनिबार | ३५ हजारदेखि ४५ हजारसम्म |
| (छ) | बालाचतुर्दशी | १.५देखि २ लाखसम्म |

(३) गुह्येश्वरीका दर्शनार्थीहरू

| सि.नं. | विवरण | संख्या सरदर |
|---|---|---|
| (क) | दैनिक | १ हजारदेखि १.५ हजारसम्म |
| (ख) | नवरात्री | २० हजारदेखि ३० हजारसम्म |

(४) जयवागीश्वरी (दैनिक) १००देखि २०० सम्म

(५) चावहिल गणेश (दैनिक) ५०० देखि १००० सम्म

(६) पशुपति क्षेत्रमा आउने गैर हिन्दु पर्यटकहरू (२०७४-०७५) १,४१,९५१

(७) दाहसंस्कार प्रतिदिन

| सि.नं. | विवरण | संख्या सरदर |
|---|---|---|
| (क) | दाउराबाट | १५ देखि २० सम्म |
| (ख) | बिजुलीबाट (एकमात्र मेशिनको प्रयोग) | १० देखि १२ सम्म |

(८) प्रतिशव सरदर मलामी संख्या-५० देखि २०० जनासम्म

(९) क्रियापुत्री सेवा क्षमता

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| (क) | शौचालय जोडिएको | २४ कोठा |

| | | |
|---|---|---|
| (ख) | शौचालय नजोडिएको | १६ कोठा |

(१०) क्रियापुत्री सेवा उपयोग गर्नेहरू (२०७४/०७५) ३४६६ सरदर

(११) क्रियापुत्री भेट्न आउनेहरूको सरदर वार्षिक संख्या १,५०,००० देखि २,००,०००सम्म

(१२) फूल, प्रसाद वा पूजा सामग्री पसल

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| (क) | सटर भएको | १६ |
| (ख) | जस्ता लगाएको | २५६ |
| (ग) | खुला | ५० |

(१३) विशेषपूजाको संख्या

| सि.नं. | विवरण | संख्या सरदर |
|---|---|---|
| (क) | दैनिक | १०० देखि २०० सम्म |
| (ख) | साउने सोमबार र पर्व विशेषमा | ४०० देखि ४५० सम्म |
| (ग) | साउनका अन्य दिनमा | २०० देखि २५० सम्म |

(१४) बाग्मती नदीको बहाव

| सि.नं. | विवरण | घनमिटर |
|---|---|---|
| (क) | न्यूनतम प्रतिसेकेण्ड (फेब्रुबरी) | ०.१६६ $m^3$ |
| *(ख)* | अधिकतम प्रतिसेकेण्ड (जुलाइ) | ७७.४ $m^3$ |

(१५) तिलगंगा-मित्रपार्क सडकमा सवारी चाप

| सि.नं. | विवरण | संख्या (सरदर प्रति घण्टा) |
|---|---|---|
| (क) | मोटरसाइकल | ३५५ |
| (ख) | कार | ४६५ |
| (ग) | वस | ३३ |
| (घ) | ट्रक/मिनीटाटा | १३ |
| (ङ) | टयाम्पो | ८ |

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१६) पशुपति क्षेत्रका आश्रम, अखडा र मठहरू

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| (क) | आश्रम | ३ |
| (ख) | अखाडा | ५ |
| (ग) | मठ | २ |

(१७) पशुपति क्षेत्रका जीव जन्तुहरू

| सि.नं. | विवरण | संख्या सरदर |
|---|---|---|
| (क) | चरा | २७ प्रकार |
| (ख) | स्तनधारी | १४ प्रकार |
| (ग) | पुतली | ११ प्रकार |
| (घ) | बाँदर ३ झुण्ड | १३७२ संख्या |

(१८) यातायात साधन पार्किङ

(१)पशुपति पार्किङ्ग

| सि.नं. | नाम | संख्या सरदर प्रतिदिन |
|---|---|---|
| (क) | गाडी | १०० देखि २०० सम्म |
| (ख) | कार | ७०० देखि १००० सम्म |
| (ग) | मोटरसाइकल | १००० देखि १५०० सम्म |

(१) गुह्येश्वरी पार्किङ्ग : ७०० देखि १०००सम्म (प्रतिदिन)

(२) तिलगङ्गापार्किङ्ग : २०० देखि ३००सम्म (प्रतिदिन)

(३) भण्डारखाल पार्किङ्ग : ५० देखि १०० सम्म (प्रतिदिन)

(४) हेमन्त भैरव पार्किङ्ग : ३०० देखि ५००सम्म (प्रतिदिन)

(५) सुमार्गी भवन प्राङ्गण पार्किङ्ग : ३०० देखि ७००सम्म (प्रतिदिन)

(१९) पशुपति क्षेत्रको खाली चउर

| सि.नं. | नाम | संख्या |
|---|---|---|
| (क) | कैलाश | १ |
| (ख) | सिफल | १ |

(२०)पशुपति क्षेत्रका चिताहरू

| सि.नं. | नाम | संख्या |
|---|---|---|
| (क) | आर्यघाट | २ |
| (ख) | भस्मेश्वर घाट | १० |
| (ग) | विद्युत शवदाहगृह | २ (मेशिन) |


(२१) पशुपति क्षेत्रमा भण्डारा व्यवस्था - १

(२२) पशुपतिमा धार्मिक कार्यका लागि - ६ (पौवा)


(२३) श्लेष्मान्तक वन क्षेत्रमा शव महाधिस्थ गर्ने संख्या-प्रतिदिन २

उपर्युक्त तथ्याङ्कमध्ये केही तथ्याङ्कलाई यहाँ रेखाचित्रमा प्रस्तुत गरी आजभन्दा ५० वर्ष पछिसम्ममा हुन सक्ने संख्या समेत अनुमान गरेर देखाइएको छ । प्रस्तुत गुरुयोजनाले आगामी १०० वर्ष पछिसम्मको सोच राखी सम्भावित दर्शनार्थी संख्या, सवारी साधनको चाप र पार्किङ्गलाई समेत ध्यानमा राखेर सेवा-सुविधाका कार्यक्रमहरू प्रस्तावित गरेको छ । २०५२ को तुलनामा विगत तिन दशकमा पशुपतिनाथको दर्शनार्थी संख्यामा उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ । यस्तै स्थिति गुह्येश्वरीको पनि रहेको छ । शिवरात्री, बालाचतुर्दशी, हरितालिका, साउने सोमबार, नवरात्र जस्ता विशेष पर्वमा दर्शनार्थी संख्यासँगै सवारी चाप र पार्किङ्ग समस्या पनि प्रतिवर्ष बढ्दै गएको देखिन्छ ।


रेखाचित्र २





रेखाचित्र ३




रेखाचित्र ४





रेखाचित्र ५




रेखाचित्र ६





रेखाचित्र ७



रेखाचित्र ८





रेखाचित्र ९



रेखाचित्र १०

सवारी पार्किङ सङ्ख्या (हेमन्त भैरव)




शिवरात्री, बालाचतुर्दशी, हरितालिका एवं साउने सोमबार जस्ता विशेष पर्वमा त दर्शनार्थीको संख्या १५ देखि २० गुनासम्म बढेको छ । गुह्येश्वरी मन्दिरमा पनि दर्शनार्थीको संख्या निरन्तर बढ्दो क्रममा रहेको छ । नवरात्र जस्ता पर्व विशेषमा भने प्रतिदिन सरदर ३० हजार भक्तजनले भगवतीको दर्शन गर्ने कुरा तथ्याङ्कले देखाएको छ । अन्य दिनमा पनि सरदर १००० देखि १५०० सम्म भक्तजनले भगवतीको दर्शन-पूजन गर्दछन् ।

पशुपति क्षेत्र गैरहिन्दु पर्यटकहरूका लागि पनि आकर्षक गन्तव्य हो । यस क्षेत्रको अवलोकन भ्रमण गर्न वर्षमा डेढलाखभन्दा बढी पर्यटक आउने गरेको तथ्याङ्क छ । पर्यटकहरूका लागि सेवा, सुविधा र सुरक्षाको प्रभावकारी व्यवस्था गरेर पाशुपत संस्कृति र परम्पराको अध्ययन-अवलोकन गर्ने विभिन्न संग्रहालय एवं अध्ययन केन्द्रको व्यवस्था गरी प्रचार, प्रसार गरेमा यो संख्या अझ बढ्दै जाने स्पष्ट देखिन्छ ।

पशुपति क्षेत्रमा दर्शनार्थी भक्तजन एवं पर्यटकहरूको बढ्दो संख्या र तिनले प्रयोग गरेका यातायात साधनको हालको तथ्याङ्कको विश्लेषण गर्दा पार्किङ्गको समस्या जटिल बन्दै जाने देखिन्छ । हेमन्त भैरव र गुह्येश्वरी क्षेत्रमा त पार्किङ्गका लागि स्थानै छैन । पशुपतिमा पनि अहिले B11 को खाली जमिनले पार्किङ्गको समस्या समाधान गर्दै आएको छ । त्यस स्थानको भू-उपयोग योजना बनेपछि सो अनुसार अन्य सेवा सुविधाका काममा त्यस क्षेत्रको उपयोग हुँदा पार्किङ्गका लागि स्थानाभाव हुने स्पष्ट छ । बढ्दो सवारी संख्या र पार्किङ्गका लागि स्थानको अभावलाई दृष्टिगत गर्दा थोरै जग्गा प्रयोग

गरेर धेरै सुविधा विकास गर्ने गरी बहुतले सवारी साधन विश्राम भवन निर्माण गर्न आवश्यक देखिन्छ तर संरक्षित स्मारक क्षेत्र भित्र यस किसिमको निर्माण उपयुक्त हुँदैन । त्यसैले पार्किङ्गका लागि उपयुक्त विकल्प खोज्नु पर्दछ ।

२०५३ सालसम्म राजराजेश्वरी मन्दिर परिसरमा सीमित क्रियापुत्री सेवा ताराप्रकाशेश्वर क्षेत्रमा सारेर हाल ४० कोठामा विस्तार गरी सञ्चालन हुँदै आएको देखिन्छ । प्रतिदिनको दाह संस्कारको तथ्याङ्कसँगै क्रियापुत्री सेवाको बढ्दो मागलाई दृष्टिगत गर्दा वर्तमानको सुविधा अपर्याप्त भएको छ तर यस सेवालाई यहाँ विस्तार गर्न सक्ने स्थिति देखिंदैन ।

२०५३ सालमा दाहसंस्कार प्रतिदिन सरदर १० रहेकोमा हाल आर्यघाट-भस्मेश्वर घाटको मात्र दाहसंस्कार संख्या झन्नै दोब्बर भएको छ । अहिले विद्युत् शवदाहको सुविधा समेत थप भएको छ । विद्युत् शवदाहमा पनि एउटा मेशिनबाट प्रतिदिन सरदर १२ लासको संस्कार हुँदै आएको तथ्याङ्कले देखाउँछ । यसरी २०५३ को तुलनामा अहिले अन्तिम संस्कारको संख्या तिनगुना बढेको देखिन्छ । यसको चाप क्रियापुत्री सेवामा पर्नु अस्वाभाविक होइन ।

२०५३ को अवधारणात्मक गुरुयोजनामा उल्लिखित पशुपति क्षेत्रको जनसंख्याको तुलनामा अहिलेको जनसंख्या ३ गुनाभन्दा बढी भएको देखिन्छ । जनगणना भएको पनि सातवर्ष भई सकेको छ । यस अवधिमा पनि जनसंख्या वृद्धि त रोकिएको छैन, बढी रहेकै छ । जनसंख्याको वृद्धिसँगै यस क्षेत्रमा भवन निर्माण पनि तीव्र रूपमा भई रहेको छ । घरधुरीको वृद्धि २०५३ का तुलनामा दोब्बर भन्दा पनि बढी भएको छ ।
पशुपति क्षेत्रमा पुराण, प्रवचन, विवाह-व्रतबन्ध, यज्ञ-यागादिका निमित्त आउने स्वदेशी एवं विदेशी भक्तजनको संख्या पनि निरन्तर बढ्दो क्रममा रहेको देखिन्छ । वैशाख, श्रावण, कार्तिक, माघ जस्ता महिनामा त भक्तजनको माग अनुसार स्थान उपलब्ध गराउन मुस्किल हुने कुरा सम्बन्धित स्रोतबाट ज्ञात हुन आएको छ ।

पहिले पशुपति क्षेत्रभित्रका विभिन्न आश्रम र अखाडामा बस्ने दशनामी जोगीको शवमात्र तिलगंगा श्लेष्मान्तक वन क्षेत्रमा समाधिस्थ गर्ने व्यवस्था भएकोमा अहिले जुनसुकै धर्म, सम्प्रदाय र स्थानको मृतकलाई पनि यहाँ ल्याएर समाधिस्थ गर्ने र सो स्थानमा सिमेन्ट प्रयोग गरेर विभिन्न आकार-प्रकारका स्मारक बनाउने विकृति बढेर गएको देखिन्छ । यसले गर्दा तिलगंगा श्लेष्मान्तक वन क्षेत्र भित्रभित्रै उजाड हुँदै गएको छ ,स्थायी किसिमका स्मारक संरचनाले वनसम्पदा नष्ट भएको छ ।

यसतर्फ ध्यान दिएर नियन्त्रण गरिएन भने कालान्तरमा श्लेष्मान्तक वन नाममा मात्र बाँकी रहने स्पष्ट छ ।

पशुपति क्षेत्र पुरातात्विक महत्वका स्मारकहरूको खुला संग्रहालय मानिन्छ । २०५२ मा यहाँ ५१८ स्मारक भएको विवरण पाइन्छ तर कोषले यही २०७५ सालमा गराएको पशुपति क्षेत्रको विस्तृत नक्साङ्कन अनुसार ४६१ स्मारकहरूको मात्र नक्साङ्कन भएको छ । ५७ स्मारकहरू पाताल भएको हुनुपर्छ । २०७२ को विनाशकारी भूकम्पले पनि जीर्णशीर्ण अवस्थाका स्मारकहरूलाई पाताल बनाएको हुन सक्छ । स्मारकको भौतिक ध्वस्ततासँगै त्यसको वास्तुकला र इतिहास समेत ध्वस्त हुने भएकाले स्मारकहरूको संरक्षण र पुनर्निर्माणलाई समयमै ध्यान दिनु पर्ने हुन्छ ।

### ३.१० गुरुयोजनाका चरणहरू

प्रस्तुत गुरुयोजनामा प्रस्तावित कार्यक्रमहरू निम्न अनुसारका तिन चरणमा विभाजित गरिएका छन्:

| | |
|---|---|
| प्रथम चरण | (आ.व. २०७७-२०७८ देखि २०८१-२०८२ सम्म) |
| द्वितीय चरण | (आ.व. २०८२-२०८३ देखि २०८६-२०८७ सम्म) |
| तृतीय चरण | (आ.व. २०८७-२०८८ देखि २०९१-२०९२ सम्म) |

आ.व. २०७६-२०७७ गुरुयोजना स्वीकृति सम्बन्धी आवश्यक प्रक्रियामा नै लाग्न सक्ने भएकाले गुरुयोजना कार्यान्वयनको प्रथम चरण आ.व.०७७-०७८ बाट शुरु गरिएको हो ।

उपर्युक्त तिन चरणमा स्मारक संरक्षण तथा सेवा सुविधा विस्तारका कार्यक्रमको एक चक्र सम्पन्न हुने छ । शिक्षा, स्वास्थ्य, जनकल्याण, वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरू निरन्तर चली रहने प्रकृतिका हुन् । सेवा-सुविधा सम्बन्धी कार्यक्रमका साथै स्मारकहरूको संरक्षण, पुनर्निर्माण सम्बन्धी कार्यक्रम पनि एक चक्र पूरा भएपछि पनि आवश्यकता र औचित्यका आधारमा सञ्चालित हुँदै जानेछन् । उपर्युक्त समयावधिभित्र प्रस्तावित कार्यक्रमको कार्यान्वयनबाट गुरुयोजनाले परिकल्पना गरेको पशुपति क्षेत्रको स्वरूपले आकार प्राप्त गर्ने छ । पूर्वगुरुयोजनाको अवधारणा अनुसार हाल सञ्चालनमा रहेका विकास निर्माण र संरक्षण सम्बन्धी कार्यक्रम पनि प्रस्तुत गुरुयोजनाका अंग बन्न सक्छन् र ती पनि पशुपति क्षेत्रको परिकल्पित स्वरूपलाई मूर्तरूप दिन सहयोगी हुन सक्छन् ।

३.१०.१. प्रथम चरणका कार्यक्रमहरू

(क) पशुपति दर्शनपथ निर्माण (सूचना केन्द्र, स्नानगृह, शौचालय, सामान सुरक्षा (लकर सेवा) पूजा सामग्रीकक्ष, विश्राम स्थल जुत्ताचप्पल सुरक्षा, स्वास्थ्य सेवा, सामुदायिक सेवा लगायत आवश्यक सुविधा सहित)

(ख) पशुपति प्राङ्गण विस्तार

(ग) गुह्येश्वरी प्राङ्गण विस्तार

(घ) विश्वरूपा मन्दिर तथा सत्तल पुनर्निर्माण

(ङ) पशुपति अध्ययन केन्द्र निर्माण

(च) सेवा क्षेत्र गोठाटारको भू-उपयोग योजना तथा हाता पर्खाल तथा भौतिक पूर्वाधारको विकास

(छ) बहु-उद्देश्यीय कोष कार्यालय भवन निर्माण C1मा

(ज) रामघाट-चक्रपथ खण्ड B13 मा घाट निर्माण

(झ) विश्वरूपा उत्तरपूर्वको भूक्षय नियन्त्रण तथा वृक्षारोपण

(ञ) बाग्मती जलप्रवाह प्रवर्धनका लागि वर्षाको पानी सङ्कलन गर्न बृहत् जलाशय निर्माण

(ट) पन्ध्र शिवालय क्षेत्र संरक्षण

(ठ) किरातेश्वर क्षेत्र संरक्षण तथा सुविधा विकास

(ड) कैलास वरिपरी धार्मिक प्रकृतिका बिरुवा लगाएर हरियाली प्रवर्धन

(ढ) B३ मा हल्का सवारी साधन पार्किङ्ग सुविधा (डेक पार्किङ्ग) को विकास

(ण) पञ्चदेवल तथा चौघेरा सत्तलको पुनर्निर्माण

(त) गोरखनाथ-मृगस्थली क्षेत्रका मन्दिर तथा सत्तलहरूको पुनर्निर्माण

(थ) वनकाली चोक B7 तथा B11 र B12 का बिचको दर्शनपथको प्रारम्भ बिन्दुमा कलात्मक प्रवेशद्वार निर्माण

(द) मृगस्थली-श्लेष्मान्तक वनक्षेत्र सुरक्षा पर्खाल निर्माण

(ध) भकुन्टोल कारपार्क दक्षिण (भण्डारी गुठी घर दक्षिण) अन्नदान भवन निर्माण तथा पोखरी पुनर्निर्माण

(न) तिलगंगा-ताम्रगंगा सडक बन्द गरी वृक्षारोपण गर्ने ।

(प) आगमघर निर्माण A1 मा

(फ) नवदुर्गा मन्दिर तथा सत्तलको पुनर्निर्माण

(ब) गुह्येश्वरी परिसरका चौघेरा सत्तलको संरक्षण तथा पुनर्निर्माण

(म) गौरीघाट परिसरका सत्तलहरूको र देवालयहरूको संरक्षण तथा पुनर्निर्माण

(य) जयबागीश्वरी मन्दिर पुनर्निर्माण

(र) पशुपति सभा भवन निर्माण(पार्किङ्ग सहित)

(ल) पशुपति क्षेत्र प्रदक्षिणा पथ निर्माण

(व) खानेपानी संङ्कलन पोखरी निर्माण

### ३.१०.२ द्वितीय चरणका कार्यक्रमहरू

(क) यज्ञशाला निर्माण

(ख) पशुपति साधना सदन निर्माण

(ग) भण्डारेश्वर क्षेत्रमा क्रियापुत्री भवन निर्माण

(घ) बहुद्देश्यीय जोसमनी मठ निर्माण

(ङ) निर्वाणेश्वर निर्वाणेश्वरी मन्दिर तथा सत्तल संरक्षण/पुनर्निर्माण

(च) उमाकुण्ड आश्रम तथा कुण्डको पुनर्निर्माण

(छ) विद्युत् शवदाह गृह विस्तारको प्राविधिक अध्ययन

(ज) आगमघर निर्माण (B3 मा)

(झ) भस्मेश्वर उपक्षेत्रका घाट, मन्दिर, सत्तल र पाटीको संरक्षण

(ञ) एकादश रुद्रशिवालय तथा राममन्दिर क्षेत्रका सत्तल तथा मन्दिरहरूको संरक्षण, पुनर्निर्माण

(ट) गौशाला उपक्षेत्रमा हाल प्रहरी प्रभाग भएको स्थानमा पशुपति श्रव्य-दृश्य सूचना केन्द्र निर्माण

(ठ) जयबागीश्वरी मन्दिर परिसरका सत्तल तथा अन्य मन्दिर एवं पाटीहरूको संरक्षण

(ड) नवालीटोलका मन्दिर, सुनधारा चोक तथा पाटीहरूको संरक्षण

(ढ) वेदविद्याश्रममा कक्षाकोठा र छात्रावास विस्तार

(ण) B13 मा प्रस्तावित कार्यक्रमको प्राविधिक अध्ययन तथा परियोजना तयारी

(त) सेवा क्षेत्रमा प्रस्तावित कार्यक्रमको प्राविधिक अध्ययन तथा परियोजना तयारी

(थ) त्रिविक्रम मन्दिर निर्माण

(द) पशुपति अन्नदान भवननिर्माण

(ध) पशुपति नक्षत्र मण्डल निर्माण

(न) पशुपति वेद-वेदाङ्ग महाविद्यालय निर्माण

### ३.१०.३ तृतीय चरणका कार्यक्रमहरू

(क) प्रथम र द्वितीय चरणमा शुरु भएका कार्यक्रम तथा अध्ययन भएका कार्यक्रमको कार्यान्वयन

(ख) हेमन्त भैरव, गौरीघाट, जयवागीश्वरी पूर्वको चोक तथा सिफलमा प्रवेशद्वार निर्माण

(ग) सम्पूर्ण स्मारकहरूको संरक्षण सम्बन्धी कार्यक्रमको पूर्णता

(घ) B13मा प्रस्तावित कार्यक्रमको कार्यान्वयन

(ङ) सेवा क्षेत्रमा प्रस्तावित कार्यक्रमको कार्यान्वयनमा तीव्रता शुरु (प्राथमिकताका आधारमा)

(च) हेमन्त भैरव-गौरीघाट तथा गुह्येश्वरी क्षेत्रमा पार्किङ्ग स्थल निर्माण

(छ) अतिक्रमित मूर्ति तथा मन्दिरको संरक्षण

(ज) गुह्येश्वरी मन्दिर उत्तर वागमती पारी पार्किङ्ग सुविधा विकास

## ३.११ गुरुयोजनाको कार्यनीति

प्रस्तुत गुरुयोजनाले निर्देश गरेका विकास निर्माण सम्बन्धी कार्यक्रम कार्यन्वयनका सम्बन्धमा कार्यक्रमको आवश्यकता, औचित्य तथा आर्थिक, प्राविधिक स्रोत-साधनको उपलब्धता एवं कार्यक्रम कार्यान्वयनबाट पर्न सक्ने सामाजिक, धार्मिक, वातावरणीय असर समेतलाई ध्यानमा राखेर कार्यनीति निर्धारण गरिएको छ । प्रस्तुत कार्यनीतिमा योजनागत पूर्वतयारी, विस्तृत प्राविधिक अध्ययन परियोजना प्रस्ताव तयारी तथा योजना कार्यान्वयन सम्बन्धी विविध पक्षलाई समावेश गरिएको छ र तिन चरणमा यसलाई विभाजित गरिएको छ ।

### ३.११.१ प्रथम चरण (First Phase)

(क) कार्यक्षेत्र स्पष्ट गरेर गुरुयोजना कार्यान्वयन गर्न समिति गठन गर्ने ।

(ख) आवश्यक जनशक्ति सहितको गुरुयोजना महाशाखा गठन गर्ने वा गुरुयोजनालाई छुट्टै परियोजनाका रूपमा सञ्चालन गर्ने ।

(ग) योजना क्षेत्रमा स्वीकृत गुरुयोजना विपरीतका निर्माण, विकास र अन्य क्रियाकलापमा रोक लगाउने ।

(घ क्षेत्र उपक्षेत्रगत विस्तृत भू-उपयोग योजना तयार गर्ने ।

(ङ) गुरुयोजना कार्यान्वयन समितिकै सक्रियतामा राष्ट्रिय/अन्तर्राष्ट्रिय सहयोग परिचालन सम्बन्धी कार्य अघि बढाउने ।

(च) पशुपति क्षेत्र कार्यक्षेत्र भएका स्थानीय तह, क्षेत्रक निकाय सबैसँग समितिले नै समन्वय गरी सहयोग र सहकार्यको वातावरण बनाउने ।

(छ) पुनः स्थापनाका लागि तोकिएको क्षेत्रमा भौतिक पूर्वाधारको विकास गर्ने ।

(ज) गुरुयोजनाले निर्धारण गरे अनुसार सदुपयोग गर्ने गरी सत्तल, पाटी-पौवाहरू को संरक्षण, पुनर्निर्माण गर्ने ।

(झ) योजना अनुसार प्राप्त गर्नु पर्ने जग्गामा भएका घर-घडेरीको विस्तृत विवरण तयार गरी मूल्याङ्कन समेत गर्ने, गराउने ।

### ३.११.२ द्वितीय चरण (Second Phase)

(क) प्रत्येक क्षेत्र एवं उपक्षेत्रका लागि प्रस्तावित कार्यक्रमको प्राविधिक अध्ययन गरी विस्तृत लागत योजना तयार गर्ने ।

(ख) योजना कार्यान्वयनबाट तत् तत् क्षेत्र-उपक्षेत्रमा पर्न सक्ने बहुपक्षीय असर को अध्ययन गरी त्यसलाई हटाउने वा न्यूनीकरण गर्ने ।

(ग) अधिग्रहण गरी खाली गराएका जग्गामा गुरुयोजनाले निर्देश गरे अनुसारका कार्यक्रम कार्यान्वयनको प्रकिया प्रारम्भ गर्ने ।

### ३.११.३ तृतीय चरण (Third Phase)

(क) द्वितीय चरणमा तयार भएको विस्तृत लागत योजना अनुसारका कार्यक्रमलाई तीव्र रूपमा कार्यान्वयन गर्ने ।

(ख) गुरुयोजना कार्यान्वयन समितिबाट नियमित अनुगमन गरी कार्य सम्पादनमा सहजीकरण गर्ने ।

(ग) कोष सञ्चालक परिषद्बाट कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्ने, स्थलगत निरीक्षण गर्ने, आवश्यक निर्देशन दिने ।

### ३.१२ कार्यप्रवाह ढाँचा (Flow Pattern)


प्रस्तुत गुरुयोजनाको अवधारणा विकासदेखि लिएर योजनाले निर्देश गरेका कार्यक्रमको सम्पन्नताको स्थितिसम्म पुग्नका लागि विभिन्न प्रक्रियाहरू पूरा गरेर अघि बढ्नु पर्ने हुन्छ । योजनाको सफलता ती प्रक्रियाको सहजता, सरलता र निर्बाधतामा आधारित हुन्छ । यस्ता प्रक्रियाहरू कार्यसम्पादनका चरणका रूपमा रहेका हुन्छन् । यिनको ढाँचा पूर्ण वैज्ञानिक र सरल हुनुपर्छ । योजनाको अवधारणा विकासदेखि विस्तृत ड्इङ्ग, डिजाइन तयार गर्दा एक चरणबाट अर्कोचरणमा सहजरूपमा जाने र फर्कने प्रवहमान मार्गमा ध्यान दिन आवश्यक हुन्छ । प्रस्तुत गुरुयोजनाको अवधारणा विकास तथा सो अन्तर्गतका कार्यक्रमको कार्यान्वयनमा कार्यप्रवाहको निर्बाधता र सरलतामा ध्यान दिइएको छ ।

प्रथमतः सम्बन्धित क्षेत्रको महत्ता, संवेदनशीलता, सामयिक अवस्था, भावी आवश्यकता, सिद्धान्त एवम् विषय क्षेत्रगत तथ्याङ्क समेतको अध्ययन गरी गुरुयोजनाको अवधारणा तयार गरिन्छ । सो अवधारणाका सम्बन्धमा सम्बन्धित पक्ष वा सरोकारवालासँगको छलफल एवं विश्लेषणका आधारमा सुधार, परिमार्जन गर्नु पर्ने भए सो समेत गरी अवधारणा स्वीकृत गरिन्छ । यसरी गुरुयोजना अवधारणा स्वीकृत भएपछि सो अन्तर्गतका योजना-कार्यक्रमहरूको उद्देश्य, उपलब्ध स्रोत-साधन आदिका आधारका क्षेत्रगत कार्यक्रमको विस्तृत कार्ययोजना तयार गरिन्छ । त्यसरी तयार गरिएका कार्ययोजनाको कार्यान्वयनबाट पर्न सक्ने सामाजिक, धार्मिक एवं पर्यावरणीय असरको सूक्ष्म अध्ययन गरी त्यस्ता असरलाई हटाउने वा घटाउने उपायको खोजी गरिन्छ र आवश्यक भएमा पूरै योजना वा त्यसका कुनै पक्षमा सुधार समेत गर्नु पर्ने हुन सक्छ । यसै अवस्थामा योजनाको कानुनी पक्ष र अन्य कुनै किसिमका कमी कमजोरी माथि पनि ध्यान दिएर अध्ययन गरिन्छ ।

यसरी सबै प्रक्रियाबाट योजना उपयुक्त देखिएपछि जनसहभागिता, दातापरिचालन वा आन्तरिक स्रोत कसबाट लागत व्यहोर्ने भन्ने स्पष्ट गरी त्यसको कार्यान्वयन गरिन्छ । कार्यान्वयनकै क्रममा कार्यप्रगति, बाधा व्यवधान आदिको समीक्षा गरी आवश्यक निर्देशन समेत दिइन्छ । कार्य सम्पन्न भएपछि सो कार्य सम्पन्न गर्दाका अनुभवलाई अर्को योजना तयारी एवं कार्यान्वयन गर्दा मूल्याङ्कन गरेर उपयोग समेत गरिन्छ । यही कार्यप्रवाहको ढाँचा अनुसार यहाँ कार्यान्वयन एवं अनुगमन गर्न उपयुक्त हुन्छ । यसको तालिका यहाँ प्रस्तुत छ ।

तालिका २

कार्यप्रवाह ढाँचा




### ३.१३. केन्द्रीय क्षेत्र A

यस केन्द्रीय क्षेत्रभित्र पशुपतिनाथ र गुह्येश्वरी मन्दिर परिसरका साथै झङ्केश्वरी उपक्षेत्र समेत पर्दछन् । वैयक्तिक भवनहरू नभएकाले यी तिनै उपक्षेत्रहरू आवास क्षेत्रजन्य दवावबाट मुक्त छन् । यहाँ विशुद्ध धार्मिक, सांस्कृतिक कार्यहरू मात्र प्रस्तावित छन् । यी उपक्षेत्रको पुरातात्विक महत्ता, वर्तमान भू-उपयोग, दूरगामी आवश्यकता तथा क्षेत्रगत मर्यादालाई ध्यानमा राखेर उपयोगिताको परिकल्पना गरिएको छ ।

तालिका ३

केन्द्रीय क्षेत्रको परिकल्पित उपयोगिता

| उप-क्षेत्र | स्थान | परिकल्पित उपयोगिता |
|---|---|---|
| A1 पशुपति मन्दिर परिसर | A1 पशुपति मन्दिर परिसर<br>पूर्व-वाग्मती, पश्चिम- झङ्केश्वरी उपक्षेत्र, दक्षिण-भुवनेश्वरी-वत्सलेश्वरी सडक, उत्तर-कैलास | प्राङ्गण विस्तार, धार्मिक वातावरण संवर्धन, पुरातात्विक संरचना संरक्षण, यज्ञशाला, आश्रम संरक्षण, सत्संग, धार्मिक कार्य सम्पादन स्थल । |
| A2 गुह्येश्वरी मन्दिर परिसर | पूर्व-ताम्रगंगा, पश्चिम-सेतो सत्तल, उत्तर-वाग्मती र दक्षिण-मृगस्थली जंगल | प्राङ्गण विस्तार, धार्मिक वातावरण संवर्धन, पुरातात्विक संरचना संरक्षण, संग्रहालय निर्माण, धार्मिक कार्यसम्पादन स्थल । |
| A3 झङ्केश्वरी | पूर्व-A1 उपक्षेत्र, पश्चिम-भुवनेश्वरी-दक्षिणामूर्ति सडक, उत्तर-कैलास र दक्षिण-भुवनेश्वरी-वत्सलेश्वरी सडक | धार्मिक वातावरण संवर्धन, पुरातात्विक स्मारक संरक्षण, संग्रहालय, सत्सङ्ग तथा प्रवचन कक्ष, प्रवेशद्वार, उद्यान, धार्मिक कार्य सम्पादन स्थल । |

**(क) पशुपति मन्दिर परिसर उपक्षेत्र A1**

भगवान् श्रीपशुपतिनाथको मन्दिर भएको पवित्रतम भूभागलाई यस उपक्षेत्रमा राखिएको छ । श्रीको दर्शनार्थ आउने दर्शनार्थीको बढ्दो संख्यालाई दृष्टिगत गर्दा वर्तमान मन्दिर प्राङ्गण साँघुरो हुँदै गएको छ । प्राङ्गण वरिपरीका संरचनाहरूलाई हेर्दा विगत ४/५ दशकयता पुरातात्विक मान्यता विपरीतका थुप्रै कार्यहरू भएका छन् । जे जस्तो उद्देश्यले गरिए पनि ती गल्ती हुन्, तिनको सुधार गरेर पशुपति परिसरको पुरातात्विक मूल्य र मान्यताको संरक्षण गर्न आवश्यक छ । जात्रा-पर्व विशेषमा हुने

भक्तजनको घुइँचोलाई हेर्दा प्राङ्गण गुफा जस्तै लाग्दछ । प्रस्तुत गुरुयोजनामा यी सबै विषयलाई सच्याउने गरी प्राङ्गण विस्तारको कार्यक्रम राखिएको छ ।

पशुपति मन्दिर प्राङ्गण विस्तार गर्दा मूल मन्दिरको सुरक्षा-संवेदनशीलतालाई ध्यानमा राखेर यस उपक्षेत्रलाई दुई भागमा विभाजित गरिएको छ । पशुपतिको बर्तमान प्राङ्गण अन्तः परिसर र विस्तारित प्राङ्गण बाह्य परिसर हुने छन् । अन्तः परिसरमा विशुद्ध धार्मिक कार्यमात्र हुने छन् । त्यहाँ सुरक्षाकर्मीहरू मन्दिरको सुरक्षार्थ रहने छन् । बाह्य परिसरमा अर्चक निवास, यज्ञशाला तथा धार्मिक कृत्य सम्पादन स्थलको व्यवस्था हुने छ । यस उपक्षेत्रका सत्तलमा पशुपतिनाथको पूजा अर्चनासित सम्बन्धित कार्य बाहेक कुनै पनि सेवा सुविधाका कार्य राखिएका छैनन् । अन्तिम अवस्थाका बिरामीलाई जलजोग ल्याउँदा राख्ने सुविधा चाँहि यहाँ राखिएको छ । आर्यघाटलाई आर्यातीर्थ एवं ब्रह्मनालका रूपमा मात्र राखेर दाहसंस्कार सम्बन्धी कार्यलाई भस्मेश्वर घाट क्षेत्रमा मात्र सञ्चालन गर्नु पर्दछ । यसो गर्दा भक्तजनले आर्यातीर्थमा स्नान गरेर वत्सलेश्वरीको दर्शन गरी दक्षिण ढोकाबाट अथवा वत्सलेश्वरीको दर्शन गरी आर्यातीर्थमा बाग्मतीको जल सेचन गरेर पूर्व ढोकाबाट भगवान् पशुपतिनाथको प्राङ्गणमा प्रवेश पाउने व्यवस्था गर्न सरल हुन्छ । आर्यघाट आर्यातीर्थमा यहाँ भएका घाट, मन्दिर, बिरामी कुरुवा घर, मलामी घर, वत्सलेश्वरी मन्दिर तथा प्राङ्गणहरूको मर्मत तथा पुनर्निमाण पुरातात्विक एवं प्राकृतिक सुन्दरताका दृष्टिले उत्कृष्ट हुन आवश्यक छ । यो पूरै भागलाई विस्तारित प्राङ्गणभित्र समावेश गरिएको छ । यसरी आर्यघाट एवं वत्सलेश्वरी मन्दिर समेतलाई समावेश गरेर पूर्वी परिधि, रुद्रागारेश्वरभन्दा माथिको लक्ष्मीनारायण मन्दिरसम्मको पूर्व-पश्चिमको भागलाई समावेश गरेर उत्तरी परिधि तथा दक्षिणतर्फको सत्तल एवं वज्रघर समेतलाई समावेश गरेर दक्षिणी परिधिको निर्माण गर्न उपयुक्त हुने देखिन्छ । पशुपतिका अर्चकहरूको निवासका लागि वज्रघरको पूर्व-पश्चिम लडलाई पोडेपाटीसम्म निर्माण गरी आवश्यक सुविधा सहितको बनाएर प्रयोग गर्नु पर्दछ । यसो गर्दा सुरक्षा एवं अन्य प्रशासनिक व्यवस्था गर्न सरल हुन्छ ।

प्राङ्गण विस्तारका क्रममा भक्तजनलाई पशुपतिनाथ मन्दिरको दिव्यता र प्राङ्गणको खुलापनको अनुभूति हुने गरी पश्चिमतर्फको महेन्द्र साहारा तथा सप्तमी सत्तलको बाहिर निस्केको उत्तर-दक्षिणको भाग हटाउनु पर्छ । पश्चिम ढोका पशुपति आगम अनुकूल हुने गरी कुलानन्द झा सत्तल नजिक निर्माण गर्नु पर्दछ । उत्तरतर्फ लक्ष्मीनारायण मन्दिर, कपिलमुनि, आश्रम बद्रीनाथ मन्दिर र वासुकि आश्रमको संरक्षण एवं पुनः संरचना गरी अरु संरचना हटाई उत्तरी ढोकालाई पनि केही फराकिलो एवं कलात्मक बनाउनु पर्छ । पूर्वतर्फ गुह्येश्वर सत्तल, बिरामी कुरुवा सत्तल तथा मलामी सत्तल

(रातो सत्तल) को अनावश्यक माथिल्लो भागलाई हटाएर पुनःसंरचना गरी छानालाई एकरूपता प्रदान गर्न आवश्यक छ । साथै पूर्वतर्फ प्राविधिक दृष्टिले सम्भव भए मुक्तिमण्डप पूर्वको बरण्डा बराबर हुने गरी उत्तर दक्षिण मिलाएर प्राङ्गण विस्तार गरेर पूर्वी ढोकालाई पनि सुविधायुक्त बनाउन आवश्यक देखिन्छ ।मन्दिर प्राङ्गण दक्षिणका यज्ञशाला एवं अन्य संरचनालाई संशोधन गरेर पुनः संरचना गरी खुलापनको आभास दिने बनाउनु पर्छ र अनावश्यक संरचना हटाउनु पर्छ । दक्षिणतर्फको सत्तलको पूर्व-पश्चिम तन्किएको पूरै भाग वज्रघर जस्तै देखिने गरी पुनःसंरचना गरी सुरक्षा र अर्चक आवासका लागि उपयुक्त बनाउनु पर्छ । चारै दिशाका प्रवेशद्वारलाई पाशुपत आगम अनुकूल हुने गरी कलात्मक रूपमा बनाउनु पर्छ । यस उपक्षेत्रको नक्सा अनुसूची ३ मा समावेश गरिएको छ ।

(ख) **गुह्येश्वरी मन्दिर परिसर उपक्षेत्र A2**

माता गुह्येश्वरीको मन्दिर भएको पवित्र उपक्षेत्र वातावरणीय र अन्य दुष्प्रभावबाट मुक्त छ । यहाँ अतिक्रमणको स्थिति पनि छैन । मृगस्थलीको उत्तरी पाटोमा बाग्मती नदीको दक्षिणी किनारामा अवस्थित यो उपक्षेत्र प्राकृतिक सौन्दर्यले युक्त एवं शान्त छ । निरन्तर बढी रहेको भक्तजनको संख्यालाई दृष्टिगत गर्दा यस मन्दिरको प्राङ्गण पनि साँधुरो हुँदै गएको छ । यहाँ पनि विवाह, व्रतबन्ध एवं अन्य धार्मिक कार्यका लागि मानिसको माग बढ्दै गएको छ । चौघेरा सत्तलले घेरिएको मन्दिर प्राङ्गणलाई दक्षिणतर्फ विस्तार गर्ने सम्भावना नभएकाले यस प्राङ्गणलाई पूर्वतर्फ ताम्रगङ्गसम्म र पश्चिमतर्फ सेतो सत्तललाई भित्र पारेर विस्तार गर्न सकिन्छ ।

यसरी विस्तार गर्दा वर्तमान प्राङ्गण अन्तः परिसर र विस्तारित भाग चाहिँ बाह्य परिसर बन्दछन् । अन्तः परिसरमा भगवतीको पूजा-पाठ लगायतका धार्मिक कार्यहरू मात्र गर्नु पर्दछ । बाह्य परिसरमा चाहिँ विवाह, व्रतबन्ध लगायतका सांस्कारिक कार्य, लाखबत्ती प्रज्वलन, कथा, प्रवचन जस्ता कार्यका लागि सुविधाको विकास गर्नु पर्दछ । यस उपक्षेत्रका सत्तललाई ध्यान तथा योग साधना, शक्तिउपासना, तपश्चर्या जस्ता कार्यमा प्रयोग गर्नु उपयुक्त हुन्छ । श्रीको भण्डार, श्रीको पुजारीको निवासका लागि पनि सत्तलको प्रयोग गर्नु पर्दछ । साथै यस क्षेत्रका सत्तलमा गुह्येश्वरी, बाग्मती, मृगस्थली तथा श्लेष्मान्तक जस्ता पवित्र मन्दिर, नदी तथा वनक्षेत्रसँग सम्बन्धित विषयको जानकारी दिने प्रदर्शनी कक्षको समेत व्यवस्था गरेमा भक्तजन र अध्येताहरूको समेत आवागमन बढ्न जाने देखिन्छ । गौरीघाटदेखि गुह्येश्वरीसम्म यातायातका साधनको प्रवेश निषेध गरेर दायाँ बायाँ हरियाली युक्त पदमार्गको निर्माण गर्नु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची ४ मा समावेश गरिएको छ ।

### (ग) झङ्केश्वरी उपक्षेत्र A3

यस उपक्षेत्रभित्र झङ्केश्वरी, झङ्केश्वर, शङ्कराचार्यमठ, महास्नान घर (ठूलो सदावर्त सत्तल), शंखनारायण सत्तल जस्ता धार्मिक, पुरातात्विक सम्पदाहरू पर्दछन् । यो उपक्षेत्र A1 उपक्षेत्रको रक्षा कवचकारूपमा रहेको छ । यसले मन्दिर परिसरलाई बाह्य दवावबाट मुक्त गरेर केन्द्रीय तत्त्व पशुपतिको मन्दिरको दिव्यता र गरिमालाई बढाउने काम गर्नुका साथै भक्तजनलाई धार्मिक, आध्यात्मिकरूपले उत्कृष्ट क्षेत्रतिरको प्रवेशको दिव्य अनुभूति समेत प्रदान गर्दछ । यस उपक्षेत्रमा धार्मिक, सांस्कारिक कार्यका साथै पशुपति संग्रहालयको व्यवस्था तथा सत्सङ्ग एवं धार्मिक प्रवचनको सुविधा विकास गर्न सकिन्छ । यहाँको बाँकी रहेको खाली जग्गालाई सुन्दर उद्यानका रूपमा विकसित गर्नु पर्दछ । यस उपक्षेत्रमा महास्नान घरसँगै एक कलात्मक प्रवेशद्वार निर्माण गर्न आवश्यक छ । यस उपक्षेत्रको नक्सा अनुसूची ५ मा समावेश गरिएको छ ।

### ३.१४ सन्निकट क्षेत्र B

यो क्षेत्र कोर क्षेत्रभन्दा बाहिरको तर कोर क्षेत्रसँग जोडिएको क्षेत्र हो । पशुपति वा गुह्येश्वरी जुन मन्दिरमा प्रवेश गर्न पनि सन्निकट क्षेत्र भएरै दर्शनार्थीले जानु पर्दछ । त्यसैले यस क्षेत्रले भक्तजनलाई दिव्य क्षेत्रमा प्रवेश गर्ने क्रममा सूक्ष्मरूपमा आध्यात्मिक आनन्दानुभूति प्रदान गर्दछ । पूर्वतर्फको मृगस्थली, श्लेष्मान्तक वनक्षेत्र र त्यहाँ भएका मन्दिरहरू; पश्चिमतर्फ पशुपति मन्दिरतिर फर्किएको लिच्छवि कालीन मूर्तिहरू भएको भिरालो भूबनोट, दक्षिणतर्फको पुनरुज्जीवित वनकाली वनोद्यान तथा उत्तरतर्फको उच्च एवं पवित्र कैलासले पशुपति केन्द्रीय क्षेत्रको आध्यात्मिक, प्राकृतिक वातावरण उद्भाषित भएको छ । त्यसै गरी गुह्येश्वरी कोर क्षेत्रलाई पनि पूर्वतर्फको ताम्रगङ्गा र सो पूर्वको जङ्गल र खुला चउर, दक्षिणतर्फको मृगस्थली क्षेत्रको हरियाली, पश्चिमतर्फको किरातेश्वर मन्दिर क्षेत्र तथा उत्तर तर्फको पवित्र वाग्मती नदीले पूर्णतः धार्मिक, प्राकृतिक वातावरण प्रदान गरेको छ । गुह्येश्वरी मन्दिर परिसरमा उत्तरतर्फ वाग्मतीपारी बढ्दै गएको शहरीकरणले यस क्षेत्रको दिव्यता र खुलापनमा केही असर गरेको भए पनि त्यो क्षेत्र निर्धारित पशुपति क्षेत्रभित्र पर्दैन तर पशुपति कोर क्षेत्रको पश्चिमतिरको भूभागमा पुरातात्विक क्षेत्रको मर्यादा प्रतिकूल बढेको शहरीकरणको प्रक्रिया एवं प्राचीन मूर्ति र मन्दिरको अतिक्रमणले गर्दा यस क्षेत्रको धार्मिक, पुरातात्विक, वातावरण प्रभावित हुँदै गएको छ । यस किसिमको बढ्दो दुष्प्रभावलाई नियन्त्रण गर्न सकारात्मक हस्तक्षेप आवश्यक छ ।

जसरी भाषिक व्यवहारमा व्यञ्जन र स्वरको मेल आवश्यक हुन्छ त्यसरी नै धार्मिक क्षेत्रको दिव्यताको अनुभूतिका लागि केन्द्रीय र सन्निकट क्षेत्रको वातावरणीय मेल आवश्यक हुन्छ ।

दार्शनिक दृष्टिले यो क्षेत्र आर्क (Arch) जस्तै हो जुन साधारणतः स्थिर र निष्क्रिय देखिए पनि आन्तरिक रूपमा धेरै सजीव, सक्रिय एवं सतत जागरुक हुन्छ । यसले केन्द्रीय क्षेत्रलाई भौतिक रूपमा बाहिरबाट घेरेर वातावरणीय चाप, प्रदूषण एवं अवाञ्छित क्रियाकलापबाट सुरक्षित राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस क्षेत्रको उप विभाजन तथा परिकल्पित उपयोगिता यहाँ प्रस्तुत छ ।

तालिका ४

सन्निकट क्षेत्रको परिकल्पित उपयोगिता

| उप-क्षेत्र | स्थान | परिकल्पित उपयोगिता |
|---|---|---|
| B1 मृगस्थली | पूर्व-ध्रुवस्थली, पश्चिम-बागमती एवं B13 उपक्षेत्र, उत्तर-गुह्येश्वरी एवं किरातेश्वर मन्दिर परिसर सहित बागमती तथा दक्षिण-ध्रुवस्थलीको दक्षिणी भाग । | मन्दिर, सत्तल, वनजंगल, सन्त आश्रम, सन्त स्मृति कक्ष, ध्यानयोग साधना केन्द्र, संग्रहालय, सुरक्षा केन्द्र, तपश्चर्यास्थल,आश्रम,चमेनागृह निर्माण । |
| B2 कैलास-गौरीघाट | कैलास, उमाकुण्ड, गौरीघाट, शान्ति तीर्थ, सूर्यघाट । | खुला चउर, मेला क्षेत्र, धार्मिक स्थल, आश्रम तपस्थली, स्मारक संरक्षण, पुनर्निर्माण । |
| B3 हेमन्त भैरव | हेमन्त भैरव, पुनस्थापन क्षेत्र (मित्रपार्क-गौरीघाट सडक दक्षिण तथा मित्रपार्क दक्षिणामूर्ति मार्ग उत्तर) । | विशेष आवास क्षेत्र, धार्मिक स्थल, हलुका सवारी पार्किङ्गस्थल । |
| B4 भुवनेश्वरी | पाँचुटोल, दथुटोल, ईटाँपाखा, ( B3 दक्षिण, B8 उत्तर), चक्रपथ पूर्व तथा भुवनेश्वरी-दक्षिणामूर्ति मार्ग पश्चिम) । | प्रदक्षिणापथ, देवालय, धार्मिक स्थल, पुरातात्विक मर्यादा अनुकूलको क्रियाकलाप, प्रवेशद्वार, अतिक्रमित प्राचीन शिवलिङ्गको सामाजिकीकरण । |
| B5 पञ्चदेवल | पञ्चदेवल, वरुण धारा, वनकाली उद्यान उत्तरको पोखरी र पार्किङ्ग स्थान भएको भकुन्टोल समेत । | सन्त निवास, सम्पर्क कार्यालय, दर्शन पथ सुविधा, स्वास्थ्य सेवा, धार्मिक क्रियाकलाप, संग्रहालय, अन्नदान भवन निर्माण । |
| B6 | भस्मेश्वरदेखि चारशिवालय उत्तरको घाट, | क्रियापुत्री सेवा, घाट सेवा, धार्मिक स्थल, |

| | | |
|---|---|---|
| भस्मेश्वर | मन्दिर र सत्तल भएको स्थान । | धार्मिक क्रियाकलाप । |
| B7<br>वनकाली | B5 देखि दक्षिण, गौशाला-चारशिवालय सडकदेखि उत्तर चारशिवालय-पञ्चदेवल सडक पश्चिम तथा गौशाला-भुवनेश्वरी सडक पूर्वको वनकाली उद्यान र हंसमण्डप भएको स्थान । | वन-बगैंचा, मेला तथा पुराण-प्रवचन क्षेत्र, खुला स्थान एवं पूजा सामान तथा उपहार पसल, हंसमण्डपसँगै यज्ञमण्डप, दर्शनपथ सुविधा विकास तथा पशुपति वाटिका । |
| B8<br>देवोद्यान | B4 दक्षिण, गौशाला-भुवनेश्वरी-सडक देखि पश्चिम, गौशाला चोक उत्तर तथा गौशाला-जयवागीश्वरी चक्रपथ पूर्वको वेदविद्याश्रम तथा हालको कार्यालय भएको देवोद्यान क्षेत्र । | वेदविद्यालय, छात्रावास, पुस्तकालय, पशुपति अध्ययन केन्द्र, धार्मिक उद्यान, खाने पानीपोखरी निर्माण । |
| B9<br>भण्डारखाल-जयवागीश्वरी | पूर्वतर्फ गौशाला-जयवागीश्वरी चक्रपथ दक्षिणतर्फ गौशालाबाट रातोपुल जाने सडक, उत्तरतर्फ जयवागीश्वरी उत्तरबाट सिफल जाने बाटो हुदै पिपलबोट चोक पश्चिमतर्फबाट पनिको टोल हुदै रातो पुल जाने सडकसम्म । | ऐतिहासिक बगैचा, पुरातात्विक क्षेत्र, धर्मशाला-गौशाला, धार्मिक स्थल, मन्दिर, सत्तल, खुलाचौर मेला क्षेत्र सुरक्षा चौकी, पशुपति साधना सदन निर्माण । |
| B10<br>गौशाला | गौशाला चोकदेखि पूर्व, वनकाली मन्दिरबाट देवोद्यान जाने बाटोदेखि पश्चिम B11 देखि उत्तर तथा घ्रड देखि दक्षिण । | प्रवेशद्वार, उद्यान, पशुपति क्षेत्र र नेपालका धार्मिक क्षेत्र सम्बन्धी श्रव्यदृश्यात्मक प्रदर्शनी कक्ष निर्माण । |
| B11<br>मङ्गलागौरी | B7 घ्रट देखि दक्षिण, चक्रपथ देखि उत्तर B12 देखि पश्चिम, गौशाला-वनकाली चोकदेखि पूर्व । | पशुपति दर्शन पथ निर्माण, सूचना कक्ष, लकर सेवा, पार्किङ्ग सुविधा, पशुपति बजार व्यवस्था, बहुद्देश्यीय सभा भवन, उद्यान, प्रवेशद्वार निर्माण । |

| | | |
|---|---|---|
| B12 चारशिवालय | B11 देखि पूर्व, वाग्मतीदेखि पश्चिम, क्रियापुत्री सेवा (ताराप्रकाशेश्वर) देखि दक्षिण तथा चक्रपथ उत्तर । | विद्युत् शवदाह गृह, अग्निहोत्र शाला, देवालय, प्रसादी कक्ष, उद्यान तथा डेक पार्किङ्गसुविधा विकास । |
| B13 त्रिविक्रम | चक्रपथदेखि उत्तर, वाग्मतीदेखि पूर्व, रामघाटबाट चक्रपथ निस्कने बाटोदेखि पश्चिम तथा रामघाट दक्षिण । | त्रिविक्रम मन्दिर, सुरक्षा केन्द्र, पर्यटक सहयोग सूचना केन्द्र, उपहार बिक्री कक्ष, जलपान गृह, घाट निर्माण, प्रवेशद्वार, शिवशक्ति लीला भवन निर्माण तथा उद्यान । |
| B14 ध्रुवस्थली | ताम्रगङ्गा एवं तिलगङ्गा पूर्वको त्रिभुवन विमानस्थल पश्चिमको शिवपुरी बाबा आश्रम समेतको भाग । | धार्मिक वनक्षेत्र, तपःस्थली, विशाल पानी पोखरी निर्माण, खुला चउर, सती स्तन पीठ एवं दूधकुण्ड संरक्षण । |

### (क) मृगस्थली उपक्षेत्र B1

यस उपक्षेत्रमा भत्के-बिग्रेका र पाताल भएका मन्दिर र सत्तलको पुनर्निमाण बाहेक अन्य थप संरचना बनाउनु हुँदैन । केवल दर्शनार्थी एवं पर्यटकहरूको सुविधाका निमित्त दर्शन पथ, विश्राम स्थल, चमेना गृह र शौचालय आवश्यक छन् । दर्शन पथ बाहेकका अन्य सबै कार्यक्रमहरू पुनर्निर्माण गरिएका सत्तलहरूमा सञ्चालन गर्नु पर्दछ । यसै उपक्षेत्रमा भई रहेको लास गाड्ने प्रवृत्तिका साथै कंक्रिटिङ्ग गरेर स्मारक बनाउने प्रवृत्तिले यो क्षेत्र विरूप भएको छ, जंगल मासिँदै गएको छ जसले गर्दा मृगस्थली -श्लेष्मान्तक वन क्षेत्रको धार्मिक महत्व गौण भएर चिहान घारीमा परिवर्तन हुँदै गएको छ । यस प्रवृत्तिलाई यथाशीघ्र बन्द गर्नु पर्दछ । यस उपक्षेत्रलाई सुरक्षा पर्खालले घेर्नु पर्दछ ।

आज भन्दा डेढ दशक अघिसम्म मृगस्थली-श्लेषमान्तक वन क्षेत्रबाट तिलगंगा र ताम्रगंगामा केही जल प्रवाहित भई रहन्थ्यो । हाल त्यहाँको वातावरणीय प्रभावको मूल्यांकन नै नगरीकन मोटर बाटो खोलेको देखिन्छ । यसले गर्दा धार्मिक आस्था र महत्ता भएका तिलगंगा र ताम्रगंगा दुवैको अस्तित्व लुप्त भएको छ । भूक्षयको स्थिति पनि निरन्तर बढ्दो क्रममा छ । यसले विश्वरूपा मन्दिर परिसरलाई असर गर्ने स्थिति सिर्जना भएको देखिन्छ । मृगस्थली-श्लेषमान्तक वन क्षेत्रको वातावरणमा नै प्रतिकूल प्रभाव पार्ने त्यस मोटर बाटोलाई अविलम्ब बन्द गरेर त्यस उपक्षेत्रको प्राकृतिक वातावरणको संरक्षण गर्नुपर्दछ । वृक्षारोपण एवं भूक्षय नियन्त्रणका कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची ६ मा समावेश गरिएको छ ।

## (ख) कैलास-गौरीघाट उपक्षेत्र B2

यस उपक्षेत्रमा भएका प्राचीन शिवलिङ्गको संरक्षण बाहेक अन्य कुनै पनि संरचना यहाँ निषिद्ध छन् । कैलासको वरिपरी धार्मिक प्रकृतिका विरुवाहरू लगाएर वातावरणलाई सुन्दर एवं प्राकृतिक बनाउनु पर्दछ । यसै उपक्षेत्रभित्र उमाकुण्ड जस्तो धार्मिक स्थल पनि पर्दछ । त्यहाँ निर्मित भवनहरू आधुनिक छन्, पुरातात्विक क्षेत्रको वातावरण प्रतिकूल छन् । तिनको पुनर्निर्माण गरेर सुधार्न आवश्यक छ, त्यहाँ भएका उमाकुण्ड, अमृतकुण्ड एवं हवनकुण्डहरूको संरक्षण र सञ्चालनका लागि कोषबाट आधिकारिक रूपमा तपस्विनी माताको नियुक्ति गरी त्यहाँ देशविदेशबाट आउने तपस्विनी माताहरूका लागि अल्पकालीन आवासको सुविधा मिलाउनु पर्दछ । गौरीघाट एवं शान्तितीर्थ जस्ता धार्मिक स्थल यसै उपक्षेत्रमा पर्ने हुनाले यहाँका मूर्ति, मन्दिर, सत्तल एवं घाटको संरक्षण र सदुपयोग गर्नु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची ७ मा समावेश गरिएको छ ।

## (ग)हेमन्त भैरव उपक्षेत्र B3

यस उपक्षेत्रमा रहेको भैरवको मन्दिरलाई आगम अनुरूप सुन्दर बनाई त्यहाँको वातावरणलाई सो अनुकूल बनाउन आवश्यक छ । पशुपतिनाथको दर्शनार्थ आउने भक्तजनको एक प्रमुख प्रवेश मार्ग समेत भएकाले यस क्षेत्रमा हलुका सवारी साधन पार्किङ सुविधाको विकास गर्न सडक किनारामै भएका केही आवासीय भवनलाई स्थानान्तरण गर्नु पर्दछ । साथै यहाँ एक प्रवेशद्वार समेत निर्माण गर्नु पर्दछ । यो उपक्षेत्र पशुपति, उमाकुण्ड एवं गौरीघाट प्रवेशको मिलन बिन्दुका रूपमा रहेको छ । यस उपक्षेत्रको नक्सा अनुसूची ८ मा समावेश गरिएको छ ।

## (घ) भुवनेश्वरी उपक्षेत्र B4

यस उपक्षेत्रमा धार्मिक एवं ऐतिहासिक महत्वका मूर्ति र मन्दिरहरू प्रशस्त छन् । प्रथमतः पशुपति लघु परिक्रमा पथका लागि भुवनेश्वरी र दक्षिणामूर्तिलाई समेत दाहिने पारेर परिक्रमा गर्ने गरी प्रदक्षिणा मार्ग बनाउनु पर्छ । यसका लागि स्थानीय बासिन्दालाई न्यूनतम असर पर्ने गरी त्यहाँ भएकै बाटोलाई विस्तार गरी बाटो खोल्नु पर्दछ । यस अतिरिक्त यहाँ लिच्छविकालीन शिवलिङ्गहरू पनि छन् र तिनको विशेष धार्मिक महत्ता छ । त्यसैले ती शिवलिङ्गलाई उजागर गरी सार्वजनिक रूपमा दर्शन पूजन गर्ने व्यवस्था गर्न आवश्यक छ । त्यस्ता शिवलिङ्गहरू व्यक्तिको घरआँगनमा रहेकाले प्रभावितलाई पर्याप्त क्षतिपूर्ति दिनु पर्दछ । यो उपक्षेत्र प्राचीन बस्ती भए पनि हाल यहाँ पूर्णतः आधुनिक संरचनाहरू बनेका छन् जसले पशुपतिको केन्द्रीय क्षेत्रकै पुरातात्विक मर्यादामा प्रतिकूल प्रभाव पर्न गएको छ । यहाँको वातावरणीय प्रभाव पशुपति केन्द्रीय क्षेत्र एवं मन्दिर

परिसरमा प्रत्यक्ष रूपमा पर्दछ । त्यसैले यस उपक्षेत्रको प्राचीनतम रूप र शैलीको पुनःस्थापना गर्न र यहाँको प्राचीन शिवलिङ्ग एवं मूर्तिहरूलाई सम्पूर्ण भक्तजनले सहज रूपमा दर्शन पूजन गर्न पाउने स्थिति सिर्जना गर्न कोषले आवश्यकता अनुसार पर्याप्त क्षतिपूर्ति सहित सकारात्मक हस्तक्षेप गर्नु पर्ने देखिन्छ । यस उपक्षेत्रको नक्सा अनुसूची ९ मा समावेश गरिएको छ ।

### (ङ) पञ्चदेवल उपक्षेत्र B5

यस उपक्षेत्रमा हाल सञ्चालित बृद्धाश्रमलाई उपयुक्त सुविधाको विकास गरी गोठाटारमा सार्नु पर्दछ । यहाको चौघेरा सत्तल संग्रहालयका लागि उपयुक्त भएकाले महास्नान घरमा शुरु गरिने संग्रहालयका विस्तार यहा गर्न सकिन्छ । यहाँका मन्दिर र सत्तलको पुनर्निर्माण गर्नु पर्दछ र चौघेरा सत्तललाई सन्त महात्माका लागि निवास स्थान, दर्शनपथका लागि आवश्यक सेवा सुविधा विकास एवं धर्मकर्म, सत्सङ्ग, कथा प्रवचन जस्ता कार्यमा प्रयोग गर्न उपयुक्त हुन्छ । यसै उपक्षेत्रमा भएको भण्डारी गुठी घरलाई भण्डारी निवास क्षेत्रमै सारेर त्यहाँ अन्नदान क्षेत्र निर्माण गरी त्यहाँ भएको पुरानो पोखरीको समेत संरक्षण गर्नु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची १० मा समावेश गरिएको छ ।

### (च) भस्मेश्वर उपक्षेत्र B6

यस उपक्षेत्रका घाटहरू एवं चिताहरूलाई सुविधायुक्त बनाउनु पर्छ र उपयोगका आधारमा सत्तलहरूको मर्मत, पुनर्निर्माण गर्नु पर्दछ । मन्दिरहरूको पुनर्निर्माण गरी नियमित पूजाको समेत व्यवस्था गर्नु पर्दछ । दर्शनार्थी र शवयात्रा मार्गलाई पनि छुट्टाछुट्टै बनाउनु पर्दछ । आर्यघाटमा सञ्चालित अन्तिम अवस्थाका बिरामीको स्वास्थ्योपचार सेवा र घाटसँग सम्बन्धित सबै सेवा यसै उपक्षेत्रका सत्तलमा सञ्चालन गर्नु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची ११ मा समावेश गरिएको छ ।

### (छ) वनकाली उपक्षेत्र B7

यस उपक्षेत्रमा हाल भई रहेको जीर्ण धर्मशाला हटाएर ठाउँ खुला राख्नु पर्छ । यसबाट शिवरात्री जस्ता पर्वहरू सञ्चालन गर्न सजिको हुन्छ । यसै उपक्षेत्रको पूर्वतर्फबाट पशुपति दर्शनपथ जाने भएकाले यहाँ दर्शनार्थीको जुत्ता-चप्पल सुरक्षा कक्षका साथै दर्शनार्थी सेवा सुविधासँग सम्बधित संरचनाहरू बनाउनु पर्दछ । साथै यसै उपक्षेत्रमा पुराण, प्रवचन तथा यज्ञादिको सुविधाका लागि खाली स्थान राखेर उत्तरतिर सुन्दरवाटिका समेत बनाउन उपयुक्त हुन्छ ।भगवान् पशुपतिनाथको दर्शन गरेर अन्नदान क्षेत्र हुदैं फर्कने मार्ग यसै उपक्षेत्रको पश्चिमतर्फ पर्ने भएकाले यहाँ जुत्ता-चप्पल

सुरक्षा कक्ष बनाउन उपयुक्त देखिन्छ । यस उपक्षेत्रको नक्सा अनुसूची १२ मा समावेश गरिएको छ ।

### (ज) देवोद्यान उपक्षेत्र B8

वेदविद्याश्रम र पुरानो नागिनी कुटी भएको यो उपक्षेत्र वनोद्यानका रूपमा रहदै आएकोमा हाल कोषको कार्यालय सञ्चालन भई रहेको छ र गुरुयोजनामा कोषको कार्यालय पनि यही स्थानमा प्रस्तावित गरिएको छ । वेदविद्याश्रमका लागि आवश्यक सुविधाको विकासका साथै यसै उपक्षेत्रको वेदविद्याश्रम पूर्वको भिरालो परेको भागमा पशुपति अध्ययन केन्द्र समेत निर्माण गरी बाँकी सम्पूर्ण भागलाई सुन्दर उद्यानका रूपमा विकसित गर्नुपर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची १३ मा समावेश गरिएको छ ।

### (झ) भण्डारखाल-जयवागीश्वरी उपक्षेत्र B9

यस उपक्षेत्रमा भएका मन्दिर, मूर्ति र ऐतिहासिक बगैंचाको संरक्षणका साथै सिफल चउरको दक्षिणतर्फका संरचना कानुन सम्मत तरिकाले प्राप्त गरी मेला पर्वका लागि सुरक्षित राख्न आवश्यक छ । यसका साथै भण्डारखाल दक्षिण तथा पश्चिमको जग्गामा सेवा तथा आयआर्जन हुने गरी भवन निर्माण गर्न प्रस्ताव गरिएको छ । यसरी भवन निर्माण गर्दा समीपवर्ती घर घडेरीलाई सकारात्मक हस्तक्षेप समेत गर्नु पर्ने हुन्छ । आवश्यकता र औचित्यका आधारमा कानुन सम्मत तरिकाबाट प्रक्रिया अघि बढाउनु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची १४ मा समावेश गरिएको छ ।

### (ञ) गौशाला उपक्षेत्र B10

यस उपक्षेत्रको गौशाला चोकमा रहेको गौशाला प्रहरी प्रभागको कार्यक्षेत्र पशुपति क्षेत्रभन्दा बाहिर समेत विस्तृत भएको र यस क्षेत्रको प्रभावकारी सुरक्षा व्यवस्थाका लागि यसै क्षेत्रमा केन्द्रित सुरक्षा संयन्त्र आवश्यक भएको सन्दर्भमा पशुपति सुरक्षा व्यवस्थाका निमित्त ध्वजघ मा व्यवस्था गरेर गौशाला चोकको प्रहरी प्रभाग अन्यत्र स्थान्तरण गर्नु पर्दछ । गौशाला चोकमा चाहिँ तीर्थयात्री एवं पर्यटकका निमित्त पशुपति क्षेत्र र नेपालका अन्य तीर्थ स्थलका बारेमा श्रव्यदृश्य रूपमा जानकारी दिने पर्यटक सूचना तथा सेवा केन्द्रको विकास गर्नु पर्दछ । यसबाट तीर्थाटन र पर्यटन प्रवर्धनमा सहयोग पुग्दछ र राष्ट्रको आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पर्दछ । यही चोकबाट पशुपति मन्दिरतिर जाने मार्ग छुट्टिने भएकाले यसलाई पशुपति चोक नाम दिई पशुपतिको प्रतीक समेत राख्नु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची १५ मा समावेश गरिएको छ ।

(ट) मंगला गौरी उपक्षेत्र B11

यस उपक्षेत्रलाई कोषले अधिग्रहण गरी सकेको छ । यसै उपक्षेत्रबाट पशुपति दर्शनपथ प्रारम्भ हुने भएकाले दर्शनार्थी सेवा सुविधाका विभिन्न कार्यक्रम यहाँ राखिएका छन् । यो उपक्षेत्र चक्रपथसंगै पूर्व-पश्चिम फैलिएको हुनाले यहाँ हरियाली प्रवर्धनसंगै हलुका सवारी, पार्किङ्ग सुविधाका साथै, पशुपति वजार, बहुउद्देश्यीय सभा भवन, बाटिका, प्रवेशद्वार, सञ्चार तथा सूचना कक्ष, तीर्थयात्री विश्राम कक्ष, स्नानागार, शौचालय र चमेना कक्ष समेत निर्माण गर्न उपयुक्त हुने देखिएको छ । यस उपक्षेत्रको नक्सा अनुसूची १६ मा समावेश गरिएको छ ।

(ठ) चारशिवालय उपक्षेत्र B12

यस उपक्षेत्रको भू-उपयोग योजना अनुसार अग्निहोत्रीशाला (चारशिवालय समेत) प्रसादीगृह, क्रियापुत्री सेवाकेन्द्र, निर्मल अखडा, राजराजेश्वरी मन्दिर एवं सत्तल र अन्य सेवा सम्बन्धी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । हाल सञ्चालित शवदाह गृहलाई B13 मा स्थानान्तरण गर्न आवश्यक देखिन्छ । यसै उपक्षेत्रमा सञ्चालित अग्निहोत्रीशालालाई सुविधायुक्त बनाउनु पर्दछ । यहाका मन्दिरहरूको पुनर्निर्माण गर्नुका साथै डेकपार्किङ्ग र वाटिका समेत यहाँ बनाउन उपयुक्त हुन्छ । यस उपक्षेत्रको नक्सा अनुसूची १७ मा समावेश गरिएको छ ।

(ड) त्रिविक्रम उपक्षेत्र B13

यो उपक्षेत्र अधिग्रहण गरेर पनि बस्ती उठाउन बाँकी रहेको अवस्थामा देखिन्छ । हिन्दु इतर पर्यटकहरूको पशुपति क्षेत्र प्रवेश बिन्दु पनि यही उपक्षेत्र हो । त्यसैले यस उपक्षेत्रमा पर्यटक केन्द्रित सेवा सुविधासँग सम्बन्धित कार्यक्रमहरू राखिएका छन् । यहाँ पर्यटकका लागि पार्किङ्ग, उपहार खरिद बिक्रीका लागि बजार, स्तरीय खाजाघर, विश्राम स्थल, सुरक्षा व्यवस्था, स्तरीय एवं सुविधा युक्त शौचालय एवं पशुपति क्षेत्र सम्बन्धी विविध विषयमा जानकारी दिने सूचना केन्द्र समेत आवश्यक देखिएका छन् । विशिष्ट धार्मिक महत्व भएको त्रिविक्रमको मूर्ति यसै क्षेत्रमा भएकाले सो मूर्तिको संरक्षण गरी तदनुकूलको मन्दिर र परिसर समेत यहाँ निर्माण गर्नु पर्दछ । यसै उपक्षेत्रमा शिवशक्ति सम्बन्धी पुराण एवं आगमहरू समेतका आधारमा शिवशक्ति सम्बन्धी सामग्री श्रव्य-दृश्यात्मक रूपमा प्रस्तुत गर्न शिवशक्ति लीला भवनका साथै पशुपति नक्षत्र मण्डल (Pashupati Planetarium) समेत निर्माण गर्नु पर्दछ ।यस उपक्षेत्रमा आधुनिक प्रविधियुक्त सुविधा सम्पन्न विद्युत् शवदाहगृह निर्माण गरी सञ्चालन गर्नुपर्ने देखिन्छ ।काठमाडौं उपत्यकामा दिनानुदिन बढ्दै गएको जनसंख्याका कारण मृत्युदर पनि बढ्न जाने भएकाले पशुपति क्षेत्रको विद्युत् शवदाहगृहको क्षमताले

मात्र दाहसंस्कार गर्न असंभव भएकाले उपत्यकाका अन्य घाट क्षेत्रमा पनि शवदाहगृह निर्माण गर्न आवश्यक देखिन्छ । यसको नक्सा अनुसूची १८ मा समावेश गरिएको छ ।

### (ढ) ध्रुवस्थली उपक्षेत्र B14

यो उपक्षेत्र बालक ध्रुवले तपस्या गरेको पौराणिक आख्यानसँग सम्बन्धित छ । यस उपक्षेत्रमा सती देवीले तपस्यारत बालक ध्रुवलाई भोकैतिर्खै देखेर वासल्यपूर्वक स्तनपान गराएको अनुश्रुति भएकाले यहाँ सतीदेवीका स्तनका प्रतिकृति सहितको मन्दिर बनाइएको छ । त्यसै मन्दिरको केही पर दक्षिणतिर सतीदेवीले ध्रुवका लागि दूधको कुण्ड नै बनाई दिएको पनि भनिन्छ । बूढापाकाहरू त्यस कुण्डमा दूध जस्तै सेतो पानी भएको बताउँछन् । हाल त्यसै स्थानमा इनार बनाएर शिवपुरी बाबा आश्रमले पानीको आपूर्ति गर्दै आएको कुरा आश्रमबाट ज्ञात हुन आएको छ । यहाँ शिवपुरी बाबाको आश्रम तथा समाधि समेत रहेको छ । यस अतिरिक्त यहाँ अन्य तीर्थ एवं धार्मिक स्थल भएको कुरा हिमवत्खण्ड एवं नेपालमाहात्म्यमा उल्लेख गरिएको छ । सुन्दर एवं शान्त प्राकृतिक वातावरण भएको यो उपक्षेत्र विशुद्ध तपःस्थली हो, ध्यान केन्द्र हो । यस उपक्षेत्रलाई तपःस्थली र ध्यान साधना केन्द्रकै रूपमा विकसित गर्नु पर्दछ । यस उपक्षेत्रको उत्तरतर्फ खाली चउर र केही बस्ती पनि रहेको छ । हिउँदका समयमा वाग्मतीको जलप्रवाह बढाउने प्रयोजनाका लागि प्राविधिक अध्ययन गरेर आवश्यकता अनुसार केही क्षेत्र अधिग्रहण समेत गरी विशाल जलाशय निर्माण गर्नु पर्दछ । यहाँ जलाशय निर्माण गर्दा वर्षाका समयमा त्रिभुवन विमानस्थलबाट बगेर आउने पानीलाई समेत सङ्कलन गर्न सकिन्छ । साथै वर्षाका समयमा वाग्मतीबाट समेत पानी जलाशयमा पानी आपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची १९ मा समावेश गरिएको छ ।

## ३.१५ परिधीय (कन्टिनिअम) क्षेत्र

सन्निकट (कन्सोन्यान्ट) भन्दा बाहिरको क्षेत्र परिधीय(कन्टिनिअम) हो । यसले केन्द्रीय (कोर) र सन्निकट (कन्सोन्यान्ट)क्षेत्रलाई पश्चिम र दक्षिणबाट घेरेको छ । पशुपतिनाथ र गुह्येश्वरीका दर्शनार्थीहरू खास गरी पश्चिम र दक्षिणबाटै कोर क्षेत्रमा प्रवेश गर्दछन् । इन्द्रेणीमा बिचको निलो र रातो रङ्ग गाढा भई किनाराका रङ फिका हुँदै गए सरी केन्द्रीय भाग पशुपति र गुह्येश्वरीको धार्मिक-आध्यात्मिक वातावरणको सशक्त प्रभाव कन्सोन्यान्ट हुदैं कन्टिनिअमसम्म आई पुग्दा केही फिका हुँदै जान्छ । अर्को कुरो काठमाडौं उपत्यकाको शहरी वातावरणको प्रभाव पनि परिधीय क्षेत्रबाट सन्निकट हुँदै केन्द्रीय क्षेत्रसम्म पुग्दा क्रमशः परिवर्तित हुँदै फिका बन्दै गएको हुन्छ । प्रस्तुत गुरुयोजनामा यसै अर्थमा यी क्षेत्रहरूको अन्तःसम्बन्ध परिभाषित गरिएको छ ।

परिधीय क्षेत्रले केन्द्रीय र सन्निकट क्षेत्रको वातावरणलाई चिरस्थायी बनाउन र सुरक्षा कवच प्रदान गर्न सहयोग गर्दछ र समग्र पशुपति क्षेत्रको आध्यात्मिक एवं भौतिक अवस्थालाई परस्पर सम्बद्ध गराएर एकीकृत रूप कायम गर्न समेत मद्दत गर्दछ । काठमाडौं उपत्यकामा बढ्दो शहरीकरण, अनियन्त्रित एवं अव्यवस्थित भौतिक निर्माण तथा पुरातात्विक क्षेत्र एवं सम्पदामाथि बढ्दो अतिक्रमणको दवाव समेतलाई मत्थर पार्न यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्दछ । यसै क्षेत्रबाट अघि बढ्दै जाँदा भक्तजनले एक परम दिव्य क्षेत्रमा प्रवेश गर्न लागेको अनुभूति प्राप्त गर्दछन् ।

परिधीय क्षेत्रको भूगोल समान छैन, धार्मिक सांस्कृतिक अवस्था पनि समान छैन । पशुपति क्षेत्रको विस्तृत नक्साङ्कन २०७५ अनुसार यस क्षेत्रमा ११०.४हेक्टर क्षेत्र पर्दछ । यहाँ तिनहजारभन्दा बढी घरधुरी रहेका छन् । भूगोल, संस्कृति र उपयोगलाई ध्यानमा राखेर यस क्षेत्रलाई दश उपक्षेत्रमा विभाजन गरिएको छ ।

तालिका ५

परिधीय क्षेत्रको परिकल्पित उपयोगिता

| उप-क्षेत्र | स्थान | परिकल्पित उपयोगिता |
|---|---|---|
| C1 तिलगङ्गा | वाग्मतीदेखि पूर्व, चक्रपथदेखि दक्षिण,ऋद्धदेखि उत्तर तथा तिलगंगा चक्रपथदेखि पश्चिम । | पार्कि सुविधा सहितको बहु उद्देश्यीय कार्यालय भवन निर्माण, धर्मशाला, घाट, स्वास्थ सेवा, हरियाली प्रवर्धन । |
| C2 वाग्मती | C1 देखि दक्षिण, वाग्मतीदेखि पूर्व, तिलगंगा-त्रिभुवन विमानस्थल चक्रपथ पश्चिम तथा खहरे उत्तर । | पुनःस्थापन क्षेत्र, स्थानीय जनसहकार्यमा सुविधा विकास |
| C3 रुद्रमती | B9 देखि पश्चिम, रुद्रमतीदेखि पूर्व, गौशाला-रातोपुल सडकदेखि उत्तर C5 देखि दक्षिण । | स्थानीय जनसहकार्यमा सेवा सुविधा विकास, मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा सुविधा विस्तार । |
| C4 ताम्रेश्वर | C5 देखि पूर्व, गौशाला-चावहिल चक्रपथदेखि पश्चिम, C6 देखि दक्षिण तथा B9 देखि उत्तर । | धार्मिक वातावरणको पुनरुज्जीवन, पुरातात्विक सम्पदाको संरक्षण, अतिक्रमण नियन्त्रण, मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा |

| | | |
|---|---|---|
| | | सुविधा विस्तार । |
| C5 भण्डारेश्वर | रुद्रमतीदेखि पूर्व, C4 र C6 देखि पश्चिम, C7 देखि दक्षिण तथा C3 देखि उत्तर । | धार्मिक क्षेत्र, क्रियापुत्री सेवा विस्तार, सम्पदा संरक्षण, स्थानीय जनसहकार्यमा सुविधा विकास मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा सुविधा विस्तार । |
| C6 चारुमती | C5 र C7 देखि पूर्व, गौशाला-चावहिल चक्रपथ देखि पश्चिम, C4 देखि उत्तर तथा C8 देखि दक्षिण । | सम्पदा संरक्षण, धार्मिक वातावरण, स्थानीय जनसहकार्यमा सुविधा विकास, मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा सुविधा विस्तार । |
| C7 चन्द्रविनायक | रुद्रमतीदेखि पूर्व, C6 र C8 देखि पश्चिम, C5 देखि उत्तर तथा C8 देखि दक्षिण । | धार्मिक वातावरण तथा सम्पदा संरक्षण, धार्मिक क्रियाकलाप प्रवर्धन, मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा सुविधा विस्तार । |
| C8 गङ्गाहिटी | रुद्रमतीदेखि पूर्व, गौशाला-चावहिल चक्रपथदेखि पश्चिम, चावहिल चोकबाट धुम्रवाराही जाने चक्रपथ पुलदेखि दक्षिण तथा ऋट र ऋट देखि उत्तर । | सम्पदा संरक्षण, स्थानीय जनसहकार्यमा सुविधा विकास स्वास्थ्य सेवा, मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा सुविधा विस्तार । |
| C9 जोसमनी | चक्रपथ पूर्व, B2 देखि पश्चिम, मित्रपार्कबाट गौरीघाट जाने सडकदेखि उत्तर तथा चावहिल पिपलबोटबाट गौरीघाट निस्कने बाटोदेखि दक्षिण । | बहुउद्देश्यी जोसमनी मठ निर्माण, धार्मिक वातावरण पुनरुज्जीवन, मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा सुविधा विस्तार । |
| C10 वज्रेश्वरी | वागमतीदेखि पश्चिम, पिंगलास्थान चक्रपथदेखि दक्षिण, वागमती नदी भई राजराजेश्वरी निस्कने गोरेटो बाटोदेखि पूर्व र सोही गोरेटो बाटोको वागमतीसँग जोडिएको कुनादेखि उत्तर । | सम्पदा संरक्षण, धार्मिक वातावरण प्रवर्धन, मापदण्ड कार्यान्वयन तथा तीर्थयात्री मैत्री सेवा सुविधा विस्तार । |

(क) तिलगङ्गा उपक्षेत्र C1

यस उपक्षेत्रमा पार्किङ्ग सुविधा सहितको बहु-उद्देश्यीय कार्यालय भवन निर्माण प्रस्ताव गरिएको छ, जहाँ कोषको कार्यालय रहने छ । यसका साथै यहाँ धर्मशाला र स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रम पनि राखिएका छन् । यस उपक्षेत्रको नक्सा अनुसूची २० मा समावेश गरिएको छ ।

(ख) वाग्मती उपक्षेत्र C2

यो कोर र कन्सोन्यान्ट क्षेत्रबाट स्थानान्तरण गरिएका घरपरिवारलाई पुनःस्थापन गरिएको क्षेत्र हो । यहाँ स्थानीय जनतासँगको सहकार्यमा सेवा सुविधा विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस उपक्षेत्रको नक्सा अनुसूची २१ मा समावेश गरिएको छ ।

(ग) रुद्रमती उपक्षेत्र C3

B9 सँग जोडिएको यो उपक्षेत्र पश्चिमतर्फ रुद्रमती (धोबिखोला)सम्म फैलिएको छ । यहाँ आवश्यकता अनुसार तीर्थयात्री सेवा सुविधा सम्बन्धी कार्यक्रम विस्तार गर्न सकिन्छ । रुद्रमती किनाराबाट व्यवस्थित रूपमा उत्तर-दक्षिणको सडक निर्माणले यस उपक्षेत्रलाई विशेष लाभ भएको छ । साथै रुद्रमतीको शुद्धीकरण र जलप्रवाह वृद्धिका लागि पनि स्थानीय तह एवं जनतासँग सहकार्य गर्न आवश्यक छ । यस उपक्षेत्रको नक्सा अनुसूची २२ मा समावेश गरिएको छ ।

(घ) ताम्रेश्वर उपक्षेत्र C4

यहाँ धार्मिक, पुरातात्विक महत्वका मन्दिर, पाटी, धारा, द्वार र चोकहरू छन् । यिनको संरक्षणमा ध्यान दिनु पर्दछ । यस उपक्षेत्रको नवाली टोल प्राचीन बस्ती भएर पनि आधुनिक निर्माणले अतिक्रमण गरेर बस्तीको पुरातात्विक महत्व लुप्त भएको छ । यसको संरक्षणका लागि कोषले मापदण्ड बनाई लागु गर्नु पर्दछ । मापदण्डको पालना नगरेमा त्यस्ता घरजग्गा कोषले प्राप्त गर्न सक्ने समेतको कानुनी व्यवस्था हुनु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची २३ मा समावेश गरिएको छ ।

### (ङ) भण्डारेश्वर उपक्षेत्र C5

यो धार्मिक महत्वको उपक्षेत्र हो । हाल यसै उपक्षेत्रमा क्रियापुत्री सेवा पनि सञ्चालन भई रहेको छ । कोषले यस क्षेत्रको संरक्षणका साथै क्रियापुत्री सेवा विस्तार लगायत अन्य सेवा सुविधाका कार्यक्रम यहाँ सञ्चालन गर्न उपयुक्त हुने देखिएको छ । यस उपक्षेत्रको नक्सा अनुसूची २४ मा समावेश गरिएको छ ।

### (च) चारुमती उपक्षेत्र C6

यस उपक्षेत्रमा चारुमती विहार, धन्दो चैत्य, कुटुवहिल जस्ता महत्वपूर्ण धार्मिक, पुरातात्विक महत्वका स्मारकहरू पर्दछन् । यिनको संरक्षण तथा सेवा सुविधा विकासमा स्थानीय तह तथा सम्बद्ध सरोकार समूहसँग सहकार्यको वातावरण बनाउनु पर्दछ र कोषले मापदण्डको कार्यान्वयनमा विशेष ध्यान दिनु पर्दछ । यस उपक्षेत्रको नक्सा अनुसूची २५ मा समावेश गरिएको छ ।

### (छ) चन्द्रविनायक उपक्षेत्र C7

यो धार्मिक महत्वको उपक्षेत्र हो । लामोपोखरी पनि यसै उपक्षेत्रभित्र पर्दछ । यस उपक्षेत्रका मन्दिर, पाटी र पोखरीहरूको संरक्षण गरेर धार्मिक वातावरण प्रवर्धन गर्न आवश्यक छ । यस उपक्षेत्रभित्र पर्ने सार्वजनिक स्थलको संरक्षण र सदुपयोगमा स्थानीय तहलाई समेत साथमा लिएर आवश्यक व्यवस्था गर्नु पर्ने देखिन्छ । यस उपक्षेत्रको नक्सा अनुसूची २६ मा समावेश गरिएको छ ।

### (ज) गङ्गाहिटी उपक्षेत्र C8

यस उपक्षेत्रमा रहेको गङ्गाहिटीको जल चन्द्रविनायकमा चढाउने चलन छ । यसको सम्बन्ध गणेश जात्रासँग पनि रहेको देखिन्छ । यस उपक्षेत्रमा रहेका सार्वजनिक महत्वका सम्पदाहरूको संरक्षण तथा सेवा सुविधाको विकासमा स्थानीय जनतासँग मिलेर आवश्यक कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस उपक्षेत्रमा स्वास्थसेवा का साथै तीर्थयात्री मैत्री कार्यकम समेत विस्तार गर्नु पर्दछ । यसको नक्सा अनुसूची २७ मा समावेश गरिएको छ ।

### (झ) जोसमनी उपक्षेत्र (C9)

यस उपक्षेत्रमा बहुउद्देश्यीय जोसमनी मठ निर्माण गर्नु पर्दछ । अहिले यो स्थान बेवारिसी अवस्थामा देखिन्छ । मठनिर्माणले नेपाली सन्तबाट नेपालमै विकसित भएर बाह्य मुलुकमा समेत फैलिएको जोसमनी सन्त परम्पराको संरक्षण र संवर्धनमा समेत सहयोग पुग्न जान्छ । बहुउद्देश्यीय भवन

निर्माणबाट कोषलाई सेवाप्रवाह तथा आयआर्जनमा समेत सहयोग पुग्ने देखिन्छ । यस उपक्षेत्रको नक्सा अनुसूची २८ मा समावेश गरिएको छ ।

### (ञ) वज्रेश्वरी उपक्षेत्र (C10)

यस उपक्षेत्रमा बज्रेश्वरी अर्थात् पिंगला स्थानसँगै केही व्यावसायिक एवं आवासीय भवनहरू समेत पर्दछन् । चक्रपथ निर्माणका क्रममा वज्रेश्वरीको मन्दिर अतिक्रमित भएर ओझेलमा परेको छ । यो प्रसिद्ध शक्ति पीठ हो । स्थानीय तह एवं जनतासँग समन्वय गरेर यस पीठको र सत्तलको उचित संरक्षण गर्न आवश्यक छ । यस उपक्षेत्रमा तीर्थयात्री मैत्री कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यसको नक्सा अनुसूची २९ मा समावेश गरिएको छ ।

### (ट) विमानस्थल उपक्षेत्र (C11)

ध्रुवस्थली उपक्षेत्र भन्दा पूर्वतर्फको त्रिभुवन विमानस्थलको पुरानो धावन मार्गसम्मको ११६२ रोपनी क्षेत्रफलको भूभाग यस उपक्षेत्रमा पर्दछ । तत्कालीन श्री ५ को सरकार मन्त्रीपरिषद्को निर्णय अनुसार सालाना तोकिएको कुत पशुपतिनाथमा बुझाउने शर्तमा हवाइ विमानसँग संझौता गरी त्रिभुवन विमानस्थलका लागि सो जग्गा दिएको देखिन्छ । पशुपति क्षेत्रभित्र भए पनि त्रिभुवन विमानस्थलका रूपमा प्रयोग भएकाले यस भूभागमा कोषको मापदण्ड पनि प्रभावी हुन सक्ने स्थिति देखिदैंन । प्रथमतः विमानस्थलका लागि दिइएको सो जग्गाको सीमाङ्कन गरी छुट्याउन आवश्यक छ । पशुपति क्षेत्रभित्र भएर पनि कोषले विकास निर्माण सम्बन्धी कार्यमा प्रयोग गर्न नमिल्ने सो जग्गाको बदला नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समन्वय गरी पशुपति क्षेत्रभित्र वा सो क्षेत्रसँग जोडिएको क्षेत्रबाट उक्त क्षेत्रफल बराबरको जग्गा उपलब्ध गराउने व्यवस्था गरेर C11 भित्रको ११६२ रोपनी जग्गा नागरिक उड्डयन प्राधिकरणलाई स्वामित्व सहित हस्तान्तरण गर्न उपयुक्त हुने देखिन्छ । यस उपक्षेत्रको नक्सा अनुसूची ३० मा समावेश गरिएको छ ।

## ३.१६ सेवा क्षेत्र

यसको भू-उपयोग योजना तयार गर्न आवश्यक छ । पशुपति क्षेत्रभित्र समावेश गर्न सम्भव नभएका शिक्षा, स्वास्थ्य सेवा, पुनःस्थापन र सामुदायिक सेवा सम्बन्धी कार्यक्रम यहा राखिएका छन् । खासगरी पशुपति क्षेत्रका विभिन्न उपक्षेत्रका गरिने स्थानान्तरणका लागि यो क्षेत्र निर्धारण गरिएको छ । यस क्षेत्रलाई पुनः स्थापन, शिक्षा, स्वास्थ्य, सामुदायिक सेवा, धार्मिक बनोद्यान, बजार, गोसेवा जस्ता उपक्षेत्रहरूमा विभाजित गर्न आवश्यक देखिन्छ । यी विभिन्न उपक्षेत्रमा बस्ती स्थानान्तरण, विश्वविद्यालय स्थापना, स्वास्थ्य विज्ञान प्रतिष्ठान, संगीत तथा नृत्य प्रतिष्ठान, योग तथा प्राकृतिक


चिकित्सा केन्द्र, निगम तथा आगम अध्ययन केन्द्र, अतिथि सदन, गौशाला, नन्दीशाला, पाठ्यायन मन्दिर, सुरक्षा चौकी, उद्यान तथा हरियाली प्रवर्धन, बजार व्यवस्था जस्ता कार्यक्रमहरू प्रस्तावित गरिएका छन् । यस क्षेत्रको नक्सा अनुसूची ३१ मा समावेश गरिएको छ ।


**तालिका ६**

**सेवा क्षेत्रको परिकल्पित उपयोगिता**

| सेवा उपक्षेत्र | | |
|---|---|---|
| उपक्षेत्र सङ्केत | उपक्षेत्र सङ्केत | परिकल्पित उपयोगिता |
| D1 | शिक्षा सेवा | श्रीपशुपतिनाथ शैक्षिक प्रतिष्ठान (विश्वविद्यालय), वेदवेदाङ्ग महाविद्यालय, आयुर्विज्ञान प्रतिष्ठान, सङ्गीत तथा नृत्य अध्ययन केन्द्र, तन्त्र अध्ययन केन्द्र, शिक्षक तथा विद्यार्थी आवास भोजनालय तथा खाजा घर आदि |
| D2 | स्वास्थ्य सेवा | पशुपति च्यारिटेबल अस्पताल, योग तथा प्राकृतिक चिकित्साका कार्यक्रम |
| D3 | पुनःस्थापन | पशुपति क्षेत्रको अधिग्रहण कार्यक्रमबाट प्रभावित घरधनीलाई घडेरी उपलब्ध गराउने प्रयोजनका लागि व्यवस्था गरिएको |
| D4 | सामुदायिक सेवा | ज्येष्ठ नागरिक सेवा भवन, अतिथि सदन, बजार व्यवस्था तथा सुरक्षा सम्बन्धी कार्यक्रम |
| D5 | अन्तर्राष्ट्रिय धार्मिक सद्भाव प्रवर्धन सेवा | वैदिक सनातन धर्मसँग सम्बन्धित अन्तर्राष्ट्रिय मठ, असश्रम लगायतका धार्मिक संस्थालाई नेपालका धार्मिक पर्यटन प्रवर्धन गर्न लिजमा उपलब्ध गराउने |

| | | |
|---|---|---|
| D6 | मन्दिर तथा वनोद्यान सेवा | मन्दिर तथा वन वाटिका एवं वृक्षारोपण |
| D7 | गौ सेवा | गौशाला, नन्दीशाला |




N
C8
C7
C6
C5
C9
C4
B3
B2
A2
C3
B4
A3 A1
B9
B8
B5
B1
B10
B7
B6
B13
B11
B12
C10
C1
B14
C11
C2
SCALE

## खण्ड चार
## योजना तथा कार्यक्रम

### ४.१ भौतिक पूर्वाधार विकास

पशुपति क्षेत्र धार्मिक तथा पर्यटकीय दृष्टिले विशेष महत्वपूर्ण गन्तव्य स्थल हो । यहाँ दिनहुँ हजारौं भक्तजन तथा पर्यटकहरू आउने गर्दछन् । जुनसुकै उद्देश्यले आए पनि तिनको सेवा, सुविधा र सुरक्षाको व्यवस्था गर्नु पशुपति क्षेत्र विकास कोषको कर्तव्य हुन आउँछ । यस क्षेत्रमा आउने सन्त, महन्तदेखि मलामीसम्म सबैका लागि आवश्यक हुने पानी, बत्ती, बाटोघाटो, सरसफाइ, शौचालय र सुरक्षाको व्यवस्थामा विशेष ध्यान दिनु पर्दछ । कोषले अवधारणात्मक गुरुयोजना कार्यान्वयनकै चरणदेखि र सो पूर्वदेखि पनि यस्ता विषयमा ध्यान नदिएको होइन तर समयको परिवर्तन सँगै आगन्तुकहरूको संख्याका अनुपातमा ती अपर्याप्त हुनुका साथै सेवा सुविधाको स्तरमा समेत सामयिक परिवर्तनले गर्दा भौतिक पूर्वाधार विकासको प्रसङ्ग अहिले पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ ।

भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ आउने भक्तजनका लागि स्नानागार, शौचालय, सामान सुरक्षा कक्ष लगायतका आवश्यक पूर्वाधार सहितको दर्शन पथ निर्माण गर्ने कार्यक्रम प्रस्तुत गुरुयोजनामा राखिएको छ । त्यसै गरी पर्व विशेषमा मात्र विशेष भिड जम्मा हुने गुह्येश्वरी शक्ति पीठमा पनि पानी, बत्ती, शौचालय र सुरक्षाको व्यवस्था सहितको प्राङ्गण विस्तारको कार्यक्रम प्रस्तावित छ । पशुपति क्षेत्रभित्रका सम्पूर्ण मठ, आश्रम र अखाडामा पनि पानी, बत्ती, शौचालयको सुविधा विस्तार गर्ने कार्यक्रम गुरुयोजनामा राखिएको छ । पशुपति क्षेत्रभित्र जेजति सत्तल र पाटीहरू छन्, तिनको निर्धारित उपयोगिताका आधारमा मर्मत वा पुनर्निर्माण गर्दा बाह्य स्वरूपमा कुनै पनि परिवर्तन नहुने गरी भित्री स्वरूपमा आवश्यक सुधार गरेर पानी, बत्ती र शौचालयको समेत व्यवस्था गर्नुपर्दछ ।

बागमती नदीको वर्तमान अवस्थाले गर्दा बागमतीमा स्नान गरेर भगवान् पशुपतिको दर्शन गर्ने भन्ने तीर्थयात्रीको शास्त्रसम्मत धोको पूरा हुने अवस्था नभएकाले आर्यघाटको वारिपारी दुवै किनारामा गोमुखधारा वा त्रिशूल धाराका स्वरूपमा र आर्यातीर्थमा समेत भक्तजनका लागि स्नान गर्ने सुविधा विकास गर्न आवश्यक देखिएको छ । यसो गर्दा भक्तजनले स्नान गरेर वत्सलेश्वरी र आर्यातीर्थको दर्शन गर्दै पूर्वीद्वारबाट पशुपति मन्दिर प्राङ्गणमा प्रवेश गर्ने सुविधा प्राप्त गर्न सक्छन् ।

अर्को महत्वपूर्ण विषय दाहसंस्कार पछि क्रियापुत्री र मलामीले स्नान गर्ने सुविधाको विकास हो । यसका लागि भस्मेश्वर घाट क्षेत्रमा नै स्नानागारको व्यवस्था गर्नु पर्दछ । रामनाथ अघोरी बाबा

बसेको सत्तलको बनोटले गर्दा भस्मेश्वरका शुरुका चितामा लास जलाउने र ब्रह्मनालबाट दक्षिणतर्फका अन्य चितामा लास लैजानेको धेरै भिड भएको देखिन्छ । यस भिडलाई व्यवस्थित गर्न सो सत्तल र त्यसैसँग जोडिएको स्नानागारलाई भत्काएर ठाउँ खुला गर्नु पर्दछ । मलामीको विश्रामका लागि केही फलैंचाहरू भस्मेश्वर परिसरमा निर्माण गर्न सकिन्छ । घाट तथा नदीको स्थितिलाई ध्यानमा राखेर मलामीका लागि स्नानागार र पायक पर्ने गरी उपयुक्त स्थानमा शौचालय समेत निर्माण गर्न आवश्यक छ । यस अतिरिक्त तिलगङ्गा, गौशाला, भण्डारखाल, मित्रपार्क, पन्ध्रशिवालय गौरीघाट, मृगस्थली, विश्वरूपा र राममन्दिर क्षेत्रमा पनि शौचालय र पानी बत्तीको राम्रो व्यवस्था गर्नु पर्दछ ।

पशुपति केन्द्रीय क्षेत्रभित्रका विभिन्न मन्दिरहरूमा दर्शनार्थ जाने मार्ग/उपमार्गमा ठाउँ हेरेर ईँटा वा ढुङ्गा छापेर बनाउन उपयुक्त हुने देखिन्छ तर जात्रा पर्व विशेषमा भारवाही सवारी साधन (पानीका टयाकर, शवदाहका लागि दाउरा/मुढाका ट्रक, दमकल आदि) का साथै हलुका सवारी साधन पनि निरन्तर चलाउनु पर्ने मार्गमा ईँटा वा ढुङ्गा छाप्नु उपयुक्त हुँदैन । पशुपति क्षेत्रका सडक वा मार्गहरूको नामकरण समेत गर्नु पर्छ । कोर क्षेत्रमा कोषले आफ्नो कार्यक्रम अन्तगत बनाइने सडकलाई कालोपत्रे बनाउन आवश्यक छैन । ईँटा वा ढुङ्गा छापेर बनाइने मार्गमा तीर्थयात्रीका लागि जाडो र गर्मीबाट सुरक्षित गर्ने उपायको समेत अवलम्बन गर्नु पर्दछ । मार्ग वा सडकको दायाँ, बायाँ हरियाली र काठको फलैंचाको व्यवस्था गर्नु पर्दछ । दर्शन मार्ग, प्रदक्षिणा पथ र धार्मिक क्षेत्रमा पर्याप्त बत्तीको व्यवस्था गर्नु पर्दछ । पशुपतिको केन्द्रीय प्राङ्गण बाहिर तथा गुह्येश्वरी र मृगस्थलीमा पेयजलको व्यवस्था गर्न आवश्यक छ । पशुपति, गुह्येश्वरी, मृगस्थली, विश्वरूपा लगायतका देवमन्दिर तथा घाट क्षेत्रमा निरन्तर सरसफाइ गर्ने व्यवस्थाका साथै कामको अनुगमन गर्ने समेत व्यवस्था गर्न आवश्यक छ ।

पशुपति क्षेत्रलाई मात्र हेर्ने सुरक्षा संयन्त्र खडा गरेर प्रभावशाली सुरक्षा व्यवस्था गर्नु पर्दछ । सुरक्षाकर्मीलाई पशुपति र गुह्येश्वरीका अतिरिक्त गौरीघाट, मृगस्थली, भण्डारखाल एवं तिलगंगा क्षेत्रमा समेत राख्ने व्यवस्था गर्दा राम्रो हुन्छ । पशुपति, गुह्येश्वरी र तिलगंगामा दर्शनार्थी एवं पर्यटक प्रवेश गर्दा वाक थ्रु (मेटल डिटेक्टर) गेटबाट सुरक्षाकर्मीको निगरानीमा प्रवेश गर्ने व्यवस्था यथाशीघ्र गर्नु पर्दछ ।

मन्दिरहरूमा चढाएको फूलपातीलाई सामान्य फोहोरका रूपमा नलिई निर्माल्य विसर्जनको उचित व्यवस्थापन गरेर अगरबत्ती, कंपोष्ट मल आदि बनाउन सकिन्छ । यसबाट रोजगारी पनि सिर्जना हुन्छ । यस क्षेत्रको अन्य फोहोरलाई पनि आधुनिक प्रविधिद्वारा व्यवस्थापन गर्नु पर्दछ ।

प्राविधिक रूपमा सम्भव भएमा पशुपतिनाथको जललाई भस्मेश्वर दक्षिण ल्याएर विधिपूर्वक तारकेश्वरको समेत स्थापना गरी ब्रह्मनाल निर्माण गर्न आवश्यक देखिन्छ । यसो गर्दा भस्मेश्वर र विद्युत् शवदाह गृह दुवैमा मृतकलाई दाहसंस्कारका लागि लैजान सजिलो हुन्छ । पशुपतिको दर्शन गर्न जाने भक्त जनले पनि लासको र मलामीको स्पर्श गर्नु पर्दैन ।

पशुपति दर्शनपथका अतिरिक्त गुह्येश्वरी, भुवनेश्वरी, गोरखनाथ, विश्वरूपा, गौरीघाट र जयबागीश्वरीमा पनि कोषबाटै पूजासामग्री पसलको व्यवस्था गर्नु पर्दछ । यसका साथै जुत्ताचप्पल सुरक्षाकक्ष पनि फूल-पसलसँगै मिलाएर निर्माण गर्नु पर्दछ ।

### ४.२ प्रदूषण नियन्त्रण

पवित्र पशुपति क्षेत्र धुवाँ, धुलो र ध्वनि प्रदूषणले आक्रान्त छ । यद्यपि यो काठमाडौं उपत्यकाकै जटिल समस्या हो तर धार्मिक क्षेत्र भएकाले पशुपति क्षेत्र प्रदूषण रहित, शान्त र आनन्दमय हुनु पर्छ । यहाँ आउने भक्तजन एवं पर्यटकले मानसिक शान्तिको अनुभूति लिन सकून्, यहाँको वातावरण प्रदूषण रहित सफा र स्वच्छ बनोस् र यहाँको पर्यावरण सबैलाई जीवनदायी स्वच्छ प्राण वायु दिन सक्ने बनोस् भन्ने कुरामा खास गरी धार्मिक क्षेत्रको योजना तयार गर्दा ध्यान दिनु पर्ने हुन्छ । यसका लागि प्रस्तुत गुरुयोजनामा वनोद्यानको संरक्षण, विकास तथा सरसफाइमा विशेष ध्यान दिइएको छ तर यतिले मात्र यो क्षेत्र प्रदूषणमुक्त हुन सक्तैन किन भने काठमाडौं उपत्यकामा बढ्दो वायु प्रदूषणको मारबाट यो क्षेत्र बच्न सक्तैन । वायु प्रदूषणका कारण बिहान र बेलुका हिंडडुल नगर्न विशेषज्ञहरूले सचेत गराएका छन् तापनि भगवान् पशुपतिको, माता गुह्येश्वरीको दर्शन गर्न यस क्षेत्रमा बिहानैदेखि दर्शनार्थीहरू आउने गर्दछन् । यस्ता दर्शनार्थी प्रायः प्रौढ र उमेर ढल्केकै हुन्छन्, ती मुटु र फोक्साका साथै उमेर अनुसार हुने अन्य रोगले पनि सताइएका हुन्छन् । नाक, कान घाँटी र फोक्सो सम्बन्धी रोग यस्तै प्रदूषणका परिणाम हुन् ।

जाडोका समयमा वायुमा प्रदूषण वहन क्षमता अत्यन्त न्यून हुन्छ तर प्रदूषणको उत्सर्जन चाहिँ बढी हुन्छ । एक अध्ययनले काठमाडौंमा सन् २०१८ मा पी.एम् २.५ को मात्रा प्रतिघन मिटर १३६ माइक्रोग्रामसम्म देखाएको छ जब कि नेपाल सरकाले तोकेको मापदण्ड पी.एम्. २.५को मात्रा प्रतिघन मिटर हावामा ४० माइक्रोग्राम मात्र छ । ड्रोनको प्रयोग गरेर काठमाडौं उपत्यकाको पि.एम्. २.५ प्रदूषण जमिनबाट आकाशतिर फैलिएर जाने प्रक्रियाको मापन गर्दा साँझ घाम डुब्ने बेलादेखि बिहान करिब ९ बजेसम्म हावा नचल्ने हुनाले सो अवधिमा उत्सर्जित प्रदूषण जमिनबाट २

सयमिटर माथिसम्म पनि फिजिन नसक्ने देखाएको कुरा जानकारीमा आएको छ । ठिक यही समयमा नै पशुपति क्षेत्रमा दर्शनार्थी भक्तजनहरूको बढी भिडभाड हुने गर्दछ । पवित्र धार्मिक तीर्थस्थलका रूपमा पशुपति क्षेत्र आबालबृद्ध सबैको गन्तव्यस्थल भएकाले यहाँ बिहान, बेलुकै भक्तजनको आवागमन भई रहनु स्वाभाविक हो । त्यसैले यस क्षेत्रको प्रदूषण नियन्त्रतर्फ स्थानीय, प्रादेशिक एवं संघीय तिनै तहका सरकारको विशेष ध्यान जानु पर्छ र कोषले समन्वय र सहकार्यका लागि क्रियाशील बन्नु पर्दछ ।

पशुपति क्षेत्र यातायातका साधनबाट उपन्न धुवाँका अतिरिक्त शवदाहजन्य धुवाँबाट पनि आक्रान्त छ । दाउराद्वारा शवदाह गर्ने सनातन परम्परा रहेको र शिवक्षेत्र समीपवर्ती नदीमा नै शवदाह गर्ने मान्यता भएकाले यसलाई अन्यथा गर्न मिल्दैन तर समय सापेक्ष नयाँ प्रविधिद्वारा शवदाह गर्ने सुविधाका लागि विद्युत् शवदाह सुविधाको विकास भई सकेको हुँदा सो सुविधा प्रयोग गर्न जनचेतना प्रवर्धन गरेर दाउराद्वारा गरिने शवदाह परम्परालाई क्रमशः घटाउँदै जान आवश्यक छ । विद्युत् शवदाह गर्दा मानसिक पीडा, समय र खर्चमा समेत कमी आउने देखिएको छ ।

पशुपति क्षेत्र अहिले यातायातका साधनको अत्यधिक चाप र तिनले उत्सर्जन गर्ने धुवाँले पनि प्रदूषित बनेको छ । तिलगङ्गा-गौशाला-मित्रपार्क सडक खण्डमा प्रतिमिनेट ठूला साना गरी १५ भन्दा बढी सवारी साधन चल्ने कुरो एक अध्ययनले देखाएको छ । काठमाडौं चक्रपथको एक खण्ड समेत भएकाले यहाँ सावरीको चाप झन् झन् बढ्दै जान्छ , प्रदूषण पनि थपिंदै जान्छ र दुर्घटनाको सम्भावना पनि बढ्दै जान्छ । अर्को कुरो यही सडक खण्डमा जयवागीश्वरी, निर्वाणेश्वर, निर्वाणेश्वरी, जोसमनी मट, धन्दो चैत्य जस्ता महत्वपूर्ण धार्मिक सम्पदा रहेका छन् । यस सडक खण्डमा प्रतिमिनेट जमिन थर्काउँदै चल्ने ठूला एवं भारवाही सवारी साधनका प्रकम्पनबाट तिनको सुरक्षा पनि त्यत्तिकै चिन्ताको विषय बन्न गएको छ । यस परिप्रेक्ष्यमा निम्न विषयमा गम्भीरतापूर्वक ध्यान दिएर काम गर्न आवश्यक देखिन्छ :

(क) प्रदूषण सम्बन्धी मापदण्ड पूरा नगरेका सवारी साधनलाई तिलगङ्गा-बत्तिसपुतली र कालोपुल सडकबाटगौशाला हुँदै तिलगंगा र चावहिलतिर जान र चावहिल, सिफल र मित्रपार्कबाट गौशालातर्फ प्रवेश गर्न रोक लगाउनु पर्दछ ।

(ख) देशको आवश्यकता अनुसार ठुला-ठुला सडकहरू बन्ने र विस्तारित हुँदै जाने भएकाले यस धार्मिक, पुरातात्विक सम्पदा क्षेत्रमा त्यस्ता सडक सम्पदा मैत्री नहुने हुदा यसतर्फ नेपाल

सरकारको ध्यानाकर्षण गर्न आवश्यक छ र हाल चक्रपथको रूपमा रहेको तिलगङ्गा, गौशाला, चावहिल खण्डको विकल्पमा नया सोच बनाउनु पर्दछ र यस भागलाई सम्पदा तथा तीर्थयात्री मैत्री मार्गका रूपमा प्रयोग गर्नु पर्दछ । अन्य विकल्प नभएमा वर्तमान चक्रपथलाई पिंगंस्थान छेउबाट अन्डरग्राउण्ड गरी कालो पुल निकालेर धोबी खोला किनारको सडकलाई चक्रपथको रूप दिई ओम अस्पताल छेउको धोबी खोला पुलमा निकाल्ने काम गर्नु पर्दछ । अन्डरग्राउण्ड माथिको सडक सम्पदा एवं तीर्थयात्री मैत्री बन्दछ ।

(ग) सडकसँगै जोडिएका पुरातात्विक सम्पदाहरूको भौतिक अवस्थामा असर पुग्ने गरी जमिनलाई नै थर्काउँदै प्रकम्पित बनाउँदै चल्ने ठूला भारवाही सवारी साधनलाई वैकल्पिक मार्ग दिएर यस क्षेत्रमा प्रवेश रोक लगाउन सम्बन्धित स्थानीय तह एवं निकायसँग समन्वय र सहकार्य गरेर कोष अघि बढ्नु पर्दछ ।

प्रदूषणको अर्को पक्ष ध्वनिप्रदूषण हो । ध्वनिप्रदूषण गाडीको हर्नको आवाज वायुयान उड्दा र अवतरण गर्दा आउने तीव्र आवाज, लाउडस्पिकरको चर्को आवाज आदिबाट उत्पन्न हुन्छ । ध्वनिको तीव्रताले मानिसको श्रवणशक्ति बाधित गर्ने हुदाँ यसतर्फ ध्यान दिन आवश्यक छ । धार्मिक क्षेत्र शान्त क्षेत्रमा पर्ने र नेपाल सरकारले वि.सं.२०६९ तोकेको मापदण्ड अनुसार शान्त क्षेत्रमा रातमा ४० डिसेवल र दिनमा ५० डिसेवलभन्दा बढी हुनु नहुने देखिन्छ । पशुपति क्षेत्रलाई नै आधार बनाएर ध्वनिप्रदूषण सम्बन्धमा अध्ययन भएको त पाइदैन तर यसै क्षेत्र भएर गुड्ने गाडी, अहोरात्र जस्तै चल्ने वायुयान, घण्टनाद, लाउडस्पिकर मोबाइल र बाजागाजा समेतबाट उत्पन्न हुने ध्वनिले यस क्षेत्रलाई अशान्त बनाएको छ । मन्दिर क्षेत्रमा पूजा-आरतिका समयमा घण्टनाद र बाजागाजा आवश्यक मानिन्छन् तर निरन्तर चल्ने गाडीका हर्न, जात्रापर्वका समयमा प्रयोग हुने लाउडस्पिकर, माइकिङ्ग, अन्तराष्ट्रिय विमानस्थलमा उत्रने र उड्ने वायुयानको आवाजले शान्त क्षेत्र पशुपति अशान्त क्षेत्रमा परिणत हुदैं जादाँ यसको प्रत्यक्ष दुष्प्रभाव यहाँ आउने भक्तजनमा पर्ने हुदाँ सम्बद्ध सबैले यस शान्त क्षेत्रको संरक्षणतर्फ ध्यान दिनु पर्दछ । मन्दिर परिसरलाई मौन क्षेत्र बनाएर, पशुपति क्षेत्रभित्रका सडक खण्डमा हर्न निषेध गरेर अनि ध्वनिप्रसारण यन्त्रको प्रयोग कम गरेर पनि यसमा सुधार गर्न सकिन्छ । आरति, सस्वर मन्त्रपाठ जस्ता मन्दिरका कतिपय क्रियाकलापका समयमा वायुयानजन्य ध्वनिलाई कम गर्न हवाइ उड्डयन प्राधिकरणसँग पनि समन्वय गर्न आवश्यक हुन्छ । अन्तर्राष्ट्रिय विमानस्थल उपत्यका बाहिर निर्माण हुन थालेको हुँदा त्रिभुवन विमानस्थललाई सम्पदामैत्री आन्तरिक उडानका लागि मात्र प्रयोग गर्ने नीति बनाउन आवश्यक छ ।

## ४.३ पशुपति दर्शनपथ निर्माण

भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ नित्य एवं पर्व विशेषमा पशुपति क्षेत्रमा आउने भक्तजनका लागि आवश्यक सेवा-सुविधा सहितको दर्शन पथको आवश्यकतालाई ध्यानमा राखेर प्रस्तुत गुरुयोजनामा स्थायी प्रकृतिको पशुपति दर्शन पथ निर्माणको परिकल्पना गरिएको छ । यो दर्शन पथ वज्रेस्वरी उत्तर B11 को पूर्वी छेउबाट प्रारम्भ भएर हंसमण्डप पूर्वबाट पञ्चदेवल हुँदै पशुपति प्राङ्गणको दक्षिण ढोकामा पुग्दछ र त्यहाँबाट दर्शनार्थी संख्याका आधारमा पूर्वी, दक्षिणी र पश्चिमी ढोकाबाट मन्दिर प्राङ्गण प्रवेश गर्ने गरी तिनतिर विभक्त हुन्छ । पर्व विशेषमा हुने भिडलाई ध्यानमा राखेर प्रारम्भ बिन्दुदेखि नै तिन लाइनको व्यवस्था पनि गर्न सकिन्छ । यो मार्ग पूर्णतः दर्शनार्थीका निमित्त हुने हुदाँ यस मार्गमा शव यात्रा निषेधित छ । शव यात्राका लागि विद्युत् शवदाह गृहको प्रवेशद्वारबाट घाट क्षेत्र हुँदै जाने मार्ग निर्धारण गर्न उपयुक्त छ ।

हाल जीर्ण वनकाली धर्मशाला भएको स्थानमा जुत्ताचप्पल सुरक्षा कक्ष निर्माण गर्नु पर्दछ । भगवान् पशुपतिनाथको दर्शन पछि फर्कने दर्शनार्थीको प्रत्यावर्तन मार्ग वन गणेश हुँदै सोही जुत्ताचप्पल सुरक्षाकक्षमा आईपुग्ने हुँदा दर्शनार्थीलाई आफ्ना जुत्ताचप्पल लिन सजिलो हुन्छ ।

दर्शनपथ निर्माण गर्दा प्रारम्भ बिन्दुमै स्नानागर, शौचालय, बहुमूल्य सामान सुरक्षा कक्ष सहितको सूचना केन्द्र निर्माण गर्नु पर्दछ । दर्शन पथमा पेयजल व्यवस्था, पूजा सामग्री पसल, प्राथमिक स्वास्थ्य सेवा कक्ष, अशक्त भक्तजनको सुविधाका लागि काठको फलैंचाको व्यवस्था तथा ठाउँ-ठाउँमा श्रव्य दृश्य सामग्री प्रसारण सुविधाको समेत व्यवस्था गर्न आवश्यक छ । यो दर्शन पथ पशुपति क्षेत्रका देव मन्दिरका साथै देशका अन्य प्रसिद्ध देवस्थलका बारेमा जानकारी दिने सामग्रीले सुसज्जित हुन आवश्यक छ साथै दर्शन पथ नेपाली वास्तुकलाको सुन्दर नमुना बन्नु पर्दछ । दर्शनपथमा वेदध्वनि, सुमधुर स्तुतिपाठ एवं भक्तिसंगीत निरन्तर प्रवाहित हुने सुविधाको विकास गर्नुपर्दछ ।

## ४.४ पशुपति प्राङ्गण विस्तार

भगवान् श्रीपशुपतिनाथको वर्तमान प्राङ्गण बढ्दो दर्शनार्थी संख्याका आधारमा साँघुरो बन्दै गएको छ । आगामी एक शताब्दी सम्मको सोच राखेर तयार गरिएको प्रस्तुत गुरुयोजनाले पशुपतिनाथ र गुह्येश्वरीको प्राङ्गण विस्तारको कार्यक्रम वर्तमानको आवश्यकतालाई मात्र होइन, भावी सम्भावनालाई समेत ध्यानमा राखेर प्रस्तुत गरेको छ ।

पशुपतिको प्राङ्गण विस्तार गर्दा मन्दिरको सुरक्षा संवेदशीलतामाथि पनि ध्यान दिइएको छ । त्यसैले वर्तमान प्राङ्गणलाई अन्तःपरिसर र विस्तारित भागलाई बाह्य परिसरका रूपमा राखिएको छ । प्राङ्गण विस्तार गर्दा भजनघर, रुद्रागारेश्वर सत्तल, लक्ष्मीनारायण मन्दिर, कपिलमुनि आश्रम, बद्रीनाथ सदावर्त सत्तल, वासुकि आश्रम, गुसेश्वर तथा बिरामी कुरुवा सत्तल, मलामी सत्तल, भोग पाकशाला, दक्षिण ढोका सत्तल, बज्रघर, सप्तमी सत्तल, महेन्द्र सहारा र सो उत्तरको सेतो सत्तल समेतको पुनः संरचना गरी अपुरातात्विक एवं अनावश्यक संरचनालाई हटाएर अन्य संरचनालाई पनि उचाइ, शैली, र छाना आदिमा एकरूप देखिने गरी पुनर्निर्माण गर्नु पर्दछ । यस क्रममा पूर्व ढोका र उत्तर ढोकालाई पनि सुविधायुक्त एवं फराकिलो बनाउनु पर्छ । सुरक्षाका दृष्टिले हालको पश्चिम ढोका (प्रवेशद्वार) भएको स्थानमा एक प्रवेशद्वार र कुलानन्द झा सत्तलको पश्चिमोत्तर स्थानमा कलात्मक पश्चिमद्वार निर्माण गर्नु पर्दछ र द्वारको सिधा उत्तर दक्षिण सुरक्षा पर्खाल बनाउनु पर्छ ।

महेन्द्र सहारा र सप्तमी सत्तलको बाहिर निस्केको उत्तर दक्षिणको भागलाई हटाउनु पर्छ । भजन घरको पुनर्निर्माण गर्दा माथिल्लो तलाको उपयोगिताको बारेमा पनि स्पष्ट हुनु पर्दछ । दक्षिणतर्फका सत्तललाई वज्रघर शैलीमा पुनर्निर्माण गरेर वत्सलेश्वरी प्राङ्गण पश्चिमको पाटीबाट भकुन्टोल पोडेपाटी हुँदै कुलानन्द झा सत्तलसम्म विस्तार गर्नु पर्दछ र त्यसैमा पशुपतिका अर्चकहरू (मूल भट्ट र भट्टहरू)को आवासको व्यवस्था गरी वर्तमान मूल भट्ट निवास पनि हटाउनु पर्छ । वज्रघरको उत्तरदक्षिणको लङलाई पनि हटाएर ठाउँ खुला गर्नु पर्दछ ।

गुसेश्वर र विरामी कुरुवा सत्तलको माथिल्लो भागलाई हटाएर मलामी बस्ने सत्तलको समेत पुनः संरचना गरी छानोलाई एकै रूपको बनाउनु पर्छ । लक्ष्मी नारायण मन्दिर भएको टहरोलाई मन्दिरकै शैलीमा बनाएर कपिलमुनि आश्रम र वासुकि आश्रमको पुनः संरचना गरी अरु संरचना हटाएर खुला बनाउनु पर्दछ ।

### ४.५ गुह्येश्वरी प्राङ्गण विस्तार

प्रतिदिन बढ्दो दर्शनार्थीका आधारमा गुह्येश्वरी मन्दिर प्राङ्गण पनि धेरै साँघुरो बन्दै गएको छ । हालसम्मको स्थिति हेर्दा पशुपतिमा दर्शनार्थ आउने भक्तजनमध्ये ज्यादै कममात्र गुह्येश्वरीको दर्शनार्थ जाने गरेको देखिन्छ । पशुपति क्षेत्रको मध्यम परिक्रमा पथ तयार गरी भक्तजन समक्ष प्रचार-प्रसार गर्दा यो संख्या धेरै बढ्न सक्छ । यस अतिरिक्त भारतीय दर्शनार्थीलाई पनि गुह्येश्वरीको महिमा बोध गराएर दर्शन, पूजनको फल समेत जानकारी दिएमा दर्शनार्थी भक्तजनको श्रद्धा अझ बढ्न गई पूजा-

पाठको क्रम पनि बढ्न जाने देखिन्छ । यिनै कुरालाई ध्यानमा राखेर प्राङ्गण विस्तार योजना प्रस्तुत गरिएको हो । गुह्येश्वरी प्राङ्गण विस्तार गर्दा अन्तः परिसर बाह्य परिसर गरी दुई तहको बन्दछ । वर्तमान प्राङ्गण केन्द्रीय हुन्छ भने विस्तारित प्राङ्गण बाह्य परिसर हुन्छ ।

गुह्येश्वरी मन्दिर प्राङ्गणको भौतिक स्थिति हेर्दा दक्षिणतर्फ प्राङ्गण विस्तारको सम्भावना देखिंदैन । त्यसैले बाह्य परिसर निर्माण गर्दा अन्तः परिसरको दक्षिणतिरका सत्तलको पूर्व-दक्षिणको कुनाबाट पूर्वतर्फ वाग्मती ढलको टहरोसम्म र पश्चिमतर्फ सेतो सत्तललाई भित्र पारेर विस्तार गर्न उपयुक्त देखिन्छ । पश्चिमी सीमाभन्दा बाहिर सानो जलायश र हरियाली प्रवर्धन गर्नु पर्दछ । किरातेश्वरदेखि गुह्येश्वरीसम्मकै वाग्मती किनारमा सदाबहार फूल लगाएर सुन्दर बनाउनु पर्दछ ।

परिधीय परिसर निर्माण गर्दा आवश्यक ल्याण्ड स्केपिङ्ग गरेर पानी, बत्ती र शौचालयको व्यवस्था गरी धार्मिक कार्यका लागि आवश्यक सुविधाको विकास गर्नु पर्छ । विस्तारित परिसरको पूर्व र पश्चिम दुवैतिर कलात्मक प्रवेशद्वार निर्माण गर्नु पर्छ । किरातेश्वर ताम्रगङ्गादेखिसम्म नै घाट निर्माण गरी प्रस्तर फलक वा इँटा छापेर पदमार्ग निर्माण गर्नु पर्छ । गौरीघाट पुलदेखि नै सवारी साधन प्रवेश निषेध गरेर सवारी साधनका लागि वाग्मती पारीको मार्ग खुला गर्नु पर्दछ । गुह्येश्वरी प्राङ्गण विस्तारको कार्य गर्दा एकै प्याकेजमा गुह्येश्वरी प्राङ्गण र सत्तलको समेत पुनर्निर्माण गर्नु उपयुक्त हुन्छ ।

तालिका ७

प्राङ्गण विस्तार

| क.स | कार्यक्रमको नाम | |
|---|---|---|
| 1 | पशुपति प्राङ्गण विस्तार | उप क्षेत्र |
| | (क) सुरक्षा पर्खाल निर्माण | A1 |
| | (ख) मौजुदा सत्तलको पुनः संरचना | A1 |
| | (ग) प्रवेशद्वार निर्माण | A1 |
| | (घ) अपुरातात्विक संरचना शुद्धीकरण | A3 |
| | (ङ) यज्ञशाला निर्माण (रुद्रगारेश्वर प्राङ्गण) | A3 |

| | | |
|---|---|---|
| | (च) कपिलमुनि आश्रम पुनर्निर्माण | A3 |
| | -(छ) लक्ष्मीनारायण मन्दिर निर्माण | A3 |
| | (ज) पशुपति प्राङ्गणको यज्ञशालाको पुनः संरचना | A1 |
| | (झ) बज्रघरको पुनः संरचना | A1 |
| | (ञ) पशुपति आगमघर पुनर्निर्माण | A1 |
| 2 | गुह्येश्वरी प्राङ्गण विस्तार | A2 |
| | (पूर्वतर्फ ताम्रगंगापश्चिमको टहरोसम्म र पश्चिमतर्फ सेतो सत्तललाई भित्र पारी परिधीय परिसर बनाई धार्मिक कार्यका लागि आवश्यक सुविधा विकास गर्ने, पूर्व-पश्चिम दुवैतिर प्रवेशद्वार निर्माण गर्ने । | |

### ४.६ पार्किङ्ग व्यवस्था

पशुपति क्षेत्रमा प्रतिदिन बढ्दो सवारी साधनको चाप र पार्किङ्ग स्थलको सीमिततालाई ध्यानमा राख्दा यहाँ बहुतले विश्राम स्थल आवश्यक देखिन्छ तर हाल खाली देखिएको वा कोषले अधिग्रहण गरेको B11 र B13 संरक्षित स्मारक क्षेत्रभित्र पर्ने र अन्यत्र कोषसँग त्यसका लागि उपयुक्त खाली जमिन नभएको हुदाँ हाल उपलब्ध खाली स्थानलाई उपयोग गरी पार्किङ्ग सुविधा विकास गर्नु पर्ने हुन्छ । कोषले विद्युत् शवदाह गृह बनाउने सन्दर्भमा B12 को भूउपयोग योजना बनाएको, सो योजना अनुसार भोजन प्रसादी गृहको पश्चिमतर्फ डेक पार्किङ्गनिर्माण गर्ने योजना भएको पाइयो । पशुपति क्षेत्रमा खासगरी भक्तजनका लागि हलुका सवारी साधनको पार्किङ्ग सुविधालाई ध्यानमा राख्नु पर्ने भएकाले पूर्व योजना अनुसार B12 को भोजन प्रसादी गृहको पश्चिम भागमा जमिनमुनि र माथि गरी दुई तहको डेक पार्किङ्ग सुविधा विकास गर्नु पर्नेमा सो भएको देखिदैंन । पशुपति क्षेत्र पुरातात्विक सम्पदाले भरिएको क्षेत्र हुनाले यहाँ जहाँतहीं पार्किङ्गका लागि बहुतले भवन निर्माण गर्न मिल्दैन । जग्गाको अभाव तथा पार्किङ्गको आवश्यकतालाई ध्यानमा राख्दा वागमती पुल पश्चिम वज्रेश्वरी मन्दिर क्षेत्र देखि चक्रपथलाई गौशालासम्म केही उठाएर निर्माण गरी सो मुनिको भागमा अण्डरग्राउण्ड पार्किङ्ग सुविधाको विकास गर्न सकिने देखिन्छ । यसो गर्दा सम्पदा क्षेत्रमा कुनै प्रतिकूल असर नपर्ने र स्थानाभावको समस्या पनि समाधान हुने भएकाले अण्डरग्राउण्ड पार्किङ्ग सुविधाको विकास गर्न उपयुक्त हुन्छ ।



(B11 को वर्तमान पार्किङ्गको स्वरूप)

B11 को पश्चिम तर्फको भागमा पशुपति सभा भवन निर्माण गर्दा पनि दुई तहको हलुका सवारी साधन पार्किङ्ग सुविधाको विकास गर्न सकिन्छ । समग्र पशुपति क्षेत्रको पार्किङ्ग व्यवस्थाका लागि काठमाडौं महानगरपालिका तथा स्थानीय वडा कार्यालय समेत समन्वय गरेर अघि बढ्न उपयुक्त हुन्छ । C1 मा बहुउद्देश्यीय कोष कार्यालय भवन निर्माण गर्दा पनि हलुका सवारी र पर्यटक वाहनका लागि पार्किङ्ग सुविधाको व्यवस्था गर्नु पर्दछ । साथै B3 उमाकुण्ड पश्चिमको चोकमा पनि डेक पार्किङ्ग सुविधाको सुविधाको विकास गर्न आवश्यक छ ।

## ४.७ पशुपति अध्ययन केन्द्र निर्माण

देश विदेशबाट जिज्ञासु भावले आउने अध्येता, अनुसन्धाताहरूलाई ध्यानमा राखेर पशुपति र पशुपति क्षेत्रका शक्ति पीठसँग सम्बन्धित निगम, आगम, जात्रा, पर्व, संस्कृति, कलाकृति, धर्म, दर्शन, पूजापद्धति जस्ता विषयमा अध्ययन, अनुसन्धान गर्नका लागि एक साधन सम्पन्न पशुपति अध्ययन केन्द्रको आवश्यकता देखिएको छ । यस्तो केन्द्रको निर्माणले पशुपति क्षेत्र विकास कोषको गरिमाको वृद्धि हुने कुरा स्पष्ट छ । अध्ययन केन्द्रमा पुस्तकालय, इ.पुस्तकालय, इन्टरनेट, प्राचीन लालमोहर, ताडपत्र, अभिलेखको सङ्कलन, अध्ययन कक्ष, गोष्ठी कक्ष, प्रशासनिक कक्ष एवं सुरक्षा कक्षका साथै अन्य सुविधाको समेत व्यवस्था गर्न आवश्यक छ । यस्तो केन्द्र विद्यालय क्षेत्रकै आसपास हुनु राम्रो भएकाले वेदविद्याश्रम पूर्वको खाली जग्गा घडेरी बनाउन उपयुक्त हुने देखिन्छ । पुरातात्विक क्षेत्र भएकाले यस्तो केन्द्रको निर्माण पनि पुरातात्विक मर्यादा प्रतिकूल नहुने गरी गर्नु पर्ने कुरा निर्विवाद छ । यस्तो केन्द्रको निर्माण गर्दा हलुका सवारीको पार्किङ्ग सुविधामा पनि विचार पुर्याउनु पर्दछ ।

### ४.८ अन्नदान भवन निर्माण

पशुपति क्षेत्रमा आउने भक्तजन, सन्त महन्त, अनाथ, दीन, दुःखी सबैका लागि भगवान् पशुपतिनाथको प्रसादका रूपमा प्रतिदिन निःशुल्क भोजनको व्यवस्था गर्न यो योजना प्रस्तुत गरिएको हो । यो निःशुल्क भोजन उपलब्ध गराउने अन्नदान भवन वनकाली उद्यान उत्तरको B5 मा निर्माण गर्न उपयुक्त हुने देखिन्छ । त्यस ठाउँमा पहिले पोखरी भएकोले पोखरीको समेत निर्माण गरी संरक्षण गर्नु पर्दछ । यो स्थान भगवान् पशुपतिनाथको दर्शन पश्चात् भक्तजन फर्कने मार्गमै पर्ने हुनाले पनि उपयुक्त छ । अन्नदान भवनको निर्माण गर्दा पाकशाला, भोजनालय, भण्डार, शौचालय, पानी, बत्ती, ढल निकास लगायतका आवश्यक सुविधामा ध्यान दिनु पर्दछ ।

### ४.९ बहु-उद्देश्यीय पशुपति साधना केन्द्र निर्माण

पशुपति क्षेत्रको भण्डारखाल बगैंचा दक्षिण-पश्चिम भागमा गौशाला-रातोपुल सडकसँगै जोडिएको केही जमिन प्रयोगविहीन अवस्थामा रहेको छ । सो जग्गालाई व्यावसायिक प्रयोजनका लागि प्रयोग गर्दा जग्गाको सदुपयोग पनि हुने, अतिक्रमणको अवस्था पनि नरहने, कोषलाई पनि आय आर्जन हुने अनि दर्शनार्थी एवं पर्यटकले समेत सुविधा प्राप्त गर्ने भएकाले यो योजना प्रस्तुत गरिएको हो । यस योजना अन्तर्गत ध्यान स्थल, सत्सङ्ग, भोजनालय, आवास, बजार सुविधा, सूचना केन्द्र, प्राथमिक स्वाथ्य सेवा, पार्किङ्ग जस्ता सुविधा सहितको संरचनाको परिकल्पना गरिएको छ । योजनाको आवश्यकताका आधारमा त्यसै जग्गासँग पश्चिमतर्फ सीमा जोडिएको अन्य भागलाई समेत उचित क्षतिपूर्ति दिएर प्राप्त गर्नु पर्ने हुन्छ । भण्डारखालको हरियाली तथा दक्षिण-पश्चिम खुला भएको यो स्थान साधक एवं पर्यटकका लागि निकै आकर्षक हुने देखिन्छ । संरक्षित स्मारक क्षेत्रभन्दा बाहिर पर्ने यो स्थान पर्यटक केन्द्रित सुविधा विकास गर्न उपयुक्त छ ।

### ४.१० पशुपति बजार निर्माण

पशुपति क्षेत्रमा आउने भक्तजन एवं पर्यटकहरूका लागि बैंकिङ्ग सेवा, पर्यटन सेवा, उपहार बिक्री कक्ष, पशुपति प्रकाशन, चमेना गृह लगायतका सेवा सुविधाका कार्यलाई एकै स्थानमा व्यवस्थित रूपले उपलब्ध गराउने उद्देश्यले यो योजना प्रस्तुत गरिएको हो । यो योजना B11 उपक्षेत्रको दक्षिणतिर पूर्व-पश्चिम लम्बाई हुने गरी कार्यान्वयन गर्नु उपयुक्त हुन्छ । निर्माण कार्य पुरातात्विक मर्यादा अनुकूल हुनु पर्छ । पशुपति दर्शन पथसगै जोडिएको क्षेत्र हुनाले यस योजनाले एकीकृत रूपमा आवश्यक सेवा सुविधा प्रवाह गर्ने छ । पर्यटक केन्द्रित अन्य सुविधाका कार्य पनि यसै क्षेत्रमा राखिएकाले सुरक्षा व्यवस्थामा पनि कोषलाई सजिलो हुने देखिन्छ ।

## ४.११ यज्ञशाला निर्माण

पशुपति क्षेत्र मूलतः धार्मिक, आध्यात्मिक क्षेत्र हो । यस क्षेत्रको विकासको आत्मा पनि आध्यात्मिकता नै हो । यसै कारणले नै यहाँ भगवान् पशुपतिनाथ र अन्य देव-देवीको दर्शनार्थ प्रतिदिन हजारौं भक्तजन आएका हुन् । यसै कुरालाई ध्यानमा राखेर प्रस्तुत गुरुयोजनाले यस क्षेत्रको विकासमा आध्यात्मिक र भौतिक दुवै पक्षको उन्नयनको अवधारणा राखेको हो ।

पशुपति क्षेत्रमा प्रातः कालदेखि नै वेदध्वनि गुञ्जियोस्, दर्शन पथमा सुमधुर भक्ति संगीत एवं स्तुति प्रार्थना सुन्न पाइयोस्, कतै सत्सङ्ग र कतै प्रवचनको कार्यक्रम चली रहोस्, यज्ञ यागादिका कार्य चली रहून्, देवदेवीका पूजा-आरतिमा सहभागी हुन पाइयोस् भन्ने चाहना भक्तजनमा हुनु स्वभाविक हो । यस क्षेत्रमा प्रवेश गरेर केन्द्रीय भागतिर अघि बढ्दै जाँदा भक्तजनमा मानसिक शान्तिको सञ्चार होस् र पूर्णतः धार्मिक बातावरण प्रवाहित हुन सकोस् भन्ने ध्येयले प्रस्तुत गुरुयोजना अघि बढेको छ । यसै अनुक्रममा यज्ञशाला निर्माण योजनालाई लिन सकिन्छ ।

पशुपति केन्द्रीय परिसरभित्र एक यज्ञशाला रहेको छ । त्यसलाई भगवान् पशुपतिनाथको विशेष पूजा-अर्चना गर्ने कार्यमा उपयोग गर्नु पर्दछ । साथै भक्तजनको इच्छानुसार विशेष पूजासहित पाठ आदि गराउनका लागि पनि त्यसलाई प्रयोग गर्न सकिन्छ । यस्ता कार्यमा योग्य ब्राह्मणको व्यवस्था गरेर सङ्कल्पपूर्वक पूजासामान पशुपतिनाथमा समर्पण गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

रुद्रागारेश्वर प्राङ्गणमा शास्त्रसम्मत यज्ञशालाको व्यवस्था गरेर कामना अनुसारको पूजा, पाठ, यज्ञ, हवन आदिकार्यका लागि आवश्यक कुण्डहरू तथा यज्ञीय उपकरण समेतको व्यवस्था गरी नियमित हवनादि कार्यक्रम सञ्चालन गर्ने सोच प्रस्तुत योजनामा राखिएको छ । विशेषपूजाका सन्दर्भमा हवन गराउन चाहने भक्तजनले पनि यो सुविधा प्रयोग गर्न सक्ने छन् । यस कार्यक्रमलाई नियमितरूपमा सञ्चालन गर्ने क्रममा इच्छुक भक्तजनले पनि यसमा सहयोग गर्न पाउने व्यवस्था गर्नु पर्दछ । यसका अतिरिक्त B7 को हंसमण्डपसँगै पूर्वपट्टि पनि यज्ञ गर्ने सुविधाको विकास गर्न आवश्यक देखिन्छ । यस कार्यले यज्ञका साथै कथा प्रवचन पनि चल्न सक्ने र धेरै भक्तजन सहभागी हुन सक्ने स्थिति बन्न जान्छ ।

## ४.१२ वाग्मतीको जलप्रवाह प्रवर्धन

पशुपति क्षेत्रमा भगवान् पशुपतिनाथको जस्तो धार्मिक महत्व छ त्यस्तै महत्व वाग्मती नदीको पनि रहेको छ । भगवान् शिवकै हाँसोबाट वाग्मती नदीको उत्पत्ति भएको हो भन्ने पौराणिक कथन छ । विश्वका प्राचीन सभ्यताहरूको विकासमा नदीको ठूलो योगदान रहेको कुरा प्राचीन इतिहासको अध्ययनबाट ज्ञात हुन्छ । नेपालमा पनि कौशिकी सभ्यता, गण्डकी सभ्यता जस्तै वाग्मती सभ्यता पनि एक महत्वपूर्ण सभ्यताका रूपमा रहेको छ । यसै मर्मको बोध गरेर वाग्मती नदीको शुद्धीकरण, व्यवस्थित ढल निकास तथा जल प्रवाह वृद्धि लगायतका काम गर्ने गरी 'अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति÷ को गठन भएको हुनु पर्छ ।

वाग्द्वारबाट प्रवाहित वाग्मती नदी शिवपुरी जलाधार क्षेत्र हुँदै सुन्दरीजल, गोकर्ण भएर पशुपति क्षेत्रमा प्रवेश गर्दछ । काठमाडौं उपत्यकाको खानेपानीको प्रयोजनका लागि यसको सम्पूर्ण पानी प्रयोग हुन थालेपछि वाग्मतीमा जलप्रवाह अत्यन्त न्यून हुन गई ढलमात्र प्रवाहित हुनाले बढेको अकल्पनीय विकृतिलाई ध्यानमा राखेर 'वाग्मती सभ्यताको संरक्षण÷ अभियान शुरु भयो । नेपाल सरकारले पनि वाग्मती सभ्यताको संरक्षण एवं संवर्धनका लागि समिति नै गठन गरी आवश्यक कार्य अघि बढाएको देखिन्छ ।

नदीको जीवन भनेको जलप्रवाह हो । जलप्रवाह नै नभए पछि नदीको जीवन नै नष्ट हुन्छ । वाग्मतीको अहिलेको स्थिति यस्तै छ । नेपाल सरकारले शिवपुरीको धापमा २४ मि. अग्लो पानी सङ्कलन जलाशय बनाउन लागेको कुरा जानकारीमा आएको छ । यस जलाशयबाट वाग्मतीको जलप्रवाह प्रवर्धनका लागि पानी छोड्ने भन्ने कुरो पनि ज्ञात हुन आएको छ तर यतिले मात्र सुख्खा मौसममा वाग्मतीलाई अपेक्षित रूपमा प्रवाहित गर्न सकिन्न । त्यसैले गुह्येश्वरी मन्दिरको पूर्वोत्तर भागमा रहेको खाली चौर र त्यससँग जोडिएको उत्तरतर्फको क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने प्रयोजनका लागि बृहत् जलाशय निर्माण योजना प्रस्तुत गरिएको हो । सो क्षेत्र पशुपति क्षेत्रभित्र पर्दछ । साठीको दशकसम्म पनि त्यो चौर खुला थियो । अहिले स्थलगत निरीक्षण गर्दा नेपाली सेनाले चौरलाई पूरै घेरेर तारबार गरी प्रवेश निषेध गरेको पाइयो । कोष र नेपाली सेनाका बिचमा सहमति र सहकार्यबाटै सो कार्य भएको हो भने पनि पवित्र वाग्मती नदीको जलप्रवाह वृद्धिका लागि सो क्षेत्रको आवश्यकताको बोध गराएर सहमति कायम गरी पोखरी निर्माण गर्नु पर्दछ । यहाँ जलाशय निर्माण गर्दा वर्षाका समयमा त्रिभुवन विमान स्थलबाट आउने जलप्रवाहलाई जलाशयमा सङ्कलन गर्न सरल हुने देखिन्छ । जलाशय निर्माण कार्यको प्राविधिक अध्ययन गर्दा सो खाली स्थानमा पोखरी बनाए पछि वर्षामा वाग्मतीको पानी सो पोखरीमा ल्याउने प्रयोजनका लागि सो क्षेत्रभन्दा उत्तरको जग्गा समेत कानुनको रीत पुर्यायर प्राप्त गर्नु पर्दछ । गुह्येश्वरीदेखि

चक्रपथसम्मको भागमा वारिपारी दुवैतिर घाट एवं तटबन्ध निर्माण गरेर वाग्मतीमा पनि ठाउँ-ठाउँमा वर्षाको समयमा असर नपर्ने गरी हल्का छेकबार बनाएर गुह्येश्वरीदेखि गौरीघाट पुलसम्म पानी हल्का रोकिँदै बग्दै गर्ने किसिमको व्यवस्थाका लागि प्राविधिक अध्ययन गराउन आवश्यक देखिन्छ । प्राविधिक रूपमा सम्भाव्य भएमा सो योजना कार्यान्वयन गर्नु पर्दछ । यसबाट वाग्मतीको शुद्धीकरण र प्रवाहशीलतामा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

पानी पोखरी निर्माण भएपछि वर्षाको पानी संकलन गर्ने र आवश्यकता अनुसार समय-समयमा वाग्मतीमा छोड्ने गर्दा वाग्मतीमा जमेको, थुप्रिएको फोहोर बगेर जाने र वाग्मती पनि सफा देखिने स्थिति बन्दछ । यसबाट भक्तजनमा सकारात्मक प्रभाव पर्न जान्छ । पोखरी निर्माण पछि समय-समयमा पानीको आपूर्तिका लागि डीप बोरिङ्ग समेत गरेर पोखरीमा पानी भर्ने काम गर्नु पर्दछ ।

## ४.१३ भूक्षय नियन्त्रण तथा हरियाली प्रवर्धन

पशुपति क्षेत्रको मृगस्थली-श्लेष्मान्तक वन क्षेत्रमा विश्वरूपा मन्दिरको पूर्वोत्तर भागदेखि विभिन्न ठाउँमा भूक्षयको भयावह स्थिति उत्पन्न भएको देखिन्छ । यस क्षेत्रको भू-बनोट कमजोर प्रकृतिको भएकाले वर्षायाममा पानीले माटो बगाउनाले ठुल्ठुलो खोंच र गल्छी बनेका छन् । भूक्षयले त्यहाँका बोटबिरुवा नष्ट भएका छन् भने विश्वरूपा मन्दिरलाई नै क्षति पुग्न सक्ने अवस्था सिर्जना भएको छ । त्यसमा पनि त्यसै स्थानबाट खोलिएको तिलगङ्गा-ताम्रगङ्गा सडकले भूक्षयलाई अझ बढाउने काम गरेको छ र ध्रुवस्थली उपक्षेत्रलाई पशुपति क्षेत्रभन्दा भिन्न जस्तै बनाएको छ ।

समुच्चा श्लेष्मान्तक वन क्षेत्रमा भएको भूक्षयको विशेषज्ञबाट प्राविधिक अध्ययन गराएर नियन्त्रणका कार्यक्रम अघि बढाउन आवश्यक छ । यसका साथै मृगस्थली र श्लेष्मान्तक वन क्षेत्रमा वृक्षारोपण गरेर वनको संरक्षण र संवर्धन गर्नु पर्दछ । यस क्षेत्रमा मानिसलाई मन्दिरमा जान र प्रातः भ्रमणका लागि समेत पदमार्ग बनाएर सो मार्गको दुवैतिर फेन्सिङ्ग गरी लहरै बारको समेत काम गर्ने गरी बिरुवा लगाउनु पर्दछ । मानिसलाई आफू खुसी जताततै हिड्न डुल्न नमिल्ने, पदमार्गबाट मात्र हिंड्ने डुल्ने अवस्था सिर्जना गरेर बोटबिरुवा संरक्षण र हरियाली संवर्धनमा विशेष ध्यान दिन आवश्यक छ ।

विश्वरूपा पूर्व खोलिएको बाटोमा पानी बेच्ने ट्याङ्कर र मोटर साइकल दोहोरीलत्ता चलेको देखियो । पुरातात्विक सम्पदा क्षेत्रमा यस्तो क्रियाकलाप शोभनीय हुँदैन । पुरातात्विक मर्यादा प्रतिकूल खोलिएको बाटामा चिलाउने, लव्सी र अन्य जातका बिरुवाहरू लगाएर श्लेष्मान्तक वनको धार्मिक

इतिहासलाई बचाउन आवश्यक छ । भूक्षय नियन्त्रण कार्य गर्दा पनि सो क्षेत्रमा माटोलाई बगन नदिने खालका भूक्षय नियन्त्रक बिरुवा लगाउनु पर्दछ ।

मृगस्थली- श्लेष्मान्तक वन क्षेत्रमा व्यवस्थित रूपमा ससाना पोखरीहरू बनाएर वर्षाको पानी सङ्कलन गर्ने व्यवस्था गर्दा जतातैबाट पानी बगेर भूक्षय हुने स्थितिमा सुधार आउन सक्छ, वनका जीव-जन्तुले पनि पानी पाउन सक्छन् । यसो गर्दा पोखरी भरिएर बाहिर निस्कने पानीलाई व्यवस्थित निकास दिएर बागमतीमा पठाउनु पर्दछ । यसबाट भूक्षयमा सुधार आउन सक्तछ र वनक्षेत्र पनि रसिलो रहन सक्तछ ।

प्राचीन कालमा मृगस्थली- श्लेष्मान्तक वन क्षेत्र विशाल थियो । त्यसैले त्यहाँ हरिणहरू उफ्री-उफ्री विचरण गर्थे । भगवान् शिवलाई पनि मृगरूप लिएर यस वन क्षेत्रमा विचरण गर्न मन लागेको र विचरण गरेको कथा पुराणमा पाइन्छ  तर अहिले यो वन क्षेत्र अत्यन्त सीमित बनेको छ, वन पनि विभिन्न कारणले उजाड हुँदै गएको छ । यस वनक्षेत्रको उत्तरी भागलाई मृगवाटिका बनाउनाले मृगले रुखका बोक्रा चिथोरेर विद्रूप बनेका रुखहरू क्रमशः सुक्तै जान थालेका छन् । जमिनमा झार पनि कतै देखिँदैन ।



(मृगले तिथोरेका रुखको दृश्य)

पौराणिक कथालाई पुनरुज्जीवित गर्ने भनेर मृगस्थलीमा मृग पाल्ने कार्य शुरु भएपछि न त वनको संरक्षण हुन सक्यो न त मृगले नै स्वतन्त्र रूपमा कुद्ने, उफ्रने ठाउँ पाउन सके । यसले वन र हरिण दुवैलाई अन्याय गरे जस्तै हुन गयो । मृगस्थलीको सीमित क्षेत्र मृग पाल्न उपयुक्त छैन । मृगको प्राकृतिक जीवनप्रति संवेदनशील भएर मृगलाई स्थानान्तरण गर्नु पर्दछ र बोट बिरुवाको संरक्षण गर्नु पर्दछ । अन्यथा मृगले यस क्षेत्रका रुखका बोक्रा चिथोरेर सम्पूर्ण रुख मर्न सक्छन्, जङ्गल उजाड हुन सक्छ ।

### ४.१४ कोषको कार्यालय भवन निर्माण

पशुपति क्षेत्र विकास कोषको स्थापना भएको पनि तिन दशक बिती सकेको छ । कोषको एउटा केन्द्रीय कार्यालय देव उद्यानमा हुनु पर्छ भन्ने सोच राखेर प्रस्तुत गुरुयोजनामा वातावरणीय दृष्टिकोणले हाल कार्यालय रहेको स्थान B8 मा कोषको केन्द्रीय कार्यालय निर्माण गर्न प्रस्ताव गरिएको छ । अन्य सेवा र सुविधासँग सम्बन्धित धार्मिक, सांस्कृतिक कार्यसँग सम्बन्धित शाखा-प्रशाखाहरू आवश्यकता अनुसार विभिन्न स्थानमा रहने छन् ।

### ४.१४.१ बहुउद्देश्यीय भवन निर्माण

तिलगंगा आँखा अस्पतालसँगै खाली रहेको जग्गा C1 मा बहुउद्देश्यीय भवन निर्माण गर्दा भुइँ तलाको समग्र भाग र दक्षिणतिरको खाली भाग समेत पार्किङ्गका लागि प्रयोग गर्न सकिन्छ । यसबाट पर्यटकहरूका लागि समेत सुविधा पुग्न सक्छ । यो उपक्षेत्र संरक्षित स्मारक क्षेत्रभन्दा बाहिर पर्ने र पशुपतिनाथको मन्दिर परिसरलाई कतैबाट पनि नछेक्ने हुनाले यहाँ बहुतले भवन निर्माण गर्न सकिन्छ।

### ४.१५ शिवशक्ति लीला भवन निर्माण

पशुपति क्षेत्र शिव र शक्तिको लीलास्थलका रूपमा पुराणमा प्रसिद्ध छ । भगवान् शिवले मृगका रूपमा श्लेष्मान्तक वनमा विहार गरेको, देवताहरूले मृगरूप शिवलाई पक्रन खोज्दा मृगको सिङ तिन टुक्रा भएको, पशुपतिका रूपमा शिवजीले यसै क्षेत्रमा बस्ने इच्छा गरेको, वत्सलेश्वरी र गुह्येश्वरी आदिका रूपमा शक्तिको आविर्भाव भएको, ज्योतिर्लिङ्गको उत्पत्ति, पञ्चमुखी पशुपति ज्योतिर्लिङ्गको स्थापना, कृष्णबाट पशुपति दर्शन-पूजन, केदारेश्वर ज्योतिर्लिङ्गको शिरोभागको पशुपतिमा विलयन लगायत शिव र शक्तिका लीलासँग सम्बन्धित पौराणिक, प्रागैतिहासिक एवं ऐतिहासिक कथा प्रसङ्गलाई लीला चरित्रका रूपमा श्रव्यदृश्य माध्यमबाट प्रदर्शन गर्न यो योजना प्रस्तावित गरिएको हो

। यसबाट सर्वसाधारण भक्तजन एवं गैरहिन्दु पर्यटकहरूले पनि शिवशक्तिको लीला चरित्रको ज्ञान गर्न सक्ने छन् र यसबाट मनोरञ्जनका साथै शिवशक्ति सम्बन्धी पुराण, इतिहास र दर्शनका गम्भीर रहस्यको अध्ययन अनुसन्धानमा समेत जिज्ञासा एवं रुचि बढ्न जाने देखिन्छ । यो योजना B13 त्रिविक्रम उपक्षेत्रमा राखिएको छ ।

### ४.१६ त्रिविक्रम मन्दिर निर्माण

त्रिविक्रम उपक्षेत्र B13 मा यो मूर्ति रहेको छ । मन्दिर तथा सुरक्षित परिसर नहुनाले लिच्छवि कालीन यो मूर्ति अलपत्र अवस्थामा रहेको छ । ऐतिहासिक एवं पुरातात्विक महत्वको मूर्ति भएको स्थानलाई सुन्दर एवं कलात्मक मन्दिर एवं परिसर समेत निर्माण गरी धार्मिक स्थलका रूपमा सुरक्षित गर्नका लागि यो योजना प्रस्तुत गरिएको हो । वरिपरीका वैयक्तिक संरचनाले अतिक्रिमित यो मूर्ति वि.सं. ५२४ को मानदेवको अभिलेख समेत भएको मूर्ति हो । यसलाई विष्णु विक्रान्त पनि भन्दछन् । यो क्षेत्र अहिले पशुपति क्षेत्र विकास कोषले प्राप्त गरी सकेको क्षेत्र भएकाले यसलाई व्यवस्थित गर्न खासै समस्या देखिंदैन । पादपीठ अभिलेखमा नै राम्रो असल मन्दिर बनाउन लगाई मूर्ति स्थापना गरेको भन्ने उल्लेख भएकाले मन्दिर बनाउन नहुने देखिंदैन । मन्दिर बनाउँदा शास्त्रसम्मत रूपमा बनाउनु पर्दछ र यसको दर्शन, पूजन प्रक्रियालाई व्यवस्थित गर्नु पर्दछ ।

### ४.१७ पशुपति क्षेत्र प्रदक्षिणा पथ निर्माण

पशुपति क्षेत्र धार्मिक क्षेत्र हो । धार्मिक क्षेत्रको प्रदक्षिणाको छुट्टै महत्व हुन्छ । शास्त्रमा धार्मिक क्षेत्रको परिक्रमाको विशेष पुण्य बताइएको छ । भगवान् शिव एवं शिवक्षेत्रको प्रदक्षिणाबाट जस्तोसुकै पाप पनि नष्ट हुन्छ भन्ने शास्त्रको वचन छ । दुम्जाको कुशेश्वरबाट शुरु हुने चौसट्ठी लिङ्गयात्रा पशुपति क्षेत्रको बृहत् परिक्रमा हो । यसलाई लिङ्गयात्रा पनि भन्दछन् । यस्तो बृहत् परिक्रमाका लागि गन्तव्य स्थानको पहिचान, त्यहाँका शिवलिङ्गको महिमा, त्यहाँसम्म जाने मार्ग (सडक वा पदमार्ग)को स्थिति, आवास सुविधा समेतको अध्ययन गरी आवश्यक सेवा सुविधाको व्यवस्थाका लागि तत् तत् स्थानीय तहलाई समेत सहभागी बनाएर एक बृहत् परिक्रमा पथ योजना तयार गर्नु पर्दछ । यस्तो कार्यक्रम कोषकै सक्रियतामा आवश्यक गुरु, पुरोहितलाई समेत संलग्न गराएर धार्मिक विधि, विधान सहित सञ्चालन गर्ने व्यवस्था गर्नु पर्दछ ।

प्रत्येक लिङ्गका उपलिङ्ग समेत हुने भएकाले उपलिङ्गहरू र ती उपलिङ्ग भएको स्थान तथा यातायातको स्थितिको समेत अध्ययन गरी लिङ्गयात्रासँगै उपलिङ्गयात्राको समेत व्यवस्था गर्न आवश्यक छ । यसबाट पौराणिक रूपमा पशुपति क्षेत्रको विस्तार समेत जान्न सकिन्छ ।

पशुपति क्षेत्रको मध्यम प्रदक्षिणापथका रूपमा पूर्वमा ध्रुवस्थलीदेखि पश्चिममा भण्डारेश्वरसम्मको क्षेत्रको परिक्रमालाई राखिएको छ । यस परिक्रमा पथमा पशुपति क्षेत्रका देव-देवी र धार्मिक स्थललाई दाहिने पारेर प्रदक्षिणा गर्ने व्यवस्था गर्नु पर्दछ । भगवान् पशुपतिनाथको दर्शनबाट शुरु भएर अन्तमा रुद्रागारेश्वरमा आएर टुङ्गिने गरी प्रदक्षिणा पथका लागि आवश्यक सुविधाको विकास गर्नु पर्दछ । यसरी परिक्रमा गर्दा प्रदक्षिणापथभित्रका सबै देव-देवीका मन्दिरमा गएर दर्शन-पूजन गर्ने व्यवस्था गर्न आवश्यक छ ।

पशुपति क्षेत्रको लघु प्रदक्षिणापथका रूपमा पशुपतिनाथको दर्शन गरी हेमन्त भैरव हुँदै गौरीघाट पुगेर त्यहाँबाट किरातश्वरको दर्शन गरी गुह्येश्वरी एवं मृगस्थली हुँदै वत्सलेश्वरीको दर्शन गरी पञ्चदेवल उत्तरको मार्ग भएर भुवनेश्वरी र दक्षिणामूर्तिलाई दाहिने पारेर प्रदक्षिणा गरी रुद्रागारेश्वरमा पुगेर समाप्त हुने प्रदक्षिणा पथको सोच बनाइएको छ । यस प्रदक्षिणा पथमा जहाँ जहाँ जे-जस्तो सुविधाको विकास गर्नु पर्ने हुन्छ सो गरी भक्तजनलाई यस सम्बन्धमा जानकारी गराउनु पर्दछ । मार्गको दायाँबायाँ पर्ने मन्दिरहरुको पनि दर्शन-पूजन गर्दै जाने व्यवस्था गर्नु पर्दछ ।

यस अतिरिक्त बालाचतुर्दशीका दिन गरिने शतबीजारोपण पनि एक किसिमको पशुपति क्षेत्रको परिक्रमा नै हो । त्यसैले शतबीजारोपण मार्गलाई पनि व्यवस्थित गरेर सोही अनुसार गर्न भक्तजनलाई जानकारी गराउन आवश्यक छ । पशुपति क्षेत्रका कतिपय जात्राले पनि यस क्षेत्रको विस्तार र प्रदक्षिणालाई द्योतित गरेका छन् । जुन कुनै रूपमा भए पनि भक्तजनले पशुपति क्षेत्रको परिक्रमा गर्दै,सबै देवदेवीको दर्शन गरेर र पुण्यलाभ गरून् भन्ने भावनाले प्रदक्षिणा पथको व्यवस्था गरी सो बारे भक्तजनलाई जानकारी दिन आवश्यक छ । यस क्रममा दर्शन-पूजन गरिने देवदेवीको माहात्म्य पनि  खोजेर लेखाएर प्रकाशित गर्नु पर्दछ । यसै सन्दर्भमा पशुपति क्षेत्रमा गरिने कतिपय जात्राका पनि खास खास मार्गहरू निर्धारित भएकाले त्यस्ता जात्रा मार्गको पनि संरक्षण गरी आवश्यक सुविधाको विकास गर्नुपर्दछ ।

### ४.१८ पशुपति सभा भवन निर्माण

पशुपति क्षेत्रमा धार्मिक, सांस्कारिक विविध किसिमका कार्य क्रमका साथै कोषकै आवश्यकता अनुसारका गोष्ठी, बैठक, सभा आदि सञ्चालनका लागि पनि उपयुक्त सुविधाको विकास गर्न आवश्यक देखिएको छ । वनकाली धर्मशाला हाल जीर्णशीर्ण अवस्थामा रहेको छ । त्यसलाई पुनर्निर्माण गरेर कोषको आवश्यकता पूरा हुने स्थिति छैन । त्यसैले त्यसलाई भत्काउनु, हटाउनु पर्छ र  त्यहाँ

दर्शनार्थी सुविधाका लागि जुत्ताचप्पल, सुरक्षा कक्ष, शौचालय आदि सुविधाको विकास गर्नु पर्दछ । कोषको आवश्यकताको परिपूर्तिका लागि B11 उपक्षेत्रमा जुत्ताचप्पल कक्षसँगै मिलाएर एक सभा भवन निर्माण गर्ने योजना पनि प्रस्तुत गरिएको हो । पशुपति दर्शन पथ पनि यसै उपक्षेत्रको पूर्वतर्फ बन्ने भएकाले सभा भवन पश्चिमतर्फ बनाउन उपयुक्त हुने देखिन्छ । यस किसिमको भवन निर्माण गर्दा कोषलाई देश-विदेशबाट आउने सन्त, महात्मालाई सम्मान गर्न र तिनको प्रवचनको कार्यक्रम सञ्चालन गर्न पनि सहयोग पुग्ने हुनाले यसले धार्मिक क्रियाकलाप प्रवर्धन गर्ने देखिन्छ ।

## ४.१९ पशुपति आगम घर निर्माण

पशुपतिनाथ मन्दिरको पश्चिमतिर (वर्तमान प्राङ्गण बाहिर) पशुपतिनाथको आगम घर रहेको छ । यस आगम घरको स्थापना विक्रमको बाह्रौं शताब्दीको साठीको दशकमा नेपाल आएका काशीस्थित अग्निमठका शङ्कराचार्यले गरेका हुन् भन्ने मानिएको छ । त्यसैले यसलाई शङ्कराचार्य आगम घर पनि भन्ने गरिन्छ । पशुपतिनाथको ईशान मुखमा श्रीयन्त्र लेखेर तान्त्रिक विधिबाट भगवती राजराजेश्वरीको पूजा-आराधना गर्ने चलन पनि यिनैले चलाएका हुन् भन्ने पनि मानिएको छ ।

आगम घर तान्त्रिक विधि विधान सम्पादन गर्ने मूल स्थान हो । काठमाडौं उपत्यकाभित्र प्रत्येक देवताको आगम घरको व्यवस्था भएको पाइन्छ किन भने यो उपत्यका तन्त्र साधनाको प्रमुख स्थान हो । ईशाको सातौं शताब्दीतिरै तन्त्र साधकहरू काठमाडौं उपत्यकामा रहेको कुरा अभिलेखहरूबाट ज्ञात हुन आएको छ । यसै हुनाले शङ्कराचार्यले पशुपतिनाथको शिरमा श्रीयन्त्र लेखेर तान्त्रिक विधिबाट पूजा गर्ने व्यवस्था प्रारम्भ गर्दा सहजै स्वीकार्य भएको हुनु पर्दछ । पशुपतिमा तान्त्रिक विधिले पूजा गर्ने चलनको प्रारम्भसँगै तन्त्रसाधना, दीक्षा आदिका लागि आगम घरको स्थापना भएको हुनु पर्दछ । नेपालका प्रमुख शैवशाक्त मन्दिर वा पीठमा आगम घरको अवस्थितिलाई पनि यसै सन्दर्भमा लिन सकिन्छ । कसैको पनि कुलदेवता पूजा गर्ने स्थान वा कोठामा अरुले पस्नु नहुने, हेर्नु नहुने र कुलदेवतालाई चढाएको प्रसाद पनि अरुले खान नहुने परम्पराले पनि आगम घरकै मान्यतालाई प्रकारान्तरले द्योतित गरेको छ ।

आगम घर तन्त्रसाधनाको एकान्त वा गोप्य स्थान हो । यहाँ तान्त्रिक साधना, पुरश्चरण, दीक्षा एवं अभिचार क्रिया जस्ता कार्य गोप्य रूपमा सम्पादन गरिन्छन् । आगम घर छुट्टै हुँदा मूल देवताका मन्दिरमा त्यस्ता अभिचारात्मक क्रिया नगरी मूल देवतामा सात्त्विक पूजा-पाठ मात्र गरिने हुँदा देवताको स्वात्विक पक्षको महत्ता बढ्न जान्छ र भक्तजनमा पनि स्वात्विक भावको जागरण हुन्छ । धार्मिक क्षेत्रको गरिमा पनि यसैमा रहेको हुन्छ ।

पशुपति आगम घर स्थापना पछि सोको सञ्चालन एवं सोबाट गरिने कार्यका सम्बन्धमा जानकारी दिने प्राचीन सामग्री नपाइनाले सो सम्बन्धमा केही भन्न सकिन्न । पशुपतिनाथका पुजारीका रूपमा सन्यासीले काम गर्दा सम्भवतः आगम घरमा पनि तिनैले पूजा गर्दथे । राघवानन्दसम्म नै पशुपति र आगम घर दुवैतिर एउटै व्यक्तिले पूजा गर्दथे भन्ने मानिएको छ तर पशुपतिनाथको पुजारीमा दाक्षिणात्य भट्ट ब्राह्मणलाई नियुक्त गरेपछि अलग-अलग व्यक्तिले पूजा गर्ने चलन चलेको हुनु पर्दछ । यस सन्दर्भमा सम्भवतः केशव भट्ट आगम घरका प्रथम पुजारी हुनु पर्दछ । केशव भट्टपछि फेरि कपिलानन्द स्वामी नै दुवैतिरका पुजारी भए । ने.स.८५५(वि.सं. १७९२) को ताडपत्रमा कपिलानन्द स्वामीबाट राजा साधी साम्बसदाशिव भट्टका नाममा आगम घरको पूजा एवं अन्य विधि विधान सम्पन्न गर्ने अधिकार दिएको उल्लेख पाइन्छ । यिनका नाममा राजा जगज्जय मल्लले गरी दिएको ताडपत्रमा आदिपशुपतिको पूजाका साथै शत्रुभय, अनावृष्टि, महामारी, भूकम्प आदि अनिष्ट हुँदा सोको निवारणका लागि शान्ति स्वस्ति गर्ने अधिकारको समेत उल्लेख भएको छ । पशुपतिमा नयाँ पुजारी नियुक्त हुँदा निजलाई पूजा प्रक्रियाका बारेमा ज्ञान दिने, दीक्षा दिने, देश र जनताका लागि तान्त्रिक र पौष्टिक कर्म गर्ने, पशुपतिका लागि योग्य पुजारी छान्ने, भण्डारी, विसेट बन्देजभित्र वा बाहिरको के हो भनी हेर्ने समेतका कार्य आगम घरलाई तोकिएको पाइन्छ । यस्तो गुरुतर दायित्व वहन गर्ने गरी व्यवस्था गरेको आगम घर अहिले गतिहीन, प्रभावहीन बन्न पुगेको छ । साम्बसदा शिव भट्टका वंश परम्परामा यो सारा अधिकार एंव कर्तव्य रहन गएको र समयक्रममा सो वंश परम्परामा सक्षम व्यक्तिको अभाव हुनाले यस्तो स्थिति उत्पन्न भएको हो । अर्को कुरा विविध कारणले पशुपतिका मूल भट्ट शक्तिशाली बन्दै जाँदा पशुपतिको पुजारीका रूपमा नियुक्त भएको व्यक्तिलाई आगम घरले प्रशिक्षण एवं दीक्षा दिने कामगर्न सकेन र पशुपतिका नव नियुक्त पुजारी र आगम घरका बिच कुनै सम्बन्ध नै हुन सकेन । यसले हाम्रो आफ्नो मौलिक परम्परामा आएको ह्रासलाई देखाएको छ ।

अहिलेसम्म पशुपतिको पुजारीका रूपमा दाक्षिणात्य भट्ट ब्राह्मणलाई नै नियुक्त गर्ने व्यवस्था रहेको छ । तिनीहरू दक्षिण भारतको संस्कार र संस्कृतिमा हुर्किएका र शिक्षित भएका हुन्छन् । दक्षिण भारत तन्त्रको विकास भएको मुख्य क्षेत्र भए पनि कतिपय कुराहरू स्थान विशेषमा फरक हुन्छन् । दक्षिण भारतीय ब्राह्मण शुक्लयजुर्वेदाध्यायी होइनन् तर नेपालमा शुक्लयजुर्वेदको प्रचलन छ । यी सबै कुरालाई ध्यानमा राखेर चिन्तन गर्दा दक्षिण भारतीय ब्राह्मणलाई पशुपतिनाथको पुजारीमा नियुक्त गर्दा निजलाई यहाँको रीति, रिवाज, प्रचलन, संस्कार, संस्कृति तन्त्र, मन्त्र, पूजापद्धति सबै पक्षमा प्रशिक्षण दिएर, सिकाएर, पूजा गर्न योग्य बनाएर मात्र दीक्षा दिई मन्दिरमा प्रवेश गराउनु पर्दछ । यसका

लागि आगम घर आवश्यक छ र समक्ष एवं योग्य व्यक्तिलाई त्यसको जिम्मा दिने व्यवस्था गर्नु पर्दछ । त्यो योग्यता एवं क्षमता भनेको पाशुपत दर्शन, योग, तन्त्र, मन्त्र आदिको ज्ञानका साथै शुक्लयजुर्वेद सम्मत वैदिक विधि विधान समेतको ज्ञान र क्रिया दुवै हो । आगम घरको पुनरुज्जीवन गर्दा त्यहाँबाट गरिने भनेर बि.सं. १७९२ को ताडपत्रमा उल्लेख भएका अनावृष्टि, अतिवृष्टि, भूकम्प, महामारी, शत्रुभय जस्ता अनिष्ट निवारणार्थ गरिने शान्तिक तथा पौष्टिक कार्यका शास्त्रीय विधि वा पद्धतिको पनि खोजी गरी तयार गरेर सुरक्षित गर्नु पर्दछ । यस अतिरिक्त आगम घरलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि वंशगत रूपमा आएको कुनै व्यक्ति इच्छुक र योग्य भए त्यसलाई र सो नभए अन्य उपयुक्त व्यक्तिको खोजी गरी आवश्यक प्रशिक्षण तथा दीक्षा समेत दिएर योग्य एवम् सक्षम व्यक्ति उत्पादन गर्न समेत आवश्यक देखिन्छ ।

पशुपतिनाथ मन्दिरभित्र परम्परादेखि पूजा कार्यमा सहयोग गर्दै आएका भण्डारीहरूका लागि कोषले भण्डारीहरूलाई पुनस्थापना गरेको B3 क्षेत्रमा नै भण्डारी आगमघर निर्माण गर्नु पर्दछ र भकुन्टोलको भण्डारी  आगमघर हटाउनु पर्दछ ।

### ४.२० संरक्षण तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रम

पशुपति क्षेत्रमा आउने भक्तजन तथा पर्यटकहरूको सेवा-सुविधाका लागि र शैव, शाक्त निगम-आगम अध्ययन एवं जानकारीका लागि विभिन्न निर्माण योजनाहरू यहाँ प्रस्तुत गरिएका छन् । पशुपति क्षेत्रको महत्वानवनिर्माणमा होइन, प्राचीन सम्पदाहरूको संरक्षणमा रहेको छ । ती प्राचीन सम्पदा यस क्षेत्रमा मूर्त र अमूर्त दुवै रूपमा रहेका छन् । दुवै किसिमका सम्पदाको उत्तिकै महत्व छ र दुवै संरक्षणीय छन् तर यहाँ पशुपति क्षेत्रका मूर्त सम्पदा (मठ, मन्दिर, आश्रम, अखडा, घाट, सत्तल, पाटी आदि) हरूको भौतिक स्वरूपको संरक्षण, पुनर्निर्माण पनि त्यत्तिकै महत्वपूर्ण भएकाले तत्सम्बन्धी कार्यक्रम यहाँ प्रस्तुत गरिएको छ । यस अन्तर्गत मठ, मन्दिर, पाटी, पौवा, सत्तल आदिको संरक्षण एवं पुनर्निर्माण र तिनको सदुपयोग समेत यहाँ उल्लेख गरिएको छ । यहाँ विभिन्न उपक्षेत्रगत कार्यक्रमहरू प्रस्तुत गरिएका छन् ।

## तालिका नं.८

## झङ्केश्वरी (A3) उपक्षेत्रगत कार्यक्रम

| क.सं. | कार्यक्रमको नाम | उपक्षेत्र |
|---|---|---|
| १ | झङ्केश्वरी पीठ संरक्षण | A3 |
| २ | शंकराचार्य मठ संरक्षण | A3 |
| ३ | शंकराचार्य मन्दिर निर्माण | A3 |
| ४ | शंकरनारायण सत्तल पुनर्निर्माण | A3 |
| ५ | महास्नानघर पुनर्निर्माण | A3 |
| ६ | महास्नानघरसँगै दक्षिणतिर प्रवेशद्वार निर्माण | A3 |
| ७ | धार्मिक कार्यको लागि सुविधा विकास | A3 |
| ८ | वाटिका निर्माण | A3 |
| ९ | महास्नानघरमा पशुपति संग्रहालय सञ्चालन | A3 |

## तालिका नं. ९

## सन्निकट क्षेत्र-उपक्षेत्रगत कार्यक्रम

| क.सं. | कार्यक्रमको नाम | उपक्षेत्र |
|---|---|---|
| १ | पशुपति दर्शन पथ निर्माण | B11 बाट B5, B6, B7 हुदैं A1 सम्म |
| | (क) सूचना कक्ष | |
| | (ख)सामान सुरक्षा कक्ष (लकर सेवा सहित) | |
| | (ग)स्नानगृह | |
| | (घ) शौचालय | |
| | (ङ) प्राथमिक स्वास्थ्य सेवा | |
| | (च) विश्रामस्थल | |
| | (छ) पूजासामग्री पसल | |
| | (ज) पानी-बत्ती व्यवस्था | |
| | (झ) दर्शनपथमा छादन निर्माण | |
| | ञ)जुत्ता चप्पल सुरक्षा कक्ष | |

| | | |
|---|---|---|
| | ट) नेपालका तीर्थस्थल एवं जात्रा पर्व सम्बन्धी सूचनामूलक प्रदर्शन सुविधा विकास | |
| | ठ) धार्मिक स्तोत्र एवं वैदिक मन्त्र पाठ प्रसारण सुविधा | |
| २ | पशुपति क्षेत्र प्रदक्षिणा(लघु, मध्यम र बृहत्) पथ निर्माण (परिक्रमापथमा पानी-बत्ती, विश्रामस्थल र शौचालय र पदमार्गको सुविधा विकास) | |
| ३ | वाग्मती जल प्रवाह प्रवर्धनका लागि विशाल पानी जलाशय निर्माण | B1 |
| ४ | कलात्मक प्रवेशद्वार निर्माण | B11, B10, B13, B4, B2, B9, A2, B3 |
| ५ | डेक पार्कि सुविधा विकास | B11, B12 |
| ६ | पशुपति सभा भवन निर्माण तथा बजार व्यवस्था | B11, B13 |
| ७ | शिवशक्ति लीला भवन निर्माण | B13 |
| ८ | पर्यटक सहयोग तथा सूचना केन्द्र निर्माण | B13 |
| ९ | त्रिविक्रम मन्दिर निर्माण | B13 |
| १० | पशुपति उपहार पसल तथा जलपान गृह निर्माण | B13 |
| ११ | पशुपति सुरक्षा भवन निर्माण | B13 |
| १२ | विश्वरूपा मन्दिर, सत्तल र प्राङ्गण पुनर्निर्माण | B1 |
| १३ | विश्वरूपा उत्तरतर्फको भूक्षय नियन्त्रण तथा हरियाली प्रवर्धन | B1 |
| १४ | मृगस्थली उपक्षेत्रका मन्दिर तथा सत्तलको संरक्षण तथा पुनर्निर्माण | B1 |
| १५ | मृगस्थली-श्लेषमान्तक वनक्षेत्र एवं धुरवस्थली संरक्षण तथा हरियाली प्रवर्धन (हाता पर्खाल सहित) | B1 |
| १६ | ध्रुवस्थली उपक्षेत्रका सम्पदाहरूको संरक्षण | B14 |
| १७ | राजराजेश्वरी क्षेत्रका मन्दिर तथा सत्तलको पुनर्निर्माण | B6 |
| १८ | किरातेश्वर क्षेत्र संरक्षण (हाता पर्खाल, ल्याण्डस्केपिङ्ग र प्रवेशद्वार सहित) | B1 |

| | | |
|---|---|---|
| १९ | पशुपति अध्ययन केन्द्र निर्माण | B8 |
| २० | वेदविद्याश्रममा छात्रावास तथा कक्षा भवन विस्तार | B8 |
| २१ | योगी नरहरिनाथ तथा स्वामी प्रपन्नाचार्य स्मृति कक्ष व्यवस्था (आवश्यक सामग्री संकलन, उपकरण र व्यवस्थापन ) | B1 |
| २२ | हेमन्त भैरव-गौरीघाट क्षेत्रमा पार्किङ्ग व्यवस्था (जग्गा प्राप्ति र सुविधा विकास) | B2 र B3 |
| २३ | पशुपति बहुउद्देश्यीय साधना केन्द्र निर्माण | B9 |
| २४ | गौरीघाट क्षेत्र संरक्षण तथा सत्तल पुनर्निर्माण | B2 |
| २५ | सूर्यघाट क्षेत्र संरक्षण | B2 |
| २६ | पन्ध्रशिवालय क्षेत्र संरक्षण | B1 |
| २७ | राममन्दिर तथा एकादश रुद्रशिवालय क्षेत्र संरक्षण | B1 |
| २८ | अन्नदान भवन निर्माण | B7 |
| २९ | पञ्चदेवल चौघेरा सत्तल संरक्षण तथा मन्दिर पुनर्निर्माण | B5 |
| ३० | वनकाली मन्दिर तथा सत्तल संरक्षण | B7 |
| ३१ | अग्निहोत्रशाला तथा चार शिवालय संरक्षण | B12 |
| ३२ | कोषको कार्यालय भवन | B8 |
| ३३ | जयबागीश्वरी मन्दिर तथा सत्तल संरक्षण | B9 |
| ३४ | भण्डारखाल क्षेत्र संरक्षण तथा सुविधा विकास | B9 |
| ३५ | भुवनेश्वरी, दक्षिणामूर्ति मन्दिर संरक्षण | B4 |
| ३६ | सुलभ शौचालय | B5 |
| ३७ | तलेजु मन्दिर परिसर संरक्षण | B6 |
| ३८ | घ्याम्पे पाटी (सिफल) पुनर्निर्माण | B1 |
| ३९ | कैलास संरक्षण तथा हरियाली प्रवर्धन | B2 |
| ४० | गौरीघाट-गुह्येश्वरी पदमार्ग निर्माण तथा वाग्मती किनारामा हरियाली प्रवर्धन | B2, A2 |

| | | |
|---|---|---|
| ४१ | पशुपति सभाभवन | B11 |
| ४२ | पशुपति नक्षत्र मण्डल निर्माण | B13 |
| ४३ | विद्युत् शवदाहगृह | B13 |
| ४४ | भुवनेश्वरी उपक्षेत्रका अन्य मन्दिर तथा मूर्तिहरूको संरक्षण | B4 |
| ४५ | उमाकुण्ड आश्रम संरक्षण तथा सुविधा विकास | B2 |
| ४६ | ताराप्रकाशेश्वर क्षेत्रको क्रियापुत्री सेवा सुविधा संरक्षण | B6 |
| ४७ | वनगणेश तथा ढुंगेधारा संरक्षण | B7 |
| ४८ | भस्मेश्वर उपक्षेत्रको अमरकान्तेश्वर समेतका मन्दिर तथा सत्तलको पुनर्निर्माण | B6 |
| ४९ | जयवागीश्वरी मन्दिर पश्चिमका देवालय, पाटी तथा सिफल चउर संरक्षण | B9 |

तालिका नं.१०

परिधीय क्षेत्र-उपक्षेत्रगत कार्यक्रम

| क.सं. | कार्यक्रमको नाम | उपक्षेत्र |
|---|---|---|
| १ | बहु-उद्देश्यीय कार्यालय भवन निर्माण | C1 |
| २ | स्वास्थ्य सेवा भवन | C1 |
| ३ | धर्मशाला निर्माण | C1 |
| ४ | क्रियापुत्री सेवा भवन निर्माण | C5 |
| ५ | निर्माणेश्वर निर्वाणेश्वरी मन्दिर तथा सत्तल संरक्षण | C4 |
| ६ | ताम्रेश्वर उपक्षेत्रका मन्दिर सत्तल, धारा आदिको संरक्षण/पुनर्निर्माण | C4 |
| ७ | भण्डारेश्वर क्षेत्र संरक्षण तथा सुविधा विकास | C5 |
| ८ | वज्रेश्वरी उपक्षेत्रका मन्दिर तथा पाटी संरक्षण/पुनर्निर्माण | C10 |

| | | |
|---|---|---|
| ९ | चन्द्रविनायक उपक्षेत्रको मन्दिर तथा सत्तलको संरक्षण/पुनर्निर्माण | C7 |
| १० | चारुमती विहार संरक्षण/पुनर्निर्माण | C7 |
| ११ | गङ्गाहिटी उपक्षेत्र सुविधा विकास | C8 |
| १२ | रुद्रमती उपक्षेत्र सुविधा विकास | C3 |
| १३ | वाग्मती उपक्षेत्र सुविधा विकास | C2 |
| १४ | हेमन्त भैरव उपक्षेत्र संरक्षण तथा सुविधा विकास | C2 |
| १५ | चावहिल चैत्य संरक्षण | C6 |
| १६ | कुटुवहिल संरक्षण | C6 |
| १७ | लामपोखरी संरक्षण | C6 |
| १८ | बहु-उद्देश्यीय जोसमनी मट पुनर्निर्माण | C9 |

### ४.२१ सेवा क्षेत्र (गोठाटार)मा प्रस्तावित योजना

कागेश्वरी मनोहरा पालिका वडा नं. ८ मा कोषको स्वामित्वमा ५३४ रोपनी जग्गा रहेको छ । हालसम्म सो जग्गाको सदुपयोग भएको देखिंदैन । उक्त गोठाटारकै जग्गाबाट घडेरी दिने भन्ने तय गरी B13उपक्षेत्र अधिग्रहण गरिएको र सो घडेरी दिन बाँकी रहेकाले B13 उपक्षेत्रका घर धनीले आफ्नो उपभोग यथावत् गर्दै आएको अवस्था रहेको छ । विस्तृत गुरुयोजना तयारीकै क्रममा अहिले गोठाटारको जग्गाको नाप नक्सा भई रहेको र सो कार्य सम्पन्न भएपछि जग्गाको सीमाङ्कन गरी सीमा सुरक्षाका लागि प्रथमतः सम्पूर्ण जग्गालाई घेरेर तारबार वा पर्खाल लगाउन आवश्यक छ ।

नाप नक्सा र सीमाङ्कनको कामसँगसँगै त्यस क्षेत्रको भू-उपयोग योजना बनाउनु पर्दछ । प्रस्तुत गुरुयोजनामा भगवान् पशुपतिनाथका नामबाट गरिने शिक्षा, स्वास्थ्य र समाज कल्याण सम्बन्धी कार्यक्रमहरू त्यहाँ सञ्चालन गर्नका लागि प्रस्तावित गरिएका छन् । त्यस कारण भू-उपयोग योजना तयार गर्दा बस्ती स्थानान्तरणका अतिरिक्त पशुपति आयुर्विज्ञान प्रतिष्ठान, वैदिक महाविद्यालय, शिव पाञ्चायन मन्दिर, गौशाला नन्दीशाला, सामुदायिक सेवा भवन, अतिथि सदन, सुरक्षा केन्द्र, चमेनागृह, पशुपति संगीत तथा नाट्य प्रतिष्ठान, उद्यान तथा हरियाली क्षेत्र समेतका लागि सोच पुर्याउनु आवश्यक छ । निर्धारण सबै उपक्षेत्रमा सुविधा पुग्ने गरी सडक सञ्जाल र पानी-बत्तीको सुविधा विस्तार गर्ने कार्यक्रम अघि बढाउनु पर्दछ ।

सो क्षेत्रको स्थलगत निरीक्षण गर्दा जग्गा थुम्का-थुम्की परेको, केही भागसम्म भए पनि अधिकांश भाग सम्याएर योजना कार्यान्वयनका लागि उपयुक्त बनाउनु पर्ने देखिन्छ । केही थुम्काहरूमा अहिले सानातिना मन्दिर बनेका देखिन्छन् तर जमिन सम्याउँदा ती भत्किन सक्तछन् । भू-उपयोग योजनामा मन्दिर क्षेत्र छुट्याए पछि सो क्षेत्रमा मात्र मन्दिर निर्माण गर्नु पर्दछ र तिनको व्यवस्थित रूपमा सञ्चालन गर्ने सोच समेत बनाउनु पर्दछ । दीर्घकालीन सञ्चालनको व्यवस्था नगरीकन कुनै पनि मन्दिर बनाउनु हुँदैन ।

कोषको नाममा रहेको सो जग्गाको पश्चिमतिरको केही भाग विगतमा बालुवा बिक्री गर्दा सम्म बनेको हुनु पर्दछ । त्यसैको पश्चिमोत्तार छेउमा कोषले एक जना साहित्यकारको आवास व्यवस्थाका लागि जग्गा उपलब्ध गराएको र दक्षिण पूर्वी भागमा एक विद्यालय निमार्ण भई रहेको देखिन्छ । B13 बाट बस्ती स्थानान्तरण गर्दा हाल वरपर बस्ती भएको स्थानलाई प्राथमिकता दिँदा राम्रो हुन्छ ।

दीर्घकालीन रूपमा त्यस क्षेत्रमा पशुपतिनाथ विश्व विद्यालयको परिकल्पना गरिएको छ । आयुर्विज्ञान प्रतिष्ठान, वैदिक महाविद्यालय, संगीत तथा नाट्य केन्द्र लगायत सबै विश्व विद्यालयकै अङ्गका रूपमा रहने हुनाले भू-उपयोग योजना तयार गर्दा यस कुरामा ध्यान दिन आवश्यक छ ।

उपर्युक्त निर्माण कार्य गर्दा जग्गालाई सम्याएर निर्माणका लागि उपयुक्त बनाउनु पर्दछ । त्यसो गर्दा त्यहाँ प्रशस्त मात्रामा बालुवा र माटो पनि निस्कन सक्तछ । यसबाट पनि कोषले आर्थिक लाभ लिन सक्तछ । संस्थाको हित र कानुनी प्रक्रियामा विशेष ध्यान दिन आवश्यक छ ।

तालिका नं.११

सेवा क्षेत्रमा प्रस्तावित कार्यक्रम

| उपक्षेत्र सङ्केत | उपक्षेत्र सङ्केत | कार्यक्रम |
|---|---|---|
| D1 | शिक्षा सेवा | श्रीपशुपतिनाथ शैक्षिक प्रतिष्ठान तन्त्र अध्ययन केन्द्र, पशुपति तुलनात्मक दर्शन तथा धर्मशास्त्र अध्ययन, अनुसन्धान केन्द्र शिक्षक तथा विद्यार्थी आवास भोजनालय तथा खाजा घर आदि |
| D2 | स्वास्थ्य सेवा | पशुपति च्यारिटेबल अस्पताल, योग तथा प्राकृतिक चिकित्साका कार्यक्रम |
| D3 | पुनःस्थापन(पशुपति ग्राम) | पशुपति क्षेत्रको अधिग्रहण कार्यक्रमबाट प्रभावित घरधनीलाई घडेरी उपलब्ध गराउने प्रयोजनका लागि व्यवस्था गरिएको |
| D4 | सामुदायिक सेवा | ज्येष्ठ नागरिक सेवा भवन, अतिथि सदन, सभा भवन, बजार व्यवस्था तथा सुरक्षा सम्बन्धी कार्यक्रम |
| D5 | अन्तर्राष्ट्रिय धार्मिक सद्भाव प्रवर्धन सेवा | वैदिक सनातन धर्मसँग सम्बन्धित अन्तर्राष्ट्रिय मठ, आश्रम लगायतका धार्मिक संस्थालाई नेपालका धार्मिक पर्यटन प्रवर्धन गर्न लिजमा उपलब्ध गराउने |
| D6 | मन्दिर तथा वनोद्यान सेवा | मन्दिर तथा वन वाटिका एवं वृक्षारोपण |
| D7 | गौ सेवा | गौशाला, नन्दीशाला |

## ४.२२. खानेपानी सङ्कलन पोखरी निर्माण

पशुपति क्षेत्रमा खानेपानीको पर्याप्त व्यवस्था गर्ने विषय हाल निकै चुनौतीपूर्ण देखिएको छ । यो क्षेत्र काठमाडौं उपत्यकाको खानेपानी व्यवस्था अन्तर्गत प्राप्त हुने पानीमै आधारित छ । उपत्यकाकै एक भाग भएकाले यो स्वाभाविक पनि छ । यहाँ प्रतिदिन बहुसंख्यक तीर्थयात्री र पर्यटकको आवागमन हुन्छ । यहाँका मठ, मन्दिर, आश्रम, धर्मशाला र अखडाहरूमा प्रशस्त सन्त-महन्त तीर्थयात्री र विद्यार्थीहरू बस्तछन् । स्थानीयको बसोबास पनि त्यत्तिकै छ । मलामी र किरियापुत्री सेवाको चाप पनि कम छैन । यी सबै स्थानमा पानीको उपयोग हुन्छ तर यहाँ आवश्यकता अनुसारको पानीको आपूर्ति हुन सकेको छैन । यस क्षेत्रको पनि खास गरी संरक्षित स्मारक क्षेत्रभित्र बसोबास गर्ने किरियापुत्री, सन्त-महन्त, पुजारी, सहयोगी, तीर्थयात्री, विद्यार्थी लगायत सबैलाई दैनन्दिन क्रियाकलापमा पानी चाहिन्छ । मलामीका लागि पनि स्नान गर्ने सुविधा आवश्यक छ । वाग्मतीको प्रदूषणका साथै हिउँदमा नदीमा पानी नै नहुने स्थितिले गर्दा तीर्थयात्री र मलामीले वाग्मतीमा स्नान गर्ने स्थिति छैन । फेरि यस क्षेत्रको भू-बनोटको कारण वितरण व्यवस्था पनि सरल छैन । यी सबै विषयमा प्रस्तुत गुरुयोजनाको तयारीकै क्रममा काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग पनि अन्तरक्रिया भएको छ । यस क्षेत्रमा खानेपानीको आवश्यकता र वितरण व्यवस्थाका सम्बन्धमा छुट्टै अध्ययन हुनु पर्दछ । यो प्राविधिक एवं प्राथमिकता प्राप्त विषय हो ।

यस क्षेत्रको भू-बनोटको सर्सर्ती अध्ययन गर्दा खानेपानीको आपूर्तिका लागि कम्तीमा दुईवटा विशाल पोखरी नै निर्माण गरी वितरण गर्नु पर्दछ । पोखरी निर्माण गर्नका लागि एउटा पोखरी देवउद्यान B8 मा र अर्को पोखरी त्रिविक्रम उपक्षेत्र B13 मा बनाउन उपयुक्त देखिन्छ । देवउद्यानको पोखरीबाट वाग्मती पश्चिमको मन्दिर, घाट, अखडा, सत्तल र विद्यालयमा वितरण गर्न मिल्दछ भने त्रिविक्रम उपक्षेत्रबाट मृगस्थली, ध्रुवस्थली, तिलगंगा धर्मशाला लगायतका क्षेत्रमा वितरण गर्न सकिन्छ । खानेपानी संस्थानबाट प्राप्त हुने पानीले मात्र यस क्षेत्रको आवश्यकता पूर्ति नभएमा डीप बोरिङ्ग र वर्षाको पानी सङ्कलनका वैकल्पिक उपायलाई पनि प्रयोग गर्नु पर्ने हुन्छ ।

## ४.२३. स्वच्छता प्रवर्धन

स्वच्छताको सम्बन्ध मानिसको मानसिक र भौतिक दुवै पक्षसँग हुन्छ । धार्मिक स्थलको महत्व पनि स्वच्छतासँग रहेको हुन्छ । भौतिक वातावरणको स्वच्छतासँगै मानसिक स्वच्छता पनि मानिसका लागि आवश्यक हुन्छ । धार्मिक स्थलमा जादाँ त्यहाँको बाह्य वातावरणीय स्वच्छता, सफाइ र

मृदुव्यवहारले भक्तजनलाई जति प्रभाव पार्छ त्यो भन्दा अझ धेरै प्रभाव त्यस क्षेत्रमा हुने पूजा-पाठ, स्तुति प्रार्थना, घण्टनाद, सत्सङ्ग एवं कथा प्रवचनले प्रभाव पार्दछ र मानसिक शान्ति प्राप्त हुन्छ । त्यसैले धार्मिक स्थलमा जाने, दर्शन-पूजन गर्ने, सत्सङ्ग गर्ने, कथाप्रवचन सुन्ने प्रवृत्तिको विकास भएको हो ।

मन्दिर क्षेत्र अशान्त भयो, फोहोर भयो, भक्तजनसँगको व्यवहार, बोली वचन कठोर भयो,, अशिष्ट, असभ्य भयो, ठगी, पकेटमारी जस्ता कुप्रवृत्तिको विकास भयो, भक्तजनमा भेदभाव गरियो भने त्यहाँ गएर भक्तजनले मानसिक शान्ति पाउन सक्दैन, स्वच्छताको अनुभूति गर्न सक्तैन । त्यसैले मन्दिर परिसर मात्र होइन, पूरै बाह्य परिवेश समेत सफा-सुग्घर हुनु पर्दछ , मन्दिरको निर्माल्य र बाह्य फोहोर विसर्जनको उचित व्यवस्था हुनु पर्छ । मन्दिर क्षेत्रमा काम गर्ने कर्मचारी, सहयोगी, सुरक्षाकर्मी, पुजारी, फूल प्रसाद बेच्ने व्यापारी सबै अनुशासित एवं विनयी हुनु पर्छ , तीर्थयात्री भक्तजनसँग मधुर बोली बचनले व्यवहार गर्नु पर्दछ । कोषले पनि नियमित अनुगमन गरेर देखिएका कमी कमजोरीलाई तत्काल सुधार गर्न सचेत गर्ने, कार्वाही गर्ने प्रवृत्तिको विकास गर्नु पर्दछ ।
प्रतिदिन हजारौं भक्तजन एवं पर्यटकको आवागमन हुने पशुपति क्षेत्रमा मन्दिर परिसरको सरसफाइ, घाट क्षेत्रको सरसफाइ, पानी र शौचालयको पर्याप्त व्यवस्था, फुलप्रसाद बेच्ने पसलको उचित व्यवस्थापन र सरसफाइ, वनवाटिकाहरूको रेखदेख, संरक्षण, प्रवर्धन र सौन्दर्यीकरण, सत्सङ्ग, कथा प्रवचन जस्ता धार्मिक वातावरणको प्रवर्धन अवाञ्छित र अमर्यादित क्रियाकलाप नियन्त्रण, प्रभावपूर्ण सुरक्षा व्यवस्था निरन्तर सूचना प्रवाह एवं सभ्य-शिष्ट व्यवहार विशेष आवश्यक हुन्छ । मापदण्ड निर्धारण र कार्यान्वयन गरी आवश्यक अनुगमन प्रोत्साहन, प्रशिक्षणका साथै तत्काल कार्वाही समेत गरेर पवित्र पशुपति क्षेत्रलाई सफा, स्वच्छ एवं आध्यात्मिक शान्तिको केन्द्र बनाउन कोषले आफ्ना गतिविधिलाई केन्द्रित गर्नु पर्ने देखिन्छ ।

खण्ड पाँच

धार्मिक वातावरण प्रवर्धन

## ५.१ पशुपति विद्वत् परिषद्को व्यवस्था

पशुपति क्षेत्र ॐकार परिवारभित्रका सबै भक्तजनको साझा साधना स्थल हो । यस क्षेत्रमा भएका देव-देवीका मन्दिर अखाडा एवं पूजा-परम्पराले पनि यस कुरालाई प्रमाणित गर्दछन् । यस क्षेत्रमा गरिने धार्मिक, सांस्कृतिक कार्यहरू आफ्नै किसिमका विशिष्ट छन्, धार्मिक समन्वय र राष्ट्रिय एकताका प्रतीक बनेका छन् । मन्दिरहरूमा दक्षिणी भट्ट ब्राह्मणदेखि कर्माचार्य, राजोपाध्याय एवं अन्य सनातनी ब्राह्मण समेत पुजारीका रूपमा रहेका छन् । यिनका पनि पूजाका विधि-विधान आ-आफ्नै प्रकारका छन् । त्यसैले यहाँको धर्म, संस्कृति र परम्पराको शास्त्रसम्मत तरिकाले संरक्षण एवं प्रवर्धन गर्न, नेपालको वैदिक सनातन धर्म र संस्कृतिका विषयमा आवश्यकता अनुसार शास्त्रीय रूपले परामर्श दिन र पशुपति क्षेत्रलाई शास्त्र चिन्तनको उत्कृष्ट स्थलका रूपमा विकसित गर्न पशुपति क्षेत्र विकास कोष अन्तर्गत एक विद्वत् परिषद् आवश्यक देखिएको छ । यस क्षेत्रमा आवश्यक पुजारीको योग्यता निर्धारण, नियुक्ति प्रक्रिया निर्धारण, पूजा प्रकियाको निरीक्षण, धार्मिक कृत्यमा संलग्न हुने ब्राह्मणलाई प्रशिक्षण तथा अन्य शास्त्रीय एवं धार्मिक-आध्यात्मिक विषयमा परामर्श दिनका लागि विद्वत् परिषद् आवश्यक भएको हो । यसमा देश, विदेशका सनातन धर्म, संस्कृतिका विद्वान्, सन्त, महन्तलाई पनि समावेश गर्न सक्ने नीति बनाउँदा उपयुक्त हुन्छ । साथै ओम्कार परिवारभित्रका सबैको प्रतिनिधित्वको व्यवस्था गर्दा राम्रो हुन्छ।

## ५.२ पूजा, आरति र सङ्कीर्तन

पशुपति क्षेत्र देवमूर्ति र मन्दिरले भरिएको धार्मिक क्षेत्र हो । यहाँ स्थापित देवी, देवताका मूर्ति र मन्दिरहरूमा गरिने धार्मिक कृत्यका लागि संस्थापकले पछिसम्म व्यवस्थित रूपमा धर्म-कर्म चली रहोस् भनेर अचल सम्पत्ति जग्गा, जमिन गुठीका रूपमा राखेर त्यसकै आयबाट पूजा, आरति सञ्चालनका साथै पुजारी र सुसारेका लागि खान्कीको समेत व्यवस्था गरेको देखिन्छ तर समयको परिवर्तनसँगै गुठी व्यवस्था शिथिल हुँदै गयो र देवी, देवताको पूजा, आरति नियमित रूपमा सञ्चालन गर्न पनि समस्या हुन गयो, पुजारी सुसारे आदिको खान्की पनि नाममात्रको हुन गयो । यसले गर्दा पशुपति क्षेत्रका कतिपय मन्दिरमा नित्य धूपबत्तीसम्म पनि हुन छोडेको देखिन्छ । शास्त्रीय मान्यता अनुसार देवताको स्थापना गरेपछि प्राणप्रतिष्ठा गरिन्छ र नित्य पूजा गरिन्छ । नित्यपूजा हुन सकेन भने मूर्तिमा देवत्व रहँदैन, प्रतिष्ठित हुँदैन । त्यसैले पशुपति क्षेत्रको धार्मिक, आध्यात्मिक वातावरणको संरक्षण एवं प्रवर्धनका लागि यस क्षेत्रका देव मन्दिरमा र तीर्थहरूमा समेत बिहान-

बेलुका नित्यपूजा एवं आरति गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसका लागि राखिएको गुठी जग्गा जमिन के कस्तो अवस्थामा छ, त्यसको सदुपयोग वा दुरुपयोग के भएको छ, कसका अधीनमा छ, त्यो सबै नेपाल सरकारकै तहबाट खोजेर छानबिन गरी गुठी सम्बन्धी चलअचल जे जस्तो सम्पत्ति छ, सबै कोष अन्तर्गत बनाएर नपुग खर्चको व्यवस्था कोषबाट गरेर मन्दिरहरूमा नित्य पुजा, आरति सञ्चालन गर्न आवश्यक छ । गुठी जग्गा जमिन सबै मासिएको, नासिएको अवस्था भएमा कोषले आफ्नैतर्फबाट आवश्यक व्यवस्था गरेर भए पनि देवी, देवताको नित्य पूजा चलाउनु पर्दछ ।

पशुपति क्षेत्र सनातन तीर्थस्थल भएकाले यहाँको वातावरण पूर्णतः धार्मिक हुनु पर्दछ । पशुपति, गुह्येश्वरी, किरातेश्वर, विश्वरूपा, जयवागीश्वरी, भुवनेश्वरी लगायतका मन्दिर परिसरमा बिहान बेलुका सङ्कीर्तन गर्ने सुविधाको विकास गर्नु पर्दछ । परम्परादेखि चल्दै आएका भजनका कार्यक्रमलाई संरक्षण एवं प्रवर्धन गर्दै अन्य मन्दिर परिसरमा समेत भजन-कीर्तनको व्यवस्था गरेर यस क्षेत्रलाई भक्ति साधनाको महत्वपूर्ण स्थलका रूपमा विकसित गर्नु पर्दछ । यसका साथै प्रत्येक मन्दिर क्षेत्र र दर्शन मार्गमा सुमधुर स्वरमा भक्ति संगीत, शिवसहस्रनाम, देवीसहस्रनाम, शिवमहिम्नस्तोत्र एवं वेदध्वनि गुन्जिने व्यवस्था गरेर यस क्षेत्रलाई पूर्णतः धार्मिक वातावरणयुक्त बनाउनु पर्दछ । बिहान बेलुकै मन्दिरहरूमा नियमित पूजा-आरतिको व्यवस्था मिलाउनु पर्दछ ।

### ५.३ सत्सङ्ग, प्रवचन र शास्त्र-चिन्तन

पशुपति क्षेत्र सनातन तीर्थस्थल भएकाले यहाँ वैदिक धर्म, संस्कृति, दर्शन एवं पुराणेतिहाससँग सम्बन्धित विषयको चर्चा, परिचर्चा, सत्सङ्ग, प्रवचन एवं शास्त्र चिन्तनको वातावरण आवश्यक हुन्छ । यस्तो तत्त्व चिन्तन एवं शास्त्र चर्चा विद्वान्, साधक तथा साधुसन्तहरूबाट हुने भएकाले कोषले यसका लागि आवश्यक वातावरण तयार गर्नु पर्दछ । पशुपति क्षेत्रमा विभिन्न आश्रम र मठहरू रहेका छन् । ती आश्रम र मठलाई सुविधायुक्त बनाएर योग्य साधक सन्त, महन्तलाई तिनको प्रमुख बनाई यस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसका साथै सत्सङ्ग, प्रवचन र तत्त्व चिन्तनका लागि आवश्यक सुविधायुक्त स्थान निर्धारण गरी विभिन्न विषयका विद्वान्हरूलाई उत्प्रेरित समेत गर्न सकिन्छ । वातावरण तयार भएमा जिज्ञासु भक्तजन यस्ता कार्यक्रममा सहभागी बनेर लाभान्वित हुन सक्तछन् । यसबाट पशुपति क्षेत्र आध्यामिक चिन्तनको स्थलका रूपमा प्रतिष्ठित हुन्छ ।

### ५.४ श्रौत यज्ञ सञ्चालन

पशुपति क्षेत्रको चारशिवालयमा विगत वर्षहरूदेखि नै अग्निहोत्रशाला सञ्चालन हुँदै आएको छ । यो श्रौत यज्ञ हो । श्रौत यज्ञका बारेमा ब्राह्मण ग्रन्थमा स्पष्ट वर्णन गरिएको छ । यो श्रौतसूत्रमा

प्रतिपादित आत्मचिन्तनसँग सम्बन्ध राख्ने सर्वोत्कृष्ट यज्ञ हो । सामान्य रूपमा यसलाई श्रौत अग्निमा गरिने हविष्य अर्पण अर्थात् होम कर्म भन्न सकिन्छ । विभिन्न देवताको उद्देश्य गरेर अग्निमा हविष्य वा सोम रसको हवन गर्नु नै यज्ञ हो । त्यस्तो यज्ञ जब श्रौत अग्निमा गरिन्छ तब त्यो श्रौत यज्ञ हुन्छ । अग्न्याधान नगरीकन श्रौत यज्ञ गर्ने अधिकार हुँदैन । २५ वर्षभन्दा माथि र ४० वर्षभन्दा तलको उमेर भएको सपत्नीक व्यक्तिमात्र अग्न्याधानको अधिकारी हुन्छ । अग्न्याधान गरेपछि आजीवन बिहान-बेलुका अग्निको उपासना गर्नु पर्दछ । त्यसरी अग्न्याधान गरी अग्निको उपासना गर्ने व्यक्तिलाई अग्निहोत्री भन्दछन् ।

पाकयज्ञ, हविर्यज्ञ र सोमयज्ञ गरी वैदिक कर्म तिन प्रकारका मानिएका छन् । पाकयज्ञ चाहिं स्मार्तााग्नि अर्थात् गृह्याग्निमा गरिन्छ । हविर्यज्ञ र सोमयज्ञ चाहिं श्रौताग्निमा गरिन्छन् । त्यसैले ती श्रौत यज्ञ हुन् । अग्निहोत्र हविर्यज्ञमा पर्दछ । यसमा दर्शपूर्णमास, आग्रयण, चातुर्मास्य जस्ता यज्ञहरू पनि पर्दछन् ।

ऐतरेय ब्राह्मणमा पाँच प्रकारका श्रौत यज्ञको उल्लेख पाइन्छ : अग्निहोत्र, दर्शपूर्णमास, चातुर्मास्य, पशु तथा सोम । हविर्यज्ञभित्रका निरूढपशु र सौत्रामणि यज्ञ पनि पशु यज्ञ नै हुन् । पशुको हत्या गरेर सम्पादन गरिने यज्ञ अहिले अपेक्षित छैनन् । सोमलता दुष्प्राप्य हुनाले र त्यो यज्ञ बहुसाधन साध्यसमेत भएकाले गर्न सम्भव देखिंदैन । त्यसैले श्रौत यज्ञमा अग्निहोत्र, दर्शपूर्णमास, आग्रयण र चातुर्मास्य मात्र सम्पादन गर्न सम्भव देखिन्छ । अग्न्याधान गरेर अग्निहोत्र यज्ञ गर्नेले नै ती यज्ञ पनि गर्नु पर्दछ ।

पशुपति क्षेत्र सनातन वैदिक धर्मावलम्बीहरूको साधना एवं तीर्थस्थल हो । त्यसैले यस क्षेत्रमा वैदिक यज्ञानुष्ठानको वातावरण बन्न वाञ्छनीय छ । श्रौत यज्ञ भनेकै वेदविहित यज्ञ हो । अग्निहोत्र यज्ञ यसै क्षेत्रमा हुँदै आएको सन्दर्भमा सो अग्निहोत्र यज्ञ गर्ने अग्निहोत्रीबाटै दर्शपूर्णमास, आग्रयण र चार्तुमास्य यज्ञ समेत सम्पादन गर्ने व्यवस्था गर्न आवश्यक छ । यस्ता यज्ञहरू वर्तमान समयमा जनसाधारणको जानकारीमै नभएकाले तिनका बारेमा प्रचार-प्रसार गरी इच्छुक भक्तजनले दर्शन गर्ने, सहयोग गर्ने वातावरण तयार गर्न आवश्यक छ ।

अहिले चारशिवालयमा अग्निहोत्रशाला सञ्चालन हुँदै आएको र त्यस क्षेत्रको मर्मत सम्भार कोषबाट हुँदै आएको अवस्था छ । अग्निहोत्र लगायत श्रौत यज्ञ सम्पादनका लागि गुठी संस्थानसँग समन्वय गरी आवश्यक खर्चको व्यवस्था र आवश्यक सुविधाको विकास कोषबाट गर्ने र सबै काम एकद्वार

प्रणालीबाट गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ । अग्निहोत्रका लागि पुर्खाले राखेको गुठीको विवरण गुठी संस्थानमा प्रस्तुत गरेको भन्ने कुरा स्व.अग्निहोत्री रामप्रसाद गौतमकी श्रीमती माया गौतमबाट ज्ञात हुन आएको छ । सो गुठी जग्गाको समेत गुठी संस्थान मार्फत खोज गरी आवश्यक व्यवस्था गर्नु पर्ने देखिन्छ । पहिले चारशिवालयमा बाजा बजाउने समेत व्यवस्था थियो, शिवरात्रीका अवसरमा विशेष पूजा गर्ने, महादीप बाल्ने व्यवस्था पनि थियो । सो बारे पनि गुठी संस्थानसँग समन्वय गरी धार्मिक परम्परालाई यथावत् राख्नेतर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

अग्निहोत्र, दर्शपूर्णमासादि श्रौत यज्ञ गर्ने अग्निहोत्रीले नै सोमयाग समेत गर्ने शास्त्रीय व्यवस्था भएको हुँदा यस सम्बन्धी शास्त्रीय विधि, विधानको अध्ययन गरी सामग्रीको उपलब्धतालाई ध्यानमा राखेर अनुकूल समयमा एकपटक कोषकै सक्रियतामा सोमयाग सम्पादनका बारेमा पनि सोच बनाउन उपयुक्त हुन्छ । यसबाट पशुपति क्षेत्रका साथै नेपाल र नेपालीकै प्रतिष्ठा बढ्न जान्छ । अग्निहोत्र कर्मका लागि खास गरी पिपलको दाउरा, गुइँठा, घिउ र कुश आवश्यक हुने कुरा पनि जानकारीमा आएको छ ।

### ५.५. कर्मकाण्ड प्रशिक्षण

पशुपति क्षेत्रमा देवी, देवताको पूजा, आराधना व्रतबन्ध, विवाह, लाखबत्ती प्रज्वलनका साथै मृतकको अन्त्येष्टि, दशगात्र कर्म, पितृश्राद्ध जस्ता कार्यहरू निरन्तर भई नै रहन्छन् । त्यस्ता कार्य सम्पादन गर्न पुरोहित ब्राह्मणको आवश्यकता हुन्छ । पुरोहितले कर्मकाण्ड सम्बन्धी विधि, विधान शास्त्रले निर्देश गरे अनुसार सम्पादन गर्नु पर्ने हुन्छ तर सबै पुरोहित कर्मकाण्डको विधि, विधानमा, सङ्कल्पको शुद्ध उच्चारणमा, कार्य अनुसारको वचन मिलाउनमा सक्षम हुँदैनन् । फेरि कर्मकाण्डमा हस्तक्रियाको पनि त्यत्तिकै महत्व हुन्छ । यसैले पशुपति क्षेत्र विकास कोषले यस क्षेत्रमा कर्मकाण्डमा संलग्न हुन चाहने ब्राह्मणलाई वेदविद्याश्रममा प्रशिक्षण दिई परीक्षा लिएर सफल भएकालाई अनुमति सहितको परिचय पत्र दिने व्यवस्था गर्नु पर्दछ । यस्तो प्रशिक्षण कार्यक्रम समय, समयमा सञ्चालन गर्ने व्यवस्था गर्दा अन्यत्र पनि जजमानी वृत्तिले जीवन निर्वाह गर्ने क्षमता प्रशिक्षार्थीले प्राप्त गर्दछन् भने कर्ता यजमानको आस्थामा पनि सकारात्मक प्रभाव पर्दछ । एकपटक प्रशिक्षित बनेकालाई पनि पुनः ताजगीकरण कार्यक्रम आवश्यक हुने भएकाले प्रशिक्षण कार्यक्रम नियमित जस्तै बन्न जान्छ । यस्तो कार्यक्रम सञ्चालन गर्नाले पशुपति क्षेत्रमा गरिने कर्मकाण्ड र ब्राह्मणप्रति जनआस्था एवं विश्वास बढ्न जान्छ र पशुपति क्षेत्रको गरिमा समेत बढ्दछ । यस्ता प्रशिक्षण कार्यक्रमका लागि विज्ञ समूहद्वारा उपयुक्त पाठ्यक्रम तयार गराउनु पर्दछ ।प्रशिक्षण पछि कार्यक्षेत्रमा संलग्न ब्राह्मणहरूद्वारा

गरिने कार्यको अनुगमन एवं मूल्याङ्कन समेत गरी पाठ्यक्रमलाई आवश्यक परिमार्जन गर्दै जानु पर्दछ ।

### ५.६ योग तथा ध्यान प्रशिक्षण

पशुपति क्षेत्र योग तथा ध्यान साधनाका लागि सिद्ध क्षेत्र हो । विगतमा आबाल ब्रह्मचारी षडानन्ददेखि लिएर वासुकि बाबा, योगानन्द, श्यामचेतन बाबा, क्षिप्रनाथ, शिवपुरी बाबा, सिद्ध बाबा (बोल्ने पशुपति) तुलसीराम बाबा, रामनाथ अघोरी, जस्ता सिद्ध महात्माहरूले यसै क्षेत्रलाई आफ्नो साधना एवं तपस्थली बनाएको इतिहास पाइन्छ । पछिल्लो समयमा पनि ख्यातनामा योगी नरहरिनाथ, डा. स्वामी प्रपन्नाचार्य, डा. रामानन्द गिरी जस्ता विद्वान् महात्माहरू यसै क्षेत्रलाई आफ्नो साधना स्थल बनाएर ब्रह्मलीन भए । यसैले यो क्षेत्र सिद्ध महात्माहरूको साधना एवं तपस्याको पवित्र क्षेत्र हो । यिनीहरूले आ-आफ्नै गुरुपरम्पराबाट प्राप्त योग एवं ध्यानविधि अवलम्बन गरेर आफ्नो जीवनलाई मात्र सार्थक बनाएनन्, यस क्षेत्रलाई नै योगमय, ध्यानमय, साधनामय बनाए । जजसले यिनीहरूको सङ्गति पाए, तिनले पनि जीवनलाई सार्थक बनाए । कसैले अष्टाङ्ग योगको अभ्यास गरे, कसैले हठयोग अवलम्बन गरे, कसैले चाहिं नाद योगको साधना गरे अनि कसैले जप, ध्यान र पुरश्चरणका माध्यमबाट सिद्धि प्राप्त गरे । त्यसैले पशुपति क्षेत्र तपश्चर्या, योगाभ्यास र ध्यान साधनाको सिद्ध क्षेत्र हो । त्यसमा पनि मृगस्थली क्षेत्रको विशेष महत्व छ । यसलाई सिद्धाचल पनि भनिन्छ किन भने यहाँ कुनै पनि साधना शीघ्र सिद्ध हुन्छ ।यसैले पशुपति क्षेत्रभित्रका आश्रम र अखाडाहरूलाई योग तथा ध्यानको प्रशिक्षण केन्द्रका रूपमा अघि बढाउनु पर्दछ । यसका साथै मृगस्थली-विश्वरूपा क्षेत्रका सत्तल र राममन्दिर परिसरका सत्तलमा योग र ध्यानका साधकहरूलाई सक्रिय बनाएर सर्वसाधारणका लागि योग तथा ध्यानको प्रशिक्षणात्मक कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ । यस्ता कार्यक्रमको व्यापक रूपमा प्रचार-प्रसार गरी जनसाधारणलाई सहभागी बनाएर प्रशिक्षण दिंदा समाजमा नैतिक मूल्य र मान्यताको प्रवर्धन हुन्छ, अध्यात्म चेतनाको विस्तार हुन्छ । यस क्षेत्रका विभिन्न आश्रम र अखाडामा सम्बन्धित गुरुपरम्पराका योग-ध्यानका बारेमा प्रशिक्षण दिने व्यवस्था गर्दा जिज्ञासु व्यक्तिले पनि आफ्नो इच्छा अनुसारको साधना गर्ने मौका पाउन सक्छ । यसका लागि आश्रम र अखाडाका प्रमुखहरूलाई सचेत र सक्रिय बनाउनु पर्दछ । यसका साथै पशुपति क्षेत्रको सूर्यघाट र मृगस्थलीलाई कोषले तपस्थलीका रूपमा विकसित गर्नु पर्दछ । त्यहाँका गुफा एवं पाटीहरूलाई तपश्चर्याका लागि सुविधायुक्त बनाउनु पर्दछ ।

### ५.७ दर्शन एवं परिक्रमा

भगवान् श्रीपशुपतिनाथका लागि प्रदक्षिणा र नमस्कार अत्यन्त प्रिय छन् । शिवमहापुराणमा उल्लेख भए अनुसार शिवको प्रदक्षिणा र नाश नहुने कुनै पाप छैनन् । जन्म र मृत्युको चक्रबाट मुक्त हुनपनि भगवान् शिव पशुपतिनाथको प्रदक्षिणा गर्नु पर्दछ भन्ने शिवमहापुराणमा पाइन्छ । त्यसैले श्रीपशुपतिनाथ र यस क्षेत्रका अन्य देवी, देवताका मन्दिरमा भक्तजनले दर्शन, पूजन एवं परिक्रमा गर्ने विधि र त्यसबाट प्राप्त हुने फल तथा कामना विशेषले कुन देव मन्दिरमा कस्तो पूजा गर्ने भन्ने कुरा समेत स्पष्ट गरेर एक पुस्तिका नै तयार गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्न आवश्यक छ । यसबाट पशुपति क्षेत्रमा पशुपति र गुह्येश्वरी बाहेक अन्य कुन-कुन देवदेवीका मन्दिर छन् र तिनमा दर्शन-पूजन गर्दा के-कस्तो फल प्राप्त हुन्छ भन्ने कुराको ज्ञान जनसाधारणले प्राप्त गर्दछन् । यसले जनतामा धार्मिक कार्यप्रति अभिरुचि बढ्दै जान्छ, नयाँ पुस्तामा पनि यसको प्रभाव विस्तारित हुन्छ । पशुपतिको दर्शन, पूजन र परिक्रमाको छुट्टै शास्त्रीय मान्यता छ भने गुह्येश्वरी, वत्सलेश्वरी, भुवनेश्वरी लगायतका शक्तिपीठ एवं मन्दिरको दर्शन, पूजन र परिक्रमाको छुट्टै विधि छ । यस्तै स्थिति वासुकि, दक्षिणामूर्ति, ताम्रेश्वर, मृत्युञ्जय, भण्डारेश्वर, विश्वरूपा जस्ता मन्दिरको पनि छ । त्यसैले प्रत्येक मन्दिरको दर्शन-पूजन विधि, परिक्रमा पथ र प्रक्रियाको अध्ययन गरी प्रकाशित गरेर तत् तत् क्षेत्रमा आवश्यक सुविधाको समेत विकास गर्न आवश्यक छ । पशुपति क्षेत्रको लघु र मध्यम परिक्रमा पथ निर्माण योजना पनि यसै प्रयोजनका लागि प्रस्तुत गरिएको हो । चौसट्ठी लिङ्ग तथा उपलिङ्ग यात्रा चाहिँ पशुपति क्षेत्रको बृहत् प्रदक्षिणा हो । भगवान् श्रीपशुपतिनाथका पुजारीले पनि भट्टमा नियुक्त भए पछि एघारवटा शिवलिङ्गको दर्शन एवं परिक्रमा गरेर मात्र पहिलोपटक पशुपति मन्दिरमा प्रवेश गर्ने विधान छ । ती एघार शिवलिङ्गको नामावली अनुसूची ३२ मा दिइएको छ ।

### ५.८. वेद तथा रुद्री पाठ

भगवान् पशुपतिनाथको अभिषेकको समयलाई मिलाएर पशुपति प्राङ्गणमा ११ जना बटुकहरूबाट सार-स्वरसहित एक आवृत्ति शतरुद्रीय मन्त्रपाठ प्रतिदिन नियमित रूपमा गर्ने व्यवस्था कोषबाट हुन आवश्यक छ । यसका लागि वेदविद्याश्रमका रुद्री पाठ गर्न सक्ने बटुकलाई एक जना गुरुका नेतृत्वमा पाठ गराउन उपयुक्त हुन्छ । यसरी पशुपति मन्दिरमा गएर पाठ गर्न बटुक तथा गुरुलाई प्रयोग गर्दा कोषबाट दक्षिणाको समेत व्यवस्था गर्नु पर्दछ । कार्यक्रमको नियमितता र प्रभावकारितासँगै जनसहभागिता पनि बढ्दै जाने हुनाले रुद्रीपाठ, वेदपाठ जस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने प्रयोजनका लागि छुट्टै कोषको समेत व्यवस्था गर्न सकिन्छ र यसमा जनसहयोग पनि परिचालन गर्न सकिन्छ । यस्ता कार्यक्रमबाट धार्मिक वातावरणको संवर्धन हुन्छ । यसका

साथै पशुपति मन्दिरका चार ढोकामा पशुपतिका वक्त्र अनुसार पूर्वतर्फ अथर्ववेद, दक्षिणतर्फ सामवेद, पश्चिमतर्फ ऋग्वेद र उत्तरतर्फ यजुर्वेदको पाठ नियमित रूपमा गर्ने व्यवस्था समेत गर्न आवश्यक छ ।

### ५.९ प्रकाशन

पशुपति क्षेत्र ओंकार परिवारभित्रका सबै समुदायको समान आस्थाको केन्द्र भएकाले कोषले नेपालको सनातन धर्म र संस्कृतिको संरक्षण, संवर्धन एवं प्रचार-प्रसारमा ध्यान दिन आवश्यक छ । यस प्रयोजनका लागि कोषले नेपालको सनातन धर्म र संस्कृतिसँग सम्बन्धित पुराण, उपनिषद्, दर्शन, तन्त्र, आदिलाई जनसाधारणसम्म पुऱ्याउने गरी खोज, अनुसन्धान एवं अनुवाद गराएर नियमित रूपमा पशुपति ग्रन्थमालाका रूपमा प्रकाशित गर्ने व्यवस्था गर्नु पर्दछ । यसका साथै कोषले विद्वान्हरूलाई परिचालन गरेर कम्तीमा अर्धवार्षिक रूपमा अनुसन्धानात्मक धार्मिक पत्रिका समेत प्रकाशित गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ । कोषले नियमित रूपमा गरेका काम तथा कोषका अन्य योजना-कार्यक्रमका बारेमा जानकारी दिने गरी ३/३ महिनामा पशुपति बुलेटिन पनि प्रकाशित गर्नु राम्रो हो । यस्ता प्रकाशनबाट कोषले सनातन धर्म र संस्कृतिका क्षेत्रमा गरेका कामलाई जनस्तरसम्म पुर्याउनुका साथै जनतालाई आध्यात्मिक तत्त्व चिन्तनका बारेमा ज्ञान विस्तार गर्न पनि सहयोग प्राप्त हुन्छ । यसबाट पशुपति क्षेत्रसँग सम्बन्धित मठ-मन्दिर, प्रथा, परम्परा, जात्रा, पर्व तथा तीसँग सम्बन्धित निगम र आगमका विषयमा पनि पाठक, भक्तजनले जानकारी प्राप्त गर्न सक्तछन् । यस्ता कार्यक्रमका लागि छुट्टै प्रकाशन कोष खडा गरी परिषद्को नीति निर्देशनभित्र रहने गरेर सञ्चालनको व्यवस्था मिलाउन सकिन्छ । पशुपति क्षेत्र धार्मिक पुरातात्विक क्षेत्र भएकाले कोषले निम्न अनुसारका सामग्रीको प्रकाशनमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

#### ५.९.१ धार्मिक सामग्री प्रकाशन

पशुपति क्षेत्रले धार्मिक महत्वका सामग्रीहरूको अनुवादन र प्रकाशनमा विशेष ध्यान दिन आवश्यक छ । धार्मिक सामग्रीमा पुराण, उपनिषद्, दर्शन, तन्त्रसाहित्य, माहात्म्य, पूजाविधि, धर्मशास्त्र, स्तोत्र आदिलाई संस्कृतमा प्रकाशित गरेर र नेपालीमा समेत आवश्यकता अनुसार अनुवाद, व्याख्या तथा विश्लेषण गराएर प्रकाशित गर्नु पर्दछ । त्यसै गरी पशुपति क्षेत्रभित्रका मन्दिरको धार्मिक-सांस्कृतिक महत्व जस्ता विषय समेटेर देवदेवी र मन्दिरको परिचय पुस्तिका प्रकाशित गर्दा भक्तजनले तत् तत् देवदेवीका बारेमा जानकारी प्राप्त गर्ने र यसबाट पशुपति क्षेत्रको प्रचार-प्रसार समेत हुने भएकाले यसतर्फ विशेष ध्यान दिन आवश्यक छ ।

### ५.९.२. ऐतिहासिक सामग्री प्रकाशन

पशुपति क्षेत्रको ऐतिहासिक एवं पुरातात्विक महत्व व्यक्त गर्ने प्राचीन अभिलेख, लालमोहर, ताडपत्र, ताम्रपत्र, सनदसवाल, सम्पूर्ण मूर्त-अमूर्त सम्पदाको ऐतिहासिक विवरण, दानदातव्यका विवरण लगायतका सामग्रीको अध्ययन-अनुसन्धान गराएर तिनको विश्लेषणबाट द्योतित हुने ऐतिहासिक एवं पुरातात्विक मर्मको समेत उद्घाटन हुने गरी सम्पादन गरेर प्रकाशित गर्न आवश्यक छ । यसबाट पशुपति क्षेत्रको इतिहास, संस्कृति र पुरातत्त्व प्रकाशित हुन्छ, सम्पदाको संरक्षण गर्न उत्प्रेणा प्राप्त हुन्छ अनि यस क्षेत्रको अध्ययन-अनुसन्धानतर्फ विद्वान्हरू प्रवृत्त हुन्छन् ।

### ५.९.३. अनुसन्धानात्मक पत्रिका प्रकाशन

नेपालको वैदिक सनातन धर्म संस्कृतिको केन्द्रीय भूमिकामा रहेर पशुपति क्षेत्र विकास कोषले सनातन धर्म, संस्कृतिसँग सम्बन्धित विभिन्न विषयका अनुसन्धानात्मक लेखहरू सङ्कलन गरी ६/६ महिनामा जर्नल अर्थात् अनुसन्धानात्मक पत्रिका प्रकाशित गर्नु राम्रो हो । यस्ता कामले संस्थाको प्रतिष्ठा बढ्नुको साथै वैदिक सनातन धर्म, संस्कृतिका सम्बन्धमा शोध, अनुसन्धान गर्ने प्रवृत्तिको विकास हुन्छ, धर्म-संस्कृतिप्रतिको रूढ धारणा हट्दै जान्छ र वैज्ञानिक दृष्टिकोणको विकास हुन्छ । यसबाट नयाँ पुस्ताले पनि आफ्नो धर्म र संस्कृतिको मर्म बोध गर्न सक्छ ।

### ५.९.४. प्रचार सामग्री प्रकाशन

कोषले पशुपति क्षेत्रको संरक्षण संवर्धनका क्षेत्रमा गरेका कामलाई समेटेर ३/३ महिनामा बुलेटिन प्रकाशित गर्नु राम्रो हो । यसबाट सरोकार समूहमा सकारात्मक सन्देश प्रवाहित हुन्छ । बुलेटिनकै माध्यमबाट कोषका वार्षिक कार्यक्रमका बारेमा पनि जानकारी दिन सकिन्छ । यसका साथै पशुपति क्षेत्र र यहाँका विभिन्न मन्दिर, तीर्थ, मठ, आश्रम आदिको परिचयका साथै दर्शनविधिको समेत उल्लेख गरेर परिचय पुस्तिका, ब्रोसर जस्ता सामग्री प्रकाशित गर्न सकिन्छ । यस्ता सामग्री प्रचार-प्रसारका लागि विशेष महत्वका हुन्छन् । पशुपति क्षेत्रमा मनाइने विभिन्न जात्रापर्वका विषयमा पनि परिचय पुस्तिका प्रकाशित गरेर वितरण गर्न सकिन्छ । यसबाट पनि प्रचार-प्रसारलाई मद्दत मिल्दछ, धार्मिक वातावरण प्रवर्धित हुँदै जान्छ ।

### ५.१० सूचनापट्ट व्यवस्था

पशुपति क्षेत्रमा विभिन्न देवदेवीका मन्दिरहरू छन्, विभिन्न तीर्थहरू छन् अनि विभिन्न घाटहरू पनि छन् । ती सबैको आ-आफ्नै महत्व छ तर सर्वसाधारण दर्शनार्थी भक्तजनले तिनका बारेमा जानकारी

पाएका हुँदैनन् न त तिनको महत्व नै जानेका हुन्छन् । त्यसैले प्रत्येक देवमन्दिर, तीर्थ र घाटहरूको नामाङ्कित सूचनापट्ट यथास्थानमा राख्ने र पशुपति क्षेत्रका बारेमा समग्र जानकारी दिने गरी स्थाननाम तथा मार्ग समेत निर्देश गर्ने बृहत् नक्सा ठाउँ ठाउँमा राख्न आवश्यक छ । देव मन्दिरमा राखिने सूचना पट्टमा त्यस मन्दिरको नामसँगै निर्माणकाल समेत सङ्केत गर्दा राम्रो हुन्छ ।

यस क्षेत्रका विभिन्न स्थानमा विभिन्न मन्दिर रहेका छन् , तत् तत् देव मन्दिरमा जाने मार्ग पनि छन् तर तिनको नामकरण नहुनाले कुन मार्गबाट कुन मन्दिरमा जाने भन्ने कुरा उपत्यका बाहिरबाट आउने दर्शनार्थीका लागि जटिल बनेको छ । उपत्यका भित्रकै दर्शनार्थीका लागि पनि सरल छैन । त्यसैले पशुपति क्षेत्रका विभिन्न मार्गको नामकरण गरी सूचनापट्ट राख्न आवश्यक छ । यसका साथै कतिपय जात्राका मार्ग पनि छुट्टै छन् । जात्रा विशेषमा प्रयोग हुने मार्गको पनि नामकरण गरी जात्रा समेत उल्लेख गरेर सूचनापट्ट राख्नु पर्दछ र त्यस्ता मार्गको समेत उचित संरक्षण गर्नु पर्दछ ।

### ५.११ सन्त निवास व्यवस्था

पशुपति क्षेत्रमा भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ एवं अन्य तीर्थयात्राका प्रसङ्गमा समेत आउने स्वनामधन्य सन्त, महन्त, शङ्कराचार्य, महामण्डलेश्वर एवं धर्मगुरुहरूलाई कोषकातर्फबाट यथोचित स्वागत सत्कार र आवासको प्रबन्ध गर्न आवश्यक देखिन्छ । सन्त, महन्तहरूले नै तीर्थस्थललाई पवित्र बनाएर तीर्थत्व प्रदान गर्ने हुन् । यस्ता महात्माहरूको २/४ दिनको बसाइमा पनि सम्भव भएसम्म सत्सङ्ग र प्रवचनको व्यवस्था गर्नु राम्रो हो जसबाट भक्तजन लाभान्वित हुन सक्तछन् । सन्त निवासको प्रयोजनका लागि पञ्चदेवल सत्तलको पश्चिमतर्फको लङको मर्मत संभार गरी सुविधायुक्त बनाउनुपर्दछ । सज्जनहरूसँगको सङ्गतिबाटै जनसाधारणमा आध्यात्मिक, धार्मिक भाव सञ्चार हुने भएकाले अल्पकाल कै लागि भएपनि सन्त, महन्तको आगमन र सङ्गति यस क्षेत्रका लागि विशेष फलदायी बन्न सक्छ । धर्मगुरुहरूसँगै उनीहरूका भक्त एवं अनुयायीहरू पनि आउने हुनाले यस क्षेत्रको धार्मिक महत्ताको प्रचार-प्रसारमा समेत सहयोग प्राप्त हुन्छ ।

### ५.१२. लिङ्ग-तीर्थयात्रा सञ्चालन

पशुपति क्षेत्रको धार्मिक-आध्यात्मिक वातावरण प्रवर्धनका सन्दर्भमा चौसट्ठी लिङ्गयात्रा, उपलिङ्गयात्रा तथा वाग्मती तीर्थयात्राको पनि महत्वपूर्ण भूमिका छ । चौसट्ठी लिङ्ग यात्रा भनेको पशुपति क्षेत्रको बृहत् परिक्रमा हो । यसको आफ्नै महत्व छ । यसका साथै पृथकीकृत रूपमा हेर्दा प्रत्येक देवस्थलको पनि आफ्नै किसिमको परिक्रमा पथ र विधि हुन्छ । शास्त्रले देवस्थल परिक्रमाको विशिष्ट फल बताएको छ । देवस्थलको परिक्रमा पनि तीर्थयात्राको महत्वपूर्ण अङ्ग हो ।

पशुपति क्षेत्रमा पनि प्राचीन कालमा बागमती तीर्थयात्रा, चौसट्ठी लिङ्गयात्रा तथा उपलिङ्गयात्रा सञ्चालन गर्ने व्यवस्था थियो । आगम घरका पुजारीलाई यस्तो यात्रा सञ्चालन गर्ने अधिकार वि.स.१७९२ को ताडपत्रले दिएको देखिन्छ । हाल आगम घरबाट यस्ता यात्राहरू सञ्चालन हुने स्थिति देखिंदैन । आगम घरलाई सशक्त बनाएर त्यहाँको पुजारीका नेतृत्वमा लिङ्ग, तीर्थयात्रा सञ्चालन गर्ने व्यवस्था गर्नु पर्दछ । आगम घर सशक्त नभएसम्म र त्यहाँको नेतृत्वमा योग्य एवं सक्षम व्यक्ति स्थापित नभएसम्म कोषकै नेतृत्वमा लिङ्ग, तीर्थयात्रा सञ्चालन गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ । यस्ता कार्यक्रमबाट पशुपति क्षेत्रको धार्मिक गरिमा बढ्न जान्छ ।

अर्को कुरा पशुपति क्षेत्रमै पनि हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण जस्ता पौराणिक ग्रन्थमा वर्णित प्रशस्त तीर्थस्थलहरू रहेका छन् तर ती मध्ये कतिपय तीर्थस्थल अहिले अज्ञात अवस्थामा छन् । त्यस्ता तीर्थको पनि खोज अनुसन्धान गरी सम्भव भएसम्म पुनःस्थापन गर्नु पर्दछ । यसबाट पशुपति क्षेत्रको पौराणिक महिमा प्रकाशित हुन्छ, जनसाधारणले पनि पशुपति क्षेत्रको धार्मिक महत्व बुझ्न सक्छन् र दर्शनार्थीको प्रवाह पनि बढ्न जान्छ । बृहत् पशुपति क्षेत्रको प्रदक्षिणाका रूपमा रहेका भगवान् शिवका चौसट्ठी लिङ्गहरूको नाम र स्थान अनुसूची ३३ मा दिइएको छ ।

### ५.१३ पुराण वाचन

पशुपति क्षेत्रको धार्मिक वातावरण प्रवर्धनका लागि नियमित रूपमा पुराण वाचनको पनि विशिष्ट महत्व हुन्छ । जनसाधारणले पौराणिक कथाकै माध्यमबाट धर्म र अध्यात्मका मर्मलाई बुझ्न सक्छन्, आफ्नो आचरणलाई नैतिक र सदाचारयुक्त बनाउन सक्छन् । त्यसैले पशुपति क्षेत्रमा नियमित पुराण वाचनको व्यवस्था गर्न आवश्यक छ । यस्तो व्यवस्था गर्दा शक्तिपीठहरूमा खास गरी गुह्येश्वरीमा देवीसँग सम्बन्धित पुराण, राममन्दिर क्षेत्रमा विष्णुसँग सम्बन्धित पुराण तथा पशुपतिको बाह्य परिसरमा शिवसँग सम्बन्धित र अन्य पुराणहरू वाचन गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ । यसै गरी कोषबाट सञ्चालित क्रियापुत्री सेवा क्षेत्रमा नियमित रूपमा गरुड पुराण वाचन गर्ने व्यवस्था गर्दा राम्रो हुन्छ । यसो गर्दा त्यहाँ क्रियापुत्रीहरूका लागि पनि गरुड पुराण श्रवणको सुविधा प्राप्त हुन्छ । यसै गरी अन्तिम अवस्थामा बिरामीलाई घाटमा ल्याउँदा गीता, विष्णुसहस्रनाम, श्रीमद्भागवत जस्ता धार्मिक ग्रन्थको पाठ श्रवण गराउने जनशक्तिको पनि व्यवस्था गर्न आवश्यक देखिन्छ ।

## ५.१४. यज्ञयागादि सञ्चालन

पशुपति क्षेत्रको धार्मिक वातावरण प्रवर्धनका लागि पुराण, प्रवचनका साथै नियमित रूपमा विभिन्न प्रकृतिका यज्ञयागादि कर्म पनि चली रहनु पर्दछ । विधिपूर्वक गरिएका यज्ञबाट वातावरण शुद्ध हुन्छ, समाजमा सकारात्मक ऊर्जा प्रवाहित हुन्छ । यस्ता यज्ञयागादिमा शिव, गणेश, देवी, विष्णु, सूर्य जस्ता पाञ्चायन देवतासँग सम्बन्धित यज्ञहरू पर्दछन् । विशेष गरेर यस क्षेत्रमा लघुरुद्री, महारुद्री र अतिरुद्री जस्ता रुद्रयागसँग सम्बन्धित कार्यक्रमका साथै शतचण्डी, सहस्रचण्डी, लक्षचण्डी जस्ता देवी यागसँग सम्बन्धित कार्य तथा लक्षहोम, कोटिहोम जस्ता होमात्मक कार्य बढी सञ्चालित हुन सक्छन् । यसका साथै यहाँ गायत्री-पुरश्चरण जस्ता अन्य कार्यक्रम पनि गर्न गराउन सकिन्छ । यस्ता कार्यक्रम सञ्चालनका लागि कार्यक्रम र त्यसबाट प्राप्त हुने फलका बारेमा उल्लेख गरेर पुस्तिका तयार गरी सर्वसाधारण भक्तजनलाई जानकारी गराउनु पर्दछ साथै यस्ता अनुष्ठानमा कोषका तर्फबाट गरिने र भक्तजनबाट गर्नु पर्ने कार्यको पनि विवरण तयार गरी जानकारी गराउन आवश्यक हुन्छ । यज्ञयागादि कार्य नियमित रूपमा हुन सके यस क्षेत्रको वातावरण धर्मकर्ममय बन्दै जान्छ, जनतामा सकारात्मक ऊर्जा प्रवाहित हुन्छ र यस क्षेत्रको गरिमा बढ्नुका साथै यज्ञयागादिमा जनसहभागिता पनि बढ्दै जान्छ । त्यसैले यस्ता कार्यक्रमका लागि कोषबाट आवश्यक सुविधाको विकास गर्न आवश्यक छ । होमात्मक यज्ञयागादिका लागि रुद्रागारेश्वर र हंसमण्डपको पूर्वपट्टि आवश्यक सुविधाको विकास गर्न सकिन्छ ।

## ५.१५ जनचेतना प्रवर्धन र समाज सेवा

समाजमा वैदिक सनातन धर्म र संस्कृतिका शाश्वत मान्यता र सदाचारका विषयमा खास गरी नयाँ पुस्तालाई बोध गराएर नैतिक एवं सदाचारयुक्त समाजको विकास गर्न पशुपति क्षेत्र विकास कोषले समय-समयमा सनातम धर्म र संस्कृति सम्बन्धी संचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यस्ता कार्यक्रममा विशेषतः माध्यमिक, उच्च माध्यमिक तह र महाविद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूलाई सहभागी गराउनु पर्दछ । गोष्ठी, अन्तरक्रिया, प्रशिक्षण शिविर र समाज सेवा परक कार्यका माध्यमबाट आफ्नो धर्म, संस्कृति नैतिकता, सदाचार र समाज सेवाको महत्व बोध गराउने गरी कार्यक्रम तर्जुमा गर्दा राम्रो हुन्छ । विद्यालय तहमा धर्म, संस्कृति, नैतिकता र सदाचारका मूल्य र मान्यता बोध गराउने किसिमका पाठ्य सामग्री विकास गरेर पठन-पाठनको व्यवस्था गर्न आवश्यक छ । नेपाली समाजमा हाल बढी रहेका हिंसा, हत्या, दुराचार र विकृति नैतिक शिक्षाको अभावका परिणाम हुन् । नेपाललाई समृद्ध बनाएर नेपालीलाई सुखी बनाउनका लागि नेपालीलाई नैतिक र सदाचारी बनाउन आवश्यक छ । यसका लागि आफ्नो धर्म र संस्कृतिबाट अनुप्राणित नैतिक शिक्षा अपरिहार्य हुन्छ । ओंकार परिवारको आस्थाको केन्द्रका रूपमा रहेका भगवान् पशुपतिका नामबाट

कोषले यस्ता कार्यक्रम सञ्चालन गरेर समाजमा आफ्नो धर्म र संस्कृतिप्रति आस्था तथा नैतिक चरित्रको विकास एवं विस्तार गर्न सक्तछ । यसका साथै यस्ता प्रशिक्षणका कार्यक्रमबाट कोषले एक सशक्त समाजसेवी समूह पनि निर्माण गर्न सक्तछ । यस्ता समूहलाई कोषका तर्फबाट प्राकृतिक प्रकोप एवम् महामारीबाट पीडित जनसमुदायको सहयोगार्थ आवश्यक राहत सामग्री सहित तत् तत् क्षेत्रमा गएर जनताको सेवा गर्ने काममा समेत प्रयोग गर्न सक्छ । यसबाट समाजमा सकारात्मक सन्देश प्रवाहित हुन्छ, आफ्नो धर्म र संस्कृतिप्रति आस्था बढ्न जान्छ । त्यसैले भगवान् पशुपतिनाथका नामबाट समाजको हित हुने, नैतिक चेतना प्रवर्धन हुने तथा अध्यात्मप्रति आस्था बढाउने गरी समाज सेवा मूलक विविध कार्यक्रम सञ्चालनमा विशेष ध्यान दिन आवश्यक छ ।

## ५.१६. पुरस्कार स्थापना

भगवान् श्रीपशुपतिनाथ नेपालका राष्ट्रदेव हुन्, विश्वभरका वैदिक सनातन धर्मावलम्बीहरूका आराध्यदेव हुन् अनि चराचर समस्त जगत्को कल्याण गर्ने शङ्कर हुन् । स्थावरजङ्गमात्मक यस संसारको सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पञ्चकृत्य सम्पादन गर्ने पञ्चब्रह्म स्वरूप भगवान् शिव प्राणीमात्रलाई अज्ञानरूप पाशबाट छुटाएर मुक्त गर्ने पशुपतिका रूपमा यस पावन क्षेत्रमा अनादि कालदेखि विराजमान छन् । भगवान् श्रीपशुपतिनाथबाट, शान्ति, सद्भाव र समानताको धारा प्रवाहित भएको छ । उनमा जाति, वर्ण र लिङ्गगत कुनै भेदभाव छैन । परस्पर विरुद्धधर्मी प्राणीलाई मिलाएर शान्ति र सद्भावको समन्वय गर्नु नै भगवान् पशुपतिको मुख्य शिक्षा हो । यसैले 'मित्रस्य चक्षुषा समीक्षे÷,'सर्वं शान्तिः÷, 'सहनाववतु सह नौ भुनक्तु÷ जस्ता वेदवाणी प्रवाहित भएका हुन् । पशुपति क्षेत्रको आदर्श एवं गरिमा पनि यसै मर्मको चरितार्थमा रहेको छ ।

वर्तमान विश्वमा वर्ण, लिङ्ग, सम्पत्ति, धर्म आदिका आधारमा विभेद बढी रहेको छ । यस्ता विभेदको अन्त्य गरी विश्वमा शान्ति, सद्भाव र सदाचारको विकास गर्न आवश्यक छ । यस्ता कार्यमा निरन्तर क्रियाशील हुने व्यक्ति वा संस्थाको कदर गर्नु पनि धर्म, संस्कृति, शान्ति र सहभावको प्रवर्धनमा योगदान दिनु हो । त्यसैले वैदिक सनातन धर्मका मान्यतालाई आत्मसात् गरेर विश्वमा शान्ति, सद्भाव र सदाचार प्रवर्धनमा उल्लेखनीय कार्य गर्ने पूर्वीय दर्शन एवं संस्कृतिका अध्येता, अनुसन्धाता एवं अध्यात्म साधक स्वदेशी वा विदेशी एक जना व्यक्तिको छनोट गरी पशुपति पुरस्कारद्वारा सम्मान गर्ने व्यवस्था गर्नु पर्दछ । पुरस्कारका लागि व्यक्तिको छनोट पशुपति विद्वत् परिषद्बाट निश्चित कार्यविधिका आधारमा गर्ने व्यवस्था हुनु पर्दछ । यस्तो पुरस्कारको राशि र अन्य प्रक्रिया कार्यविधिमा नै स्पष्ट उल्लेख गर्नु पर्दछ ।

## ५.१७. धार्मिक सम्मेलन, गोष्ठी र अन्तक्रिया

नेपालको धर्म, दर्शन, संस्कृति, कला, वास्तुकला, पुरातत्त्व जस्ता विषयमा तत् तत् क्षेत्रका अनुसन्धाता विद्वान्हरूलाई सक्रिय बनाएर नयाँ पुस्तालाई समेत सहभागी बनाई विभिन्न गोष्ठी एवं अन्तरक्रिया सम्बन्धी कार्यक्रम सामान्यतः ३/३ महिनाको अन्तरालमा सञ्चालन गर्ने व्यवस्था गर्न आवश्यक छ । धार्मिक सम्मलेन चाहिं राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विद्वान् तथा धार्मिक संस्था मठ-मन्दिरहरूलाई सहभागी बनाएर वर्षको एकपटक खास गरी संस्थाको वार्षिकोत्सव वा विशेष पर्वको अवसर मिलाएर सञ्चालन गर्दा राम्रो हुन्छ । यस्ता कार्यक्रमले समाजमा धार्मिक-आध्यात्मिक चिन्तन गर्ने वातावरण बन्दै जान्छ, आफ्नो धर्म र संस्कृतिप्रति अभिरुचि र आस्था बढ्दै जान्छ अनि नयाँ पुस्तामा सकारात्मक सोच र सदाचारको विकास हुन्छ । यसबाट परिवार, समाज र राष्ट्रमा शान्ति र सद्भावको वृद्धि हुन्छ । खास गरी धार्मिक-आध्यात्मिक सम्मेलनकै सन्दर्भ मिलाएर कोषले वर्षमा एकपटक विशेष किसिमको यज्ञको समेत आयोजना गर्दा राम्रो हुन्छ ।

यसै अनुक्रममा धार्मिक कवि गोष्ठी, सनातन धर्म संस्कृतिसँग सम्बन्धित विषयमा निबन्ध लेखन प्रतियोगिता, भजन गायन प्रतियोगिता, विद्यालय, महाविद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूका बिचमा धर्म, संस्कृति र अध्यात्म विषयक वक्तृत्वकला, चित्रकला र वादविवाद प्रतियोगिता, अन्तरक्रिया, छलफल जस्ता विभिन्न कार्यक्रम वार्षिक कार्यतालिका भित्र राखेर योजनाबद्ध रूपमा सञ्चालन गर्ने व्यवस्था गर्न आवश्यक देखिएको छ । यस्ता कार्यक्रमबाट समाजमा खास गरी नयाँ पुस्तामा आफ्नो सनातन धर्म र संस्कृतिप्रति अभिरुचि र आस्था बढ्न जान्छ ।

## ५.१८. धार्मिक वनोद्यानको विकास

पशुपति क्षेत्र पौराणिक सन्दर्भमा विशाल वनक्षेत्र भएको अन्तरक्रिया स्थान हो जसलाई श्लेष्मान्तक वन भनेर उल्लेख गरिएको छ । श्लेमान्तक वन क्षेत्रको विशालता र रमणीयताले नै भगवान् शिवले यहाँ मृगरूप लिएर विहार गरेका हुन् । भगवान् शिवले नै मन पराएर विहार गरेको वन क्षेत्रको धार्मिक महत्व नहुने कुरै भएन तर अहिले पुराणमा वर्णित भूपरिवेश बदलिएको छ, श्लेमान्तक वन क्षेत्र सीमित बनेको छ तर पनि त्यसको धार्मिक महत्वमा भने परिवर्तन भएको छैन । निरन्तर बहुसंख्यक भक्तजनको आवागमन हुने, जमघट हुने क्षेत्रमा पर्यावरणीय दृष्टिले वनोद्यानको महत्व झन्-झन् बढ्दै जानु स्वाभाविक कुरो हो तर अहिले सबैतिर मानव बस्ती बढ्दै गएको हुँदा खाली स्थानको अभाव खट्कँदो अवस्थामा छ, भएका वनबगैंचा पनि मानवीय आवश्यकताको मारमा परेर मासिँदै गएका छन् । यस अवस्थामा पनि कोषले पशुपति क्षेत्रमा उपलब्ध स्थानलाई प्रयोग गरेर

सुन्दर वन-उद्यानको विकास गर्नै पर्ने हुन्छ । लाखौंलाख भक्तजनको आस्था गाँसिएको पशुपति क्षेत्रमा क्षेमान्तक वनलाई चारैतिरबाट पर्खालले घेरेर मन्दिर क्षेत्रमा मात्र जान पाउने व्यवस्था गरी मानवीय अतिक्रमबाट बचाउनु पर्दछ भने त्यहाँ वृक्षारोपण गर्दा धार्मिक प्रकृतिका बिरुवाहरू लगाएर संरक्षण गरी हराभरा बनाउनु पर्दछ । देवोद्यान, वनकाली, कैलास, B12 को खाली स्थान र अन्य उपलब्ध हुने स्थानहरूमा सुन्दर उद्यान निर्माणमा साथै खास-खास क्षेत्रमा बेल, रुद्राक्ष, चन्दन, पञ्चपल्लव (पिपल, डुम्री, पाखरी, आँप र बर) जस्ता धार्मिक प्रकृतिका बिरुवाहरू लगाएर बिल्ववन, रुद्राक्षवन, चन्दनवन, पञ्चपल्लव आदिको विकास गर्न आवश्यक छ । यस्ता कामबाट वातावरणमा पनि सकारात्मक प्रभाव पर्ने, सर्वसाधारण भक्तजनले पनि त्यस्ता धार्मिक प्रकृतिका बोटबिरुवाको महत्व बोध गर्ने र समग्रमा पशुपति क्षेत्रको धार्मिक वातावरण प्रवर्धन हुने भएकाले यसतर्फ विशेष ध्यान दिएर क्रियाशील हुन आवश्यक छ । यसै अनुक्रममा भण्डार खाल बगैंचालाई पनि ऐतिहासिक वानस्पतिक उद्यानका रूपमा विकसित गर्नु पर्दछ । यसका लागि हाता पर्खालको पुर्ननिर्माण गरी उद्यानलाई सुरक्षित बनाएर खाली ठाउँमा विभिन्न प्रजातिका बिरुवाहरू लगाउनु पर्दछ । बिहान ५ देखि ७ बजेसम्म मात्र प्रातः भ्रमणका लागि सदस्य बनेकालाई मात्र निःशुल्क प्रवेशको व्यवस्था गरी अन्य निर्धारित समयमा सशुल्क प्रवेशको व्यवस्था गर्नुपर्दछ । अहिले प्रवेश खुल्ला भएको र पश्चिमपट्टिको पर्खाल समेत भत्किएको हुदाँ उद्यान खेल मैदानका रूपमा परिणत भएको देखिन्छ । यसले विकृति समेत बढाएको छ ।

### ५.१९ प्रचार, प्रसार

भगवान् पशुपतिनाथ विराजमान भएको पशुपति क्षेत्रको धार्मिक, आध्यात्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्व विशिष्ट प्रकृतिको छ । पशुपतिनाथप्रतिको जनआस्था र विश्वास पनि प्राचीन कालदेखि नै अविच्छिन्न रूपमा सुदृढ एवं महनीय रहँदै आएको छ । कसैले पारसनाथका रूपमा, कसैले इच्छानुसारको फलदाताका रूपमा र कसैले मुक्तिदाताका रूपमा भगवान् पशुपतिको पूजा-आराधना गर्दै आएको देखिन्छ । धार्मिक, आध्यात्मिक दृष्टिले मात्र होइन, पशुपति क्षेत्र पाशुपत संस्कृतिका रूपमा रहेको रीति, प्रचलन र परम्पराका साथै मूर्त-अमूर्त सम्पदाका कारणले पनि महिमामय बनेको छ । यस क्षेत्रमा एकातिर भक्तजन भक्तिभावपूर्वक पूजा-आराधना गरी रहेका हुन्छन्, मन्दिरहरूमा विवाह, व्रतबन्ध एवं यज्ञानुष्ठान चली रहेका हुन्छन्, भने अर्कातिर मृतकको अन्तिम संस्कार भई रहेको, आफन्तहरू रोई रहेको अवस्था हुन्छ । यसैले यो क्षेत्र जीवन र मृत्यु, हर्ष र विस्मात, सुख र दुःख जस्ता परस्पर विरुद्ध धर्मको समन्वय स्थल हो । रागी र विरागी, सुखी र दुःखी, धनी र गरिब सबैलाई समभावले हेर्ने, भगवान् पशुपति सबैका उपास्य एवं आराध्य छन् । यो नै उनको महादेवत्व हो । यस्ता विशिष्ट विधि, व्यवहार र मान्यताको व्यापक रूपमा प्रचार-प्रसार

गर्न आवश्यक छ । अहिले भक्तजन केदारनाथ ज्योतिर्लिङ्गको शिरोभाग भएकाले दर्शनार्थ देश-विदेशबाट यहाँ आउँछन् भने पर्यटकहरू यहाँको कला-वास्तुकलाका साथै कतिपय अनौठा रीति र प्रचलनको अवलोकनार्थ आउने गर्दछन् । शिव र शक्ति सम्बन्धी दार्शनिक एवं तान्त्रिक रहस्य, पौराणिक उपाख्यानभित्र लुकेको मर्म, यहाँका अमूर्त सम्पदाका रूपमा रहेका जात्रा-पर्वहरूको दार्शनिक एवं तान्त्रिक वैशिष्ट्य जस्ता विषयमा अध्ययन-अनुसन्धान गर्ने सुविधाको विकास गरेर उपयुक्त माध्यमबाट प्रचार-प्रसार गरेमा देश-विदेशबाट यहाँ आउने भक्तजन, पर्यटक एवं जिज्ञासु अध्येताहरूको संख्या आशातीत रूपमा बढ्न सक्छ ।

पशुपति क्षेत्रको धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका बारेमा प्रचार, प्रसार गर्ने सन्दर्भमा विभिन्न देशमा बसोबास गर्ने वैदिक सनातनी हिन्दुहरूसँग सम्पर्क गरी पशुपति सहयोग समिति गठन गरेर तत् तत् देशमा पशुपतिनाथ र पशुपति क्षेत्रका बारेमा प्रचार, प्रसारका लागि नियमित रूपमा विविध कार्यक्रम गर्न सकिन्छ । यसबाट यस क्षेत्रमा भक्तजनको आवागमन बढ्न जान्छ, फलतः कोषको आर्थिक पक्षमा समेत सकारात्मक प्रभाव पर्न जान्छ ।

प्रचार-प्रसारकै सन्दर्भमा भगवान् पशुपतिका नामबाट रेडियो कार्यक्रमका अतिरिक्त टेलिभिजन च्यानल समेत सञ्चालन गर्न सकिन्छ । यसबाट पशुपति क्षेत्रको महत्वका साथै यस क्षेत्रको विकासका निम्ति कोषले गरेका कार्यक्रम एवं भावी योजना समेत भक्तजन तथा पर्यटक समक्ष प्रस्तुत गर्न सजिलो हुन्छ । धार्मिक वातावरणको उन्नयन र प्रचार प्रसारका लागि रेडियो तथा टेलिभिजन च्यानलको सञ्चालन वर्तमान युगको उपयुक्त माध्यम हो ।

यस अतिरिक्त विभिन्न मठ-मन्दिर सम्बन्धी ब्रोसर, परिचय पुस्तिका, कोषबाट भए गरेका काम सम्बन्धी बुलेटिन छापेर वितरण गर्नुका साथै कम्तीमा ३/३ महिनामा पत्रकार भेटघाटको कार्यक्रम र सामान्यतः ६/६ महिनामा स्थानीय सरकार एवं जनप्रतिनिधिसँग अन्तर्क्रिया गरेर अनि कम्तीमा ६/६ महिनामा नेपालभित्र क्रियाशील धार्मिक, सांस्कृतिक संघ-संस्थाका प्रतिनिधिहरूसँग छलफल एवं परामर्श गरेर पनि प्रचार-प्रसारका कामलाई अघि बढाउन् सकिन्छ । प्रचार-प्रसारका लागि कोषले आधिकारिक प्रवक्ताको समेत व्यवस्था गर्नु पर्दछ ।

यसै गरी धार्मिक आध्यात्मिक सन्देश दिने सूक्ति एवं नारा लेखिएका सूचना पाटीहरू, देव मन्दिर, देवता, मार्ग, वन, उपवन, घाट आदिको नामाङ्कित पाटीहरू र पशुपति क्षेत्र सम्बन्धी जानकारी दिने

नक्सा समेत यथास्थानमा राखेर सम्बन्धित सबैलाई सुसूचित गर्न आवश्यक देखिन्छ । यो पनि प्रचार-प्रसारकै एक पक्ष हो ।

### ५.२० प्रकाशन कोषको व्यवस्था

प्रचार-प्रसार तथा प्रकाशन सम्बन्धी कार्यलाई नियमित रूपमा सञ्चालन गर्नका लागि पशुपति क्षेत्र विकास कोषले छुट्टै कार्यविधि बनाएर एक प्रकाशन कोषको व्यवस्था गर्नु राम्रो हो । प्रकाशित सामग्री बिक्री-वितरणबाट प्राप्त हुने रकम पनि त्यही कोषमा नै जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ । यसो गर्दा प्रकाशन कोष सम्पन्न हुँदै जान्छ र पशुपति क्षेत्र विकास कोषले प्रकाशन सम्बन्धी कामलाई नियमित रूपमा सञ्चालन गर्न सरल हुन्छ । परिषद्ले एक जना परिषद् सदस्यका संयोजकत्वमा निगम, आगमका एक-एक जना विद्वान् समेत जम्मा ५ सदस्यीय प्रकाशन कोष व्यवस्थापन समितिको गठन गरी प्रकाशन सम्बन्धी सम्पूर्ण कार्य यसै समितिबाट गर्न, गराउन उपयुक्त हुन्छ ।

### ५.२१ पशुपति नक्षत्र मण्डल निर्माण

पशुपति क्षेत्रमा तारामण्डल सम्बन्धी अध्ययन-निरीक्षणका लागि शिवशक्ति लीला भवनसँगै पशुपति नक्षत्र मण्डल समेत निर्माण गर्न आवश्यक छ । यसबाट दर्शनार्थी एवं पर्यटकहरूले मनोरञ्जनका साथै विशेष ज्ञान समेत प्राप्त गर्न सक्ने देखिन्छ । तारामण्डल निरीक्षणका लागि सर्वसाधारण जनताका साथै विद्यार्थी, शिक्षक तथा अन्य जिज्ञासुहरु पनि उत्साहसाथ आउने हुँदा यसबाट कोषको प्रचारप्रसार र आर्यआर्जनमा समेत सकारात्मक प्रभाव पर्दछ ।

### ५.२२ अन्तर्राष्ट्रिय वैदिक धर्म समाजको स्थापना

वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण एवं संवर्धनका साथै भगवान् श्रीपशुपतिनाथ र पावन पशुपति क्षेत्रको धार्मिक-आध्यात्मिक महत्ताको प्रचार-प्रसार गर्न विश्वभर छरिएर रहेका वैदिक सनातन धर्म र संस्कृतिप्रति आस्था राख्ने धार्मिक संघ-संस्था, सन्त, महन्त, महामण्डलेश्वर एवं शङ्कराचार्यहरु, विद्ववान् विदुषीहरू सबैको प्रतिनिधित्व हुने गरी अन्तर्राष्ट्रिय वैदिक धर्म समाजको स्थापना गर्न आवश्यक छ । समाजको बैठक वर्षमा कम्तीमा एकपटक गर्न उपयुक्त हुनेछ । समाजबाट अन्तर्राष्ट्रिय तहमा वैदिक धर्म र संस्कृतिका साथै पशुपति र पाशुपत क्षेत्रको प्रचार प्रसार सम्बन्धी कार्य गर्ने व्यवस्था हुनु पर्दछ । विश्वभर छरिएर रहेका वैदिक सनातन धर्मावलम्बीहरूका बिचमा एकताको भावनालाई प्रबल बनाउँदै पशुपति क्षेत्रको संरक्षण र संवद्र्धनमा विशेष सहयोग प्राप्त हुनुका

साथै यसबाट धार्मिक पर्यटन प्रवद्र्धनमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ । यसका लागि परिषद्बाट आवश्यक कार्यविधि बनाउनु पर्दछ ।

पशुपति क्षेत्रमा तारामण्डल सम्बन्धी अध्ययन-निरीक्षणका लागि शिवशक्ति लीला भवनसँगै पशुपति नक्षत्र मण्डल समेत निर्माण गर्न आवश्यक छ । यसबाट दर्शनार्थी एवं पर्यटकहरूले मनोरञ्जनका साथै विशेष ज्ञान समेत प्राप्त गर्न सक्ने देखिन्छ । तारामण्डल निरीक्षणका लागि सर्वसाधारण जनताका साथै विद्यार्थी, शिक्षक तथा अन्य जिज्ञासुहरू पनि उत्साहसाथ आउने हुँदा यसबाट कोषको प्रचारप्रसार र आर्यआर्जनमा समेत सकारात्मक प्रभाव पर्दछ ।

### ५.२३. पशुपति क्षेत्रका सांस्कृतिक परम्परको संरक्षण

पशुपति क्षेत्र मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको भण्डार हो । यहाँका मूर्त सम्पदा मात्र होइन, अमूर्त सम्पदाका रूपमा रहेका जात्रा पर्व र जातीय परम्परा पनि विशिष्ट संस्कृतिका रूपमा रहेका छन् । यहाँ मनाइने जात्रा र पर्व सबै पशुपतिनाथ र पाशुपत क्षेत्रका देवदेवीसँग सम्बन्धित छन् र तिनमा खास खास काममा खास खास जातिको संलग्नता पनि परम्पराले निर्धारण गरेको छ । यस क्षेत्रका देवदेवीका मन्दिरमा हुने वैदिक तान्त्रिक पूजाविधि, न्यास ध्यान र उत्सवहरूका साथै जात्रा पर्व सबै नै संरक्षीय सम्पदा हुन् । यस अतिरिक्त श्रीपशुपतिनाथ तथा श्री गुह्येश्वरी लगायतका मन्दिरमा पूजा गर्ने पूजा कार्यमा सहयोग गर्ने, जातजाति पनि यहाँको सांस्कृतिक परम्परासँग गाँसिएका छन् र संरक्षीय छन् । तिनमा पनि विशेष गरेर पशुपतिनाथ मन्दिरसँग सम्बन्धित भण्डारी र विसेटको भूमिकालाई बिर्सन मिल्दैन । पशुपतिनाथको सेवामै समर्पित भएर समग्र जीवन व्यतीत गर्न चाहने, कोषले तोकेको आचारसंहिता भित्र रही जीवन निर्वाह गर्न भण्डारी र विसेटका सम्बन्धमा विशेष ध्यान दिन आवश्यक छ । देश विदेशमा रहेर आफूखुसी व्यवसाय गर्नेले पनि जातीय परम्परा अनुसार भण्डारीको पालो पाउने र खेतालो राखेर काम गराउने स्थितिको अन्त्य गरी श्रीको सेवामै समर्पित हुनेको सूची तयार गरी तिनको संरक्षण र समयोचित सेवा सुविधाको व्यवस्था गर्ने, तिनका सन्तानका लागि पठन-पाठनको सुविधा दिने र मन्दिरसँग सम्बन्धित अन्य कार्यमा पनि तिनलाई नै सिपयुक्त बनाएर प्रयोग गर्ने तर्फ कोषले आवश्यक व्यवस्था गर्नु पर्दछ ।

खण्ड छ

विविध

## ६.१ पशुपति क्षेत्रको सुरक्षा व्यवस्था

पशुपति क्षेत्र नेपालको राष्ट्रिय सम्पदामात्र नभएर विश्वकै महत्वपूर्ण सम्पदाका रूपमा रहेको छ । यो क्षेत्र विश्वभर छरिएर रहेका वैदिक सनातन धर्मावलम्बीहरूको पावन तीर्थस्थल हो । विश्वकै चासोको विषय भएकाले यस क्षेत्रको सुरक्षातर्फ विशेष ध्यान दिनु पर्दछ । प्राचीन कालदेखि नै यस क्षेत्रको सुरक्षाको कार्य सरकारी संयन्त्रबाट हुँदै आएको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय महत्वको सम्पदा क्षेत्र भएकाले यस क्षेत्रको सुरक्षाको विषय नेपाल सरकारकै दायित्व र कर्तव्यभित्र पर्दछ तथापि वर्तमान अवस्थामा पशुपति क्षेत्रको संरक्षण, सुरक्षा र सुव्यवस्थाको कार्य नेपाल सरकारसँगको समन्वय र सहयोगमा कोषले विशेष ध्यान दिएर गर्नु, गराउनु पर्दछ । यो काम कोषको एक प्रमुख कर्तव्य पनि हो ।

पशुपति क्षेत्रको सुरक्षाका विषयमा प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिको प्रतिवेदन २०६३ मा पनि केही कुराहरू उल्लेख भएका छन् । पशुपति क्षेत्रको समग्र व्यवस्थापन सम्बन्धी प्रारम्भिक प्रतिवेदन २०६८ मा पनि यस क्षेत्रको सुरक्षाका विषयमा गम्भीर चिन्तन गरिएको देखिन्छ । कोषले पनि परिषद् सदस्य श्रीनवल किशोर चौधरीका संयोजकत्वमा एक कार्यटोली गठन गरेर यस क्षेत्रको सुरक्षाका सम्बन्धमा अध्ययन गराएको र सो कार्यटोलीले पशुपति क्षेत्रको सुरक्षा सम्बन्धी अवधारणाका साथै सुरक्षा परिचालन निर्देशिका २०७१ समेत तयार गरी परिषद् समक्ष प्रस्तुत गरेको देखिन्छ । यसै अनुक्रममा कामु. निर्देशक म.से. धनिदास कार्की, इन्जिनियर निर्देशनालय समेतका ७ जना सुरक्षासँग सम्बन्धित व्यक्तित्वहरूले तयार गरी पेश गरेको पशुपति क्षेत्रको सुरक्षा अवधारणालाई पनि लिन सकिन्छ । यसमा पशुपति क्षेत्रको सुरक्षा चुनौती, आवश्यक सुरक्षा व्यवस्था र प्रस्तावित दरबन्दी तालिका समेत प्रस्तुत गरिएको छ ।

विश्वमा धार्मिक, सांस्कृतिक अतिवादी प्रवृत्ति बढ्दै गएको र समय-समयमा धार्मिक विद्वेषले द्वन्द्व र आतङ्कको रूप लिन थालेको वर्तमान अवस्थामा धार्मिक मान्यता र नैतिक आचरणप्रति पूर्णतः नकारात्मक सोच राखेर विविध अवाञ्छित क्रियाकलाप गर्ने समुदाय/वर्ग पनि धार्मिक क्षेत्रको सुरक्षामा खतराका रूपमा रहन सक्ने देखिन्छ । धर्म र सम्प्रदायप्रतिको सङ्कीर्ण सोच, धर्मान्धता, आतङ्कवादी प्रवृत्ति, दुव्र्यसन, नैतिक चरित्रको ह्रास एवं समाजमा बढ्दो लोभ-लालचले हुने हत्या, हिंसा, ठगी, चोरी जस्ता क्रियाकलाप सबै नै धार्मिक सम्पदा-क्षेत्रमा हाल देखिन थालेका सुरक्षा

चुनौतीहरू हुन् । लुटपाट, पकेटमारी, गुण्डागर्दी जस्ता घटनाहरू वर्तमान समाजमा बढ्दै गएको देखिन्छ । यस्ता सबै खाले चुनौतीलाई सामना गरेर पशुपति क्षेत्रमा दर्शन, पूजन तथा भ्रमण गर्न आउने दर्शनार्थी एवं पर्यटकलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिनु र यस क्षेत्रका सम्पदाहरूको रक्षा गर्नु नै पशुपति क्षेत्रको सुरक्षा व्यवस्था हो ।

पशुपति क्षेत्रमा दर्शक, पर्यटक, उपासक, साधु, सन्त, फकिर, बाल, बृद्ध, युवा सबै किसिमका मानिसको जमघट हुन्छ, आवागमन हुन्छ । सबै मानिस खराब हुँदैनन् र सबै असल पनि हुँदैनन् । कतिपय भेषधारी गाँजा, भाङ् जस्ता लागु पदार्थको सेवन गर्छन् र अरूलाई पनि त्यसको अम्मली बनाउँछन् । कोही मादक पदार्थ पनि सेवन गर्दछन् । त्यसैले मादक पदार्थको उत्पादन, बेचबिखन र सेवनबाट यो क्षेत्र मुक्त हुन सकेको छैन । अर्को कुरा पशुपति क्षेत्रमा मनाइने विभिन्न जात्रा पर्वका अवसरमा हुने भिडको व्यवस्थापन पनि प्रतिवर्ष चुनौतीपूर्ण बन्दै गएको देखिन्छ । स्थान सीमित छ, भिड बढ्दो छ । यस्ता जात्रा-पर्वका अवसरमा मादक पदार्थ सेवन गरेर सहभागी हुने प्रवृत्ति पनि बढेकै देखिन्छ । पशुपति क्षेत्रको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न प्रथमतः लागु पदार्थ, मादक पदार्थको ओसार-पसार र बेचबिखनलाई पूर्णतः नियन्त्रण गर्नु पर्दछ । पशुपति क्षेत्रलाई मादक पदार्थ उत्पादन, बेचबिचन र सेवन गर्न निषेधित क्षेत्र बनाउनु पर्दछ ।

पशुपति क्षेत्रभित्रका पशुपति मन्दिर परिसर, घाट क्षेत्र, भुवनेश्वरी मन्दिर परिसर, भण्डारखाल, जयवागीश्वरी, चन्द्रविनायक, गुह्येश्वरी परिसर, भण्डारेश्वर, मृगस्थली, विश्वरूपा, ध्रुवस्थली, क्रियापुत्री क्षेत्र, देवउद्यान तथा वनकाली क्षेत्र सुरक्षाका दृष्टिले विशेष संवेदनशील देखिन्छन् । त्यसैले पशुपति क्षेत्रलाई मात्र हेर्ने गरी कार्य क्षेत्र तोकिएको सुरक्षा संयन्त्र यहाँ आवश्यक छ । यस विषयमा नेपाल सरकार गृहमन्त्रालयसँग समन्वय गरेर अघि बढ्नु पर्दछ ।

पशुपति क्षेत्रमा हाल जनपद प्रहरी, सशस्त्र प्रहरी, पर्यटक प्रहरी र कोषका सुरक्षाकर्मी समेत कार्यरत देखिन्छन् । मेलापर्व लगायत विशेष अवसरमा नेपाली सेनाले पनि सुरक्षा कार्यमा सक्रियरूपमा सहयोग गर्दै आएको देखिन्छ । यस क्षेत्रमा कार्यरत सुरक्षाकर्मीका बिचमा समन्वय र परिचालन गरी प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न परिषद्ले एक उच्चस्तरीय सुरक्षा समिति गठन गर्नु पर्दछ । सो समितिबाटै काममा खटिएका सबै किसिमका सुरक्षाकर्मीका बिच समन्वय, निर्देशन र अनुगमनको काम हुनु पर्दछ । यसै समितिबाट विपद् व्यवस्थापन र भिड व्यवस्थापनका सम्बन्धमा पनि आवश्यक नीति र कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ । भूकम्प, आगलागी, भूस्खलन, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपबाट सम्पदा र जन-धनको क्षति हुन नदिन आवश्यक वारुण यन्त्र,

एम्बुलेन्स तथा विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्तिलाई तयारी अवस्थामा राख्न पनि आवश्यक देखिन्छ । मृगस्थली, विश्वरूपा क्षेत्रमा वारुणयन्त्र र एम्बुलेन्सको सेवा उपलब्ध हुन नसक्ने भएकाले यसतर्फ पनि समितिले विशेष ध्यान दिनु पर्दछ । पशुपति क्षेत्रको सुरक्षा संवेदनशीललाई ध्यानमा राखेर तत्काल गर्नु पर्ने केही कार्यहरू यहाँ प्रस्तुत छन् :

(क) पशुपति, गुह्येश्वरी जस्ता विशेष मन्दिरका प्रवेशद्वारमा वाकथ्रु गेट र मेटल डिटेक्टर राख्ने ।

(ख) प्रवेशद्वारमा मन्दिर प्रवेश गर्ने भक्तजनको तथ्याङ्क दिने उपकरण जडान गर्ने ।

(ग) पशुपति, गुह्येश्वरी, मृगस्थली, विश्वरूपा, भुवनेश्वरी, जयवागीश्वरी, गौरीघाट, भण्डारखाल, देवउद्यान, आर्यघाट, भस्मेश्वरघाट, पन्ध्र शिवालय र राममन्दिर लगायतका क्षेत्रमा cctv जडान गर्ने ।

(घ) विशेष निगरानी र आवश्यक सूचना सङ्कलन गर्न सादा पोशाकका प्रहरी परिचालन गर्ने ।

(ङ) मन्दिर परिसरभित्र काम गर्ने जनशक्तिका लागि फोटो सहितको परिचयपत्रको व्यवस्था गर्ने।

(च) क्यामेरा, मोवाइल, जुत्ता, चप्पल तथा छालाका सबै किसिमका सामान साथमा लिएर प्रवेश गर्न नदिने, मन्दिर परिसर बाहिरै त्यस्तो सामान सुरक्षित रूपमा राख्ने व्यवस्था गर्ने ।

(छ) पशुपति क्षेत्रभित्र विधर्मीहरूका सबै खाले गतिविधि नियन्त्रण गर्ने, निषेध गर्ने ।

(ज) भक्तजनलाई लाइनबाट मात्र दर्शन गर्ने व्यवस्था मिलाउने, लाइन बाहिरबाट कसैलाई पनि दर्शन गर्न नदिने ।

(झ) मन्दिर परिसरभित्र र बाहिर पनि चोरी, ठगी पकेटमारी, गुण्डागर्दी, हिंसात्मक गतिविधि, आगजनी एवं स्वीकृत मापदण्ड विपरीतका काम हुन नदिने, भए गरेको पाइएमा तत्काल कार्वाही गर्ने गरी सुरक्षाकर्मी परिचालन गर्ने ।

(ञ) सुरक्षा समितिका तर्फबाट नियमित अनुगमन गर्ने, आवश्यक निर्देशन दिने ।

(ट) सुरक्षा समितिको निर्णय अनुसार सुरक्षा पोस्टहरू खडा गर्ने ।

(ठ) पशुपति क्षेत्रको विभिन्न स्थानमा छरिएर रहेका मूर्ति तथा पुनः प्रयोग गर्न नमिल्ने कलात्मक प्रस्तर खण्डलाई एकीकृत गरी प्रदर्शनी कक्षको व्यवस्था गर्ने ।

(ड) मन्दिर परिसर र ठूल्ठूला सत्तलहरूमा पर्याप्तमात्रामा अग्निनियन्त्रक यन्त्रको व्यवस्था गर्ने ।

(ढ) सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन रातका समयमा पशुपति क्षेत्रका खुला स्मारकहरू भएका विशेष संवेदनशील स्थान र घाटमा पर्याप्त बत्तीको व्यवस्था गर्ने ।

(ण) पशुपति क्षेत्रमा कार्यरत सुरक्षाकर्मीहरूलाई कुनै आपत्कालीन सूचना प्रवाह गर्न, सुरक्षा सतर्कता अपनाउन विशेष साइरनको व्यवस्था गर्ने ।

(त) पशुपति क्षेत्रभित्र कोर र कन्सोन्यान्ट क्षेत्रमा पूजा सामग्री, रुद्राक्ष, प्रसाद तथा उपहार सामग्री पसल सञ्चालन गर्ने सबैलाई आचार संहिताभित्र राखेर परिचय पत्रको व्यवस्था गर्ने । सुरक्षा व्यवस्था सम्बन्धी अध्ययन गर्न गठित सुरक्षा संयन्त्र व्यवस्था प्रणाली सुधार कार्यदलका संयोजक डा.मिलनकुमार थापाका सक्रियतामा भू.पू. प्र.नि.श्री मनिष मल्लका सहयोगमा तयार भएको पशुपति क्षेत्रको सुरक्षा सम्बन्धी कार्य योजना परिशिष्ट ५ मा दिइएको छ ।

## ६.२ गुरुयोजनाको आर्थिक पक्ष

सांस्कृतिक पुरातात्विक महत्वका सम्पदाहरू राष्ट्रिय गौरवका विषय हुन् । तिनको संरक्षण एवं संवर्धनको कार्य पनि राष्ट्रकै गौरव र प्रतिष्ठाको विषय हो । यस्ता कार्यमा हुने लगानीलाई लाभ-हानिका दृष्टिले हेर्नुहुँदैन । यी विषयहरू आर्थिक तराजुले तौलने कुरा होइनन् । सम्पदाको संरक्षण र व्यवस्थापनसँग जनताको आस्था र भावना गाँसिएको हुन्छ, प्राचीन सभ्यताका विशेषताहरू मुखरित भएका हुन्छन् । त्यसैले ऐतिहासिक समृद्धि र गौरवका द्योतक सम्पदाहरूको संरक्षण, संवर्धन र सुव्यवस्थापनमा राष्ट्रले विशेष ध्यान दिएको हुन्छ र दिनु पनि पर्छ ।

सम्पदाहरू सांस्कृतिक उत्कर्षका प्रतीक हुन्, पर्यटन प्रवर्धनका मूल आधार हुन् । यिनको संरक्षण एवं पुनर्निर्माणमा भएको लगानीले जनआस्था एवं पर्यटन प्रवर्धनका माध्यमबाट समग्र राष्ट्रको उन्नयनमा सकारात्मक योगदान दिएको हुन्छ । आजको चुनौती भनेको हाम्रा पुर्खाले स्थापना गरेका, निर्माण गरेका धरोहरहरूलाई भविष्यसम्म सुरक्षित गरी भावी पुस्तालाई कसरी हस्तान्तरण गर्न सकिन्छ भन्ने हो । यसै कुरालाई ध्यानमा राखेर प्रस्तुत गुरुयोजनामा यस क्षेत्रका मूर्त-अमूर्त सम्पदाहरूको संरक्षण एवं पुनर्निर्माणलाई विशेष महत्व दिइएको छ ।

प्रस्तुत गुरुयोजना कार्यान्वयनका लागि आवश्यक हुने वित्तीय व्यवस्थापनका लागि स्रोतको पहिचान तथा खर्चको अनुमान एक महत्वपूर्ण विषय हो । कोषका वर्तमान आयस्रोतहरूको अद्यावधिक स्थितिको चर्चा गर्दै सम्भावित अन्य स्रोतहरूको समेत यहाँ उल्लेख गरिएको छ । खर्चको अनुमानका सम्बन्धमा गुरुयोजनामा प्रस्तुत गरिएका संरक्षण, पुनर्निर्माण तथा सेवा-सुविधाको विकास सम्बन्धी कार्यक्रमको अनुमानित लागत समेत यहाँ प्रस्तुत गरिएको छ ।

### ६.२.१ आयका सम्भावित स्रोत

प्रस्तुत गुरुयोजना कार्यान्वयनमा आयका निम्न लिखित स्रोतको परिकल्पना गरिएको छ -

(क) नेपाल सरकारको अनुदान

(ख) पशुपति क्षेत्र विकास कोषको आन्तरिक स्रोत


(ग) अन्य सम्बद्ध क्षेत्रक निकायको सहयोग

(घ) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहयोग

पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि नेपाल सरकार नै प्रमुख स्रोतका रूपमा रहेको छ । विगत ५ वर्षमा नेपाल सरकारबाट प्राप्त भएको अनुदानको विवरण तथा आन्तरिक स्रोतबाट प्राप्त भएको रकमको विवरण यहाँ प्रस्तुत गरिएको छ । आन्तरिक स्रोतमा खास गरी पर्यटक प्रवेश शुल्क, गुठी आय, बहाल आय, मन्दिर सेवाबाट प्राप्त हुने आय र चन्दाको विशेष योगदान रहेको छ । कोषको बिगत ५ वर्षको आय र व्ययको स्थिति यस प्रकार छ :

रेखाचित्र ११

सरकारी अनुदान र आन्तरिक स्रोतको आय



तालिका १२

नेपाल सरकारबाट प्राप्त अनुदान

| २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ |
|---|---|---|---|---|
| १,१७२,५००,०००।- | १३१,५००,०००।- | २२४,०००,०००।- | २४६,०००,०००।- | २२९,०२१,०००।- |

तालिका १३

कोषको आन्तरिक स्रोतबाट प्राप्त आय

| | ०७०/०७१ | ०७१/०७२ | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | कैफियत |
|---|---|---|---|---|---|---|
| पर्यटक प्रवेश शुल्क | १५७,८५०,६३९ | १४८,९०२,००५।- | ७२,५४८,०००।- | १०८,३०५,०००।- | १४१,९५०,०००।- | |
| गुठी आय | २२,२०६,७२४ | २२,७९९,६६१।- | २६,२३३,०८२।- | ४६,०७९,३१७।- | ३०,०४८,६२५ | |
| बहाल आय | १७,१४२,०५१।- | ११,६१८,९०८।- | ११,३९३,८१७।- | २२,०३३,६०१।- | २६,५१५,०१४।- | |
| मन्दिर सेवा | ९१,३२४,००५ | १००,७५९,३७२।- | ९९,३१९,२२८।- | १३४,०९८,१०६।- | १४७,३७५,२८९।- | |
| चन्दा | ५,२०३,२४३।- | ५,८२८,७६९।- | ३,८६८,४४६।- | ५,६१५,३०५।- | ४,३२२,७४२।- | |

यहाँ प्रस्तुत विवरणमा २०७२ को भूकम्पको स्पष्ट असर देखिन्छ । ०७२ पछि क्रमशः आयमा वृद्धि हुँदै गएको छ । आ.व. ०७४।०७५को आयलाई यहाँ रेखा चित्रमा प्रतिशतका रूपमा प्रस्तुत गरिएको छ । उपर्युक्त आन्तरिक स्रोतमा २०७६/०७७ देखि तिलगंगास्थित नेपाल-भारत मैत्री पशुपति धर्मशालाको टेक्काबाट १ करोड, ५ लाख ४१ हजार ६१८ थप हुने र प्रतिवर्ष ५% ले बढ्ने शर्त रहेको देखिन्छ ।

पशुपति क्षेत्रमा अवलोकन, भ्रमणका लागि आउने पर्यटकहरूका लागि सेवा, सुविधा र प्रदर्शनी स्थलको व्यवस्था गरेमा र यहाँको वातावरण पूर्णतः पर्यटक मैत्री बनाएमा यसबाट हुने आयमा वृद्धि हुन सक्ने देखिन्छ । गुठी आय चाहिं प्रतिवर्ष मोहीले समयमै कुत बुझाएमा र बक्यौता नरहेमा मात्र

प्राप्त हुने हो अन्यथा त्यो आय बक्यौतामा रहन्छ । बहाल आयमा समय सापेक्ष वृद्धि गर्दै जाने, बक्यौता रहन नदिने र बहाल नबुझाउनेलाई तत्काल कार्वाही गर्ने व्यवस्था गरेमा वृद्धि हुँदै जान सक्छ । समयमा बहाल नउठेर बक्यौता रहेमा सम्बन्धित शाखालाई नै उत्तरदायी बनाउने व्यवस्था गर्नु पर्दछ । मन्दिर सेवामा दर्शनार्थी भक्तजनलाई दर्शन-पूजन गर्ने सुविधा दिएर, पूर्ण सुरक्षाको प्रत्याभूति दिई फर्मायसी पूजाका नयाँ-नयाँ कार्यक्रम बनाई प्रचार गरेर चन्दा बाकसलाई पनि विभिन्न स्थानमा राखी चन्दादानप्रति जनभावना जगाएमा आयवृद्धि गर्न सकिन्छ । चन्दालाई कार्यक्रममा आधारित गरेर पनि बढाउन सकिन्छ । यसका लागि प्रभावकारी प्रचार-प्रसार आवश्यक हुन्छ । पशुपति संग्रहालयको सञ्चालनबाट पनि आन्तरिक आयमा सहयोग पुग्न जाने देखिन्छ । संग्रहालय स्थापनाका लागि समयमै आवश्यक कार्वाही अघि बढाउनु पर्दछ । पशुपति क्षेत्रको पार्किङ्ग व्यवस्थालाई पनि व्यवस्थित र पारदर्शी बनाउन आवश्यक छ । यसबाट पनि कोषलाई लाभ हुने देखिन्छ यसैगरी पशुपति क्षेत्रमा सञ्चालित पूजा सामाग्री एवं उपहार आदिका पसललाई पनि व्यवस्थित गरी निर्धारित मापदण्डभित्र राखी स्वस्थ्य प्रतिस्पर्धाद्वारा भाडामा दिने र समयमा भाडा असुल गर्ने व्यवस्था गर्दा पनि कोषको आयमा वृद्धि हुने देखिन्छ ।


वन गणेश उत्तरको स्थानमा केही पसल कबलहरू बनाइएका तर त्यहाँ पसल बनाउने कार्यक्रम पहिलेको गुरुयोजनामा देखिंदैन । गुरुयोजनाको भावना विपरीत बनाइएका पसलहरू अहिलेसम्म बन्द नै छन् , तिनको सदुपयोग भएको छैन । यसरी उपयोग विहीन अवस्थामा पसलहरू रहँदा तिनबाट हुने आय प्राप्त हुने कुरो भएन । बनेका संरचनालाई उपयोग गरेर आय आर्जन नगर्नु ठूलो कमजोरी हो ।


केही वर्ष पहिले कोषले पशुपति अर्चक-उपासक कार्यक्रम सञ्चालन गरेको थियो । हाल त्यो कार्यक्रम निष्क्रिय देखिन्छ । कोषले एकपटक शुरू गरेको र केही दाताहरू त्यसमा सहभागी समेत भएको कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नु नै राम्रो हो । पशुपतिको ई.पूजा, विशेष दर्शन, गुप्तदान, देशविदेशबाट दाताहरूले अनलाइन चन्दा दिने व्यवस्था, पशुपति क्षेत्रका नन्दी, गाई बाँदर, मृग, परेवा आदि पशुपक्षीका लागि चन्दा दानको व्यवस्था, अन्तर्राष्ट्रिय विमानस्थलमा चन्दा बाकस व्यवस्था, पशुपति र यस क्षेत्रका अन्य देवीदेवताको विशेष पूजाको व्यवस्था तथा पशुपति र अन्य मन्दिर अङ्कित उपहार सामग्रीको उत्पादन र बिक्री गरेर पनि कोषको आय बढाउन सकिन्छ । यस अतिरिक्त पशुपतिनाथ गुठीका जग्गाको अध्ययन र वर्गीकरण गरेर विशुद्ध खेतीपातीका जग्गालाई यथावत् छोडी अन्य व्यवसायिक र आवासीय प्रयोजनमा प्रयोग भएका जग्गाको भूवहाल बढाएर पनि आय वृद्धि गर्न सकिन्छ । गुठी जग्गाको अध्ययन र वर्गीकरण यथाशीघ्र गर्नु पर्ने देखिन्छ ।

वि.सं. २०७०/०७१ देखि २०७४/०७५ सम्मको आय व्यय हेर्दा कोषको गति सुधारोन्मुख देखिएको छ । तलको रेखा चित्रबाट यो स्पष्ट हुन्छ ।

रेखा चित्र १२

आन्तरिक आयका मुख्य स्रोतहरू



### ६.२.२. खर्चको अनुमान

प्रस्तुत गुरुयोजना अनुसार तीर्थयात्री सेवा सुविधा सम्बन्धी विकास निर्माणका कार्य, स्मारकहरूको संरक्षण, प्रबलीकरण तथा पुनर्निर्माण कार्य, पानी, बत्ती, सडक लगायत भौतिक पूर्वाधारको विकास, हिउँदका समयमा बागमतीमा जल प्रवाह बढाउन जलाशय निर्माण लगायतका कार्य सम्पन्न गर्नका लागि कुल अनुमानित लागत रू. ३३,०६,६४,५१,०००।-

तालिका १४

अनुमानित लागत विवरण (आधार वर्ष २०७६)

क) संरक्षण सम्बन्धी रु. हजारमा

| क.सं. | कार्यक्रम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | एकादश रुद्र शिवालय र सो आसपासका मन्दिरको संरक्षण | १,७०,०० | |
| २ | घाट पसल भएको सत्तल संरक्षण | २,००,०० | |
| ३ | वीरभद्रेश्वर शिवालय संरक्षण | ५२,०० | |
| ४ | निर्वाणेश्वरी सत्तल संरक्षण | १,०७, ०० | |
| ५ | घ्याम्पेपाटी सिफल पुनर्निर्माण | १,०४, ०० | |
| ६ | बज्रघर पुनर्निर्माण | ४०,००,०० | |
| ७ | गौरीघाट चौघेरा सत्तल र शिवालय संरक्षण | २०,००,०० | |
| ८ | मृगस्थली क्षेत्रका मन्दिरहरूको पुनर्निर्माण | १०,००,०० | |
| ९ | मृगस्थली क्षेत्रको पूर्वपश्चिम लमाइको सत्तल र सो सँगैका मन्दिरहरूको पुनर्निर्माण | २५,००,०० | |

| | | | |
|---|---|---|---|
| १० | विश्वरूपा मन्दिर र सत्तलको पुनर्निर्माण | १,००,००,०० | |
| ११ | राममन्दिर परिसर संरक्षण (सत्तल र मन्दिर) | १०,००,०० | |
| १२ | गुह्येश्वरी परिसर संरक्षण (सत्तल र मन्दिर) | ५०,००,०० | |
| १३ | उमाकुण्ड पुनर्निर्माण | २५,००,०० | |
| १४ | घाट क्षेत्रका सत्तल तथा पाटीहरू संरक्षण/पुनर्निर्माण | १२,००,०० | |
| १५ | जितजंग प्रकाशेश्वर परिसरका मन्दिरको संरक्षण | १०,००, ०० | |
| १६ | पञ्चदेवल सत्तल, मन्दिर र प्राङ्गण संरक्षण | ४०,००,०० | |
| १७ | चारशिवालय तथा अग्निहोत्रशाला संरक्षण | ५,००,०० | |
| १८ | दक्षिणामूर्ति मन्दिर संरक्षण | ५,००,०० | |
| १९ | भण्डारेश्वर संरक्षण तथा सुविधा विकास | ३,००,०० | |
| २० | चन्द्रविनायक-लामोपोखरी | १,५०,०० | |
| २१ | कुटुवहिल संरक्षण | ५०,०० | |
| २२ | चाविहार संरक्षण | १,००,०० | |
| २३ | भगवानस्थान संरक्षण | १,००,०० | |

| | | | |
|---|---|---|---|
| २४ | जयवागीश्वरी-नवालीटोलका पाटी तथा मन्दिरहरू संरक्षण | ५,००,०० | |
| २५ | ताम्रेश्वर तथा मृत्युञ्जय मन्दिर संरक्षण | ५,००,०० | |
| २६ | भुवनेश्वरी उपक्षेत्रका अन्य मन्दिर तथा पाटीहरूको संरक्षण | ५,००,०० | |
| २७ | वन गणेश तथा ढुङ्गेधाराहरूको संरक्षण | १,००,०० | |
| २८ | वज्रेश्वरी मन्दिर तथा सत्तल संरक्षण | २,००,०० | |
| २९ | कैलास तथा सिफल चौर संरक्षण | ५,००,०० | |
| ३० | सूर्यघाट क्षेत्र संरक्षण | ५,००,०० | |
| ३१ | हंसमण्डप क्षेत्र सुधार | ३,००,०० | |
| ३२ | गौरीघाट-दक्षिणको सत्तल संरक्षण | १,००,०० | |
| ३३ | त्रिविक्रम मन्दिर पुर्निर्माण | ३,००,०० | |
| ३४ | गुह्येश्वरी सेतो सत्तल तथा मन्दिर संरक्षण | १५,००,०० | |
| ३५ | राधाकृष्ण पाटी संरक्षण | २,००,०० | |
| ३६ | भुवनेश्वरी मन्दिर संरक्षण | ५,००,०० | |
| ३७ | गोपालजी सत्तल संरक्षण | १,००,०० | |
| ३८ | सेतो मन्दिर पुनर्निर्माण, शंकराचार्य मठ | ३,००,०० | |
| ३९ | गुरुज्यू सत्तल पुनर्निर्माण | २,००,०० | |
| ४० | पन्ध्र शिवालय मन्दिर, सिंढी, घाट र पर्खाल पुनर्निर्माण | १०,००,०० | |
| ४१ | चौसट्ठी परिसरका शिवालय र मूर्तिको संरक्षण | ३,००,०० | |
| ४२ | ताराप्रकाशेश्वर तथा क्रियापुत्री क्षेत्र संरक्षण | ५,००,०० | |
| ४३ | संग्रहालय | २५,००,०० | |
| | **जम्मा** | ७,९८,५३,०० | |

ख) विकास निर्माण तथा सेवासुविधा सम्वन्धी रु. हजारमा

| क.स | कार्यक्रम | क्षेत्रफल | लागत रकम |
|---|---|---|---|
| १ | पशुपति प्राङ्गण विस्तार | - | ८४,५०,०० |
| २ | गुह्येश्वरी प्राङ्गण विस्तार | - | ४५,५०,०० |
| ३ | पशुपति दर्शनपथ निर्माण | १,५०० मी. | ३९,००,०० |
| ४ | पशुपति क्षेत्र प्रदक्षिणा पथ निर्माण (लघु, मध्यम र बृहत्) | ५,०००मी. | ६५,००,०० |
| ५ | कलात्मक प्रवेशद्वार-वनकाली चोक, गौशाला चोक | - | २६,००,०० |
| ६ | पशुपति सभा भवन (पाकिङ्ग सहित) | ३,००० वर्ग.मी. | ५७,३०,०० |
| ७ | उपहार बजार तथा जलपान गृह B11 र B13 | २,५०० वर्ग.मी. | १९,३०,०० |
| ८ | पशुपति अध्ययन केन्द्र B8 | १,५०० वर्ग.मी. | ९,५०,०० |
| ९ | गौशाला उपक्षेत्रमा श्रव्य-दृश्य सूचना केन्द्र निर्माण | ५०० वर्ग.मी. | ५,००,०० |
| १० | शिवशक्ति लीला भवन | २,२०० वर्ग.मी. | २०,१०,०० |
| ११ | पशुपति साधना सदन निर्माण B9 | १,५०० वर्ग.मी. | १३,७०,०० |
| १२ | रामघाट-चक्रपथ घाट निर्माण | १५० मी. | ५,४०,०० |
| १३ | गुह्येश्वरी पूर्वोत्तर भागमा बृहत् जलाशय निर्माण | ६०,१०० वर्ग.मी. | ९,७६,७०,०० |
| १४ | कोष कार्यालय भवन निर्माण | ५,००० वर्ग.मी. | ४५,४६,१० |
| १५ | अन्नदान भवन निर्माण | १,२०० वर्ग.मी. | ५,००,०० |
| १६ | बहु-उद्देश्यीय जोसमनी मठ निर्माण | - | १५,००,०० |
| १७ | जग्गा प्राप्ति | | २,००,००,०० |

| | | | |
|---|---|---|---|
| १८ | गंगाहिटी उपक्षेत्र संरक्षण तथा सुविधा विकास | | १,००,०० |
| १९ | परिधीय क्षेत्र(C)का अन्य उपक्षेत्रमा सेवा सुविधा विकास | | ५,००,०० |
| २० | पशुपति नक्षत्र मण्डल | | १०,००,०० |
| २१ | पाकिङ्ग सुविधा | | ३०,००,०० |
| | **जम्मा** | | १६,४८,४६,१० |

## ग) भौतिक पूर्वाधार

| | | | |
|---|---|---|---|
| १ | सेवा क्षेत्रको सीमाङ्कन, भूउपयोग योजना र भौतिक पूर्वाधार तयारी | | २०,००,०० |
| २ | पशुपति क्षेत्रमा भौतिक पूर्वाधारको विकास-पानी, बिजुली, सडक आदि | | ३९,००,०० |
| ३ | देवउद्यान क्षेत्रमा खानेपानीको ट्याकीं निर्माण तथा वितरण व्यवस्था | २०० मी. | १,९५,००,०० |
| ४ | डेक पार्किङ्ग | - | ३५,२०,०० |
| | **जम्मा** | | २,८९,२०,०० |

## घ) वन तथा वातावरण संरक्षण

| | | | |
|---|---|---|---|
| १ | मृगस्थली-विश्वरूपा दर्शन मार्गमा तारजाली लगाउने | | २,००,०० |
| २ | प्रदूषण नियन्त्रण तथा वातावरण संवर्धन | | १०,००,०० |
| ३ | गुह्येश्वरी पूर्वदेखि ध्रुवस्थली हुँदै चक्रपथसम्म हाता पर्खाल १५०० वर्ग मी. | | |

| | | | |
|---|---|---|---|
| १ | ५५,००,०० | | |
| ४ | मृगस्थली उपक्षेत्रमा भूक्षय नियन्त्रण तथा हरियाली प्रवर्धन | | ५०,००,०० |
| ५ | वनकाली पश्चिम उद्यान विकास | | २,००,०० |
| ६ | भण्डारखाल वानस्पतिक उद्यान विकास | ११०० मी. | १०,००,०० |
| ७ | तिलगंगा-राममन्दिर हाता पर्खाल सुधार | ४५० मी. | ७,३५,०० |
| ८ | किरातेश्वर भूसंरक्षण, ल्याण्डस्केपिङ्ग र सुविधा विकास | | २५,००,०० |
| | **जम्मा** | | १ ,६१ ,३५ ,०० |

ङ) शिक्षा प्रचार -प्रसार तथा जनचेतना प्रवर्धन

| | | | |
|---|---|---|---|
| १ | वेदविद्याश्रममा भौतिक सुविधा विस्तार | | ५,००,०० |
| २ | प्रचार-प्रचार, जनचेतना प्रवर्धन, तथा धार्मिक प्रकाशन | | ५,००,०० |
| ३ | पशुपति वेद-वेदाङ्ग महाविद्यालय स्थापना | | ५०,००,०० |
| | **जम्मा** | | **६०,००,००** |

च) अध्ययन अनुसन्धान तथा परियोजना तयारी

| | | | |
|---|---|---|---|
| १ | पशुपति मन्दिरको अभिलेखीकरण तथा प्राविधिक अध्ययन | | ३,००,०० |

| | | | |
|---|---|---|---|
| २ | प्राङ्गण विस्तार तथा दर्शनपथ सम्बन्धी अध्ययन | | १५,००,०० |
| ३ | शैव-शाक्त निगम-आगम सम्बन्धी अध्ययन | | ३,००,०० |
| ४ | विभिन्न विकास निर्माण सम्बन्धी कार्यक्रमको विस्तृत परियोजना तयारी | | २५,००,०० |
| ५ | हिन्दुतीर्थ परिपथ अध्ययन | | ५०,००० |
| ६ | धार्मिक आध्यात्मिक उन्नयन सम्बन्धी अध्ययन | | २,००,०० |
| | **जम्मा** | | ४८५००० |
| | **जम्मा (क+ख+ग+घ+ङ+च)** | | ३००६०४१० |
| | **प्रशासनिक खर्च (१०%)** | | ३,००,६०,४१ |
| | **कुल जम्मा** | | ३३,०६,६४,५१ |

### ६.२.३ आय वृद्धिका संभावनाहरू

यहाँ प्रस्तुत अनुमानित लागतमा सेवा क्षेत्र गोठाटारमा प्रस्तावित शिक्षा, स्वास्थ्य र समाज कल्याण सम्वन्धी कार्यक्रम समाविष्ट छैनन् तर सीमाङ्कन हाता पर्खाल तथा भूउपयोग योजनाका लागि रकम समावेश गरिएको छ । यसै गरी प्रतिवर्ष बढ्दो तीर्थयात्रीका आधारमा सेवा सुविधा सम्बन्धी कार्यको पनि विस्तार गर्दै जानु पर्ने हुनाले जग्गाको आवश्यकतालाई ध्यानमा राखेर प्रथम चरणका लागि मात्र रकम अनुमान गरिएको छ । पशुपति क्षेत्रको संरक्षण र सेवा सुविधा विस्तार सम्वन्धी कतिपय कार्य दातासँग मिलेर वा दाताको सहयोगमा सम्पन्न गर्न सकिन्छ भने कतिपय कार्य चाहिँ कोष र निजी क्षेत्रका साझेदारीमा पनि गर्न सकिन्छ । कोषले यस विषयमा आवश्यक कार्यविधि बनाउनु पर्ने हुन्छ । प्रस्तुत लागत योजनामा कुल लागत अनुमानको २५% खर्च कोषले आन्तरिक स्रोत परिचालन गरेर जुटाउनु पर्ने हुन्छ । यसका लागि कोषले आफ्ना आन्तरिक स्रोतको पहिचान, परिचालन तथा वर्तमान स्रोतको सुधारमा ध्यान दिनु पर्दछ । हाल सञ्चालनको तयारीमा रहेको पशुपति धर्मशालाबाट आगामी वर्षदेखि प्रतिवर्ष १ करोड भन्दा बढी आय प्राप्त हुने देखिन्छ । यस क्षेत्रमा हाल सञ्चालनमा रहेका फूल पसललाई मात्र व्यवस्थित गरेमा पनि सालाना ४० लाखभन्दा बढी आम्दानी हुन सक्छ । B13 को वस्ती स्थानान्तरण गरेर त्यहाँ उपहार पसल, खाजा घर, शिवशक्ति लीला भवनका

साथै पर्यटकका लागि आवश्यक सुविधाको व्यवस्था गर्दा आगामी ५ वर्षमा पर्यटकको संख्या ३ लाख पुर्याएर सालाना ३० करोडभन्दा बढी आयआर्जन गर्न सकिन्छ ।

पशुपति गुठीका जग्गाहरू परम्परादेखि कृषिका रूपमा प्रयोग हुँदै आएका र सो बापत प्रतिरोपनी २३ पाथी कुत लिने व्यवस्था भएकोमा र हाल अधिकांश जग्गा घर घडेरीमा रूपान्तरण गरी आवासीय प्रयोजनमा प्रयोग भएका, केही जमिनमा व्यापार व्यवसाय समेत सञ्चालन भएको सन्दर्भलाई ध्यान दिँदा प्रयोगका आधारमा भूमिकर लिने व्यवस्था गर्न आवश्यक देखिन्छ । यस सम्बन्धमा नेपाल सरकारले नै नीतिगत निर्णय गरी कानुन बनाउन आवश्यक हुन्छ । प्रयोगका आधारमा भूमिकर लिने व्यवस्था भए हालको गुठी आयमा कम्तीमा ५ गुणाभन्दा बढी आय बढ्न सक्छ । यस अतिरिक्त पशुपति संग्रहालय, योग ध्यान साधना केन्द्र, पार्किङ्ग लगायतका सेवा सुविधालाई समयोचित रूपमा सञ्चालन गर्दा पनि कोषको आय बढ्न सक्छ साथै त्रिभुवन विमानस्थल र आँखा अस्पतालबाट प्राप्त हुने आयमा समयानुसार सुधार गर्न सकिन्छ । यस्ता विषयमा सम्बन्धित विशेषज्ञबाट अध्ययन गराउन आवश्यक छ ।

अहिलेसम्म कोषले पशुपतिनाथ र वासुकी मन्दिरमा मात्र विशेष पूजाको व्यवस्था गरेको छ । पशुपतिनाथ मन्दिर प्राङ्गणका उन्मत्त भैरव, गणेश, राजराजेश्वरी, जयबागेश्वरी, सन्ताप हरेश्वर लगायतका मन्दिरमा पनि विशेषपूजाको व्यवस्था गर्नु पर्दछ । यसका साथै ई.पूजाको व्यवस्था र अर्चक उपासक कार्यक्रमको समेत व्यवस्था गरी आवश्यक प्रचार प्रसार गर्नु पर्दछ । यसो गर्दा निम्न अनुसार आय बढ्न सक्ने देखिन्छ ।

विशेषपूजाको व्यवस्था गर्नु पर्दछ । यसका साथै ई.पूजाको व्यवस्था र अर्चक उपासक कार्यक्रमको समेत व्यवस्था गरी आवश्यक प्रचार प्रसार गर्नु पर्दछ । यसो गर्दा निम्न अनुसार आय बढ्न सक्ने देखिन्छ ।

| क.सं. | शीर्षक | कार्यक्रम |
|---|---|---|
| १ | पर्यटक संख्या बृद्धि | हालको डेढलाखबाट ५ वर्षमा ३ लाख पुर्याउने। |
| २ | विशेष पूजा विस्तार | गुह्येश्वरी, चावहिल, गणेश, हनुमान, नवग्रह,भैरव, लाल गणेश आदि मन्दिरमा विशेष पूजाको व्यवस्था गर्ने र दरबन्दी परिवर्तन गर्ने । |
| ३ | पसल विस्तार | फूल प्रसाद, उपहार पसल एवं चमेना गृह (दर्शन पथको प्रवेश र निर्गम मार्ग तथा B13 मा ) को भाडा । |
| ४ | चन्दा पेटिका विस्तार | त्रिभुवन विमानस्थल र पशुपति क्षेत्रका अन्य मन्दिरमा चन्दा बाकस राखे र प्रचार गर्ने । |
| ५ | पाकिङ्ग सुविधा विस्तार | A2, B3, B11 र C1 मा पार्किङ्ग सुविधा विकास गरी भाडामा दिने |
| ६ | सशुल्क दर्शन | पर्व विशेष र विशेष दिनमा सशुल्क दर्शन गर्ने सुविधा दिने (शिवरात्री, तीज, श्रावणको सोमबार आदि )। |
| ७ | अर्चक /उपासक व्यवस्था | देश विदेशका भक्तजनका लागि कोषमा रु.३ लाख एकमुष्ट प्रदान गरेर अर्चक /उपासक बन्ने व्यवस्था गर्ने र पर्वविशेष एवं कार्य विशेषमा दर्शनको सुविधा दिएर सम्मान समेत गर्ने |
| ८ | अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार | विभिन्न मित्र राष्ट्रमा पशपति सहयोग समिति गठन गर्ने र सहयोगको वातावरण बनाउने । |
| ९ | ई.पूजा व्यवस्था | भक्तजनले देश विदेशबाट ई. सेवाका माध्यमबाट विशेष पूजा गराउने र प्रसाद पाउने व्यवस्था गर्ने । |
| १० | भेटी प्रवर्धन | पशपति मन्दिर परिसर र क्षेत्र भित्रका मन्दिरको भेटी संस्थागत बनाउने । |
| ११ | शवदाह सुविधा विस्तार | शवदाह गर्ने अर्को एक मेशीन थप गरी दुईवटा मेशिन निरन्तर सञ्चालन गर्ने । |
| १२ | यज्ञयागादि सुविधा विस्तार | पूजा, पाठ, होम, विवाह, व्रतबन्ध,लक्ष्यवर्ती, बालाचर्तुदशीमा दीपदान, रुद्रयाग आदिको सुविधा पशुपति, गुह्येश्वरी, चन्द्रविनायक आदि मन्दिर परिसरमा विस्तार गर्ने । |
| १३ | पशुपति धर्मशाला सञ्चालन | धर्मशालाको ठेक्काबाट |

द्रष्टव्यः

१। गोठाटारको जग्गामा प्रस्तावित कार्यक्रम सञ्चालनका लागि जमिन सम्म पार्दा माटो र बालुवाबाट संस्थालाई राम्रो आम्दानी हुने देखिन्छ ।

२। गोठाटारको जग्गामा स्वदेशका सातै प्रदेश तथा मित्रराष्ट्रका धार्मिक संस्थालाई आ-आफ्नो सम्पर्क कार्यालय बनाई पर्यटन प्रवर्धन गर्न जग्गा लिजमा दिंदा पनि आयमा वृद्धि हुन्छ ।

३। पुनः स्थापनका लागि अधिग्रहण प्रभावितलाई प्रचलनलाई हेरेर सरकारले निर्धारण गरेको भाउमा घडेरी दिंदा पनि आय बढ्छ ।

४। शिक्षा, स्वास्थ्य, जेष्ठ नागरिक सेवा केन्द्र, अतिथिगृह आदि सञ्चालन गर्दा लागत र प्रतिफलमा ध्यान दिएमा संस्थालाई निरन्तर आय प्राप्त हुँदै जान्छ ।

५। संस्थाको अक्षय कोषको रकमलाई पनि बढी लाभ प्राप्त हुने गरी परिचालन गर्नु पर्दछ ।

६। पशुपति गुठीको जग्गाको उपयोगको स्वरूपका आधारमा कृषिलाई यथावत् राखी व्यावसायिक एवं घर घडेरीमा भएको प्रयोगलाई नयाँ भू नीतिभित्र ल्याई भूमिकर निर्धारण गर्दा संस्थालाई निरन्तर भरपर्दो आर्थिक स्रोत प्राप्त हुने देखिन्छ । यसका लागि नेपाल सरकारले भू-उपयोग सम्बन्धी नीति र भूमिकर निर्धारण सम्बन्धी विषय कोषको कानुनमा समावेश गर्नु पर्दछ ।


७। प्रस्तुत गुरुयोजना अनुसार बन्ने पशुपति साधना सदन, शिव शक्तिलीला भवन, संग्रहालय, सभा भवन आदिको सञ्चालनबाट पनि संस्थाको आयमा वृद्धि हुँदै जान्छ ।

तालिका १५

| गुरुयोजना कार्यान्वयन कार्यतालिका | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक वर्ष | | | | | | | | | | | | | | | |
| | | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | ०८७/०८८ | ०८८/०८९ | ०८९/०९० | ०९०/०९१ | ०९१/०९२ |
| १ | सम्पदा संरक्षण | | — | — | — | — | — | — | — | — | — | | | | | | |
| २ | विकास निर्माण | | — | — | — | — | — | — | — | — | — | | | | | | |
| ३ | भौतिक पूर्वधार | | — | — | — | — | — | — | — | — | — | — | | | | | |
| ४ | वन तथा वातावरण संरक्षण | | — | — | — | — | — | — | — | — | | | | | | | |
| ५ | शिक्षा तथा प्रचार -प्रसार | | — | — | — | — | — | — | — | — | — | — | — | — | — | — | — |
| ६ | अध्ययन - अनुसन्धान | | — | — | — | — | — | — | — | — | — | — | — | — | — | — | — |
| ७ | गोठाटार विकास | | — | — | — | — | — | — | — | — | — | — | — | — | | | |
| ८ | जग्गा प्राप्ति तथा वस्ती स्थानतरण | | — | — | — | — | — | — | — | — | — | — | — | | | | |
| ९ | प्रशासनिक खर्च | | — | — | — | — | — | — | — | — | — | — | — | — | — | — | — |

प्रस्तावित व्ययभार प्रतिशतमा

रेखा चित्र १३




| क.स | दायित्व वहन गर्ने | दायित्व प्रतिशत | जम्मा रकम |
|---|---|---|---|
| १ | पशुपति क्षेत्र विकास कोष | २५ | ८,२६,६६,१२,७५० |
| २ | सरकारी अनुदान | ५५ | १८,१८,६५,४८,०५० |
| ३ | क्षेत्रक निकाय | १५ | ४,९५,९९,६७,७५० |
| ४ | दाता परिचालन | ५ | १,६५,३३,२२,५५० |
| | जम्मा | | ३३,०६,५४,५१,००० |

चरणगत अनुमानित लागत

| अवधि | प्रतिशत | रकम |
|---|---|---|
| प्रथम पञ्च वर्षीय अनुमानित लागत | ३०% | ९,९१,९९,३५,३०० |
| द्वितीय पञ्च वर्षीय अनुमानित लागत | ४०% | १३,२२,६५,८०,४०० |
| तृतीय पञ्च वर्षीय अनुमानित लागत | ३०% | ९,९१,९९,३५,३०० |

प्रथम पञ्च वर्षीय खर्च

| क.स | दायित्व वहन गर्ने | दायित्व प्रतिशत | जम्मा रकम |
|---|---|---|---|
| १ | पशुपति क्षेत्र विकास कोष | २५ | २,४७,९९,८३,८२५ |
| २ | सरकारी अनुदान | ५५ | ५,४५,५९,६४,४१५ |
| ३ | क्षेत्रक निकाय | १५ | १,४८,७९,९०,२९५ |
| ४ | दाता परिचालन | ५ | ४९,५९,९६,७६५ |
|  | जम्मा |  | ९,९१,९९,३५,३०० |

## ६.३ समन्वय र सहयोग

प्रस्तुत गुरुयोजना कार्यान्वयनका क्रममा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा अन्य निकायसँग समन्वय, सहकार्य र सहयोगको वातावरण बनाउन आवश्यक हुन्छ । गुरुयोजनाको सफलता तिनै तहको सरकार, सरकारी तथा गैरसरकारी संघ-संस्था तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय दाताहरूको सहयोगमा निर्भर हुन्छ । पशुपति क्षेत्र एक छुट्टै क्षेत्र होइन । यो क्षेत्र काठमाडौं उपत्यकाको शहरी क्षेत्रकै एक भागहो । यति मात्र होइन, यो क्षेत्र राष्ट्रिय पहिचानको आधार हो, राष्ट्रिय गौरवको विषय हो । विश्व सम्पदामा समाविष्ट क्षेत्र भएकाले यो क्षेत्र अन्तर्राष्ट्रिय सम्पदा पनि हो । यस क्षेत्रको योजना बद्ध विकासको चर्चा गर्दा काठमाडौं उपत्यकाको शहरी विकासको व्यवस्थामाथि पनि ध्यान दिनु पर्दछ । सम्पदाहरूको संरक्षणका सवालमा पुरातात्विक मूल्य र मान्यताको पूर्ण परिपालना गर्नु पर्दछ । तीर्थयात्री एवं पर्यटकहरूका लागि आवश्यक सेवा-सुविधा सम्बन्धी पूर्वाधारको विकास गर्दा काठमाडौं उपत्यकाको भौतिक पूर्वाधारसँग मिलाउनु पर्दछ । यसैले प्रस्तुत गुरुयोजनामा विभिन्न सरकारी, अर्धसरकारी र गैरसरकारी निकाय एवं संघसंस्थासँगको समन्वय र सहयोगमा देहायअनुसारका कार्यहरू सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

तालिका नं.१६

कार्यक्रम र समन्वय

| क्र.सं. | कार्यक्रमको विवरण | मन्त्रालय तथा अन्य सम्बद्ध निकाय |
|---|---|---|
| १ | सुरक्षा व्यवस्था | गृह मन्त्रालय/नेपाल प्रहरी |
| २ | सडक निर्माण/मर्मत | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय/सडक विभाग |
| ३ | खानेपानीतथा ढल निकास | खानेपानी मन्त्रालय/ काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेल) |
| ४ | बिद्युत् व्यवस्था | ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय/विद्युत् प्राधिकरण |
| ५ | वन, वातावरण र जीवजन्तु संरक्षण | वन तथा वातावरण मन्त्रालय |
| ६ | बृद्धाश्रम व्यवस्था | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| ७ | विद्यालय व्यवस्थापन | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८ | मापदण्ड कार्यान्वयन | सहरी विकास मन्त्रालय/काठमाडौं उपत्यका विकास प्राधिकरण/काठमाडौं महानगरपालिका |
| ९ | धार्मिक पर्यटन | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय/नेपाल पर्यटन बोर्ड |
| १० | टेलिफोन, इन्टरनेट सुविधा | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/नेपाल दूर सञ्चार संस्थान |
| ११ | सम्पदा संरक्षण तथा युनेस्कोसँग समन्वय | संस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्रालय/पुरातत्त्व विभाग |
| १२ | गुठी जग्गाव्यवस्थापन | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय/गुठी संस्थान |
| १३ | पूजा तथा जात्रा पर्व सञ्चालन | गुठी संस्थान |
| १४ | सरसफाइ/सडक बत्ती व्यवस्था | काठमाडौं महानगरपालिका |
| १५ | योजना तथा कार्यक्रम | राष्ट्रिय योजना आयोग |
| १६ | बजेट व्यवस्था | अर्थ मन्त्रालय |
| १७ | स्वास्थ्य सेवा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

| | | |
|---|---|---|
| १८ | वाग्मती जलप्रवाह प्रवर्धन | सहरी विकास मन्त्रालय/वाग्मती सभ्यता एकीकृत विकास समिति |
| १९ | आश्रम तथा अखडा | गुठी संस्थान |
| २० | भू-संरक्षण | ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय |
| २१ | समाज कल्याण | महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| २२ | ट्राफिक व्यवस्था | नेपाल प्रहरी |

### ६.४ पशुपति संङ्ग्रहालयको व्यवस्था

पशुपति क्षेत्र मठ, मन्दिर, मूर्ति र सांस्कृतिक-प्राकृतिक सम्पदाहरूको खुला सङ्ग्रहालय हो । यस क्षेत्रको पञ्चदेव, विश्वरूपा, गुह्येश्वरी, गौरीघाटमा रहेका चौघेरा सत्तल आफैं सङ्ग्रहालय जस्ता छन् । गोरखानाथ-मृगस्थली क्षेत्र पनि आफैं सुन्दर संग्रहालयका रूपमा रहेको छ । यहाँ भत्केका मठ, मन्दिर र सत्तलमा प्रयोग भएका तर अब पुनःप्रयोग हुन सक्ने सामग्रीहरू सङ्ग्रहालयका विषय हुन सक्छन् । नेपालका प्रसिद्ध तीर्थस्थल, एवं मन्दिरका प्रतिमूर्ति पनि सङ्ग्रहालयको विषय हुन सक्छन् । मित्रराष्ट्र भारतका उत्तरतर्फका चारधाम (बद्रीकेदार, रामेश्वर, द्वारका र जगन्नाथ)का प्रतिमूर्ति तथा द्वादश ज्योतिर्लिङ्गका प्रतिकृति पनि सङ्ग्रहालयमा सङ्ग्रह गरिने विषय हुन् । त्यसै गरी पशुपति क्षेत्रका विभिन्न मन्दिरका चित्रहरू, वैदिक यज्ञका सामग्रीहरू, स्थानीय र राष्ट्रिय चाड, पर्व र जात्राका दृश्यहरू सबै नै प्रदर्शन योग्य विषय हुन् । पशुपति र पशुपति क्षेत्रका विभिन्न मन्दिरमा बजाइने बाजाहरू, पशुपतिनाथको इतिहास, पशुपति र गुह्येश्वरी लगायत शिवशक्तिसँग सम्बन्धित प्राचीन सामग्री (पुस्तक, अभिलेख, ताडपत्र आदि) पनि पशुपति क्षेत्रको सङ्ग्रहालयमा राखिने वस्तु हुन् । सङ्ग्रहालयका बारेमा अध्ययन हुँदै जाँदा कक्षहरू थपिँदै जान्छन् । शुरु गर्न मात्र समस्या हो । सङ्ग्रहालय सम्बन्धी विशेषज्ञलाई अध्ययन गराएर निजको परामर्श अनुसार काम अघि बढाउनु पर्दछ । सङ्ग्रहालयका लागि पञ्चदेवल सबभन्दा उपयुक्त स्थान हो । यसमा प्रवेश, निकास, अवलोकन एवं भ्रमणका लागि पर्याप्त सुविधा उपलब्ध हुन्छ । कक्षहरूको विस्तारका लागि पनि यो सत्तल उपयुक्त छ । हाल वृद्धाश्रम रहेको र सोको स्थानान्तरण नगरी त्यहाँ अन्य कार्य गर्न नमिल्ने भएकाले अन्य सत्तल (महास्नान घर) मै भए पनि सङ्ग्रहालय सञ्चालन गर्नु राम्रो हो । महास्नानका लागि बनाइएको भए पनि सो भवनको वाह्य र आन्तरिक संरचना पनि अवलोकनीय छ । दूरगामीरूपमा पञ्चदेवल नै संग्रहालयका लागि उत्तम स्थान हो । विस्तारको संभावना यसैमा छ ।

## ६.५ रोजगारी प्रवर्धन

प्रस्तुत गुरुयोजनामा खास गरी पशुपति क्षेत्रकै वरिपरी बसोवास गर्ने स्थानीय बासिन्दाले आफ्नो सिप र दक्षता अनुसार विभिन्न किसिमका सेवा सुविधा सम्बन्धी व्यवसाय चलाएर आर्थिक लाभ लिन सक्ने अवसर सिर्जना गर्नेतर्फ पनि विशेष ध्यान दिइएको छ । यस क्षेत्रका देवी-देवताका मन्दिरमा पूजाका क्रममा प्रशस्त फूलपाती चढाइन्छ । प्रसाद स्वरूप बनेको त्यस फूलपातीको विसर्जन फोहोरका रूपमा गर्नु हुन्न । त्यसलाई प्रयोग गरेर धूप वा अर्गानिक मल बनाउन सकिन्छ । फूलपातीबाट बनेको अर्गानिक मल बजारमा नबिक्ने कुरै हुँदैन । स्थानीय जनताका लागि यो एउटा आय आर्जनको बाटो हुन सक्छ । त्यसै गरी यस क्षेत्रमा देवी-देवताको दर्शन-पूजनका लागि आउने भक्तजन तथा दृश्यावलोकनका लागि आउने पर्यटकका लागि स्तरीय शाकाहारी भोजनालय र खाजा घरको व्यवस्था पनि रोजगारीको अर्को क्षेत्र हुन सक्छ । यस्ता भोजनालय तथा खाजा घर सञ्चालनमा पनि स्थानीय जनता सक्रिय हुनु पर्दछ । पशुपति क्षेत्रमा आउने भक्तजन तथा पर्यटकलाई उसको रुचि अनुसारको परिकार उपलब्ध गराउने व्यवस्था अपेक्षित रूपमा यहाँ हुन सकेको छैन । देश-विदेशबाट यस पावन क्षेत्रमा आउने भक्तजन तथा पर्यटकको संख्या प्रतिवर्ष बढ्दो क्रममा रहेको छ । सो अनुपातमा सेवा-सुविधाको विकास हुनु पर्दछ ।

यस अतिरिक्त प्रस्तुत गुरुयोजनाबाट सुपथ मूल्यमा शुद्ध पूजा सामग्री उपलब्ध गराउने पूजा सामान पसल, होमस्टे सञ्चालन, धूप, प्रसाद, बत्ती उत्पादन वितरण, शुद्ध पञ्चामृतका पदार्थको आपूर्ति, उपहारका लागि हस्तकलाका सामानको उत्पादन तथा उपहार तथा रुद्राक्षपसल, धार्मिक पर्यटन व्यवसाय सञ्चालन, पथप्रदर्शन जस्ता सेवा र सिपमूलक व्यवसाय सञ्चालन गरेर पनि आय आर्जन गर्ने अवसर सिर्जना हुँदै जाने हुँदा यसतर्फ पनि स्थानीय जनताले ध्यान दिनु पर्दछ ।

प्रस्तुत गुरुयोजनामा शिक्षा, स्वास्थ्य र जनकल्याण सम्बन्धी दीर्घकालीन योजना पनि राखिएका छन् । पशुपति विश्वविद्यालयको स्थापना, पशुपति आयुर्विज्ञान प्रतिष्ठानको स्थापना जस्ता योजनाहरू सञ्चालन हुँदा रोजगारीका अवसरहरू अझ बढ्दै जाने कुरा निश्चित छ । त्यसै गरी गुरुयोजनाले निर्देश गरे अनुसारका स्मारक संरक्षण, सेवा सुविधाको विकास, सरसफाइ, वनोद्यान संरक्षणका कार्यमा पनि स्थानीयले रोजगारीका अवसर प्राप्त गर्न सक्छन् । योग्य एवं नैष्ठिक ब्राह्मणले त कर्मकाण्डमै सहभागी भएर पनि रोजगारी प्राप्त गर्न सक्ने देखिन्छ । मुख्य कुरो सिप, दक्षता र उत्साह हो, सकारात्मक सोच हो । प्रस्तुत गुरुयोजनाले रोजगारी र व्यवसाय सञ्चालनका प्रशस्त द्वार खोलेको छ ।

## ६.६ जनशक्ति तथा क्षमता विकास

गुरुयोजनाको समयबद्ध कार्यान्वयन चुनौतीपूर्ण कार्य हो । यो कार्य आर्थिक, सामाजिक, पुरातात्विक एवं प्राविधिक सबै दृष्टिले चुनौतीपूर्ण छ । यसको प्रभावकारी कार्यान्वयनमा कुशल एवं प्रतिबद्ध व्यवस्थापन, दक्ष जनशक्ति, सम्बद्ध निकायसँगको समन्वय एवं सहयोगात्मक वातावरण तथा प्रभावकारी अनुगमन आवश्यक हुन्छ । व्यवस्थापनको सक्षमताले मात्र पनि चाहे जस्तो प्रतिफल प्राप्त गर्न सकिन्न, संगठनको संरचना पनि त्यत्तिकै क्रियात्मक र उत्तरदायी हुनु पर्दछ । सक्षम व्यवस्थापन र क्रियात्मक संगठन गुरुयोजना कार्यान्वयनका लागि आवश्यक तत्त्व हुन् ।

संस्थाको संगठनको स्वरूप उद्देश्यमुखी हुन आवश्यक छ । संगठन संरचना उद्देश्यमुखी भएन भने कर्मचारी क्रियाशील बन्दैनन्, उत्तरदायित्वबाट पछि हट्छन् । यसले गर्दा समयमा निर्णय हुन सक्तैन । त्यसको असर कार्यक्रम कार्यान्वयनमा पर्न जान्छ । संगठनको स्वरूप क्रियात्मक भएन भने निर्णयको पालनामा शिथिलता, नियन्त्रण पक्षमा खुकुलोपन तथा अधिकारका क्षेत्रमा दोहोरोपन आउन सक्छ र कोही पनि कुनै पनि काममा उत्तरदायी नहुने स्थिति सिर्जना हुन्छ । यसतर्फ कोष सञ्चालक परिषद्ले ध्यान दिनु पर्दछ ।

पशुपति क्षेत्र धार्मिक क्षेत्र हो । यस्ता क्षेत्रमा काम गर्ने सबैमा सेवाभाव, विनयशीलता, उत्तरदायित्वको बोध, अनुशासन र सदाचारको पालना आवश्यक हुन्छ । संस्थाको मर्यादा र क्षेत्रको गरिमामाथि सबैले ध्यान दिनु पर्दछ । यो संस्था अन्य कार्यालय जस्तो नभई विशेष प्रकृतिको भएकाले यहाँ काम गर्ने कर्मचारीलाई पनि विशेष रूपमै प्रोत्साहित गर्नु पर्दछ र नैतिकता एवं सदाचारमा विशेष ध्यान दिनु पर्दछ ।

यहाँको सन्दर्भ गुरुयोजनाको प्रभावकारी कार्यान्वयन हो, पशुपति क्षेत्र विकास कोषको समग्र संगठन संरचना होइन तर संगठनको स्वरूपले गुरुयोजना कार्यान्वयनमा प्रभाव पार्ने भएकाले समग्र संगठन स्वरूप र कर्मचारी संयन्त्रलाई पनि सक्षम र क्रियाशील बनाउन आवश्यक छ । यसका लागि नियम विनियमले निर्धारण गरेको काम कर्तव्य प्रति पूर्ण उत्तरदायी भएर कार्यसम्पादन गर्ने प्रवृत्तिको विकास गर्नु पर्दछ । कर्मचारीलाई तालिम प्रशिक्षणमा सशभागी बनाएर कामको अनुगमन एवं मूल्याङ्कनको कामलाई प्रभावकारी बनाएर तथा समय समयमा बढुवा र पदपूर्तिको व्यवस्था गरेर कर्मचारीलाई कामप्रति उत्तरदायी र सक्षम बनाउन सकिन्छ । जहाँसम्म गुरुयोजना कार्यान्वयनको प्रश्न छ, यसका लागि कोष सञ्चालन परिषद्ले गुरुयोजनालाई छुट्टै परियोजना वा कोष कै मौजुदा संरचना अन्तर्गत

सञ्चालन गर्ने भन्ने निर्णय गर्नु पर्दछ । जुन रूपबाट सञ्चालन गरे पनि प्रथमतःकार्यविधि स्पष्ट गरी परिषद्बाट गुरुयोजना कार्यान्वयन समिति गठन गर्नु पर्दछ ।

त्यस समितिमा कोष बाहिरबाट विशेषज्ञ रूपमा वरिष्ठ प्राविधिक, वरिष्ठ कानुनविद्, गुरुयोजनाविद् र पुरातत्त्वविद्लाई समेत सदस्यका रूपमा राख्नु पर्दछ । छुट्टै परियोजनाका रुपमा वा योजना महाशाखा गठन गरेर जुन रुपमा काम गरेपनि तालिका १८ मा उल्लिखित जनशक्ति गुरुयोजना कार्यान्वयनका लागि आवश्यक देखिन्छ । महाशाखा अन्तर्गत सञ्चालनगर्दा सो महाशाखामा अधिकृत प्रथमश्रेणी सरहको प्राविधिक इन्जिनियरलाई प्रमुख बनाउनु पर्दछ । उसको वाञ्छनीय योग्यतामा पशुपति क्षेत्रको पुरातात्विक महत्वको ज्ञानका साथै योजना र वास्तुसम्बन्धी ज्ञान र अनुभवलाई राख्नु पर्दछ । उसकै मातहतमा आर्किटेक्ट, सिभिल इन्जिनियर, वातावरणविद्, योजनाविद्, इलेक्ट्रिकल इन्जिनियर, पुरातत्त्वविद् प्रशासन तथा लेखा अधिकृत जस्ता जनशक्तिका साथै अन्य सहयोगी जनशक्तिको व्यवस्था गर्नु पर्दछ । गुरुयोजनाले निर्देश गरे अनुसार एक चक्र (तीन चरण) पूरा हुने अवधि १५ वर्ष भएकाले आवश्यक जनशक्तिको व्यवस्था पनि सोही अवधिसम्मका लागि गर्नु उपयुक्त हुन्छ ।


गुरुयोजना कार्यान्वयनसँग सम्बन्धित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, परिषद्को स्वीकृतिका लागि पेश गर्ने अनि स्वीकृत भए अनुसार कार्यक्रमको कार्यान्वयन गर्ने, प्रगति प्रतिवेदन पेश गर्ने, कामको अनुगमन गर्ने जस्ता काम समितिको हुने र समितिको सचिव गुरुयोजना प्रमुख रहने व्यवस्था गर्दा राम्रो हुने देखिन्छ । गुरुयोजनाको कार्यक्रमलाई छुट्टै परियोजनाका रुपमा सञ्चालन गर्ने किसिमको सोच बनेमा परिषद्बाट स्वीकृत कार्यक्रमका लागि कोषको आर्थिक प्रशासन महाशाखाबाट निकासा लिई खर्च गर्ने, त्यसको स्रेस्ता राख्ने, मलेप एवं आलेप समेत गराउने दायित्व गुरुयोजना प्रमुख र लेखा प्रमुखको हुने व्यवस्था गर्दा राम्रो हुन्छ । जुन प्रक्रियाबाट कार्यान्वयन भए पनि परिषद्ले समग्र कार्यक्रमको अनुगमन, मूल्याङ्कन, प्रगति समीक्षा र निर्देशन दिने कार्य गर्नु पर्दछ । यसो गर्दा सन्तुलन र समन्वयको स्थिति रहन्छ ।

गुरुयोजना कार्यान्वयन समितिलाई नै राष्ट्रिय/अन्तर्राष्ट्रिय दाता परिचालनको प्रक्रिया अघि बढाई परिषद्को स्वीकृति लिएर काम गर्ने जिम्मा दिँदा उपयुक्त हुन्छ । त्यसो गर्दा गुरुयोजना अन्तर्गत विभिन्न परियोजना तयार गरेर दाता समक्ष प्रस्तुत गर्न सरल हुन्छ । समितिको दायित्व भनेको परिषद्सँगको समन्वय र तदारुकताका साथ स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन हो । कोषको वर्तमान स्वीकृत दरबन्दीलाई हेर्दा गुरुयोजना कार्यान्वयनमा लागि खासै धेरै दरबन्दी थप गर्नु पर्ने स्थिति देखिंदैन । गुरुयोजना अन्तर्गतका कार्यक्रमको कार्यान्वयन नै कोषको नियमित कार्यक्रम हुने

भएकाले आवश्यक केही दरबन्दी थप गर्दा हुने देखिन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक जनशक्तिको विवरण यहाँ प्रस्तुत छ ।

**तालिका नं.१७**

**गुरुयोजना कार्यान्वयनका लागि संगठन स्वरूप र जनशक्ति**



## ६.७ प्रमुख समस्या र समाधानका उपाय

कुनै पनि योजना कार्यान्यवन गर्दा समस्या नै नआउने स्थिति हुँदैन. साना-ठूला जे जस्ता भए पनि विभिन्न तहमा विभिन्न किसिमका समस्या आउन सक्छन् र तिनको समाधान गर्दै जानु पर्दछ । समस्याहरू कुनै सैद्धान्तिक हुन्छन्, कुनै प्राविधिक हुन्छन्, कुनै आर्थिक हुन्छन् । त्यतिमात्र होइन,कहिले काहीं धार्मिक, सांस्कृतिक एवं सामाजिक समस्या पनि आउन सक्छन् । प्रस्तुत गुरुयोजना कार्यान्वयनका क्रममा त्यस्ता समस्या नआउने होइनन् तर पशुपति क्षेत्रको विश्वव्यापी धार्मिक महत्व तथा विश्वकै संरक्षणीय प्राचीन सम्पदाको उच्चतम मूल्यलाई आत्मसात् गरेर जस्तासुकै विषयलाई पनि पारस्परिक समझदारीका आधारमा समाधान गर्दै जानु पर्दछ । मुख्य कुरो के हो भने कुनै पनि समस्याको समाधानमा सम्बन्धित पक्षले तात्कालिक लाभ-हानिभन्दा माथि उठेर पावन पशुपति क्षेत्रको दीर्घकालीन विकास र धार्मिक गरिमामा ध्यान दिनु पर्दछ । पशुपति क्षेत्र पुरातात्विक सम्पदाहरूले भरिएको संरक्षित स्मारक क्षेत्र भएकाले कुनै पनि संरक्षण एवं विकास निर्माण सम्बन्धी कार्य गर्दा त्यस्ता कार्यले सम्पदा क्षेत्रमा पर्न सक्ने प्रभावको मूल्याङ्कन ९ज्क्ब० गरेर मात्र अघि बढ्नु पर्दछ । यसबाट योजना कार्यान्वयनमा सरलता र प्रभावकारिता आउँछ । कोषका योजना, नीति र निर्णयहरूको कार्यान्वयनमा निरन्तर अनुगमनको व्यवस्था गर्नु पर्दछ । प्रस्तुत गुरुयोजनाको कार्यान्वयनमा आउन सक्ने केही मुख्य समस्या र तिनको समाधानका उपायका बारेमा यहाँ चर्चा गरिएको छ ।

### (क) जग्गा प्राप्त गर्ने सम्बन्धमा

तीर्थयात्री एवं पर्यटकहरूका लागि आवश्यक सेवा-सुविधा सम्बन्धी योजना कार्यान्वयनका क्रममा कुनै स्थान कोषलाई आवश्यक भएमा वा बसोबास क्षेत्रका चापले अतिक्रमणमा परेका कुनै मूर्ति वा मन्दिरलाई खुला गरी सार्वजनिक बनाउने सम्बन्धमा सकेसम्म किनबेचका प्रक्रियाबाट मूल्य निर्धारण गरी घरजग्गा प्राप्त गर्दै जाने, सो हुन नसकेमा प्रचलित कानुनको रीत पुर्याई घरजग्गा प्राप्त गर्ने, घरजग्गाको मूल्याङ्कन गर्दा प्रचलित कानुन अनुसार सकेसम्म कसैलाई पनि मर्का नपर्ने गरी मूल्य निर्धारण गर्ने नीति लिनु पर्दछ । पशुपति क्षेत्रको वर्तमान आवश्यकता र भावी कार्यक्रमलाई समेत दृष्टिगत गर्दा सवारी साधन पार्किङ्गका लागि, सुख्खा मौसममा वाग्मतीमा पानी छोड्ने प्रयोजनका लागि, अतिक्रमित प्राचीन मूर्ति शिवलिङ्गलाई सार्वजनिक प्रयोजनमा ल्याउनका लागि र पशुपति क्षेत्रको प्रदक्षिणा मार्गको प्रयोजनको लागि सम्पदाको संरक्षण तथा तीर्थयात्री सुविधा विकासका लागि केही स्थानमा सकारात्मक हस्तक्षेप गर्न आवश्यक देखिन्छ । यसका लागि परिषद्ले दूरगामी सोच राखेर अघि बढ्नु पर्दछ । दीर्घकालीन रूपमा निर्धारित पशुपति क्षेत्र निजी आवास रहित, सफा, शान्त, स्वच्छ एवं सम्पदा मैत्री हुनु पर्दछ ।

### (ख) सत्तलहरूको संरक्षण सदुपयोग सम्बन्धमा

पशुपति क्षेत्रमा प्राचीन कालमा धर्मप्राण पुर्खाले आ-आफ्नो खर्चमा खास-खास उद्देश्य राखेर बनाएका सत्तल, पाटीहरू प्रशस्त छन् । ती प्रायः जीर्णशीर्ण अवस्थामा छन् । तीमध्ये कतिपय त पाताल भई सकेका छन् । पुरातात्विक सम्पदा भएकाले तिनको पनि संरक्षण पुनर्निर्माण गर्नु पर्दछ । कोषले त्यस्ता सम्पदाको संरक्षण, पुनर्निर्माण गर्दा तिनको सदुपयोगमा पनि ध्यान दिनु पर्दछ । कोषबाट सञ्चालन गरिने विभिन्न क्रियाकलापका लागि ती उपयोगी हुन सक्छन् अथवा तिनको संरक्षण/पुनर्निर्माण गर्दा नै कुन प्रयोजनमा प्रयोग गर्ने भन्ने कुरा स्पष्ट हुनु पर्दछ । सत्तलहरूको सदुपयोगबाट सञ्चालित हुन सक्ने क्रियाकलापका लागि नयाँ भवन निर्माण गर्नेतिर सोच्नु हुँदैन । संरक्षण, पुनर्निर्माण गर्दा नै त्यसको भित्री संरचनालाई कस्तो बनाउने र कसरी प्राचीनताको रक्षा गर्ने भन्ने कुरा सोच्न आवश्यक छ । यस क्षेत्रभित्रका कुनै पनि सत्तल एवं पाटीलाई व्यक्तिगत प्रयोजनमा प्रयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी कोषले संरक्षण र सदुयोग गर्नु पर्दछ । सत्तलको सदुपयोग सम्बन्धी सूची परिशिष्ट ६ मा दिइएको छ ।

### (ग) पशुपति क्षेत्रसँग सम्बन्धित राजगुठी, छुट गुठी र निजी गुठीको व्यवस्थापन सम्बन्धमा

पशुपति क्षेत्रका विभिन्न मठ, मन्दिर, जात्रा, पर्व आदिसँग सम्बन्धित विभिन्न कार्य गर्ने गरी पुर्खाले राखेका गुठीहरू प्रशस्त छन् तर समन्वय र सहकार्यका आधारमा एकद्वार प्रणालीबाट तिनको व्यवस्थापन गर्ने कार्य आजसम्म हुन सकेको छैन । यसले गर्दा काममा कतै दोहोरोपन आउने र कतै कसैको पनि दृष्टि नपुग्ने अनि पुगे पनि साधन-स्रोतका कारणले काम प्रभावशाली नहुने स्थिति सिर्जना भएको छ । यस्तो स्थिति रही रहनु राम्रो होइन । यसका लागि कानुनीरूपमा यी सबैलाई नियमन, नियन्त्रण र व्यवस्थापन गर्ने अधिकार कोषलाई दिने गरी सम्बन्धित कानुनमा संशोधन गरेर एकद्वार प्रणाली कायम गर्नु पर्दछ साथै कार्यगत रूपमा सबैसँग समन्वय र सहकार्यको संस्कृति विकसित गर्नु पर्दछ । जग्गा प्रशासनको काम जहाँबाट भए पनि पशुपति क्षेत्रभित्रका पर्व, पूजा, जात्रा आदिसँग सम्बन्धित सबै खाले गुठीको विवरण र गरगहनाको विवरण कोषमा दिई तत् तत् कामका लागि राखेका गुठी जग्गाबाट हुने आयस्ता वा सो जग्गा रैतान नम्बरीमा परिणत गर्दा बनेको अक्षयकोषको रकम तत्- तत् कामका लागि कोषलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था हुन आवश्यक छ । नपुग रकम कोषले व्यवस्था गरेर निर्धारित कार्य सञ्चालन गर्ने कानुनी व्यवस्था हुनु पर्दछ ।

(घ) सनातनधर्म र संस्कृतिप्रतिको आस्थाको संरक्षण

प्रस्तुत गुरुयोजना अनुसारका कार्यक्रम कार्यान्वयन गर्दा परम्परागत सांस्कृतिक र धार्मिक आस्थामा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्नु हुँदैन । धार्मिक-सांस्कृतिक विषयमा कुनै समस्या आएमा विद्वत् परिषद्सा छलफल गराई प्राप्त परामर्श अनुसार गर्नु पर्दछ । त्यसै गरी पूजा-आजा, जात्रापर्व जस्ता विषयमा पनि कुनै समस्या आएमा वा कुनै सुधारको आवश्यकता भएमा पनि विद्वत् परिषद्को राय-परामर्श अनुसार गर्ने, गराउने व्यवस्था गर्नु पर्दछ ।

(ङ) राजनीतिक प्रतिबद्धताका सम्बन्धमा

प्रस्तुत गुरुयोजनाको पूर्ण कार्यान्वयन राजनीतिक प्रतिबद्धता तथा तिनै तहका सरकारको सहयोगमा मात्र सम्भव छ । त्यसैले यस विषयमा संस्कृति मन्त्रालयका पहलमा मन्त्री परिषद् बाटै राष्ट्रिय स्तरका सबै राजनीतिक पार्टी र प्रदेश तथा स्थानीय तहका सरकारलाई समेत पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि गुरुयोजना कार्यान्वयनमा सहयोग गर्न आवश्यक निर्देशन हुनु पर्दछ ।

(च) पुरातात्विक सम्पदाको संरक्षण/पुनर्निर्माण सम्बन्धमा

पशुपति क्षेत्र पुरातात्विक सम्पदाहरूको भण्डार हो । यस क्षेत्रमा लिच्छविकालका ऐतिहासिक सामग्रीहरू प्रशस्त रहेका छन् । यस क्षेत्रको पौराणिक एवं प्रागैतिहासिक कथन हेर्ने हो भने यो क्षेत्र लिच्छविकाल भन्दा धेरै पुरानो देखिन्छ । पशुपति क्षेत्र विकास कोषको एक प्रमुख दायित्व भनेको यहाँका प्राचीन पुरातात्विक सम्पदाको संरक्षण गर्नु हो । यस्ता सम्पदाको संरक्षण तथा यस क्षेत्रको विकास गर्दा पुरातात्विक मूल्य र मान्यताको पूर्णतः परिपालना गर्न आवश्यक हुन्छ । त्यसैले पशुपति क्षेत्र विकास कोषमा नै पुरातत्त्व अधिकृतको व्यवस्था हुनु पर्दछ अनि सम्पदाको संरक्षण एवं पुनर्निर्माणको काम पुरातत्त्व अधिकृतको राय अनुसार गर्नु पर्दछ । कुनै विशेष किसिमको समस्या आएमा मात्र पुरातत्त्व विभागका महानिर्देशक सहितको बैठकबाट निर्णय गर्ने परामर्श लिने गर्नु पर्दछ । अन्य अवस्थामा समन्वयको दायित्व पुरातत्त्व अधिकृतलाई नै दिनु पर्दछ ।वस्तुतः कोष स्वयम् नै पुरातात्विक मूल्य र मर्यादाको संरक्षण गर्ने दायित्व भएको संस्था हुनाले यस बाट गरिने विकास निर्माणका कार्य पूर्णत सम्पदा मैत्री हुनु पर्दछ ।यसले विशेष ध्यान दिन आवश्यक छ ।

(छ) पशुपति क्षेत्रको प्राचीन स्वरूप पुनःस्थापन सम्बन्धमा

पशुपति क्षेत्र पुरातात्विक क्षेत्र हो । यस क्षेत्रका कतिपय बस्तीहरू धेरै प्राचीन छन् तर हाल आधुनिकताका मोहले प्राचीन स्वरूप ध्वस्त भई सकेको छ । पशुपति क्षेत्रको पुरानो स्वरूप पुरातात्विक सम्पदा हो, त्यो संरक्षणीय छ । आधुनिक स्वरूप चाहिँ पशुपति क्षेत्रको पुरातात्विक

मर्यादा प्रतिकूल देखिन्छ । खास गरी नवाली टोल र सो पूर्वको बस्तीको ऐतिहासिक महत्व भए पनि प्राचीन वास्तु शिल्प गुमाई सकेको हुनाले यसको प्राचीन स्वरूप पुनःस्थापन चुनौतीपूर्ण बन्न गएको छ । प्राचीन इतिहास भएका बस्तीको पुरानो स्वरूप पुनःस्थापन गर्ने सन्दर्भमा खास क्षेत्रको इतिहासको अध्ययन गरी क्षेत्र पहिचान गरेर सो क्षेत्रको प्राचीन वास्तुकलात्मक गरिमाको पुनः स्थापनका लागि नगरी नहुने कार्यका बारेमा कोषबाट प्राविधिक सहयोग र मापदण्ड पालनाको कडा व्यवस्था गर्न आवश्यक छ । कोषले तोकेको मापदण्ड र डिजाइन अनुसार गर्नेलाई कोषको तर्फबाट अनुदान सहयोग दिने र सो अनुसार नगर्नेको घरजग्गा कानुनको रीत पुर्याईप्रास गर्ने नीति तय गरी समयावधि तोकेर सार्वजनिक सूचना प्रवाह गर्नु पर्दछ । पछि विकसित भएका बस्तीमा पनि पशुपति क्षेत्रको गरिमा झल्काउने किसिमको निर्माण शैली अवलम्बन एवं सुधार गर्न मापदण्डमा व्यवस्था गर्नु पर्दछ ।

पर्यटकहरू पशुपति क्षेत्रको प्राकृतिक सौन्दर्य, विशिष्ट क्रियाकलाप तथा प्राचीन कला, वास्तुकला हेर्न, अध्ययन गर्न आउने हुन् । प्राचीन वास्तुकलाको नै संरक्षण भएन, गरिएन भने यस क्षेत्रको आकर्षण नै नष्ट हुन्छ । आधुनिक महल त जहाँ पनि बनाउन सकिन्छ तर पशुपति र यस क्षेत्रको प्राचीनता अहिले हामीले बनाएर बन्ने होइन । यसको जगेर्ना गर्नु पर्छ, संरक्षण गर्नु पर्दछ र कहीं कतै जानेर वा नजानेर गल्तीले बिग्रेको भए सच्याउनु पर्छ, पुनःस्थापन गर्नु पर्छ । यस क्षेत्रमा बसोबास गर्नेको दायित्व पनि कर्तव्य पनि हो यो, कोषको त मुख्य कर्तव्य ।

**(ज) मापदण्ड कार्यान्वयन सम्बन्धमा**

पशुपति क्षेत्र विकास कोषले २०५१ सालमा मन्दिरहरूलाई ध्यानमा राखेर त्यसको वरिपरीको क्षेत्र तोकेर मापदण्ड लागु गरेको देखिन्छ । सो मापदण्ड कोषले तयार गरी तत्कालीन श्री ५ को सरकारबाट स्वीकृति लिएरै लागु गरेकोले यो कोषका अन्य नियमावली सरह मान्य एवं पालनीय भएको बोध हुन्छ तर पशुपति क्षेत्रको वर्तमान अवस्थाको अध्ययन गर्दा यो मापदण्ड प्रभावी हुन नसकेको वा यसको कार्यान्वयनमा शिथिलता आएको स्पष्ट देखिन्छ । वर्तमान परिवर्तित परिस्थितिमा आवश्यक भए मापदण्डको पुनरावलोकन एवं संशोधन-परिमार्जन गर्न नसकिने होइन । यसतर्फ परिषद्ले विशेष ध्यान दिनु पर्दछ तर मापदण्डको पालनामा चाहिँ कडा बन्नु पर्दछ ।

प्रत्यक्षतः मन्दिरलाई महत्व दिएर बनाइएको सो मापदण्डले पशुपति क्षेत्रको अधिकांश भूभागलाई समेट्ने प्रयास गरेको देखिन्छ । प्रस्तुत गुरुयोजना कार्यान्वयन गर्ने सन्दर्भमा मापदण्ड र सो अनुसार प्रभावकारी नियमन र नियन्त्रण आवश्यक छ । पशुपति क्षेत्रमा बसोबास गर्ने व्यक्तिले कम्तीमा

विधि-व्यवहार, आचरण र वास्तुकलाका आधारमा पशुपति क्षेत्रको बासिन्दाका रूपमा गर्व बोध गर्ने वातावरण बनाउनु पर्दछ । मापदण्ड कार्यान्वयन, अनुगमन एवं कार्वाही समेत गर्न सक्ने गरी कोषको सांगठनिक संरचनामा एक शाखाका नै व्यवस्था गर्नु पर्दछ । भवन निर्माण सम्बन्धी नक्सापास गर्ने निकाय नगरपालिकासँग समन्वय गरी पशुपति क्षेत्रभित्र गरिने नवनिर्माण वा पुनर्निर्माणको नक्सापास स्वीकृति सम्बन्धी काम प्रथमतः कोषले हेर्ने र राय परामर्श दिने गरी तत् तत् वडा कार्यालयमा नै जनशक्तिको व्यवस्था गर्नु राम्रो हो । यसो गर्दा सम्बन्धित जनताले थप दुःख पाउनु पर्दैन र कोषप्रति जनतामा सकारात्मक सोच पनि विकसित हुँदै जान्छ ।

**(झ) लास गाड्ने र स्मारक बनाउने सम्बन्धमा**

मन्दिर, मूर्ति, कला, वास्तुकला लगायतका मूर्त-अमूर्त सम्पदाको सङ्ग्रहालयका रूपमा रहेको पशुपति क्षेत्र अहिले लास गाडेर बनाएका संरचनाको सङ्ग्रहालय बन्न पुगेको देखिन्छ । पशुपति क्षेत्रमै विभिन्न मठमा बस्ने दशनामी सन्यासी परम्पराका जोगीलाई मात्र समाधिस्थ गर्न प्रयोग गरिँदै आएको श्लेष्मान्तक बन अहिले देश, विदेशमा मरेका सनातन हिन्दु धर्म विपरीत क्रिस्तानी धर्म लिएका मृतकका समेत लास गाडेर स्थायी संरचना बनाई आफ्नो धर्म जनाउने चिन्ह समेत बनाएर जङ्गलै सखाप पार्न लागेको देखिन्छ । आ-आफ्नो धर्म संस्कृति अनुसार मृतकको लास जलाउने वा गाड्ने प्रचलन तत् तत् जातीय संस्कृतिसँग जोडिएको हुन्छ । आफ्नो धर्म, संस्कृति अनुसार गर्नु गराउनु सम्बन्धित जाति वा धर्मको कर्तव्य हो । यस्ता कार्यका लागि सरकारसँग समन्वय गरेर आ-आफ्नो जातिका लागि चिहानको व्यवस्था सम्बन्धित जातिले नै गर्नु पर्दछ । यस सन्दर्भमा २०५५/०४/१७ मा पशुपति क्षेत्र विकास कोष र किरात समुदायसँग सम्बन्धित किरात याक्थुङ चुम्लुङ, किरात राई यायोख्या र सुनुवार सेवा समाजसँग तत्कालीन संस्कृति मन्त्रालयमा भएको समझदारी पत्रको बुदाँ नं. ३ यहाँ स्मरणीय छ । सो बुदाँमा पशुपति क्षेत्रको मृगस्थलीलाई समाधिस्थलका रूपमा प्रयोग गरी आएका सम्बन्धित समुदायका संस्थाहरु र श्री ५ को सरकारले ६ महिनाभित्र वैकल्पिक समाधिस्थलको व्यवस्था गर्नेछ र तत्पश्चात् पशुपति विकास क्षेत्रलाई यस प्रयोजनका लागि प्रयोग गर्ने काम बन्द गरिने छ भन्ने लेखिएको छ तर दुई दशकभन्दा बढी समय जादाँ पनि यस विषयमा कुनै वैकल्पिक व्यवस्था नभई मृगस्थली/श्लेषमान्तक वन लासैलासले भरिएको छ । सम्बन्धित समुदायले पनि सो क्षेत्रमा लास लगाउने ठाउँको अभाव भएकोले कहिले आफ्नै मूल थलोतिर लगेको र कसैले शवदाह गृहमा बिजुलीबाट जलाएको कुरा एउटा समाचारपत्रमा व्यक्त गरेका छन् । यसै विषयमा सो क्षेत्रमा चिहान नबनाउनु भनेर सम्मानित सर्वोच्च अदालतबाट आदेश समेत हुदाँ पनि लास गाड्ने क्रममा कुनै सुधार आएको देखिदैंन ।



*(सिमेन्ट प्रयोग गरी बनाएको चिहान।)*

पशुपति क्षेत्र भगवान् पशुपति एवं माता गुह्येश्वरीप्रति आस्थावान् सबैको साझा आराधना स्थल हो तर सबै जातजातिको साझा चिहानघारी होइन । प्राचीन कालमा यातायातको सुविधा नभएको, बस्तीको विस्तार पनि नभएको तथा सम्पूर्ण क्षेत्र जङ्गलामय अवस्थामा रहेको समयमा विभिन्न जातजातिले पशुपति क्षेत्रकै छेउछाउमा लास गड्दै आएको भए पनि अहिले त्यस्तो स्थिति नरहेको, जनसंख्या वृद्धिसँगै बस्तीको विस्तार पनि व्यापक रूपमा हुँदै गएको हुँदा सीमित स्थानमा सबै किसिमको सेवा सुविधा दिन सक्ने अवस्था नभएको कुरा स्पष्ट छ । पशुपति क्षेत्र राष्ट्रको गौरवपूर्ण सम्पदा हो, विश्व सम्पदा सूचिमा सूचीकृत भएको क्षेत्र हो । यस क्षेत्रको धार्मिक महत्वको बोध गरेर यहाँ आउने भक्तजन तथा पर्यटकहरूको उत्तरोत्तर बढ्दो संख्यालाई आवश्यक सेवा-सुविधा उपलब्ध गराउन पनि स्थानको अभाव भई रहेको अवस्थामा पशुपति क्षेत्रले कुनै पनि जातजातिका लागि लास गाड्नका लागि स्थान दिन सक्ने अवस्था देखिंदैन । त्यसमा पनि हिन्दु इंतर धर्मावलम्बीका लागि त यो सोच्नै नसकिने कुरो हो । यस क्षेत्रका वन-बगैंचाको पनि धार्मिक महत्व छ । लास गाडेर विरूप बनाए धार्मिक महत्वमा आँच आउने हुदाँ त्यो काम गर्न तुरुन्त रोक्नु पर्दछ । अहिले ज-जसले यहाँ लास गाड्ने गरेको भए पनि अब प्रत्येक समुदायले आफ्नो जातीय परम्परा अनुसारको समाधिस्थलको व्यवस्था आफैले गर्नु पर्दछ । यसका लागि कोषले पनि नेपाल सरकार समक्ष विषयको गाम्भीर्य प्रस्तुत गरी समन्वयको भूमिका निर्वाह गर्नु पर्दछ । लास समाधिस्थ नगरी जलाउने भए सोका लागि कोषले उपलब्ध गराएको सुविधा प्रयोग गर्न सबैका लागि खुला राख्नु पर्दछ ।

## ६.८ कोषको ऐनमा सुधार

प्रस्तुत गुरुयोजनामा पशुपति क्षेत्रको भौतिक र आध्यात्मिक दुवै पक्षको सन्तुलित विकासको परिकल्पना गरिएको छ । साँच्चिकै भन्ने हो भने पशुपति क्षेत्रको प्रमुख पक्ष भनेकै आध्यात्मिक पक्ष हो । भौतिक विकास त त्यसकै सहयोगी तत्त्व हो । कोषको वर्तमान ऐन-नियमले यस क्षेत्रको आध्यात्मिक विकासको कुरालाई सनातन तीर्थस्थल, अन्तर्राष्ट्रिय तीर्थस्थल भनेर मात्र सङ्केत गरेको छ । वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण, प्रवर्धनका क्षेत्रमा भन्दा पनि अन्य प्रशासनिक एवं व्यवस्थापकीय कार्यमा कोषले बढी ध्यान दिनु पर्ने स्थिति अहिले रहेको छ । त्यसैले पशुपति क्षेत्र विकास कोष अन्तर्गत धर्म संस्कृतिको संरक्षण एवं प्रवर्धनका क्षेत्रमा मात्र चिन्तन गर्ने, परामर्श दिने समय-समयमा उठेका समस्याको शास्त्र सम्मत समाधान गर्ने, देवी देवताका वैदिक एवं तान्त्रिक पूजाविधिको संरक्षण, पूजाकार्यको निरीक्षण लगायतका कार्य गर्ने गरी एक विद्वत् परिषद्को व्यवस्था गर्न आवश्यक देखिएको छ । त्यसैले कोषको वर्तमान ऐनको संशोधन गरेर विद्वत् परिषद्को व्यवस्था गर्नु पर्दछ ।

पशुपति क्षेत्र काठमाडौं महानगरपालिका, गुठी संस्थान, पुरातत्त्व विभाग जस्ता निकायहरूको समेत कार्य क्षेत्रका रूपमा रहेको छ । ऐनद्वारा निर्धारित पशुपति क्षेत्रको संरक्षण, संवर्धन गर्ने प्रयोजनका लागि कोषको व्यवस्था भएपछि सम्बन्धित निकायसँग समन्वय गरी समग्र कार्य सम्पादन गर्ने दायित्व कोषको कानुनले कोषलाई दिए पनि अन्य निकायका कानुनमा सो अनुसारको व्यवस्था नहुँदा कार्य सम्पादनमा प्रभावकारिता आउन नसकेको देखिन्छ । सम्बन्धित सबै कानुनलाई मिलाएर एकद्वार पद्धतिबाट काम गर्ने गरी कोषलाई अधिकार सम्पन्न बनाउन आवश्यक छ । यो विषय पनि कोषको कानुनको संशोधनमा समावेश हुनु पर्दछ ।

कोष मूलतः वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण एवं प्रवर्धन पुरातात्विक सम्पदा (मूर्त -अमूर्त सबै) को संरक्षण तथा तीर्थयात्री एवं पर्यटकको सेवा सुविधाका लागि विकास, निर्माणका कार्यसँग सम्बन्धित छ । यसका साथै मठ-मन्दिरको पूजाआजा एवं जात्रा-पर्वसँग सम्बन्धित गुठी जग्गाको व्यवस्थापन र प्रशासन सम्बन्धी काममा पनि कोषले ध्यान दिनु पर्दछ । त्यसैले कोष सञ्चालक परिषद्मा सदस्य एवं पदाधिकारी मनोनयन गर्दा वैदिक सनातन धर्म, संस्कृति, पुरातत्त्व, योजना, जग्गा प्रशासन तथा विकास निर्माण क्षेत्रमा काम गरेको अनुभव भएको, कम्तीमा स्नातक तह उत्तीर्ण गरेको वैदिक सनातनधर्म संस्कृतिप्रति आस्थावान् व्यक्तिलाई मात्र मनोनय गर्ने व्यवस्था कानुनमा नै स्पष्ट हुनु पर्दछ । निर्धारित योग्यता र अनुभव पुगेको योग्य व्यक्ति चयन गरी कोषको अध्यक्षका हैसियतमा संस्कृतिमन्त्रीले सिफारिस गर्ने र मन्त्री परिषद्बाट मनोनयन गर्ने व्यवस्था हुन आवश्यक

देखिन्छ । प्रधानमन्त्री कोषको संरक्षक हुने भएकाले यस्तो व्यवस्था गर्दा कोष संचालक परिषद्को गठनमा संरक्षकको समेत भूमिका रहन्छ । यसरी मनोनयन गर्दा पशुपति क्षेत्र विकास कोष तथा मनोनीत हुने व्यक्ति सबैको गरिमा बढ्नुका साथै उत्तरदायित्वको भावना समेत बढ्न जान्छ ।

सञ्चालक परिषद् मा मनोनीत हुने सदस्यहरूलाई पनि मनोनयन भएको विषय-क्षेत्र अनुसारको काम, कर्तव्य समेत कोषको ऐनमा व्यवस्था गरेर कामप्रति उत्तरदायी बनाउनु पर्दछ । यस्तो व्यवस्था गर्दा कोषका प्रत्येक विभागको सक्रियता बढ्दछ । कोषको कार्यकारी प्रमुखका रूपमा रहने, नियुक्त हुने पदाधिकारीले कोष अन्तर्गतका विभागहरूको समन्वय, अनुगमन र मूल्याङ्कनमा विशेष ध्यान दिन सक्तछ । कोषको कार्यकारी प्रमुखमा उपाध्यक्ष, सदस्य-सचिव वा कार्यकारी निर्देशक जसलाई बनाए पनि सो समान तहका अन्य पदको आवश्यकता र औचित्यमाथि पुनर्विचार गरेर ऐनमा नै स्पष्ट काम, कर्तव्य र अधिकार तोक्नु पर्दछ ।

पशुपति क्षेत्रका मन्दिरहरूमा नित्य-नैमित्तिकपूजा सञ्चालन, जात्रापर्व सञ्चालन तथा पुजारी एवं सहयोगीका लागि पारिश्रमिकको व्यवस्था समेतमा प्राचीन कालदेखि गुठी जग्गाबाट प्राप्त हुने नगदी, जिन्सी आम्दानीको मुख्य भूमिका रहँदै आएको छ । पितापुर्खाले देवी-देवताको पूजा-आजा लगायत पशुपति क्षेत्रको संरक्षण, संवर्धन समेतका लागि दान गरेका जग्गा जमिन नै गुठीका रूपमा रहेका हुन्, ती मठमन्दिर र जात्रापर्वसँग सम्बन्धित सम्पत्ति हुन् । यथासमयमा मोहीबाट जग्गाको आयस्ता प्राप्त भएन भने काममा बाधा-व्यवधान हुने कुरा स्पष्ट छ । उहिले विशुद्ध खेतीपातीमा प्रयोग भएका गुठी जग्गा अहिले विभिन्न व्यवसायिक प्रयोजनमा नै अधिकतम रूपमा प्रयोग भएका छन् । कृषि उपजका आधारमा तोकिएको कुत अहिले व्यावहारिक नभएको हुँदा र जग्गाको प्रयोगका आधारमा हुने लाभको प्रतिफल जग्गाधनी पशुपतिनाथले पाउने व्यवस्था नभएको हुँदा कोषको ऐनमा जग्गाको प्रयोगका आधारमा कुत वा भूबहाल निर्धारण गर्ने अधिकार कोषलाई दिन आवश्यक देखिन्छ । साथै समयमा कुत वा भू-बहाल नबुझाउने मोहीलाई दण्ड जरिवाना गर्ने, बर्खास्त गर्ने जस्ता विषयको पनि कोषको ऐनमा समावेश हुन आवश्यक देखिएको छ ।

पशुपति क्षेत्र विशेष प्रकृतिको संवेदनशील क्षेत्र भएको र दिनहुँ अत्याधिक दर्शनार्थी एवं पर्यटकको आवागमन भई रहने स्थान भएकाले यस क्षेत्रमा गरिने विकास निर्माण सम्बन्धी कामका बारेमा विशेष व्यवस्था गर्नु पर्दछ । जनताको धार्मिक भावनासँग प्रत्यक्षतः सम्बन्ध राख्ने मठ-मन्दिरको मर्मत, जीर्णोद्धार एवं पुनर्निर्माण यथासमयमा हुन नसके भक्तजनको धार्मिक भावनामा आघात पर्ने हुनाले

यसतर्फ ध्यान दिई प्राज्ञिक एवं प्राविधिक अध्ययन, परामर्श तथा स्मारकहरूको संरक्षण जस्ता कुरामा विशेष व्यवस्था गर्न सक्ने गरी ऐनमा नै स्पष्ट उल्लेख हुन आवश्यक देखिएको छ ।

### ६.९. त्रिभुवन विमानस्थलको गुरुयोजनाबाट पशुपति क्षेत्रमा पर्न सक्ने असर

पशुपति क्षेत्रको पूर्वी भागमा त्रिभुवन विमानस्थल पर्दछ । यो नेपालको हालसम्मको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल हो । यस विमानस्थलमा पशुपति क्षेत्रको करिब ११६२ रोपनी जग्गा समेत पर्दछ । यस हिसावले त्रिभुवन विमानस्थल पशुपति क्षेत्रभित्र पर्दछ । यसको पश्चिमतर्फ श्लेष्मान्तक वन क्षेत्रमा रहेको ध्रुवस्थली एवं शिवपुरी बाबा आश्रम पर्दछ । यसैले त्रिभुवन विमानस्थलको प्रत्यक्ष सम्बन्ध पशुपति क्षेत्रसँग रहेको छ ।

त्रिभुवन विमानस्थलले आफ्ना सम्पूर्ण क्रियाकलापलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय हवाइ उडान र सोबाट आवागमन गर्ने यात्री-पर्यटकहरूको सेवा-सुविधामा केन्द्रित गर्नु पर्दछ । दिन-प्रतिदिन हवाइ उडान थपिँदै जान्छन्, यात्रीहरूको आवागमन बढ्दै जान्छ अनि सेवा सुविधाका कार्यहरू पनि विस्तारित हुँदै जान्छन् । विमानस्थलका लागि यो स्वाभाविक प्रक्रिया हो तर यस्ता कतिपय क्रियाकलापले पशुपति क्षेत्रको धार्मिक वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने हुनाले विमानस्थलले यसतर्फ ध्यान दिन आवश्यक छ र पशुपति क्षेत्रले पनि यस विषयमा चनाखो हुनु पर्दछ । ठुला-ठुला हवाइ जहाजको उडान र अवतरणमा उत्पन्न आवाज अर्थात् ध्वनिले पनि नजिकैको श्लेष्मान्तक वनक्षेत्रमा रहने जीवजन्तुलाई मात्र होइन, पशुपति र यस क्षेत्रका गुह्येश्वरी, विश्वरूपा लगायतका मन्दिरको शान्त वातावरणमा र भक्तजनमा पनि प्रतिकूल असर परेको हुन्छ । यस्ता कुरालाई गम्भीर रूपमा हेरिएकै छैन । जति विमानस्थलको विस्तार र क्षमता प्रवर्धन हुँदै जान्छ त्यति नै पवित्र पशुपति क्षेत्रमा पनि त्यसको असर बढ्दै जान्छ । यसतर्फ समयमै दुवै पक्ष सचेत हुन आवश्यक छ ।

त्रिभुवन विमानस्थलले समयको मागलाई ध्यानमा राखेर विमानस्थलको विकास र विस्तारलाई मार्ग निर्देश गर्ने र योजनाबद्ध रूपमा विमानस्थलमा सेवा-सुविधा विस्तार गर्ने उद्देश्यले गुरुयोजना बनाएर कार्यान्वयनको प्रक्रिया प्रारम्भ गरेको कुरा ज्ञात हुन आएको छ । पशुपति क्षेत्र पनि पवित्र पशुपति क्षेत्रको दीर्घकालीन विकास र विस्तारलाई मार्ग निर्देश गर्ने गरी विस्तृत रूपमा गुरुयोजना प्रस्तुत गर्ने क्रममा रहेको छ । यस सम्बन्धमा दुवै संस्थाका बिच समन्वय र सहकार्य आवश्यक देखिन्छ । विमानस्थलको पश्चिमी सिमाना पशुपति संरक्षित क्षेत्रसँग जोडिएको छ । संरक्षित क्षेत्र विश्वसम्पदा हो । त्रिभुवन विमानस्थलको पश्चिमी भाग पशुपति संरक्षित क्षेत्रको वफर जोन हो । यहाँका विकास निर्माण र अन्य क्रियाकलापको असर संरक्षित स्मारक क्षेत्रमा पर्नु स्वाभाविक हो । विश्वसम्पदा

क्षेत्रको मर्यादाको पालना गर्नु सबैको कर्तव्य हो । त्यसैले त्रिभुवन विमानस्थलले उत्तर, पश्चिम र दक्षिणतिर पशुपति संरक्षित स्मारक क्षेत्र जोडिएकाले सो क्षेत्रमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि ठूला संरचना बनाउनु हुँदैन र त्यहाँ गरिने क्रियाकलाप वा बनाइने संरचनाका सम्बन्धमा पशुपति क्षेत्रसँग परामर्श एवं स्वीकृति लिनु पर्दछ । यस्ता विषयमा कोषले पनि पारस्परिक समझदारी र सहकार्यको वातावरण बनाएर समस्याको पहिचान र समाधान गर्नु पर्दछ ।

मुख्य कुरो त सम्झौता गरेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका लागि उपलब्ध गराएको करिब ११६२ रोपनी जग्गाको सीमाङ्कन गरेर छुटयाउनु हो । त्यसरी सीमाङ्कन गरेपछि विमानस्थलका क्रियाकलाप आफ्नै क्षेत्रभित्र सीमित रहन्छन् । कोषले पनि संरक्षित क्षेत्रको मापदण्ड अनुसार त्यस क्षेत्रको विकास-निर्माणलाई नियमन गर्न सक्छ र पारस्परिक समझदारीका आधारमा कुनै पनि समस्याको समाधान गर्न सरल हुन्छ । समग्र पशुपति क्षेत्रकै एउटा उपक्षेत्रसँग सम्बन्धित भएर काम गर्ने हुनाले त्रिभुवन विमानस्थलले पनि आफ्नो गुरुयोजना र सो अन्तर्गत गरिने विकास-निर्माणका कामका बारेमा कोषसँग समन्वय, परामर्श र आवश्यक सहमतिको वातावरण बनाउन ध्यान दिनु पर्दछ ।

### ६.१० दाहसंस्कारका लागि काठ-दाउरा व्यवस्था

परम्परादेखि मृतकको दाहसंस्कारका लागि काठ-दाउरा प्रयोग गर्ने चलन चल्दै आएको र त्यसले जनमानसमा संस्कृतिकै रूपमा गहिरो जरा गाडेको अवस्था रहेको छ । त्यसैले बिजुलीबाट सरल र सुलभ रूपमा शवदाहको सुविधा उपलब्ध गराउँदा पनि कतिपय व्यक्तिहरू दाउराबाटै शवदाह गर्न चाहन्छन् । त्यसैले शवदाहका लागि सरल रूपमा दाउरा उपलब्ध गराउन कोषले पनि सोच बनाउनै पर्ने हुन्छ । केन्द्रीय र सन्निकट क्षेत्रको संवेदनशीलता र दर्शनार्थीको सेवा-सुविधा विस्तारलाई ध्यानमा राखेर काठ-दाउरा उपलब्ध गराउनका लागि ढुवानीको सुविधा हुने स्थानको व्यवस्था गर्न आवश्यक भएको हुँदा प्रस्तुत गुरुयोजनाले यस विषयलाई गम्भीर रूपमा लिएको छ । विगत वर्षहरूदेखि नै काठ-दाउरा उपलब्ध गराउने काम इन्धन संस्थानबाट हुँदै आएको हुँदा सो सेवालाई व्यवस्थित रूपमा सञ्चालन गर्न दाउरा-मुढाको ढुवानीको सुविधालाई समेत विचार गरी वनकाली उद्यान उत्तरतर्फ प्रस्तावित अन्नदान भवन निर्माण स्थलभन्दा दक्षिणको स्थान उपयुक्त हुने देखिन्छ । हाल गौशालाबाट वनगणेशतर्फ जाने सडक कालोपत्रे भएको हुँदा ढुवानीका लागि सो सडक उपयुक्त हुन्छ । ढुङ्गा वा इँटा छापेको मार्ग भारवाही ढुवानी साधनका लागि उपयुक्त हुँदैन । प्रस्तावित स्थानबाट दाहसंस्कारका लागि भस्मेश्वर घाटतर्फ काठ-दाउरा ढुवानी गर्न पनि सरल हुन्छ ।

## ६.११ जग्गाप्राप्तिः आवश्यकता र औचित्य

भगवान् श्रीपशुपतिनाथ महाज्योतिर्लिङ्ग रूपमा पञ्चवक्त्र स्वरूपले विराजमान पशुपति क्षेत्र विश्वभरका ओंकार परिवारभित्रका भक्तजनको परम पावन तीर्थस्थल हो, अनुपम कलाकृति, अनौठा जात्रा-पर्व तथा प्राचीन सम्पदाको खुला सङग्रहालय भएकाले विश्वभरकै पर्यटकको पनि उत्कृष्ट गन्तव्य स्थल हो । यस क्षेत्रको संरक्षण संबद्र्धनको कार्य निरन्तर चली रहने प्रक्रिया हो । प्रतिवर्ष बढ्दो भक्तजन र पर्यटकको संख्यालाई ध्यानमा राखेर यस क्षेत्रमा सेवा र सुविधाका कार्यहरू चली रहन्छन्, बढी रहन्छन् । यो यस क्षेत्रका लागि स्वाभाविक क्रिया हो । वर्तमान तीर्थयात्री एवं पर्यटक आगमनको स्थिति र स्थानाभावका कारणले सेवा-सुविधाका सबै कार्य केन्द्रीय र सन्निकट क्षेत्रको पनि निश्चित स्थानमा मात्र केन्द्रित छन् । निरन्तर बढ्दो तीर्थयात्रीको आगमन तथा जात्रा एवं चाडपर्व विशेषमा बढ्दै गई रहेको सहभागी संख्यालाई दृष्टिगत गर्दा केन्द्रीय र सन्निकट क्षेत्रको सीमित सेवा सुविधा अपर्याप्त हुदैं गएको र भीड बढ्दै जानाले जात्रापर्वलाई व्यवस्थित गर्न समस्या भएको स्पष्ट देखिन्छ । तात्कालिक अवस्थामा पनि सवारी साधनको पार्किङ्गका लागि स्थानाभाव भई रहेको छ । अहिले नै भविष्यका लागि सोच बनाइएन भने भोलि केही पनि गर्न सक्ने स्थिति रहँदैन ।

जग्गाप्राप्ति भनेको देशको कानुन अनुसार कसैको हकभोग एवं स्वामित्वमा रहेको घर-जग्गा कानुनको रित पुर्यायर लिनु अर्थात् अधिग्रहण गर्नु हो । कसैलाई पनि आफू बसेको स्थानबाट विस्थापित गर्नु ठिक नभए पनि कतिपय अवस्थामा अधिग्रहणको कार्य गर्नै पर्ने हुन्छ । खास गरेर पशुपति क्षेत्रका सन्दर्भमा तीर्थयात्री एवं पर्यटकका लागि आवश्यक सेवा-सुविधाका कार्यक्रमलाई विस्तार गर्न जग्गा प्राप्त गर्नु पर्ने स्थिति रहेको छ । अर्को कुरो सम्बन्धित क्षेत्रको मर्यादा प्रतिकूलका विकास निर्माण र क्रियाकलापलाई नियन्त्रण गर्ने सन्दर्भमा पनि यस्तो स्थिति आउँछ । पशुपति क्षेत्रमा त मन्दिरलाई नै अतिक्रमण गरेको, मन्दिरलाई आफ्नो घरजग्गामा जाने बाटो बनाएको, लिच्छवि कालका प्राचीन शिवलिङ्गलाई आफ्ना घर-आँगनमा सीमित गरी अतिक्रमण गरेको र मन्दिर वरिपरी नै आधुनिक भवनहरू बनाएर मन्दिरको गरिमामा आँच पुर्यायको स्थिति विभिन्न अध्ययनबाट स्पष्ट हुन आएको छ । प्राचीन सम्पदा र सम्पदा क्षेत्रको गरिमाको रक्षा गर्न, अतिक्रमित देवालयलाई पनि सबैको लागि खुला बनाउन, धार्मिक दृष्टिले महत्वपूर्ण परिक्रमापथ बनाउन र प्राचीन वास्तुकलालाई बिगारेर आधुनिक शैलीका संरचना बनाई पुरातात्विक क्षेत्रको मर्यादा विपरीत भए गरेका काम कार्वाहीलाई रोक्न, सुधार्न पनि जग्गा प्राप्त गर्नु पर्ने अवस्था बन्न गएको देखिन्छ । त्यसमा पनि सेवा-सुविधाको विस्तारका लागि पनि चरणबद्ध रूपमा जग्गा प्राप्त गर्दै सेवा-सुविधा विस्तार गर्दै जानु पर्ने स्थिति बनेको छ । गुरुयोजनाले निर्देश गरेको जुनसुकै प्रयोजनका लागि जग्गा प्राप्ति गरे पनि त्यस क्षेत्रमा बस्दै आएका पशुपति मन्दिरसँग परम्परागत कर्तव्य भएका र बसोबासको निश्चित सीमा तोकिएका

वर्गलाई परम्परामा असर नपर्ने गरी संरक्षण गर्ने नीति लिनु पर्दछ । जग्गाप्राप्ति सम्वन्धी आवश्यकतालाई ध्यानमा राखेर परिषदबाट निर्णय भएपछि आवश्यक अध्ययन—सर्वेक्षण गरेर मात्र लागत अनुमान गर्न उपयुक्त हुने भएकोले यहाँ तत् सम्वन्धी लागत अनुमान यहाँ संलग्न गरिएको छैन ।

तालिका नं. १८

जग्गा प्राप्तिको चरणबद्ध कार्यक्रम

| क.स | जग्गाको विवरण | क्षेत्र | क्षेत्रफल र संरचना (अनुमानित) | चरण | उपयोग |
|---|---|---|---|---|---|
| १ | हेमन्त भैरव-मित्रपार्क मार्गको दक्षिणमा पर्ने सडकसँगै जोडिएको घरजग्गा | B3 | रोपनीः अं. ०-२-२-० आना घर संख्याः २ | प्रथम | पार्किङ्ग |
| २ | भुवनेश्वरी दक्षिणमूर्ति मार्ग देखि पश्चिम, चक्रपथ पूर्व, B3 दक्षिण, B8 उत्तर | B4 | रोपनीः अं. ७८.६ संरचना २५८ (करीब) | प्रथम | पुरातात्विक सम्पदा संरक्षण, प्रदक्षिणापथ निर्माण, मन्दिरको अतिक्रमण हटाउने र धार्मिक क्रियाकलाप प्रवर्द्धन गर्ने । |
| ३ | धोबीखोला पूर्व, सिफल चौर पश्चिम, गौशाला कालोपुल सडक उत्तर तथा सिफल रातोपुल | C3 | रोपनीः २७१.१७ (नयाँ बस्ती बसेको) | प्रथम चरण | पार्किङ्ग सुविधा विकास, धर्मशाला |

| | | | | | |
|---|---|---|---|---|---|
| | सडक दक्षिणको रुद्रमती उपक्षेत्र | | संरचना २९९ (करीब) | | तीर्थयात्री सुविधा विकास, तथा पशुपति साधना सदन निर्माण |
| ४ | विशाल पानीपोखरी निर्माणार्थ गुह्येश्वरी पूर्वको खालीचौरसँग जोडिएको उत्तरतिरको घरजग्गा समेत | B14 सँगैको उत्तरतिरको जग्गा | रोपनीः १४०-१-२-१ घर संख्याः ८२ | प्रथम चरणबाटै सम्भाव्यता अध्ययन गरी कार्वाही अघि बढाउने | सुख्खा मौसममा वाग्मतीलाई प्रवहमान बनाउन वर्षाको पानी जम्मा गर्ने पोखरी निर्माण |

(द्रष्टव्यः प्रस्तुत संरचना सङ्ख्या २०७५मा लिइएको हो ।)

जग्गा प्राप्तिका सन्दर्भमा प्रस्तुत गुरुयोजना प्रारम्भ भएपछिको प्रथम पाँच वर्षलाई एक चरणका रूपमा लिइएको छ । यहाँ प्रथम चरणको कार्यक्रमको अन्दाजी क्षेत्रफल मात्र दिइएको छ । सोपछि पनि विभिन्न चरणमा आवश्यकता अनुसार जग्गा प्राप्त गर्दै जानु पर्दछ । खास गरेर सम्पदाको संरक्षण, पार्किङ्ग व्यवस्था र तीर्थयात्री सेवा सुविधा विस्तारका लागि जग्गाको आवश्यकता हुन्छ । यस सम्बन्धमा कोष सञ्चालक परिषद्ले आवश्यकता अनुसार निर्णय गरेर कार्यक्रम अघि बढाउनु पर्ने हुन्छ । पशुपतिको प्राचीन परम्परा अनुसार निश्चित सीमा भित्र बसोबास गर्न तोकिएका वर्गका लागि सो परम्परामा प्रतिकूल प्रभाव नपर्ने गरी आवासको व्यवस्था गर्नु पर्दछ । यस अतिरिक्त अतिक्रमित लिच्छविकालीन शिवलिङ्गलाई खुल्ला र सबैले दर्शन गर्न सक्ने बनाउन र देवस्थलको संरक्षण तथा आगामी सय वर्षसम्मको तीर्थयात्री एवं पर्यटकहरूको सेवा सुविधामाथि ध्यान दिंदा चरणबद्धरूपमा कोषले आवश्यकता र औचित्य स्पष्ट गरी पशुपति क्षेत्र भित्रका सबै उपक्षेत्रलाई प्राप्त गर्दै सेवा सुविधा विस्तार गर्दै जानु पर्ने देखिन्छ ।

प्रथम चरणभन्दा पछिका सम्वन्धमा परिषद्‌ले आवश्यकता र कार्यक्रमको औचित्यलाई ध्यानमा राखेर अगाडि बढाउन उपयुक्त हुने देखिएकाले यहाँ तत् सम्वन्धी भावी योजना अनुसूची ३४ मा दिइएको छ ।

## खण्ड सात
## सारांश तथा निष्कर्ष

### ७.१. सारांश

भगवान् श्रीपशुपतिनाथ विराजमान भएको पशुपति क्षेत्र प्राचीन कालदेखि नै वैदिक सनातन धर्मावलम्बीहरूको पावन तीर्थस्थलका रूपमा प्रसिद्ध छ । यो क्षेत्र काठमाडौं उपत्यकाको पूर्वोत्तर कोणमा अवस्थित छ । वाग्द्वारबाट प्रवहमान वाग्मती नदी पशुपति क्षेत्र भएर दक्षिणगामिनी बनेको छ । पवित्र वाग्मती नदीकै पूर्वी किनारामा भगवान् पशुपतिनाथको मन्दिर रहेको छ ।

प्राप्त ऐतिहासिक तथ्यका आधारमा लिच्छवि कालदेखिका मूर्ति र अभिलेखहरू भएको पशुपति क्षेत्र मूर्ति, मन्दिर, सत्तल लगायतका प्राचीन सम्पदाहरूको खुला सङ्ग्रहालय हो । एक अध्ययनले यस क्षेत्रमा ५१८ मन्दिर तथा देवालयहरू, एकहजारभन्दा बढी खुला शिवलिङ्गहरू एवं प्राचीन सत्तल तथा पाटी पौवाहरू पनि प्रशस्त संख्यामा रहेको देखाएको छ । यस अतिरिक्त अनुपम कालीगडी, विशिष्ट वास्तुशिल्प एवं अनौठा प्रथा-परम्पराले यो क्षेत्र विश्वसम्पदा सूचीमा सूचीकृत भएको छ । यसैले यो क्षेत्र सम्पदाप्रेमी सबैको गन्तव्य स्थल हो भने धर्मप्राण वैदिक सनातनीहरूका लागि उपासना र साधनाको महत्वपूर्ण स्थल हो ।

पुरातत्त्वका क्षेत्रमा खोज अनुसन्धान गर्ने विद्वान्हरू सिन्धु सभ्यताको मोहेन्जोदडोको उत्खननमा प्राप्त मुद्राचित्रलाई पशुपतिको प्रागैतिहासिक रूप मान्दछन् । त्यस चित्रमा योगासनमा बसेको, वरिपरीबाट पशुहरूले घेरिएको, सिङको मुकुट लगाएको चित्र अङ्कित छ । यो सभ्यता आजभन्दा ५००० वर्ष पूर्वको मानिन्छ । पौराणिक साहित्यका आधारमा हेर्ने हो भने ज्योतिर्लिङ्गको उत्पत्ति सृष्टिको आदिकालमा ब्रह्मा र विष्णुका बिचको विवाद समाधान गर्न भएको हो । पशुपति पनि ज्योतिर्लिङ्ग हो । त्यसैले यसको उत्पत्तिको समय आकलन गर्न मुस्किल छ । श्लेष्मान्तक वनमा भगवान् शिवले मृगरूप लिएर बिहार गरेको, ब्रह्मा, विष्णु र इन्द्रले मृगलाई समाउन खोज्दा सिङ तिन टुक्रा भएको र मृगरूप पशुपति चाहिं उफ्रिएर वाग्मती पश्चिम तटमा आएर बसेको कथा हिमवत्खण्ड एवं नेपालमाहात्म्यमा पाइन्छ । यो सन्दर्भ पनि सृष्टिको प्रारम्भतिरैको हुनु पर्छ । महाभारतको युद्ध समाप्त भएपछि गोत्रहत्याको दोष निवारण गर्न केदारेश्वर शिवको दर्शन गर्न गएका पाण्डवलाई दर्शन नदिई महिषरूप शिवले मुख जमिनमा घसेको कथा पनि शिवपुराणमा पाइन्छ । पाण्डवलाई दर्शन नदिई जमिनमा धसेको मुख नेपालको पशुपतिमा मिलेको सन्दर्भले पशुपतिको अस्तित्व त्यस घटनाभन्दा पूर्व नै थियो भन्ने स्पष्ट हुन्छ । इतिहास एवं पुरातत्त्वका ज्ञाताहरूले महाभारतको युद्ध

आजभन्दा ५००० वर्षपूर्व भएको अनुमान गरेका छन् । यी प्रागैतिहासिक एवं पौराणिक प्रसङ्गबाट पशुपतिनाथको उत्पत्ति सम्बन्धी प्राचीन सन्दर्भ बुझ्न सकिन्छ ।

पशुपति क्षेत्रको योजनाबद्ध संरक्षण, संवर्धन तथा विकास गर्नका लागि पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । यसका लागि दीर्घकालीन सोच सहितको गुरुयोजनाको आवश्यकता हुन्छ । कोषले यसै उद्देश्यको परिपूर्तिका लागि २०५३ सालमा अवधारणात्मक गुरुयोजना तयार गरेको देखिन्छ । दश वर्षे कार्यावधिको सो योजनाको समयावधि समाप्त भई सकेको हुँदा यो विस्तृत गुरुयोजना तयार गरिएको हो । यसमा पशुपति क्षेत्रको आध्यात्मिक र भौतिक दुवै पक्षको सन्तुलित विकासमा जोड दिइएको छ । यसका साथै प्रस्तुत गुरुयोजनामा क्षेत्र र उपक्षेत्र विभाजनमा पूर्व गुरुयोजनाकै आधारलाई अवलम्बन गरेर c3 मा रहेको विस्तृत क्षेत्रफललाई पशुपति मन्दिरसँगको धार्मिक सांस्कृतिक सम्बन्धमा आधारमा विभिन्न उपक्षेत्रमा विभाजन गरिएको छ । यसै गरी धुर्वस्थली पूर्वको त्रिभुवन विमान स्थलले प्रयोग गरेको ११६२ रोपनी क्षेत्रलाई पनि प्रस्तुत गुरुयोजनामा छुट्टै उपक्षेत्र बनाइएको छ । पूर्व गुरुयोजनामा कोर क्षेत्रको उपक्षेत्र १ मा पशुपतिनाथ र गुह्येश्वरी दुवै मन्दिरलाई राखेकोमा प्रस्तुत गुरुयोजनामा A1 मा पशुपति मन्दिर र A2 मा गुह्येश्वरी मन्दिर परिसरलाई राखिएको छ ।

प्रस्तुत गुरुयोजनाले आगामी १०० वर्षको अवधिलाई ध्यानमा राखेर सेवा सुविधाका कार्यक्रमहरू प्रस्तुत गरेको छ । आगामी ५० वर्षसम्मको सम्भावित अवस्थाको आंकलन गर्न आवश्यक तथ्याङ्कहरू प्रक्षेपण गरिएका छन् । यस गुरुयोजनामा विभिन्न विषय क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरूलाई आधारका रूपमा लिइएको छ । बढ्दो दर्शनार्थी संख्यालाई दृष्टिगत गरेर नै पशुपति र गुह्येश्वरीको प्राङ्गण विस्तारका कार्यक्रम राखिएका हुन् । पशुपति दर्शन पथ निर्माण योजनालाई पनि यसै सन्दर्भमा हेर्न सकिन्छ । दर्शनार्थीको बढ्दो संख्यालाई व्यवस्थित र सरल तरिकाबाट दर्शन गर्ने व्यवस्था मिलाउन नै दर्शन पथको परिकल्पना गरिएको हो ।

प्रस्तुत गुरुयोजनामा वनकाली, भण्डारखाल तथा देवउद्यान चाहिं वन-उद्यानकै रूपमा रहेका छन् । हाल देवउद्यान क्षेत्रमा कोषको अस्थायी कार्यालय रहेको छ । कोषको कार्यालय देवउद्यानमा सञ्चालन हुँदै आएकोमा सो कार्यालय C3 मा बनाउन प्रस्ताव गरिएको छ र देवउद्यानलाई धार्मिक उद्यानका रूपमा विकसित गर्ने लक्ष्य राखिएको छ । भण्डारखाल पुरानो इतिहास भएको वनोद्यान भएकाले त्यसलाई वरिपरीबाट पर्खालले घेरेर उहिल्यैदेखि सुरक्षित बनाइएको हो । अहिले पुरानो पर्खाल पुरै बिग्रे-भत्केको अवस्थामा भएकाले चारैतिरबाट अतिक्रमण हुन सक्ने स्थिति भएकोले

पर्खालको मर्मत/पुनर्निर्माण गरी वृक्षारोपण गरेर त्यसलाई वानस्पतिक उद्यानका रूपमा विकसित गर्न प्रस्ताव गरिएको छ । त्यसै गरी लास समाधिस्थल गर्ने र सिमेन्ट प्रयोग गरेर बनाएका पक्का संरचनाले श्लेष्मान्तक वन पनि उजाडिँदै गएको र धेरै स्थानमा भूक्षय समेत भएको देखिन्छ । यस वनलाई पनि वरिपरीबाट पर्खालले घेरेर सुरक्षित गरी व्यापक रूपमा वृक्षारोपण र भूक्षय नियन्त्रण गर्न प्रस्ताव गरिएको छ । साथै त्यस धार्मिक महत्वको वनमा लास गाड्न पूर्णतः निषेध गर्नु पर्दछ भन्ने गुरुयोजनाको निष्कर्ष छ ।

प्रस्तुत गुरुयोजनामा भुवनेश्वरी र दक्षिणामूर्तिलाई दाहिने पारेर प्रदक्षिणा गर्न मिल्ने गरी मार्ग निर्माण गर्न प्रस्ताव गरिएको छ । यी दुवै मन्दिर वरिपरीका आवासीय भवन र विविध क्रियाकलापले अतिक्रमित देखिएकाले ती दुवै मन्दिरलाई अतिक्रमणमुक्त गर्न पुरातात्विक मर्यादा प्रतिकूलका संरचना हटाउन वा कोषले प्राप्त गर्न पनि प्रस्ताव गरिएको छ । साथै यस घ्यद्ध उपक्षेत्रमा लिच्छवि कालीन शिव लिङ्गहरू व्यक्तिका घरघडेरीका हाताभित्र भएकाले तिनको ऐतिहासिक महत्वलाई उजागर गर्दै सबैका लागि सहज पहुँच बनाउका लागि आवश्यक कदम चाल्न पनि प्रस्ताव गरिएको छ । लिच्छविकालीन शिवलिङ्ग भएको स्थान वस्तुतः सार्वजनिक स्थान हो । त्यसबेला त्यो स्थान व्यक्ति विशेषको थिएन ।

पशुपति क्षेत्रभित्र बसोबास गर्ने सबैका लागि भवन निर्माण सम्बन्धी मापदण्ड र आचारसंहिता आवश्यक देखिएको छ । धार्मिक-पुरातात्विक क्षेत्रको मर्यादालाई सबैले पालना गर्नु पर्दछ । यसतर्फ कोषले विशेष ध्यान दिनु पर्ने तथा यस क्षेत्रभित्रको भवन निर्माणमा कोषको सहमतिमा मात्र नगरपालिकाले नक्सा स्वीकृति सम्बन्धी कार्वाही अघि बढाउनु पर्ने विषयमा काठमाडौं महानगरपालिकासँग समन्वय र सहकार्य गर्न पनि परामर्श दिइएको छ ।

भगवान् पशुपतिनाथको दर्शनार्थ आउने भक्तजनको संख्याको वृद्धिसँगै तिनले प्रयोग गर्ने सवारी साधनको संख्या पनि बढ्दै जानु स्वाभाविक हो । आगामी ५० वर्षभित्र हुन सक्ने सवारी साधनको संख्यालाई दृष्टिगत गर्दा पार्किङ्गका लागि कोषले कतै उपयुक्त क्षेत्रमा जग्गा प्राप्त नगरी पार्किङ्गको समस्या समाधान गर्न सक्ने देखिँदैन । पशुपतिमा मात्र होइन, उमाकुण्ड गौरीघाट तथा गुह्येश्वरी क्षेत्रमा पनि पार्किङ्गको समस्या जटिल बन्दै गएको देखिन्छ । ती क्षेत्रमा खाली जग्गा कतै पनि बाँकी देखिंदैन ।पार्किङ्ग लगायत तीर्थयात्री र पर्यटकको सेवा सुविधाको विस्तारका लागि दीर्घकालीन सोच राखेर आवश्यक जग्गा प्राप्ति सम्बन्धी चरणबद्ध कार्यक्रम यहाँ प्रस्तुत गरिएको छ ।

पशुपति क्षेत्रमा भगवान् पशुपतिनाथको धार्मिक महत्व जे जस्तो छ, वाग्मतीको महत्व पनि त्यत्तिकै छ । त्यसैले वाग्मतीलाई ढलमतीबाट बचाएर सजीव बनाउनका लागि प्रथमतः वाग्मतीमा जल प्रवहमान बनाउन आवश्यक छ । सुख्खा मौसममा त वाग्मतीमा पानीको मात्रा होइन ढलकै प्रवहमान मात्रा पनि कम देखिन्छ । यसकारण वाग्मतीमा पानीको मात्रा बढाएर प्रवहमान बनाउन गुह्येश्वरीको पूर्वोत्तर कुनाको खाली जग्गा र त्यसैसँग जाडिएको हाल आवादी भएको जग्गालाई समेत प्राप्त गरेर वर्षाको पानी सङ्कलन गर्न विशाल पानी पोखरी निर्माण गर्ने कार्यक्रम प्रस्तुत गुरुयोजनामा राखिएको छ ।

प्रस्तुत गुरुयोजनामा कोषका सम्भावित आयस्रोतका बारेमा पनि सङ्केत गरिएको छ । कोषले आयवृद्धिका सम्भावनाका विषयमा विज्ञहरूलाई अध्ययन गराउनु पर्ने देखिन्छ । हाल परिचालित स्रोतलाई पनि अझ परिस्कार एवं चुहावट रहित गर्नेतिर ध्यान दिनु पर्दछ । अहिले विशेष पूजा गर्ने गराउने व्यवस्था पशुपतिनाथ र वासुकी मन्दिरमा मात्र सीमित देखिन्छ । यसलाई भैरव, नवग्रह, गणेश र हनुमानको समेत गर्ने गराउन व्यवस्था गर्न आवश्यक छ । यस अतिरिक्त पशुपति क्षेत्रका गुह्येश्वरी, विश्वरूपा, वत्सलेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी, मृत्युञ्जय लगायतका विभिन्न मन्दिरहरूमा पनि कामना विशेषले विशेष पूजा गर्ने व्यवस्था गर्दा कोषको आयमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । यी सबै विषयमा विशेषज्ञबाट अध्ययन गराएर कार्यक्रम बनाउँदा उपयुक्त हुन्छ ।

गुरुयोजनामा प्रस्तुत कार्यक्रमका लागि आवश्यक अनुमानित लागतको पनि यहाँ आकलन गरिएको छ । यो अनुमान मात्र हो । कार्यक्रम कार्यान्वयनका सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा यो अनुमान संशोधित हुन सक्छ र हुन्छ पनि । समग्र व्ययभार कहाँबाट कसरी व्यहोर्ने भन्ने सम्बन्धमा पनि गुरुयोजनाले रूपरेखा प्रस्तुत गरेको छ । एक चरणको समग्र कार्यक्रम पूर्ण गर्न ५ वर्षको समयावधि राखिएको हुँदा व्ययभारको वार्षिक तालिका समेत बनाइएको छ । दश वर्षका अवधिमा मूल्यवृद्धि हुँदै जाने हुँदा लागत पनि बढ्दै जान्छ । सेवा क्षेत्र गोठाटारमा प्रस्तावित कार्यक्रमका सम्बन्धमा भने सीमाङ्कन, सीमा सुरक्षा, भूउपयोग योजना तथा पूर्वाधारको विकासका लागि मात्र रकम अनुमान गरिएको छ । स्वास्थ्य, शिक्षा र जनकल्याणसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा नै तिनको लागत अनुमान गर्न उपयुक्त हुने देखिन्छ ।

यो पशुपति क्षेत्रको विकास, निर्माण र संरक्षण सम्बन्धी दीर्घकालीन सोचको दस्तावेज हो । कार्यक्रमको विस्तारसँगै आवश्यकता र औचित्यका आधारमा अन्य क्षेत्र-उपक्षेत्र पनि प्राप्त गर्दै जानु पर्ने हुन्छ । त्यस अनुसार लागत पनि बढ्दै जान्छ र आयका नयाँ नयाँ स्रोत पनि खोज्दै जानु पर्छ

। प्रस्तुत गुरुयोजनाको सफल कार्यान्वयनमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार सबैको पूर्ण सहयोग आवश्यक छ । यो राष्ट्रको गौरवको विषय हो, नेपाल र नेपालीको अस्मिताको विषय हो ।

## ७.२ निष्कर्ष

शिवशक्तिको लीलाभूमिका रूपमा रहेको पवित्र पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि दीर्घकालीन मार्गदर्शन गर्ने दस्तवेजका रूपमा यो विस्तृत गुरुयोजना तयार गरिएको हो । आध्यात्मिक, भौतिक एवं प्राकृतिक वातावरणको त्रिवेणीका रूपमा रहेको यस क्षेत्रको संरक्षण, संवर्धन एवं विकासको सम्बन्ध यिनै तिन पक्षसँग सम्बन्धित छ । त्यसैले प्रस्तुत गुरुयोजनामा यी तिनै पक्षको सन्तुलित विकास माथि ध्यान दिइएको छ । प्राचीनकालदेखि नै पवित्र पशुपति क्षेत्र विश्वभरका वैदिक सनातन धर्मावलम्बीहरूको महनीय तीर्थस्थलका रूपमा रहेको र मूर्त-अमूर्त सम्पदाका कारणले पर्यटकका लागि दर्शनीय गन्तव्यस्थल समेत भएकाले तीर्थयात्री एवं पर्यटकको सेवा-सुविधाको विकाससँगै सम्पदाको यथावत् संरक्षण तथा पुनर्निर्माणमा प्रस्तुत गुरुयोजनाले विशेष ध्यान दिएको छ ।

मानिस अर्थात् जीवात्मा, प्रकृति र संस्कृतिको सहजीवन नै पवित्र पशुपति क्षेत्र भएकाले प्रस्तुत गुरुयोजनाले यी तिनैको संरक्षण र प्रवर्धनलाई मूल मन्त्र बनाएको छ साथै सम्पदा र त्यसको परिवेशका विच अभिन्न सम्बन्ध हुने भएकाले सम्पदा र परिवेशको एकीकृत संरक्षण/पुनर्निर्माणको मान्यता पनि अघि सारेको छ । भगवान् पशुपतिनाथ तथा माता गुह्येश्वरी समानकै धार्मिक महत्व भएको शिवगङ्गा वाग्मतीको जलप्रवाह प्रवर्धनमा पनि प्रस्तुत गुरुयोजनाले गम्भीर चिन्तन गरेर वर्षाको जल सङ्कलन गर्नका लागि विशाल पानीपोखरी निर्माण गर्ने सोच बनाएको छ । प्रस्तुत गुरुयोजनाले यस क्षेत्रमा विद्यमान पुरातात्विक महत्वका प्राचीन सम्पदाको संरक्षण एवं पुनर्निर्माणमा पूर्णतः पुरातात्विक मापदण्डको पालना गर्दै सेवा-सुविधा एवं भौतिक पूर्वाधारको विकास र विस्तारमा प्राचीन एवं आधुनिक प्रविधिको सुन्दर समन्वय गर्ने लक्ष्य राखेको छ । मृगस्थली-श्लेष्मान्तक वन क्षेत्रलाई धार्मिक महत्वको वनका रूपमा, बनकाली र देवउद्यानलाई उद्यानका रूपमा र भण्डारखाललाई ऐतिहासिक वानस्पतिक उद्यानका रूपमा विकसित गर्ने कार्यक्रम यहाँ प्रस्तुत गरिएको छ । योजना कार्यान्वयनबाट बचेका भूभागमा पनि सानातिना वाटिका बनाएर पशुपति क्षेत्रको प्राकृतिक वातावरणलाई पुनरूज्जीवित गर्ने सोच गुरुयोजनाले राखेको छ । पशुपति क्षेत्र प्राचीन सम्पदाहरूको खुला सङ्ग्रहालय भएको र यहाँ दिनरातै मानिसहरूको आवागमन भई रहने हुनाले यस क्षेत्रको मात्र सुरक्षा व्यवस्था हेर्ने छुट्टै सुरक्षा संयन्त्रको आवश्यकता देखिएको छ । गौशाला चोकको प्रहरी

प्रभागको कार्यक्षेत्र विस्तृत भएकाले त्यसलाई स्थानान्तरण गरी त्यहाँ पर्यटक सूचना केन्द्र राखेर पशुपति लगायत नेपालका गतव्य एवं दर्शनीय स्थलको प्रचार गरेर पर्यटन प्रवर्धनको सोच यहाँ राखिएको छ, साथै गौशाला चोकलाई पशुपति चोकमा रुपान्तरण गर्न पनि परामर्श दिइएको छ ।

धार्मिक तीर्थस्थल भएकाले पशुपति क्षेत्रका खास गरी केन्द्रीय (कोर) र सन्निकट (कन्सोन्यान्ट) क्षेत्र शान्त, स्वच्छ र सुन्दर हुनु पर्दछ तर धुवाँ, धुलो र ध्वनिजन्य प्रदूषणका साथै जलस्थलगत फोहोरले पनि पूर्णतः प्रदूषित भएकाले प्रदूषण नियन्त्रण गरी धार्मिक स्थलको वातावरणलाई स्वच्छ र शान्त बनाउन पनि गुरुयोजनाले सम्बन्धित सबै पक्षलाई सचेत गराएको छ । शिवक्षेत्रको मरण र दाहसंस्कारको समेत विशेष महत्व भएको र भस्मेश्वर घाटक्षेत्र शवदाहकै लागि व्यवस्थित गरिएकाले पवित्र आर्यघाट क्षेत्रलाई आर्यातीर्थकै रूपमा स्नान, दान, जप, ध्यान, श्राद्ध तर्पण आदि कार्यमा मात्र प्रयोग गर्न पनि परामर्श दिइएको छ । दर्शनार्थी भक्तजनको निरन्तर बढ्दो संख्यालाई ध्यानमा राखेर पशुपति र गुह्येश्वरी मन्दिरको प्राङ्गण विस्तार गर्न आवश्यक देखिएको छ । भक्तजनको सुविधालाई ध्यानमा राखेर पशुपति दर्शन पथ तथा पशुपति क्षेत्र प्रदक्षिणा पथको समेत गुरुयोजनामा परिकल्पना गरिएको छ । सनातन धर्म-संस्कृतिको मूल वेद भएकाले वैदिक शिक्षा प्रवर्धन तथा शिव र शक्ति सम्बन्धी निगम र आगमको अध्ययनका लागि पशुपति अध्ययन केन्द्र। भक्तजन एवं दीनदुःखीका लागि प्रसादका रूपमा निःशुल्क भोजनको व्यवस्था गर्न अन्नदान भवन, पशुपति क्षेत्रका सबै मठ-मन्दिरमा दैनिक पूजा-आरतिको व्यवस्था कर्मकाण्ड प्रशिक्षण, योग, ध्यान, प्रवचन तथा सत्सङ्गको सुविधा। सङ्ग्रहालय एवं स्मृति कक्षव्यवस्था शिक्षा, स्वास्थ्य र समाजकल्याण सम्बन्धी विभिन्न योजना तथा कार्यक्रमलाई पनि गुरुयोजनाले विभिन्न चरणमा विभाजित गरेर प्रस्तुत गरेको छ । यस्ता कार्यक्रमको कार्यान्वयनबाट पशुपति क्षेत्र उदाहरणीय धार्मिक स्थल बन्ने छ भन्ने विश्वास गरिएको छ।

पशुपति क्षेत्रका विभिन्न मन्दिरमा पूजा गर्ने, सहयोग गर्ने, एवं जात्रा पर्व सञ्चालनमा सहभागी हुने वर्गका साथै समग्र व्यवस्थापनको कार्य गर्ने कोषमा कार्यरत कर्मचारी सबैको सेवा सुविधा, वृत्ति विकास तथा क्षमता अभिवृद्धिका लागि प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी, योग, ध्यान एवं अध्ययन भ्रमणको कार्यक्रममा पनि विशेष ध्यान दिनु पर्दछ किन भने समग्र सेवा-प्रवाह र व्यवस्थापन यिनीहरूमै निर्भर हुन्छ भन्ने कुरामा पनि यहाँ गम्भीर रूपमा ध्यान दिइएको छ ।प्रस्तुत गुरुयोजनाको सफल कार्यान्वयनमा कोषको व्यवस्थापकीय कुशलतासँगै तिनै तहका सरकार र समस्त भक्तजनको सद्भाव र सहयोग आवश्यक छ । सबैको सहयोग र सहकार्यबाटै पावन पशुपति क्षेत्रको संरक्षण एवं संवर्धन हुने कुरामा कसैको मतभेद छैन ।

**ॐ भद्रमस्तु शिवञ्चास्तु सदा शम्भुः प्रसीदतु**

अनुसूची ३२

एकादश शिवलिङ्गको नामावली

पशुपतिका अर्चकले नियुक्त भएपछि दर्शन गर्नुपर्ने शिवलिङ्गहरू

| क.स | शिवलिङ्गको नाम | स्थान |
|---|---|---|
| १ | भण्डारेश्वर | कालोपुल |
| २ | ताम्रेश्वर | नवालीटोल |
| ३ | खन्जनेश्वर | अमालकोट परिसर |
| ४ | कृष्णेश्वर | भुवनेश्वरी उपक्षेत्र |
| ५ | झङ्केश्वर | झङ्केश्वरी उपक्षेत्र |
| ६ | चन्द्रज्वलेश्वर | पोडेपाटी सँगै खोपामा |
| ७ | चम्पकेश्वर/चतुर्भुजेश्वर | ढुङ्गेधारासँगै |
| ८ | भस्मेश्वर | भस्मेश्वर घाट |
| ९ | अचलेश्वर | आगम घरसँगै भित्तामा |
| १० | ईशानेश्वर | रुद्रागारेश्वर |
| ११ | विश्वेश्वर | चौसट्टी |

उपर्युक्त शिवलिङ्गको दर्शन गरी वर्तमान मूलभट्ट निवाससँगैको कुमार कुमारीको दर्शन गरे पछि महाज्योतिर्लिङ्ग स्वरूप पशुपति मन्दिरभित्र नयाँ पुजारी भट्ट प्रवेश गर्दछन् ।

## अनुसूची ३३
## चौसट्ठी शिवलिङ्गको नामावली

| क.सं | लिङ्ग | स्थानको नाम | हालको स्थान |
|---|---|---|---|
| १ | कुशेश्वर | चित्रकूट पर्वत (कुलपीठ) | दुम्जा |
| २ | भीमेश्वर | ताम्रचूड पर्वत | दोलखा |
| ३ | काफीश्वर | ककुदाद्रि पर्वत | बाहूबिसे |
| ४ | कश्यपेश्वर | ककुदाद्रि पर्वत | मण्डन |
| ५ | फटिकेश्वर | काकन्द पर्वत | फटक शिला |
| ६ | चण्डेश्वर | स्कन्दगिरि पर्वत | बनेपा |
| ७ | धनेश्वर | रौद्र गिरि पर्वत | बनेपा |
| ८ | विकटेश्वर | द्रोणाचल पर्वत | साँगा |
| ९ | इन्द्रेश्वर | कुञ्ज पर्वत | पनौती |
| १० | भालेश्वर | निकुञ्ज पर्वत | बिहावरको पुछार चिण्डुगानु |
| ११ | गुप्तेश्वर | मुकुन्दगिरि पर्वत | लेले |
| १२ | चम्पेश्वर | सुन्दर पर्वत | लेले |
| १३ | रामेश्वर | त्रिकूटाचल पर्वत | टीका भैरव |
| १४ | जालेश्वर | सुन्दर पर्वत | महाभारत तिन बैनिको लेख |
| १५ | नटारम्भेश्वर | त्रिकूटाचल पर्वत | मकवानपुरको नजिक महाभारतको लेख |
| १६ | उद्दालकेश्वर | व्याघ्र पर्वत | फर्पिङ्ग |
| १७ | गोपालेश्वर | मकटाचल पर्वत | फर्पिङ्ग |
| १८ | चम्पकेश्वर | वज्रपर्वत | चितलाङ्, विशंखेल |
| १९ | उन्मत्तेश्वर | मयुर पर्वत | टिष्टुङ् |

| | | | |
|---|---|---|---|
| २० | नन्दीकेश्वर | नन्द पर्वत | टिष्टुङ् |
| २१ | गोखुरेश्वर | कसेरु पर्वत | कुछाल कार्कीछाप |
| २२ | पाण्डुकेश्वर | ऋक्षवाण पर्वत | पालुङ् |
| २३ | कूटेश्वर | चित्रकूट पर्वत | आग्रा महादेउखर |
| २४ | असितेश्वर | सुभद्र पर्वत | महेसखोला भिरपानीदेखि मुनि महादेवब्यासी |
| २५ | भैरवेश्वर | निलकूट पर्वत | देवीघाट |
| २६ | ब्रह्मेश्वर | श्रृङ्गाचल पर्वत | कपिलास |
| २७ | स्कन्देश्वर | चन्द्रकान्त्युपला चल पर्वत | कपिलास डाँडावारि |
| २८ | शतरुद्रेश्वर | मृगेन्द्र पर्व | शिवपुरी |
| २९ | काकेश्वर | सरकंकट पर्वत | काकेश्वर |
| ३० | मणिचूडेश्वर | मणिचूर पर्वत | मणिचूड पर्वतको थुमका |
| ३१ | योगेश्वर | मणिचूड पर्वत | साँखु |
| ३२ | नारायणेश्वर | गन्धमादन पर्वत | तपस्यागानु बोध्यानी फेदी |
| ३३ | ज्योतिर्लिङ्गेश्वर | कामधेनु पर्वत | साँखु |
| ३४ | रत्नचूडेश्वर | डोलागिरि पर्वत | महादेव पोखरी |
| ३५ | वागीश्वर | दोलागिरि पर्वत | चंङ्गीश्वरी |
| ३६ | किलेश्वर | दोलागिरि पर्वत | चाँगु |
| ३७ | वाल्मीकेश्वर | शुभोद पर्वत | भादगाउँ हनुमान घाट |
| ३८ | मङ्गलेश्वर | शुभोद पर्वत | भादगाउँ |
| ३९ | विमलेश्वर | निकुण्डा पर्वत | सिपाडोल |
| ४० | अनन्तेश्वर | ऋष्याश्रम पर्वत | अनन्तलिङ्ग |
| ४१ | विश्वरूपेश्वर | ऋष्याश्रम पर्वत | तर्पागाल |
| ४२ | सोमेश्वर | धर्मरूप शैल | सोमलिङ्गटार |

| | | | |
|---|---|---|---|
| ४३ | गोभराटेश्वर | चक्रनेमि पर्वत | लुभु |
| ४४ | भृङ्गेश्वर | नागकूट पर्वत | सुनागुठी |
| ४५ | त्रिलिङ्गेश्वर | ललितारण्य | पाटन |
| ४६ | कुपितेश्वर | ललितारण्य | पाटन |
| ४७ | सर्वेश्वर | सोही वन | पाटन |
| ४८ | गोलोकेश्वर | नन्दभद्र शैल | वल्खुखोलाका किनारा, नैकापको थुमका |
| ४९ | मीनेश्वर | मातृ तीर्थ | मातातीर्थ |
| ५० | चन्दनभराटेश्वर | चन्दनगिरि पर्वत | मातातीर्थ महादेव गाउँ |
| ५१ | यक्षेश्वर | उसिरवीर पर्वत | इचंकु हलचोक |
| ५२ | चण्डिकेश्वर | मृगेन्द्र पर्वत | टोखा |
| ५३ | धर्मेश्वर | मृगेन्द्र पर्वतको काखमा | टोखालिवी कोट |
| ५४ | गोकर्णेश्वर | मुञ्जवत पर्वत | गोकर्ण |
| ५५ | कोटीश्वर | मन्दर पर्वत | कुटी वहाल |
| ५६ | बाणेश्वर | पारियात्र पर्वत | वानेश्वर टार |
| ५७ | ज्ञानेश्वर | उमाशैल पर्वत | ज्ञानेश्वर |
| ५८ | पर्वतेश्वर | कैलास | कैलास |
| ५९ | जलेश्वर | उमाशैल पर्वत | गुह्येश्वरी घाट |
| ६० | गुह्येश्वर सिद्धेश्वर | सिद्धाचल पर्वत | मृगस्थली, गुह्येश्वरी |
| ६१ | किरातेश्वर | श्लेष्मान्तक वन | मृगस्थली |
| ६२ | भस्मेश्वर | भस्माचल पर्वत | देवपाटन |
| ६३ | भुवनेश्वर | वृषभाचल पर्वत | देवपाटन |
| ६४ | रुद्रागारेश्वर | धर्माचल पर्वत | देवपाटन |

अनुसूची ३४

जग्गा सम्वन्धी भावी आवश्यकता

| क.स | जग्गाको विवरण | क्षेत्र | चरण | उपयोग |
|---|---|---|---|---|
| १ | सञ्चारग्राम उत्तर, आँखा अस्पताल पूर्व, चक्रपथ पश्चिम, दक्षिणको घरजग्गा | C1 | द्वितीय | पार्किङ्ग तथा बजार सुविधा |
| २ | जयबागीश्वरी पश्चिम भण्डारखाल उत्तर, चक्रपथ पश्चिम तथा सिफल चौर पूर्वको घरजग्गा | B9 | द्वितीय | सम्पदा संरक्षण, योग ध्यान तथा तन्त्र साधना एवं प्रशिक्षण केन्द्र |
| ३ | भण्डारेश्वर | C5 | तृतीय | क्रियापुत्री सेवा, सामुदायिक सेवा भवन, पार्किङ्ग, उद्यान, वैदिक विद्यालय, बजार व्यवस्था लगायतका सुविधा विकास |
| ४ | जोसमनी | C9 | तृतीय | बहुउद्देश्यीय जोसमनी मठ भवन, संरक्षित आवास सुविधा, पार्किङ्ग सुविधा, तीर्थयात्री सुविधा, बहुसांस्कृतिक संग्रहालय |
| ५ | गङ्गाहिटी | C8 | चतुर्थ | सामुदायिक भवन,स्वास्थ्य सेवा, पार्किङ्ग, धर्मशाला, चमेना गृह लगायत सुविधा विकास |
| ६ | चन्द्रविनायक | C7 | चतुर्थ | योग ध्यान, प्रशिक्षण केन्द्र, नृत्य तथा संगीत प्रशिक्षण केन्द्र, सम्पदा संरक्षण, तीर्थयात्री सुविधा विकास |
| ७ | चारुमती | C6 | पञ्चम | योग ध्यान केन्द्र, बाल उद्यान, शिक्षा तथा स्वास्थ्य केन्द्र, सम्पदा संरक्षण, तीर्थयात्री सुविधा विकास |
| ८ | ताम्रेश्वर | C4 | पञ्चम | योग ध्यान, सम्पदा संरक्षण, पर्यटक मैत्री कार्यक्रम प्राचीन वास्तु संरक्षण |
| ९ | वज्रेश्वरी | C10 | पञ्चम | सम्पदा संरक्षण, पर्यटक मैत्री सुविधा विकास |

परिशिष्ट १

पशुपति क्षेत्रका संरक्षणीय प्राचीन संरचना

| क्र.सं. | कार्यक्रमको नाम | उपक्षेत्र |
|---|---|---|
| १ | भजनकोटी, रुद्रागारेश्वर सत्तल | A1 |
| २ | कपिलमुनि आश्रम सत्तल | A1 |
| ३ | वासुकि आश्रम, सदावर्त्त सत्तल | A1 |
| ४ | लक्ष्मीनारायण मन्दिर सत्तल | A1 |
| ५ | विरामी कुरुवा सेतो सत्तल | A1 |
| ६ | गुप्तेश्वर सत्तल | A1 |
| ७ | मलामी बस्ने रातो सत्तल | A1 |
| ८ | पशुपति भोग पाकशाला | A1 |
| ९ | कीर्तिमुख दक्षिण शितला पाटी | A1 |
| १० | यज्ञशाला | A1 |
| ११ | महास्नान भोग तयारी सत्तल | A1 |
| १२ | वत्सलेश्वरी पश्चिमको पोडे पाटी (सेतो) | A1 |
| १३ | पशुपति दक्षिण ढोका सत्तल | A1 |
| १४ | सप्तमी सत्तलको भित्री भाग | A1 |
| १५ | आगम घर | A1 |
| १६ | महेन्द्र सहारा (पुनर्निर्मित) | A1 |
| १७ | महेन्द्र सहारा उत्तरको सेतो सत्तल | A1 |
| १८ | घ्याम्पे पाटी (चन्दन पाटी) | A1 |
| १९ | गुह्येश्वरी मन्दिर परिसरका सत्तल | A2 |
| २० | सिद्धेश्वर सत्तल (कोषले प्रयोग गरेको) | A2 |
| २१ | सेतो सत्तल (गुह्येश्वरी) | A2 |
| २२ | गुरुजु सत्तल | B1 |
| २३ | कुलानन्द झा सत्तल | A1 |
| २४ | शङ्करनारायण सत्तल | A3 |
| २५ | सानो सदावर्त सत्तल | A3 |
| २६ | महास्नान घर (ठूलो सदावर्त सत्तल) | A3 |
| २७ | शङ्कराचार्य मठ | A3 |

| | | |
|---|---|---|
| २८ | किरातेश्वर मन्दिर परिसरका सत्तल | B1 |
| २९ | गोरखनाथ परिसरका सत्तल | B1 |
| ३० | चन्द्रेश्वर सत्तल | B1 |
| ३१ | राधाकृण पाटी (चन्द्रेश्वर पूर्वको सानो पाटी) | B1 |
| ३२ | विश्वरूपा चौघेरा सत्तल | B1 |
| ३३ | मृगस्थलीका ध्वस्त संरचनाहरू (६ वटा) | B1 |
| ३४ | उमाकुण्डका संरचनाहरू (पुनर्निर्मित) | B2 |
| ३५ | जयन्त कुमेदान सत्तल | B2 |
| ३६ | गौरीघाट संयुक्त सत्तल | B2 |
| ३७ | शङ्कराचार्यहरूको मूर्ति भएको सत्तल | A3 |
| ३८ | शङ्कराचार्य सेतो मन्दिर | A2 |
| ३९ | गुह्येश्वरी मन्दिर परिसरको सेतो सत्तल | A2 |
| ४० | गौरीघाट चौघेरा सत्तल | B2 |
| ४१ | सूर्यघाट सत्तल | B2 |
| ४२ | शान्तितीर्थ पाटी | B2 |
| ४३ | भुवनेश्वरी सत्तल | B4 |
| ४४ | अन्नपूर्ण भण्डार | B4 |
| ४५ | देउछें | B4 |
| ४६ | गणेशमन्दिर सँगैको पाटी | B4 |
| ४७ | पञ्चदेवल चौघेरा सत्तल | B5 |
| ४८ | पोडेपाटी | A1 |
| ४९ | भस्मेश्वर मन्दिर परिसरको | B6 |
| ५० | सरस्वती पाटी | B6 |
| ५१ | भोलागिरी बसेको सत्तल | B6 |
| ५२ | अमरकान्तेश्वर सुरेशकान्तेश्वर सत्तल | B6 |
| ५३ | नवदुर्गा परिसरको चौघेरा सत्तल | B6 |
| ५४ | निर्मला अखडा सत्तल | B6 |
| ५५ | श्राद्ध पाटी (घाटको) | B6 |
| ५६ | वनकाली सत्तल | B7 |
| ५७ | हंस मण्डप | B7 |
| ५८ | जयवागीश्वरी सत्तल | B9 |

| | | |
|---|---|---|
| ५९ | निर्वाणेश्वरी सत्तल | C4 |
| ६० | जलद्य सत्तल | B9 |
| ६१ | रावणपाटी | B9 |
| ६२ | मंगलागौरी पाटी | B11 |
| ६३ | चारशिवालय सत्तल | B12 |
| ६४ | पारी बाजे बस्ने सत्तल | B1 |
| ६५ | लक्ष्मीनारायण मन्दिर परिसरका पाटी | B1 |
| ६६ | राममन्दिर परिसरका पाटी | B1 |
| ६७ | गुजराँती बाजा सत्तल | B1 |
| ६८ | घाट सेवा पसल सेतो सत्तल | B1 |
| ६९ | घाट सेवा पसल सत्तल | B1 |
| ७० | भागवत सन्यासाश्रम | B1 |
| ७१ | भण्डारेश्वर क्रियापुत्री सेवा भवन | C5 |
| ७२ | चन्द्रविनायक सत्तल | C7 |
| ७३ | चारूमती विहारका संरचना | C6 |
| ७४ | कुटुवहिलका संरचना | C6 |
| ७५ | धन्दोचैत्यको सत्तल | C6 |
| ७६ | ताराप्रकाशेश्वर मन्दिर | B6 |
| ७७ | कोटिलिङ्गेश्वर | A1 |
| ७८ | चौतरिया शिवालाय (२) | A1 |
| ७९ | मृगस्थलीका ८ वटा शिवालाय | B1 |
| ८० | गोरखनाथ क्षेत्र ३ वटा शिवालय | B1 |
| ८१ | भूकम्पबाट क्षतिग्रस्त मृगस्थली उपक्षेत्रका ६ वटा शिवालय | B1 |
| ८२ | मृगस्थलीमा ईटाले बनेका ४ वटा मन्दिर | B1 |
| ८३ | बज्रघर सत्तल | A1 |
| ८४ | विश्वरूपा मन्दिर | B1 |
| ८५ | नवालीटोलको नरसिंह मन्दिर | C4 |
| ८६ | जयवागीश्वरी मन्दिर | B9 |
| ८७ | लाल गणेश मन्दिर | A1 |
| ८८ | जितजंग प्रकाशेश्वर मन्दिर | B6 |

| | | |
|---|---|---|
| ८९ | पञ्चदेवलका शिवालय | B5 |
| ९० | बज्रेश्वरी सत्तल | C10 |
| ९१ | गुह्येश्वरी सेतो सत्तल परिसरका शिवालय | A2 |
| ९२ | गौरीघाटका चार शिवालय | B2 |
| ९३ | निर्माणेश्वरी मन्दिर | C4 |
| ९४ | भुवनेश्वरी मन्दिर | B4 |
| ९५ | वीरभद्रेश्वर मन्दिर आर्यघाट पारि | B1 |
| ९६ | एकादश रुद्र शिवालय | B2 |
| ९७ | चौसट्ठी क्षेत्रका शिवालय | A1 |
| ९८ | चारशिवालय | B12 |
| ९९ | पन्ध्रशिवालय | B1 |
| १०० | सुनधारा संरक्षण | C4 |
| १०१ | जोसमनी मठ | C9 |
| १०२ | सिफल घ्याम्पेपाटी | C3 |
| १०३ | श्लेष्मान्तक वनमा भएको चिवा संरक्षण | B1 |
| १०४ | वाग्मती किनारका घाटहरू | B1, A1, B2, B6, B12 |
| १०५ | खुला शिवलिङ्ग र देवमूर्तिहरू | विभिन्न उपक्षेत्र |

## परिशिष्ट २

### राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यान्वयन योजनाबाट सम्पदा संरक्षणको बाँकी काम

| क.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | बज्रघर पुननिर्माण | |
| २ | विश्वरूपा मन्दिर तथा सत्तल | |
| ३ | दुग्धारी पाटी  पुननिर्माण | |
| ४ | पञ्चदेवल शिवालय | |
| ५ | वज्रेश्वरी सत्तल | |
| ६ | गुह्येश्वरी सेतो सत्तलभित्रका ५ शिवालय | |
| ७ | रामकुटी, वाग्मती किनार | |
| ८ | चारशिवालय, गौरीघाट | |
| ९ | गुह्येश्वरी सेतो सत्तल | |
| १० | राम सीता तथा लक्ष्मण मन्दिर | |
| ११ | पञ्चदेवलका दुई सत्तल | |
| १२ | सूर्यघाट पाटी | |
| १३.. | राधाकृष्ण पाटी, मृगस्थली | |
| १४ | मलामीघर, आर्यघाट | |
| १५ | निर्वाणेश्वर सत्तल र मन्दिर | |
| १६ | भुवनेश्वरी मन्दिर | |
| १७ | जितजङ्ग प्रकाशेश्वर सत्तल | |
| १८ | घाटसेवा पसल आर्यघाट पारी | |
| १९ | गोपालजी सत्तल मृगस्थली | |
| २० | वीरभद्रेश्वर मन्दिर, आर्यघाट पारी | |
| २१ | एकादशरुद्र शिवालय | |
| २२ | शङ्कराचार्य सेतो मन्दिर | |
| २३ | चौसी क्षेत्रका शिवालयहरू | |
| २४ | भष्मेश्वर सत्तल भित्रका शिवालय | |

| | | |
|---|---|---|
| २५ | भष्मेश्वर सत्तल | |
| २६ | गुरुज्यू सत्तल | |
| २७ | अग्निहोत्रशाला तथा चार शिवालय | |
| २८ | पन्ध्र शिवालय सिढीं तथा पर्खाल पुर्ननिर्माण | |

## परिशिष्ट ३

### विशेष प्राथमिकता दिनुपर्ने कार्यहरू

१. पशुपतिनाथ मन्दिरको अभिलेखीकरण र संरचना विश्लेषण
२. पशुपति संरक्षित स्मारक क्षेत्रको HIA अध्ययन
३. पशुपति क्षेत्रको मृगस्थली, ध्रुवस्थली उपक्षेत्रको भू-भौतिक स्थितिको अध्ययन
४. पशुपति संरक्षित स्मारक क्षेत्रको भू-उपयोग योजना तयारी
५. पाशुपत आगम तथा श्रीविद्याका आधारमा पशुपति मन्दिर तथा प्राङ्गणमा स्थापित देवी-देवता अध्ययन
६. पशुपति मन्दिरको निर्माल्य विसर्जनको उचित व्यवस्था
७. महास्नान -महाभोग प्रसादको सदुपयोग सम्बन्धी अध्ययन
८. पशुपति प्राङ्गण विस्तार
९. गुह्येश्वरी प्राङ्गण विस्तार
१०. गोठाटारको सीमाङ्कन र भू-उपयोग योजना तयारी
११. विमान स्थल उपक्षेत्रको जग्गा छुट्याएर शिवपुरी बाबा आश्रम र सतीस्तन पीठ समेत लाई समेत घेरी हाता पर्खाल निर्माण
१२. पशुपति क्षेत्रमा बनाइने द्वारहरूको नामकरण
१३. पशुपति क्षेत्रका मार्ग/ गल्लीहरूको नामकरण
१४. पशुपति क्षेत्रका उद्यान/ पार्कहरूको नामकरण
१५. पशुपति क्षेत्रका मन्दिरहरूको नाम सहितको नक्साङ्कन र सार्वजनिकीकरण
१६. पशुपतिनाथको मूल ढुकुटी र अन्य ढुकुटीहरूको उचित व्यवस्थापन
१७. पशुपतिनाथ र गुह्येश्वरी मन्दिर प्राङ्गणका सम्पूर्ण मन्दिर र सत्तलको संरचना विश्लेषण
१८. पशुपति क्षेत्रको मापदण्डको परिष्कार र कार्यान्वयन
१९. पानीपोखरी, दर्शनपथ र पार्किङ्गका लागि जग्गा प्राप्ति

परिशिष्ट ४

## उपलिङ्ग यात्राको नामावली

१) प्रथम दिन आगम देवता पशुपतिनाथ पूजा कन्या पूजन गरी मनोहरा स्नान गरी ब्राह्मण वरण गरी किलेश्वर महादेव चाँगुनारायण छिन्नमस्ता सहित पूजन हवन पार्थिव लिङ्ग पूजन गरी बास बस्ने ।

२) दोस्रो दिन अनन्तलिङ्गेश्वर दर्शन गरी सोमलिङ्गेश्वर महादेव दर्शन पूजन हवन सहित सोमलिङ्गेश्वर चरखण्डेमा बास ।

३) तेस्रो दिन ग्रोभाटेश्वर महादेवमा बास गोश्रृंग पर्वत सहित महालक्ष्मी पूजन ग्रोभाटेश्वर महादेवमा बास ।

४) चौथो दिन गोपालेश्वर महादेव दक्षिणकाली दर्शन, गोपालेश्वरमा पूजन हवन फर्पिङ्गमा बास ।

५) पाँचौ दिन जलविनायक, आदिनाथ दर्शन गरी गोलीकेश्वर महादेवमा पूजन हवन विष्णुदेवी दर्शन गरी नैकापमा बास ।

६) छैंठो दिन आदेश्वर महादेवमा पूजन हवन ईचंगुनारायण दर्शन गरी आदेश्वरमा बास ।

७) सातौं दिन धमेश्वर महादेवमा दर्शन पूजन गरी नारायण स्थानमा बास ।

८) आठौं दिन गोकर्णेश्वर महादेवको पूजन हवन गरेर बाहिनी शुसीला भैरव दर्शन । दर्शन तथा श्राद्ध गरी गोकर्णेश्वरमा बास ।

९) नवौं दिन नारायणेश्वर ज्योतिलिङ्गेश्वर दर्शन गरी योगेश्वरमा हवन पूजन ।

१०)दसौं दिनपशुपतिनाथको रुद्री तथा पूजन हवन गरी पशुपतिमा बास ।

११)एघारौं दिन रुद्र गाडेश्वर महादेवको पूजन समाप्ति अन्तिम पूर्णाहुति दान प्रदान जल प्रास ग्रहण गरिने मुनिलाई घर पुर्याईयात्रा समाप्ति ।

## परिशिष्ट ५

### सत्तल सदुपयोग

| क.सं. | कार्यक्रमको नाम | उपक्षेत्र | स्थान | उपयोग |
|---|---|---|---|---|
| १ | भजनकोठी, रुद्रागारेश्वर सत्तल | A1 | पशुपति परिसर | प्राङ्गण विस्तारमा पुनर्निर्माण गरी धार्मिक कार्यमा प्रयोग |
| २ | कपिलमुनि आश्रम सत्तल | A1 | पशुपति परिसर | धार्मिक साधनास्थल |
| ३ | वासुकि आश्रम, सदावर्त्त सत्तल | A1 | पशुपति परिसर | ब्रह्चारी आश्रम पुनः स्थापन |
| ४ | लक्ष्मीनारायणको मूर्ति भएको टहरो | A1 | पशुपति परिसर | मन्दिरको रूपमै पुनर्निर्माण |
| ५ | विरामी कुरुवा सेतो सत्तल | A1 | आर्यघाट | भुईंतल्लामा विरामी राख्ने, माथ्लो तल्लामा विशेष र पर्व पूजा सम्बन्धी काम |
| ६ | गुह्येश्वर सत्तल | A1 | पशुपति परिसर | पशुपतिनाथको वासुकी मन्दिरसँग सम्बन्धित काम गर्ने |
| ७ | मलामी बस्ने रातो सत्तल | A1 | आर्यघाट | तल्लो तलामा मलामी सुविधा, दोस्रो तलामा घाट सुरक्षा व्यवस्था |
| ८ | पशुपति भोग पाकशाला | A1 | पशुपति | नित्य भोग तयारी |
| ९ | कीर्तिमुख दक्षिण शितला पाटी | A1 | पशुपति | कोटवाल सुत्ने |
| १० | यज्ञशाला | A1 | पशुपति | नित्य यज्ञ सञ्चालन |
| ११ | महास्नान भोग तयारी सत्तल | A1 | पशुपति | महास्नानको भोग तयारी |
| १२ | वत्सलेश्वरी पश्चिमको पोडे पाटी (सेतो) | A1 | पशुपति | परम्परागत कार्य |
| १३ | पशुपति दक्षिण ढोका सत्तल | A1 | पशुपति | परम्परागत धार्मिक कार्य, मन्दिर सुरक्षा तथा घाट सफाइ सम्बन्धी कार्यमा प्रयोग |

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| १४ | मूलभट्ट आवास | A1 | पशुपति | भत्काउने |
| १५ | सप्तमी सत्तल | A1 | पशुपति | भित्री भागमा परम्परागत धर्मकर्म बाहेक, विशिष्ट अतिथि सम्पर्क तथा स्वागत, वाहिरी भाग भत्काउने |
| १६ | आगम घर विस्तार (२) | A1 | पशुपति | आगम सम्बन्धी कार्य |
| १७ | महेन्द्र सहारा | A1 | पशुपति | पुनर्निर्माण गरी सुरक्षा व्यवस्थामा प्रयोग |
| १८ | महेन्द्र सहारा उत्तरको सेतो सत्तल | A1 | पशुपति | पशुपति भेटी गणनास्थल तथा धार्मिक कार्य |
| १९ | घ्याम्पे पाटी (चन्दन पाटी) | A1 | पशुपति | प्रवचन, भजन, चन्दन वितरण |
| २० | गुह्येश्वरी मन्दिर परिसरका सत्तल | A2 | गुह्येश्वरी | धार्मिक कार्य, भजन, मन्दिरको भण्डार तथा पालोवाला पुजारी र पौवाली निवास |
| २१ | सिद्धेश्वर सत्तल (कोषले प्रयोग गरेको) | A2 | गुह्येश्वरी | कोषको सम्पर्क कार्यालय, पर्यटक सेवा केन्द्र |
| २२ | सेतो सत्तल | A2 | गुह्येश्वरी | गुह्येश्वरी संग्रहालय तथा धार्मिक कार्य |
| २३ | गुरुजु सत्तल | A3 | झङ्केश्वरी | भत्काएको |
| २४ | कुलानन्द झा सत्तल | A1 | पशुपति | पशुपति गोश्वारा कार्यालय तथा मन्दिर सेवा सम्बन्धी काम |
| २५ | शङ्करनारायण सत्तल | A3 | झङ्केश्वरी | बद्री नरसिंह गुठी कार्यालय |
| २६ | सानो सदावर्त सत्तल | A3 | झङ्केश्वरी | वासुकी पुजारी निवास |
| २७ | महास्नान घर (ठूलो सदावर्त सत्तल) | A3 | झङ्केश्वरी | तल्लो तला महास्नान तयारी, माथ्लो तल्ला पशुपति संग्रहालय |

| | | | | |
|---|---|---|---|---|
| २८ | शङ्कराचार्य मठ | A3 | झङ्केश्वरी | सन्त निवास |
| २९ | किराँतेश्वर मन्दिर परिसरका सत्तल | B1 | किराँतेश्वर, मृगस्थली | धर्मकर्म, भजन तथा शास्त्रीय संगीत |
| ३० | गोरखनाथ परिसरका सत्तल | B1 | गोरखनाथ, मृगस्थली | गोरखनाथ सम्प्रदायका सन्त निवास, नरहरिनाथ र प्रपन्नचार्य स्मृति कक्ष, पुस्तकालय |
| ३१ | चन्द्रेश्वर सत्तल | B1 | मृगस्थली | सुरक्षा व्यवस्था |
| ३२ | राधाकृण पाटी चन्द्रेश्वर पूर्वको सानो पाटी | B1 | मृगस्थली | साधनास्थल |
| ३३ | विश्वरूपा चौघेरा सत्तल | B1 | विश्वरूपा मृगस्थली | धार्मिक कार्य, योग तथा तन्त्र साधना, ध्यान केन्द्र, सत्सङ्ग, सुरक्षा |
| ३४ | मृगस्थलीका ध्वस्त संरचनाहरू ६ वटा | B1 | मृगस्थली | पुनर्निर्माण गरी योग ध्यान साधना केन्द्र र साधना केन्द्र |
| ३५ | उमाकुण्डका संरचनाहरू | B2 | कैलास, उमाकुण्ड | पुनर्निर्माण गरी महिला सन्त निवास, धार्मिक कार्य |
| ३६ | जयन्त कुमेदान सत्तल | B2 | गौरीघाट | साधनास्थल |
| ३७ | गौरीघाट संयुक्त सत्तल | B2 | गौरीघाट | तीर्थवास सुविधा |
| ३८ | गौरीघाट चौघेरा सत्तल | B2 | गौरीघाट | अनाथ आश्रम, सुरक्षा, तीर्थवास |
| ३९ | सूर्यघाट सत्तल | B2 | सूर्यघाट | तपस्थली |
| ४० | भुवनेश्वरी सत्तल | B4 | भुवनेश्वरी | धार्मिक कार्य |
| ४१ | अन्नपूर्ण भण्डार | B4 | दथुटोल | निशुल्क भोजन |
| ४२ | पञ्चदेवल चौघेरा सत्तल | B5 | पञ्चदेवल | संग्रहालय, सन्त निवास, दर्शनपथ सेवा सुविधा |
| ४३ | भस्मेश्वर मन्दिर परिसरको | | | |
| | (क) सरस्वती पाटी | B6 | भस्मेश्वर | भस्मेश्वर अखडाका क्रियाकलाप |

| | | | | |
|---|---|---|---|---|
| | (ख) भोलागिरी बसेको सत्तल | B6 | भस्मेश्वर | डा. त्यागीनाथलाई सार्ने |
| | (ग) रामनाथ अघोरी बसेको पाटी | B6 | भस्मेश्वर | पुनर्निर्माण गरी घाट क्षेत्र फराक पार्ने |
| ४४ | अमरकान्तेश्वर सुरेशकान्तेश्वर सत्तल | B6 | भष्मेश्वर | घाट सेवा सम्बन्धी कार्य |
| ४५ | नवदुर्गा परिसरको चौघेरा सत्तल | B6 | राजराजेश्वरी | सन्त निवास, धार्मिक कार्य |
| ४६ | निर्मल अखडा सत्तल | B6 | राजराजेश्वरी | सम्वन्धित अखडाका क्रियाकलाप |
| ४७ | वनकाली सत्तल | B7 | वनकाली | धार्मिक कार्य, उद्यान संरक्षण एकाइ कार्यालय |
| ४८ | वनकाली धर्मशाला | B7 | वनकाली | भत्काउने |
| ४९ | हंस मण्डप | B7 | वनकाली | खुला प्रवचन स्थल तथा यज्ञस्थल |
| ५० | नागिनी पाटी | B8 | देवउद्यान | उद्यान क्षेत्र |
| ५१ | जयवागीश्वरी सत्तल | B9 | जयवागीश्वरी | धार्मिक कार्य, पालोवाला खल्की निवास |
| ५२ | निर्वाणेश्वरी सत्तल | C4 | नवालीटोल | धार्मिक कार्य |
| ५३ | मंगलागौरी पाटी | B11 | मंगलागौरी | धार्मिक कार्य |
| ५४ | चारशिवालय सत्तल | B12 | चारशिवालय | अग्नि होत्रशाला |
| ५५ | पारी बाजे वस्ने सत्तल | B1 | एकादशरुद्र शिवालय | धार्मिक साधनास्थल, |
| ५६ | लक्ष्मीनारायण मन्दिर परिसरका पाटी | B1 | राममन्दिर | सन्त निवास, सत्सङ्ग, धार्मिक कार्य |
| ५७ | राममन्दिर परिसरका पाटी | B1 | राममन्दिर | सन्त निवास, सत्सङ्ग, धार्मिक कार्य |
| ५८ | घाट सेवा पसल सेतो सत्तल | B1 | आर्यघाट पारी | पर्यटक सेवा केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| ५९ | घाट सेवा पसल सत्तल | B1 | आर्यघाट पारी | घाट सेवा केन्द्र |
| ६० | भागवत सन्यासाश्रम | B1 | राममन्दिर | सन्त निवास |
| ६१ | चन्द्रविनायक सत्तल | C7 | चावहिल | धार्मिक कार्य |
| ६२ | चारुमती विहारका संरचना | B6 | चावहिल | धार्मिक कार्य |
| ६३ | कुटुवहिलका संरचना | C6 | चावहिल | धार्मिक कार्य |
| ६४ | धन्दोचैत्य सत्तल | B6 | चावहिल | धार्मिक कार्य |
| ६५ | उपेन्द्रेश्वर सत्तल | B6 | भस्मेश्वर उपक्षेत्र | घाट तथा स्वास्थ्य सेवा केन्द्र |
| ६६ | बज्रघर सत्तल | A1 | पशुपति | पुनर्निर्माण गरी पशुपति अर्चक निवास तथा सुरक्षा व्यवस्था |
| ६७ | बजे्रश्वरी सत्तल | C10 | वज्रेश्वरी उपक्षेत्र | धार्मिक कार्य |
| ६८ | जोसमनी मठ | C9 | जोसमनी उपक्षेत्र | पुनर्निर्माण गरी मठ र पसल सुविधाको विकास गर्ने |
| ६९ | सिफल घ्याम्पेपाटी | C5 | सिफल | पुनर्निर्माण गरी धार्मिक काममा प्रयोग गर्ने |

## परिशिष्ट ६
## सुरक्षा कार्ययोजना

यस क्षेत्रको सुरक्षालाई चुस्त दुरुस्त र व्यवस्थित बनाई समय सापेक्ष उपकरणयुक्त बनाउन आवश्यक छ । विद्यमान सुरक्षा व्यवस्थामा समयानुकूल परिमार्जन गर्दै जनशक्ति तथा प्रविधिको यथोचित प्रयोग गरी वैज्ञानिक सुरक्षा व्यवस्थापन गर्न यो सुरक्षा योजना तयार पारिएको हो ।

यस क्षेत्रको सुरक्षा व्यवस्थालाई एकीकृत गरी व्यवस्थित र वैज्ञानिक तवरले सुरक्षा परिचालन गर्न र पशुपतिमा आउनु हुने विशिष्ट व्यक्ति, भक्तजन, पर्यटकहरूको सुरक्षा र व्यवस्थित रूपमा दर्शन गर्ने व्यवस्था मिलाउन नेपाल प्रहरीको सिनियर प्रहरी अधिकृतको कमाण्डमा सम्पूर्ण सुरक्षा निकायलाई परिचालन गर्ने गरी आधुनिक तवरले सूचना र प्रविधियुक्त बनाई आवश्यक उपकरण सहितको छुट्टै एउटा सुरक्षा समन्वय पोष्ट खडा गर्न आवश्यक छ । सुरक्षा पोष्टको सल्लाह र समन्वयमा आवश्यकता अनुसार यस क्षेत्रको परिसरमा प्रवेश गेट, अन्य गेट, कम्पाउण्ड वाल, फेन्सिङ बार, गेटमा वाकथुर गेट, मेटल डिटेक्टर, CCTV का उपकरणहरु सहितको व्यवस्था गर्नु पर्दछ । सुरक्षामा संलग्न पक्षको कामकर्तव्य र जिम्मेवारी यसप्रकार छ —

**१.नेपाल प्रहरी**

(क) सुरक्षा समन्वय पोस्टमा रही सम्पूर्ण सुरक्षा निकाय तथा कोषसँग समन्वय गर्ने ।

(ख) सुरक्षाको लागि सुरक्षाकर्मीको परिचालन एवं अह्रन खटन गर्ने ।

(ग) खतराको मूल्याङ्कन गरी सोही बमोजिम सुरक्षाको रणनीति बनाउने ।

(घ) तिन तहको सुरक्षामा बिचको तह (प्रवेश गेट लगायत) मा सुरक्षा प्रदान गर्ने ।

(ङ) वाकथ्रु गेट, मेटल डिटेक्टर र CCTV को मनिटर गर्ने ।

(च) भिडलाई लाईनमा व्यवस्थापन गर्ने ।

(छ) महत्वपूर्ण सम्पत्तिको सुरक्षा गर्ने ।

(ज) शान्ति सुरक्षा अमन चयन कायम गर्ने ।

(झ) भक्तजनको सुरक्षाको व्यवस्था तथा सहज रूपमा दर्शन गर्ने व्यवस्था मिलाउने ।

(ञ) भ्रमणको क्रममा फुटपाथे खुद्रा व्यापारी, मगन्ते लगायतबाट हुने हैरानी तथा दुव्र्यवहारलाई रोक्ने ।

२ पर्यटक प्रहरी

(क) विदेशी भक्तजन तथा पर्यटकहरूको सुरक्षा र व्यवस्थित तथा सहज रूपमा दर्शन गर्ने व्यवस्था मिलाउने ।

(ख) विदेशी पर्यटकहरुको भ्रमणको क्रममा फुटपाथे खुद्रा व्यापारी, मगन्ते लगायतबाट हुने हैरानी तथा दुव्यवहारलाई रोक्ने ।

(ग) विदेशी पर्यटकहरुलाई भ्रमणको क्रममा आइपर्ने समस्याको सम्बोधन गर्ने, उध्दार गरी सम्बन्धित निकायमा खबर गर्ने ।

(घ) भ्रमणमा आवश्यक सल्लाह सुझाब दिई सहजीकरण गर्ने ।

३ ट्राफिक प्रहरी

(क) नियमित ट्राफिक व्यवस्थापन

(ख) विशिष्ट व्यक्तिको आगमन तथा मेला, चाड, पर्व आदिको समयमा ट्राफिक व्यवस्थापन

४ सशस्त्र प्रहरी बल

(क) पशुपति परिसरको बाहिरी सुरक्षा प्रदान गर्ने ।

(ख) परिसरको बाहिर २४ सै घण्टा मोबाइल गस्ती तथा पैदल गस्ती गर्ने ।

(ग) आपराधिक व्यक्ति तथा समूहको पहिचान गरी पशुपति परिसर भित्र प्रवेशमा रोक लगाउने ।

(घ) कुनै पनि प्राकृतिक एवं अन्य विपत्तिको अवस्थामा सुरक्षा समन्वय पोष्टको निर्देशन र समन्वयमा विपत् व्यवस्थापन गर्ने ।

(ङ) अति विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा प्रदान गर्ने ।

(च) कुनै पनि सूचना प्राप्त भए तत्काल सुरक्षा समन्वय पोष्टमा जानकारी गराउने ।

५ नेपाली सेना

(क) सुरक्षा समन्वय पोष्टको समन्वयमा पशुपतिको कोर क्षेत्रमा सुरक्षा प्रदान गर्ने ।

(ख) अति विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा प्रदान गर्ने ।

६ पशुपति क्षेत्र विकास कोष

(क) सुरक्षा समन्वय पोष्टको सल्लाह र निर्देशनमा खास-खास स्थानमा सुरक्षा प्रदान गर्ने ।

(ख) कोषका पदाधिकारीको सुरक्षा प्रदान गर्ने ।

(ग) कोषको सम्पत्तिको सुरक्षा गर्ने ।

(घ) पशुपति परिसरको अन्य सुरक्षा गर्ने ।

७ स्वयं सेवक

विशेष समयमा लाइन व्यवस्थापन गर्ने ।

८ सुरक्षा योजनाको प्रकार

(क) नियमित दैनिक सुरक्षा योजना यस अवधारणा अनुरुप दैनिक सुरक्षा योजना तयार गर्नु पर्ने छ ।

(ख) विशेष सुरक्षा योजना यसै अवधारणा अनुरुप प्रहरी परिसर काठमाडौंका अनुसार तयार गरी परिचालन गरिने छ ।

**पशुपति क्षेत्रको सम्पत्ति तथा बैंकिङ प्रणालीको सुरक्षा**

१ पशुपतिको नगद तथा जिन्सी सामानको परिसर भित्रै बैंकिङ हुनुपर्ने ।

२ त्यसको समेत सुरक्षा गर्नुपर्ने ।

**सुरक्षा व्यवस्थापनमा आवश्यक उपकरण तथा सामान**

१ पशुपति क्षेत्र भित्र कोर र कन्सोन्यान्ट क्षेत्रमा पूजा सामाग्री, रुद्राक्ष, प्रसाद तथा उपहार सामाग्री पसल सञ्चालनगर्ने सबैलाई आचार संहिता भित्र राखेर परिचय पत्र प्रदान गर्नु पर्ने ।

२ कोषको पदाधिकारी तथा सम्पूर्ण कर्मचारीहरूलाई पास तथा परिचयपत्र ।

३ प्रवेश द्वारमा मन्दिर प्रवेश गर्ने भक्तजनहरूको तथ्याङ्क दिने उपकरण ।

४ मन्दिर परिसर भित्र काम गर्नेका लागि फोटो सहितको परिचयपत्र ।

५ पशुपति परिसर भित्र प्रवेश गर्ने सामान चेकजाँच ।

६ कोर एरिया देखि आवश्यक सबै स्थानमा CCTV

७ लगेज र शरीरको तलासीको लागि मेटल डिटेक्टर

८ नक्सा सहितको सूचना बोर्ड (पथ प्रदर्शक)

९ सवारी साधन चेक गर्ने ऐना

१० Lock and Key Control

११ प्रवेश द्वारमा वाकथ्रु गेट

१२ हेण्ड सेट रेडियो

१३ डिजिटल स्किन

१४ Syrian

१५ Barriers

१६ वारुणयन्त्र

१७ एम्बुलेन्स

**सुरक्षाको लागि आवश्यक उपकरण राख्नुपर्ने स्थान**

१ पशुपति, गुह्येश्वरी जस्ता विशेष मन्दिरका प्रवेश द्वारमा (वाकथ्रु गेट र मेटल डिटेक्टर) ।

२ पशुपति, गुह्येश्वरी, मृगस्थली, विश्वरूपा, भुवनेश्वरी, जयवागीश्वरी, गौरीघाट भण्डारखाल, देवउद्यान, आर्यघाट, भष्मेश्वर घाट, १५ शिवालय र राम मन्दिर लगायतका क्षेत्रमा (CCTV)

३ मन्दिर परिसर र ठुला ठुला सतलहरूमा (अग्निनियन्त्रक) ।

४ सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन रातका समयमा पशुपति क्षेत्रका खुल्ला स्मारक भएका विशेष स्थान र घाटमा पर्याप्त बत्ती ।

५ पशुपति क्षेत्रमा कार्यरत सुरक्षा कर्मीहरुलाई कुनै आपतकालीन सूचना प्रवाह गर्न, सुरक्षा सतर्कता अपनाउन मुख्य/मुख्य स्थानमा साइरन ।

पशुपति क्षेत्रको सुरक्षा व्यवस्था चुस्त दुरुस्त तथा वैज्ञानिक बनाउको लागि आवश्यक पर्ने मुख्य मुख्य उपकरण तथा साधनहरु निम्नानुसार छन -

१ संचार साधन (हेण्ड सेट) आवश्यकता अनुसार

२ Walk Through Gate

३ Metal Detector

४ साईरन

५ CCTV

६ बत्ती

७ हा.ह.

८ Water Cannon १ वटा

९ Fire Brigade १ वटा

१० Riot Control vehicle १ वटा

११ Ambulance १ वटा (चिकित्सक सहितको)

## सुरक्षा व्यवस्थापनमा भौतिक संरचनाको व्यवस्थापन

१ पशुपति परिसर विशेष गरी महत्वपूर्ण स्थानमा पर्याप्त बत्तीको व्यवस्था हुनु पर्ने ।

२ प्रवेश गेटमा पशुपतिनाथको चित्र सहित स्वागत गेट बनाउनु पर्ने ।

३ दाहसंस्कार र क्रियापुत्री घरको बुकिङ र खालीको बारेमा जानकारी हुने डिस्प्ले सहितको सूचना स्क्रीन सबै प्रवेश द्वारमा राख्नु पर्ने ।

४ सबै प्रवेश द्वारमा नक्सा डिस्प्ले सहितको सूचना बोर्ड राख्नु पर्ने ।

५ प्रवेश गर्ने र निस्कने प्रणाली वैज्ञानिक र व्यवस्थित हुनुपर्ने ।

६ सुरक्षा समितिको निर्णय अनुसार सबै गेट तथा मुख्य मुख्य स्थानमा सुरक्षा पोष्टहरु खडा गर्ने ।

७ पशुपति क्षेत्रको बिभिन्न स्थानमा छरिएर रहेका मूर्ति तथा पुनः प्रयोग गर्न नमिल्ने कलात्मक प्रस्तर खण्डलाई एकीकृत गरी प्रदर्शनी कक्षको व्यवस्था गर्ने ।

८ क्यामरा, मोबाइल, जुत्ता चप्पल तथा छालाका सबै किसिमका सामान साथमा लिएर प्रवेश गर्न नदिने, मन्दिर परिसर बाहिरनै त्यस्तो सामान सुरक्षित साथ राख्ने व्यवस्था गर्ने ।

९ पशुपति परिसरमा अनावश्यक र अनाधिकृत व्यक्ति तथा समूह सजिलै प्रवेश गर्न नपाउने गरी कम्पाउण्ड लगाउनु पर्ने ।

१० पशुपति क्षेत्रमा आउने सम्पूर्ण सवारी साधनको पार्किङको व्यवस्थापन गर्नु पर्ने ।

११ पशुपतिको सम्पूर्ण एरियामा फेन्सिङ बार लगाउनु पर्ने ।

१२ सबै क्षेत्रमा Fencing and Wiring System सुरक्षित गर्नुपर्ने ।

## सुरक्षा सतर्कता

१ पशुपति क्षेत्रमा पाल्नुहुने महत्वपूर्ण व्यक्तिहरुको सुरक्षाको व्यवस्था मिलाउने ।

२ विशेष पर्वहरु (शिवरात्री, तिज, बालाचतुर्दशी) आदिमा भरपर्दो सुरक्षा व्यवस्था र सहज दर्शन गर्ने व्यवस्था मिलाउने ।

३ पशुपति क्षेत्र भित्र विधर्मीहरूका सबैखाले गतिविधि नियन्त्रण गर्ने निषेध गर्ने ।

४ सबै भक्तजनलाई लाइनबाट मात्र दर्शन गर्ने व्यवस्था मिलाउने, लाइन बाहिरबाट कसैलाई पनि दर्शन गर्न नदिने ।

५ मन्दिर परिसर भित्र र बाहिर पनि चोरी, ठगी, पकेटमारी, लुटपाट, गुण्डा गर्दी, ला.औ. सेवन तथा बेच बिखन, हिंसात्मक गतिविधि आगजनी तोडफोड एवं मापडण्ड विपरीतका काम हुन नदिने, भए गरेको पाइएमा तत्काल कारबाही गर्ने गरी सुरक्षाकर्मी परिचालन गर्ने ।

६ सुरक्षा समितिका तर्फबाट नियमित अनुगमन गर्ने आवश्यक निर्देशन दिने ।

७ विशेष निगरानी र आवश्यक सूचना संकलन गर्न साधा पोशाकमा प्रहरी कर्मचारी परिचालन गर्ने । पशुपति परिसर तथा बाहिर मदिरा तथा धूम्रपान सेवन तथा बिक्री वितरणमा निषेध गर्नु पर्ने ।

८ ला.औ. जस्तै गांजा जस्ता सेवन तथा बिक्री वितरण पूर्ण रूपमा प्रतिबन्ध लगाउनु पर्ने ।

**अन्य व्यवस्थापनका कार्यहरू**

**१ तालिम Course:-**

पशुपति क्षेत्रको भरपर्दो सुरक्षा व्यबस्था तथा अन्य व्यवस्थापनका लागि पशुपति क्षेत्रको सम्पूर्ण जानकारी हुन आवश्यक हुन्छ अतः पशुपति क्षेत्रमा कार्यरत सुरक्षाकर्मी, कोषका पदाधिकारी तथा अन्य कर्मचारीहरूलाई समय समयमा तालिमको व्यवस्था हुनुपर्छ । कर्मचारीहरूलाई Pre-Employment Screening को प्रणाली लागु गर्नुपर्छ । तालिम निम्न कर्मचारी तथा पदाधिकारीको लागि दिनुपर्छ ।

(क) सुरक्षाकर्मी

(ख) कोषका पदाधिकारी तथा अन्य कर्मचारी

**२ विपद् सम्बन्धी**

निम्न लिखित विपद्को अबस्थामा तत्काल उद्धार गरी जिउ धनको सुरक्षा गर्न र क्षति हुन नदिन आवश्यक साधन सहित दक्ष कर्मचारीको व्यवस्था हुनु पर्ने ।

(क) आगलागी

(ख) भूकम्प

(ग) भागडौड

३ **Simulation Exercise**

विद्यमान आवश्यक सुरक्षा व्यवस्थापनको Simulation Exercise

आवश्यकरूपमा थप विधि Prizefighting, Earthquake, Vip attack/ Employee

४ **सुरक्षा योजना अद्यावधिक गर्ने**

(क) १ र १ वर्षमा सुरक्षा अद्यावधिक गरी सुरक्षा रणनीति तय गर्ने ।

(ख) पशुपति क्षेत्र वरपर हुने मुख्य अपराधहरूको पहिचान गरी सम्बन्धित प्रहरी युनिटसँग समन्वय गरी नियन्त्रण गर्ने ।

(ग) प्रहरी वृत गौशालसँग समन्वय गरी पशुपत क्षेत्र र वरपरका क्षेत्रमा कुनै पनि अपराध तथा अपराधजन्य र अपराध हुन नदिने भइहाले तत्काल प्रहरी वृत्त गौशालालाई खबर गर्ने ।

(घ) सुरक्षा सल्लाहकारमा महानगरीय प्रहरी कार्यालय, प्रहरी परिसर काठमाडौ र प्रहरी वृत्त गौशालालाई संलग्न गराउने ।

(ङ) पशुपति क्षेत्र भित्र २४ सै घण्टा रहने गरी CRV को व्यबस्था गर्न महानगरीय प्रहरी कार्यालयलाई अनुरोध गर्ने ।

५. **प्रवेश द्वार लगायत मुख्य मुख्य स्थानमा Information help desk राख्नु पर्ने**

६. **Warning र Restricted Area तोकी सूचना बोर्ड राखे ।**

७. **तत्काल उपलब्ध हुने सम्बन्धित प्रहरी युनिट तथा पशुपति भित्रको सम्बन्धित स्थान, युनिट तथा व्यक्तिको महत्वपूर्ण टेलिफोन नम्बरहरू सूचित गर्ने**

८. **भौतिक संरचनाको तत्कालिन र दीर्घकालीन सुरक्षा व्यवस्थाको खाका तयार गर्ने ।**

९. **निम्न पदाधिकारी, कर्मचारी तथा अन्यको लागि Security Code या Conduct** बनाउने

क) सुरक्षाकर्मी

ख) कोषका पदाधिकारी तथा कार्मचारीहरू

ग) पशुपति परिसर भित्र व्यापार गर्ने, पूजा गर्ने

घ) दर्शनार्थी

**Duty Deployment**

प्रस्तावित नयाँ सुरक्षा रणनीति सुरक्षा योजना अनुरूप समग्र पशुपति क्षेत्रको सुरक्षार्थ निम्नानुसार सुरक्षाकर्मीहरूको सुरक्षा डयुटी परिचालन गर्नु पर्दछ- सुरक्षा समन्वय पोष्ट सिनियर अधिकृतको कमाण्डमा ५ जना

१. नेपाल प्रहरी

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्र.नि.को कमाण्डमा ३० जना

क) भित्री पोष्ट प्रत्येक पोस्टमा प्र.ह.को कमाण्ड २/२ जना

ख) CCTV मनिटरिङ( जु.प्र.अ.(प्र.ना.नि.र प्र.स.नि.) कमाण्डमा २ जना

ग) लाइन व्यवस्थापन (आवश्यकता अनुसार

घ) सादा पोशाकमा - २ जना

**२.पर्यटक प्रहरी**

प्र.ना.नि.को कमाण्डमा ५ जना

विदेशी पर्यटकको सहयोग जु.प्र.अ.को कमाण्डमा

**३.ट्राफिक प्रहरी**

प्र.ना.नि.को कमाण्डमा ५ जना

ट्राफिक व्यवस्थापन आवश्यकता अनुसार

**४.सशस्त्र प्रहरी बल**

प्र.नि.को कमाण्डमा ३० जना

क) बाहिरी सुरक्षा पोष्ट (कम्तिमा १२ वटा पोष्ट) मा प्रत्येक पोस्टमा २/२ जना

ख) गस्ती जु.प्र.अ.तथा प्र.ह.को कमाण्डमा कम्तिमा २/२ जना

ग) भि.आई.पि.को सुरक्षा आवश्यकता अनुसार

**५.नेपाली सेना**

सहायक सेनानीको कमाण्डमा २० जना

क) पदिकको कमाण्डमा ५/५ जनाको पेरिमिटर गस्ती


ख) अति विशिष्ट व्यक्तिको आगमनको अवस्थामा

PASHUPATI AREA

GOTHATAR




01




02


नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं




## SUB ZONE A1




SUB ZONE A2




SUB ZONE A3

05



Ward No 8
KAILASH
MRIGASTHALI
LESHMANTAKBAN
BISHWO ROOP
Ward No 5
N



SUB ZONE B1


नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं




## SUB ZONE B2



N
SUB ZONE B3
08


N
SUB ZONE B4


N
26
28
29
35
38
MUSEUM
INFORMATION CENTRE
FLOWER SHOPS
RECREATION FOR MUSEUM VISITOR
B5
CAFE
SHOPS
TOILET
DRINKING WATER
SOUVENIR SHOPS

## SUB ZONE B5


संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं





# SUB ZONE B6






## SUB ZONE B7


N
S
S
S
S
S
G A U S A L A
DHARMASALA
P.S.
SUB ZONE B8
13


N
SIPHAL CHAUR
BHANDARKHAL
Ward No.7
Ward No.8
Ward No.7
Ward No.8
DHARMASALA
GAUSALA
GAUSAL
P.S.
1300
1320
1310
1320

## SUB ZONE B9


N
GAUSALA
P.S.
1320
SUB ZONE B10
15



N
B A N K A L I
SUB ZONE B11
16





## SUB ZONE B12





## SUB ZONE B13





**SUB ZONE B14**




SUB ZONE C1






SUB ZONE C2





## SUB ZONE C3

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं








**SUB ZONE C5**





SUB ZONE C6





## SUB ZONE C7



N
C8
C7
SUB ZONE C8
27





**SUB ZONE C9**




## SUB ZONE C10





## SUB ZONE C11




संरक्षित स्मारक क्षेत्रको नक्सा


नेपाल सरकार
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ




SCALE

0m 100 200 500m

## कार्यक्रम सहितको उपक्षेत्र




SCALE

0m 100 200 500m


<u>सेवा सुविधाका प्रमुख कार्यक्रम</u>

PASHUPATI AREA GOTHATAR




01

नेपाल सरकार
सिंहदरबार, काठमाडौं



N


02





## SUB ZONE A1

03

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं





SUB ZONE A2




N

## SUB ZONE A3



N
KAILASH
Ward No.8
MRIGASTHALI
BISHWO ROOP
SLESHMANTAKBAN
Word No.8


SUB ZONE B1





**SUB ZONE B2**

नेपाल सरकार
सिंहदरबार, काठमाडौं








SUB ZONE B4


N
23
26
28
29
30
31
35
MUSEUM
INFORMATION CENTRE
FLOWER SHOPS
RECREATION FOR MUSEUM VISITOR
B5
CAFE
SHOPS
TOILET
DRINKING WATER
SOUVENIR SHOPS


## SUB ZONE B5



26
MUSEUM
PANCHDEWAL
INFORMATION CENTRE
RECREATION FOR MUSEUM VISITOR
B5
CAFE
SHOPS
TOILET
DRINKING WATER
FLOWER SHOPS
YASMESHWOR GHAT
SOUVENIR SHOPS
RAM MANDIR
STONE PAVEMENT
BAGMATI RIVER
B6
RAJRAJESHWORI
GREENARY
RESTURANTS
B13

## SUB ZONE B6




**SUB ZONE B7**



N
S
S
S
S
S
GAUSALA
DHARMASALA
GAUSALA
P.S.
SUB ZONE B8


N
SIPHAL CHAUR
BHANDARKHAL
GAUSALA
Ward No.7
Ward No.8
DHARMASALA
GAUSALA
L.P.S.
1320
1310
1300
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## SUB ZONE B9

सिंहदरबार, काठमाण्डौं






SUB ZONE B11

नेपाल सरकार
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं





SUB ZONE B12





## SUB ZONE B13





SUB ZONE B14






## SUB ZONE C1


N
C2
SUB ZONE C2
21




## SUB ZONE C3



N
C4
SUB ZONE C4
23





**SUB ZONE C5**





## SUB ZONE C6





## SUB ZONE C7


N
C8
C7
SUB ZONE C8

सिंहदरबार, काठमाडौं




## SUB ZONE C9





## SUB ZONE C10




## SUB ZONE C11

सिंहदरबार, काठमाडौं





SCALE

0m 100 200 500m

कार्यक्रम सहितको उपक्षेत्र

नेपाल सरकार
सिंहदरबार, काठमाडौं




<u>सेवा सुविधाका प्रमुख कार्यक्रम</u>




संरक्षित स्मारक क्षेत्रको नक्सा